# मध्यमकालीन खर्च संरचना

आ.व. २०७७/७८ - आ.व. २०७९/८०

प्रदेश सरकार
प्रदेश नं. ५
आर्थिक मामिला तथा योजना मन्त्रालय
बुटवल, नेपाल

प्रदेश सरकार
प्रदेश नं. ५
प्रदेश योजना आयोग
बुटवल, नेपाल

२०७७, आषाढ

# मध्यमकालीन खर्च संरचना

(आ.व. २०७७/७८ - आ.व. २०७९/८०)

प्रदेश सरकार
प्रदेश नं. ५
**आर्थिक मामिला तथा योजना मन्त्रालय**
बुटवल, नेपाल

प्रदेश सरकार
प्रदेश नं. ५
**प्रदेश योजना आयोग**
बुटवल, नेपाल

२०७७, आषाढ

प्रदेश सरकार
प्रदेश नं. ५
बुटवल, नेपाल

मुख्यमन्त्री

# मन्तव्य

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा प्रदेश सरकारले आगामी तीन आर्थिक बर्षमा हुने खर्चको प्रक्षेपण सहित मध्यमकालिन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेको छ । यस्तो संरचनामा प्रस्तावित योजनाको उद्देश्य, खर्च छुट्याउन आवश्यकताको पुष्ट्याइँ, योजना कार्यान्वयन हुने आगामी आर्थिक बर्ष र त्यसपछिका दुई आर्थिक बर्षमा प्राप्त हुन सक्ने प्रतिफल, योजना लागू गर्न आवश्यक खर्च, खर्च व्यहोर्ने स्रोत र सोबाट प्राप्त हुनसक्ने प्रतिफल लगायतका विषयबस्तु समावेश गर्नुपर्ने उल्लेख गरिएको छ । यसै गरि प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ५ मा प्रत्येक आर्थिक बर्षको बजेट तर्जुमा गर्नु अघि आर्थिक मामिला तथा योजना मन्त्रालयले आगामी तीन आर्थिक बर्षको आम्दानी र खर्चको प्रक्षेपण सहितको मध्यमकालिन खर्च संरचना तयार गर्नुपर्ने प्रावधान रहेको छ ।

आगामी आर्थिक बर्ष २०७७/७८ को बजेट तर्जुमा गर्ने कार्यसँगै उल्लेखित कानूनी पृष्ठभूमीको अधिनमा यो त्रिबर्षिय (आर्थिक बर्ष २०७७/७८-२०७९/८०) मध्यमकालिन खर्च संरचना तयार गर्ने कार्य गरिएको छ । "समृद्ध प्रदेश खुसी जनता" को सोच राखेको प्रथम आवधिक योजनाले निर्दिष्ट गरेका लक्ष्यहरू हासिल गर्ने दिशामा यो संरचना निर्देशित रहेको छ । वार्षिक विकास कार्यक्रम तथा आयोजनाहरूलाई आवधिक योजनासँग सामञ्जस्यता कायम हुने गरि मध्यमकालीन खर्चको प्रक्षेपण गरिएको छ । आवधिक योजनाका उद्देश्य र क्षेत्रगत लक्ष्यहरू हासिल गर्न सहयोग पुग्ने गरी यो खर्च संरचना तयार गरिनुका साथै यो संरचनासँग तादम्यता कायम हुने गरी वार्षिक कार्यक्रमहरू तर्जुमा गरिएका छन् । त्रिवर्षीय ढाँचामा चक्रीय किसिमले तयार पारिएको यो संरचनाले दिगो विकासका लक्ष्यहरू हासिल गर्ने कुरालाई उच्च प्राथमिकता राखेको छ ।प्रदेश आवधिक योजनाले लिएका लक्ष्यहरु र तत्कालका लागि कोभिड -१९ का कारण संकुचन हुन गएको प्रदेश अर्थतन्त्रलाइ गतिशिल बनाइ युवाशक्तिलाई कृषि, उद्योग र पर्यटन क्षेत्रमा परिचालन गरि रोजगारि सृजनाका माध्यमबाट उच्च आर्थिक वृद्धिदर हासिल गर्ने लक्ष्य लिइएको छ ।

यो संरचना तयार गर्ने कार्यमा संलग्न प्रदेश योजना आयोगका पदाधिकारीहरू, आर्थिक मामिला तथा योजना मन्त्रालय लगायत प्रदेश सरकार मातहतका निकायका कर्मचारीहरू तथा विज्ञ प्रा.डा. शिवराज अधिकारी र प्राविधिक सहयोग गर्ने उत्तम पौडेलालाई विशेष धन्यवाद दिन चाहन्छु।

..............................
मा. शंकर पोखरेल
(मुख्यमन्त्री एवम् आर्थिक मामिला तथा योजना मन्त्री)

# विषय-सूची


| | | |
|---|---|---|
| **परिच्छेद १ परिचय** | | **१-५** |
| १.१ | पृष्ठभूमि | १ |
| १.२ | प्रथम आवधिक योजना अनुरूप दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र रणनीतिहरू | २ |
| | १.२.१ दीर्घकालीन सोच | २ |
| | १.२.२ लक्ष्य | २ |
| | १.२.३ उद्देश्य | २ |
| | १.२.४ रणनीति | २ |
| १.३ | मध्यमकालीन खर्च संरचना तर्जुमा | ३ |
| | १.३.१ संस्थागत व्यवस्था | ३ |
| | १.३.२ मध्यमकालीन खर्च संरचना तर्जुमा प्रक्रिया | ३ |
| १.४ | प्रतिवेदनको स्वरूप | ४ |
| १.५ | प्रतिवेदनको सीमाहरू | ५ |
| **परिच्छेद २ मध्यमकालीन खर्च संरचना तथा प्रमुख वार्षिक कार्यक्रम** | | **६-१४** |
| २.१ | पृष्ठभूमि | ६ |
| २.२ | मध्यमकालीन खर्च संरचनाका उद्देश्यहरू | ६ |
| २.३ | रणनीति | ७ |
| २.४ | प्रमुख नतिजा सूचक तथा लक्ष्य | ७ |
| २.५ | मध्यमकालीन खर्च संरचनाको बजेट विनियोजन र प्रक्षेपण | ९ |
| | २.५.१ आर्थिक वृद्धिको लक्ष्य | ९ |
| २.६ | बजेट विनियोजनका प्राथमिकता निर्धारण | ११ |
| २.७ | बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँट | १२ |
| | क) रणनीतिक स्तम्भको आधारमा बाँडफाँट | १२ |
| | ख) लैङ्गिक संकेतको आधारमा बाँडफाँट | १२ |
| | ग) जलवायु परिवर्तनको आधारमा बजेट वाँडफाँट | १२ |
| | घ) दिगो विकास लक्ष्यको आधारमा बजेट वाँडफाँट | १२ |
| | २.७.१ प्रमुख विषय क्षेत्रगत आधारमा बाँडफाँट | १३ |
| २.८ | अन्तरसरकारी वित्तीय हस्तान्तरणको अनुमान र प्रक्षेपण | १४ |
| **परिच्छेद ३ भूमि व्यवस्था, कृषि, सहकारी तथा खाद्य सुरक्षा क्षेत्र** | | **१५-३१** |
| ३.१ | पृष्ठभूमि | १५ |
| ३.२ | प्रमुख समस्या | १५ |
| ३.३ | चुनौती र अवसर | १५ |
| ३.४ | आवधिक योजना अनुरूप विषयगत क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य र रणनीति | १६ |
| | ३.४.१ भूमि तथा गुठी व्यवस्थापन | १६ |
| | ३.४.२ कृषि विकास | १६ |
| | ३.४.३ पशुपन्छी तथा मत्स्य विकास | १७ |
| | ३.४.४ खाद्य तथा पोषण सुरक्षा | १८ |
| | ३.४.५ सहकारी तथा गरिवी निवारण | १८ |

३.५ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य १९
३.६ विषयक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान (अनुसूची २ र ३ को आधारमा तयार गरिएको) २२
३.७ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण २२
३.८ जोखिम पक्ष तथा अनुमान ३२
**परिच्छेद ४ उद्योग, पर्यटन, वन, वातावरण, विज्ञान तथा प्रविधि ३३-४५**
४.१ पृष्ठभूमि ३३
४.२ प्रमुख समस्या ३३
४.३ चुनौती र अवसर ३३
४.४ आवधिक योजना अनुरूप विषयक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य तथा रणनीति ३४
४.४.१ औद्योगिक क्षेत्र ३४
४.४.२ खानी तथा खनिज पदार्थ ३४
४.४.३ वाणिज्य तथा आपूर्ति ३५
४.४.४ पर्यटन ३५
४.४.५ वन वातावरण तथा भू-संरक्षण ३६
४.४.६ जडीबुटी तथा गैह्रकाष्ठ वनपैदावार ३६
४.४.७. विज्ञान र प्रविधि ३७
४.५ विषय क्षेत्रगत नतिजा सूचक ३८
४.६ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिबर्षीय अनुमान (अनुसूची २ र ३ को आधारमा तयार गरिएको) ४०
४.७ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ४०
४.८ जोखिम पक्ष तथा अनुमान ४५
**परिच्छेद ५ सामाजिक क्षेत्र ४६-६७**
५.१ पृष्ठभूमि ४६
५.२ प्रमुख समस्या ४६
५.३ चुनौती र अवसर ४७
५.४ आवधिक योजना अनुरूप विषयगत सोच, लक्ष्य, उद्देश्य र रणनीति ४७
५.४.१ शिक्षा ४७
५.४.२ स्वास्थ्य ४८
५.४.३ जेष्ठ नागरिक र अपाङ्गता ४८
५.४.४ महिला विकास तथा सशक्तीकरण ४९
५.४.५ बालवालिका ४९
५.४.६ खेलकूद ५०
५.४.७ भाषा ५०
५.४.८ जनसंख्या, युवा तथा बसाइसराइ ५१
५.४.९ श्रम तथा रोजगारी ५१
५.४.१० सामाजिक समावेशिता ५२
५.४.११ मानव संसाधन विकास ५२
५.४.१२ विज्ञान र प्रविधि ५२
५.५ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य ५३
५.६ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान (अनुसूची २ र ३ को आधारमा तयार गरिएको) ५७

५.७ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ५८
५.८ जोखिम पक्ष तथा अनुमान ६७
**परिच्छेद ६ पूर्वाधार क्षेत्र ६८-८०**
६.१ पृष्ठभूमि ६८
६.२ प्रमुख समस्या ६८
६.३ चुनौती र अवसर ६९
६.४ आवधिक योजना अनुरूप विषयक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य तथा रणनीति ६९
६.४.१ पूर्वाधार विकास कार्यान्वयन ६९
६.४.२ सिँचाइ तथा जलउत्पन्न प्रकोप नियन्त्रण ७०
६.४.३ जलविद्युत तथा प्रसारण लाइन ७१
६.४.४ सौर्य ऊर्जा ७१
६.४.५ अन्य नवीकरणीय ऊर्जा ७१
६.४.६ यातायात पूर्वाधार विकास तथा यातायात व्यवस्थापन ७२
६.४.७ अवास भवन तथा शहरी विकास ७३
६.४.८ खानेपानी तथा सरसफाइ ७३
६.५ विषयक्षेत्रगत नतिजा सूचक र लक्ष्य ७४
६.६ विषयक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान (अनुसूची २ र ३ को आधारमा तयार गरिएको) ७६
६.७ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ७६
६.८ जोखिम पक्ष तथा अनुमान ८०
**परिच्छेद ७ आर्थिक व्यवस्था ८१-८६**
७.१ पृष्ठभूमि ८१
७.२ प्रमुख समस्या ८१
७.३ चुनौती र अवसर ८१
७.४ आवधिक योजना अनुरूप दीर्घकालीन सोच, लक्ष्य उद्देश्य तथा रणनीति ८२
७.५ विषयक्षेत्रगत नतिजा सूचक र लक्ष्य ८३
७.६ विषयक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान (अनुसूची २ र ३ को आधारमा तयार गरिएको) ८४
७.७ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ८४
७.८ जोखिम पक्ष तथा अनुमान ८६
**परिच्छेद ८ शान्ति सुरक्षा, सूचना तथा संचार एवम् विपद् न्युनीकरण ८७-९५**
८.१ पृष्ठभूमि ८७
८.२ प्रमुख समस्या ८७
८.३ चुनौती र अवसर ८७
८.४ आवधिक योजना अनुरूप विषयक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य र रणनीति ८७
८.४.१ शान्ति सुरक्षा ८७
८.४.२ सूचना तथा संचार ८८
८.४.३ विपद् जोखिम न्युनिकरण र जलवायू परिवर्तन व्यवस्थापन ८८
८.४.४ आम संचार ८९
८.५ विषयक्षेत्रगत नतिजा सूचक र लक्ष्य ८९
८.६ विषयक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान (अनुसूची २ र ३ को आधारमा तयार गरिएको) ९१

८.७ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ९१
८.८ जोखिम पक्ष तथा अनुमान ९५
**परिच्छेद ९ मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय ९६-१०३**
९.१ पृष्ठभूमि ९६
९.२ प्रमुख समस्या ९६
९.३ चुनौती तथा अवसर ९६
९.४ दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र रणनीति ९७
९.५ आवधिक योजना अनुरूपका विषयक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य र रणनीति ९८
९.५.१ सुशासन तथा भ्रष्टाचार नियन्त्रण ९८
९.५.२ कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन ९८
९.५.३ अन्तर सरकारी तहगत समन्वय र सहकार्य ९९
९.६ विषयक्षेत्रगत नतिजा सूचक र लक्ष्य १००
९.७ विषयक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान (अनुसूची २ र ३ को आधारमा तयार गरिएको) १०१
९.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण १०१
९.९ जोखिम पक्ष तथा अनुमान १०३
**परिच्छेद १० प्रदेशका संवैधानिक तथा अन्य निकायहरू १०४-१३१**
१०.१ प्रदेश सभा सचिवालय १०४
१०.१.१ पृष्ठभूमि १०४
१०.१.२ प्रमुख समस्या १०४
१०.१.३ चुनौति तथा अवसर १०४
१०.१.४ लक्ष्य तथा उद्देश्य १०४
१०.१.५ रणनीति १०४
१०.१.६ विषयक्षेत्रगत नतिजा सूचक र लक्ष्य १०५
१०.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान (अनुसूची २ र ३ को आधारमा तयार गरिएको) १०६
१०.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण १०६
१०.१.९ जोखिम पक्ष तथा अनुमान १०७
१०.२ मुख्य न्यायाधिवक्ताको कार्यालय १०८
१०.२.१ पृष्ठभूमि १०८
१०.२.२ प्रमुख समस्या १०८
१०.२.३ चुनौति तथा अवसर १०८
१०.२.४ दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य तथा रणनीति १०८
१०.२.५ विषयक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान (अनुसूची २ र ३ को आधारमा तयार गरिएको) ११०
१०.२.६ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण ११०
१०.२.७ जोखिम पक्ष तथा अनुमान १११
१०.३ प्रदेश लोकसेवा आयोग ११२
१०.३.१ पृष्ठभूमि ११२
१०.३.२ प्रमुख समस्या ११२

१०.३.३ चुनौति तथा अवसर ११२
१०.३.४ दीर्घकालीन सोच ११२
१०.३.५ लक्ष्य तथा उद्देश्य ११२
१०.३.६ रणनीति ११२
१०.३.७ विषयक्षेत्रगत नतिजा सूचक र लक्ष्य ११३
१०.३.८ विषयक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान (अनुसूची २ र ३ को आधारमा तयार गरिएको) ११४
१०.३.९ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण ११४
१०.३.१० जोखिम पक्ष तथा अनुमान ११५
१०.४ प्रदेश योजना आयोग ११६
१०.४.१ पृष्ठभूमि ११६
१०.४.२ प्रमुख समस्या ११६
१०.४.३ चुनौति तथा अवसर ११६
१०.४.४ दीर्घकालीन सोच ११६
१०.४.५ लक्ष्य ११६
१०.४.६ उद्देश्य ११६
१०.४.७ रणनीति ११७
१०.४.८ विषयक्षेत्रगत नतिजा सूचक र लक्ष्य ११७
१०.४.९ विषयक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान (अनुसूची २ र ३ को आधारमा तयार गरिएको) ११८
१०.४.१० कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण ११८
१०.४.११ जोखिम पक्ष तथा अनुमान १२०
१०.५ प्रदेश पूर्वाधार विकास प्राधिकरण १२१
१०.५.१ पृष्ठभूमि १२१
१०.५.२ प्रमुख समस्या १२१
१०.५.३ चुनौति तथा अवसर १२१
१०.५.४ दीर्घकालीन सोच १२१
१०.५.५ लक्ष्य तथा उद्देश्य १२१
१०.५.६ रणनीति १२१
१०.५.७ विषयक्षेत्रगत नतिजा सूचक र लक्ष्य १२२
१०.५.८ विषयक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान (अनुसूची २ र ३ को आधारमा तयार गरिएको) १२३
१०.५.९ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण १२३
१०.५.१० जोखिम पक्ष तथा अनुमान १२५
१०.६ सूचना तथा सञ्चार प्रविधि प्रतिष्ठान १२६
१०.६.१ पृष्ठभूमि १२६
१०.६.२ प्रमुख समस्या १२६
१०.६.३ चुनौति तथा अवसर १२६
१०.६.४ दीर्घकालीन सोच १२६

१०.६.५ लक्ष्य तथा उद्देश्य १२६
१०.६.६ रणनीति १२६
१०.६.७ विषयक्षेत्रगत नतिजा सूचक र लक्ष्य १२७
१०.६.८ विषयक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान (अनुसूची २ र ३ को आधारमा तयार गरिएको) १२८
१०.६.९ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण १२८
१०.६.१० जोखिम पक्ष तथा अनुमान १३१

## अनुसूचीहरू

अनुसूची १ : प्रदेश सरकार (माननीय मुख्यमन्त्री तथा आर्थिक मामिला तथा योजना मन्त्री स्तर) को मिति २०७६/१२/०७ को निर्णयानुसारका समितिहरू १३५
अनुसूची २ : आ. ब. २०७७/७८ को मन्त्रालयगत प्रस्तावित बजेटको विवरण वर्गिकरण तथा स्रोत अनुसार १३६
अनुसूची ३ : बजेट शीर्षक गत खर्च प्रक्षेपण (वित्तिय व्यवस्था सहित) १३७
अनुसूची ४ : आ.ब. २०७७/७८ को लागि प्राथमिकता तथा रणनीति संकेत को आधारमा बजेट बाँडफाँट १४६
अनुसूची ५ : आर्थिक वर्ष २०७७/७८ को लैंगिक उत्तरदायी बजेट अनुसारको व्यय अनुमान १४७
अनुसूची ६ : प्रत्येक मन्त्रालय तथा निकायहरूले अवलम्बन गर्नुपर्ने बार्षिक कार्ययोजनाको खाँका १४८
अनुसूची ७ : प्रति एकाई लागत अनुमान १४९
अनुसूची ८ : प्राथमिकीकरणको खाँका १५३

## परिच्छेद : १
# परिचय

## १.१ पृष्ठभूमि

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले बार्षिक रूपमा मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था गरे अनुरूप यस प्रदेशको दोस्रो मध्यमकालीन खर्च संरचना (२०७७/७८-२०७९/८०) तयार गरिएको छ। प्रदेश सरकारबाट प्रदेशको प्रथम आवधिक योजना (२०७६/७७-२०८०/८१) स्वीकृत भई कार्यान्वयनमा आइसकेको छ। चालु वर्षको अन्तिमसम्ममा आवधिक योजना कार्यान्वयनको पहिलो वर्ष पूरा हुने छ। कोभिड-१९ महामारीका कारण पहिलो बर्ष सामाजिक तथा आर्थिक विकासका हिसाबले सन्तोषजनक रहन सकेन। गत बर्षको अनुभवका आधारमा यस बर्षको वार्षिक विकास कार्यक्रम तथा आयोजनाहरूलाई आवधिक योजनासँग सामञ्जस्यता कायम हुने गरी मध्यमकालीन खर्च संरचनामा कार्यक्रम तथा आयोजनाहरूका प्राथमिकताका आधार तय गरिएका छन्। यस खर्च संरचना तयार गर्दा आर्थिक वर्ष २०७७/७८ को हकमा विनियोजित बजेट अनुरूप र त्यसपछिका बाँकी दुई आर्थिक वर्षको हकमा आयोजना कार्यान्वयनको स्थिति, उपलब्ध साधन, श्रोत र खर्च गर्ने क्षमतालाई आधार मानी रकम अनुमान गरिएको छ। यसैगरी मन्त्रालय तथा निकायहरूले सञ्चालन गर्ने आयोजना र कार्यक्रमको क्रियाकलापमा आधारित लागत अनुमान गर्नुका साथै विभिन्न क्षेत्रमा आगामी तीन वर्षभित्र गरिने लगानीबाट प्राप्त हुने प्रतिफल तथा नतिजा सूचकहरू पनि यस दस्तावेजमा समावेश गरिएको छ।

प्रदेश सरकारले प्रथम आवधिक योजना तर्जुमा गरी आर्थिक वर्ष २०७६/७७ देखि लागु गरिसकेको सन्दर्भमा आवधिक योजनासँग आवद्ध गर्नेगरी वार्षिक कार्यक्रम तर्जुमा गर्नुपर्ने खाँचो छ। समृद्ध प्रदेश खुशी जनताको दीर्घकालीन सोच परिलक्षित भएको प्रथम आवधिक योजनाको सफलता उचित आयोजना तथा कार्यक्रमको छनौट र त्यसको प्रभावकारी कार्यान्वयनमा निर्भर गर्दछ। प्रदेश सरकारले आर्थिक वर्ष २०७५/७६ मा ल्याएको पहिलो पूर्ण बजेटमा समावेश गरिएका कतिपय कार्यक्रम तथा आयोजनाहरू पर्याप्त कर्मचारी र संस्थागत संरचनाको अभावमा पूर्ण रूपमा कार्यान्वयनमा जान सकेनन्। उक्त आर्थिक वर्षमा शुरू गरेका कतिपय योजना तथा कार्यक्रमहरू दीर्घकालीन महत्वका पनि रहेका छन्। त्यस्ता कार्यक्रम तथा आयोजनाहरू समयमानै सम्पन्न गर्ने ध्येयले गत आर्थिक वर्षमा पनि समावेस गरिएकोमा यस बर्ष पनि निरन्तरता दिइएको छ। कोभिड-१९ को महामारीको कारणले आवधिक योजना तथा पहिलो मध्यमकालीन खर्च संरचनाले तय गरेका अपेक्षित बार्षिक प्रतिफलहरूलाई न्यून हुन नदिन गत बर्षका कार्यक्रमहरूलाई महत्वका आधारमा निरन्तरता दिंदै नयाँ कार्यक्रमहरू समेत प्राथमिकतामा राखी विश्व श्रमबजारबाट विस्थापित एवम् आन्तरिक रूपमा रोजगार गुमाएका व्यक्तिहरूलाई पुनःस्थापित गर्न उद्योग, कृषि तथा निर्माण क्षेत्रमा रोजगार अभिवृद्धि गर्न सघाउने आयोजना तथा कार्यक्रमहरूलाई बार्षिक विकास कार्यक्रम तथा यस खर्च संरचनामा समावेश गरिएको छ।

मध्यमकालीन खर्च संरचना तथा वार्षिक विकास कार्यक्रममा परेका आयोजना तथा कार्यक्रमहरूलाई रणनीतिक स्तम्भ, दिगो विकासका लक्ष्य, र लैङ्गिक संकेतका आधारमा वर्गीकरण गरी सो अनुसारको बजेट विनियोजनलाई विश्लेषण गरिएको छ। तथापि यस प्रतिवेदनमा समाविष्ट प्रदेश सरकारले सञ्चालन गर्ने आयोजना तथा कार्यक्रमहरूले ल्याउने प्रतिफलहरूलाई तीन तहका सरकार एवम् निजी, सहकारी र सामुदायिक क्षेत्रका लगानी र गतिविधिहरूले ल्याउने अनुमानित प्रतिफलहरूसमेत संश्लेषण गरी प्रदेश तहका नतिजा सूचकहरू तयार गरिएको छ। वार्षिक विकास कार्यक्रममा मूलतः प्रदेश सरकारको क्षेत्राधिकारमा पर्ने विकासका कार्यक्रम तथा आयोजनाहरू समेटिएका छन्।

## १.२ प्रथम आवधिक योजना अनुरूप दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र रणनीतिहरू

### १.२.१ दीर्घकालीन सोच

**समृद्ध प्रदेशः खुशी जनता**

उच्च आर्थिक वृद्धिसहित समृद्ध अर्थतन्त्र, रोजगारीसहित जीवन निर्वाहका लागि पर्याप्त आम्दानी, आधारभूत भौतिक सुविधाको उपलब्धता, सुरक्षा र स्वच्छ वातावरण कायम रहने समृद्ध प्रदेशका खुशी जनता।

### १.२.२ लक्ष्य

समाजवाद उन्मुख, सामाजिक न्यायमा आधारित, समावेशी, सन्तुलित र दिगो विकासको माध्यमबाट आर्थिक वृद्धिदरलाई उच्च पार्दै प्रदेशबासी जनताको जीवनमा गुणात्मक परिवर्तन ल्याउनु।

### १.२.३ उद्देश्य

सामाजिक न्यायमा आधारित रही अवसरको सिर्जना, उत्पादन वृद्धि, रोजगारी प्रवर्द्धन र गरिवी निवारण गर्नु।

### १.२.४ रणनीति

आवधिक योजनाका लक्ष्य, उद्देश्य र परिमाणात्मक लक्ष्यहरू हासिल गर्न ६ वटा रणनीति अवलम्बन गरिएको छ। प्रस्तावित आयोजना तथा कार्यक्रमहरूको माध्यमद्वारा कसरी लक्षित उपलब्धिहरू हासिल गर्न सकिन्छ भन्ने दिशामा यी रणनीतिहरूलाई ६ वटा रणनीतिक स्तम्भको रूपमा वार्षिक कार्यक्रमसित जोडेर हेरिएको छ। रणनीतिहरू यसप्रकार छन्:

१. **कृषि, उद्योग र पर्यटन क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गरी आर्थिक वृद्धि दर बढाउने।**

कृषि, उद्योग र पर्यटनलाई आर्थिक समृद्धि र रोजगारीको आधारको रूपमा लिई आधुनिकीकरण र व्यावसायीकरण गर्दै सरल नियमन प्रक्रिया, सहयोगी भौतिक पूर्वाधारको उपलब्धता र कार्यकुशलता अभिवृद्धि गरी निजी क्षेत्रलाई प्रोत्साहित गर्दै उत्पादन र उत्पादकत्व वृद्धि गरी उच्च आर्थिक वृद्धिदर कायम गरिनेछ।(दिगो विकासका लक्ष्य १, २, ८, ९, १०, १२)

२. **आवश्यक भौतिक पूर्वाधार निर्माण तथा विस्तार गर्ने।**

व्यवस्थित शहरीकरण, यातायात पूर्वाधार, सिंचाइ, खानेपानी, उर्जा र आवास जस्ता आवश्यक भौतिक पूर्वाधार निर्माण तथा विस्तार गरिनेछ। भौतिक पूर्वाधारको विस्तारलाई उत्पादनसँग आवद्ध गरिनेछ। (दिगो विकासका लक्ष्य ६, ७, ९, ११)

३. **गुणस्तरीय शिक्षा र स्वास्थ्य विस्तार गरी मानवीय पूँजी निर्माण गर्ने।**

शिक्षा र स्वास्थ्यको पहुँच विस्तार र गुणस्तर सुधारका साथै प्राविधिक शिक्षामा सहज पहुँच बढाई जीवनोपयोगी, उद्यमशील र व्यावसायिक सिप विकासगरी मानव पूँजी निर्माण गरिनेछ।(दिगो विकासका लक्ष्य ३, ४)

४. **सामाजिक समावेशिता र लैङ्गिक समता प्रवर्द्धन गर्ने।**

सामाजिक समावेशितामा जोड दिँदै भाषा कला धर्म र संस्कृतिको संरक्षण, अन्धविश्वास, कुरीति र हिंसाको अन्त्य गर्नुका साथै लैङ्गिक समता तथा महिला सशक्तीकरणमा जोड दिइनेछ।(दिगो विकासका लक्ष्य ५, १६)

५. **प्रभावकारी विपद् व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलित विकास गर्ने।**

वातावरणको संरक्षण गर्दै उपलब्ध प्राकृतिक साधनहरूको समुचित उपयोगका साथै आर्थिक सामाजिक क्षेत्रका गतिविधिहरूलाई जलवायु परिवर्तन अनुकूलित र सम्भावित विपद् प्रति सचेत रही सञ्चालन गरिनेछ। (दिगो विकासका लक्ष्य १३,१५)

६. **विधिको शासन कायम गर्दै सुशासन प्रत्याभूति गर्ने।**

विधिको शासन, सदाचार, पारदर्शिता तथा जबाफदेहीताको मान्यतालाई सरकारी कामकाज र सेवा प्रवाहमा संस्थागत गरी जनअपेक्षा अनुकुल सुशासन प्रणाली प्रत्याभूत गरिनेछ। (दिगो विकासका लक्ष्य १६, १७)

## १.३ मध्यमकालीन खर्च संरचना तर्जुमा

### १.३.१ संस्थागत व्यवस्था

मध्यमकालीन खर्च संरचना आवधिक योजना र वार्षिक बजेट बीच तादात्म्यता अपनाउने उपकरण भएकोले वार्षिक बजेट निर्माणमा यसको महत्वपूर्ण भूमिका छ। प्रदेश नं ५, आर्थिक कार्यविधि ऐन २०७४ को दफा ५(१) मा प्रत्येक आर्थिक वर्षको बजेट तर्जुमा गर्नुअघि आर्थिक मामिला तथा योजना मन्त्रालयले आगामी तीन आर्थिक वर्षको आम्दानी र खर्चको प्रक्षेपणसहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने र यस्तो खर्च संरचना तयार गर्दा आवधिक योजनालाई मार्गदर्शनको रूपमा लिनुपर्ने व्यवस्था रहेको छ। उक्त कानूनी व्यवस्था बमोजिम मध्यमकालीन खर्च संरचना तयार गर्न प्रदेश सरकार (माननीय मुख्यमन्त्री तथा आर्थिक मामिला तथा योजना मन्त्री स्तर) को मिति २०७६/१२/०७ को निर्णयानुसार मध्यमकालीन खर्च संरचना तर्जुमा निर्देशक समिति, मध्यमकालीन खर्च संरचना प्राविधिक समिति र निकायगत मध्यमकालीन खर्च संरचना कार्यदलहरू गठन गरी मध्यमकालीन खर्च संरचना तयार गरिएको छ। यी समितिहरूको विस्तृत विवरण अनुसूची १ मा देखाइएको छ।

### १.३.२ मध्यमकालीन खर्च संरचना तर्जुमा प्रक्रिया

यो खर्च संरचना तयार गर्दा देहाय बमोजिमका बुँदाहरूलाई ध्यानमा राखी आगामी तीन वर्षको आम्दानी र खर्च प्रक्षेपण गरिएको छः

१. **त्रिवर्षीय खर्च प्रक्षेपणसहित कुल बजेटको आकार तयारीः** संविधानको अनुसूची र नेपाल सरकारबाट स्वीकृत कार्यविस्तृतीकरण प्रतिवेदन, संघ, प्रदेश र स्थानीय तहको कार्य जिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजनाहरूको बर्गिकरण तथा बाँडफाँट सम्बन्धी मापदण्ड, २०७६ बमोजिम प्रदेश सरकारको अधिकार क्षेत्रभित्र रहेका विषयहरू कार्यान्वयनमा लाग्ने खर्चको अनुमान गरियो। प्रथम आवधिक योजनाको सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीतिलाई आधार मानी आयोजना र कार्यक्रमहरू पहिचान गरी खर्चको अनुमानबाट आगामी आर्थिक वर्षको कुल बजेटको आकार र सीमा निर्धारण गरियो। तलब, भत्ता जस्ता अनिवार्य दायित्व र चालु तथा प्रशासनिक खर्चतर्फ आवश्यक बजेट अनुमान गरी बाँकी रकम पूँजीगत तथा कार्यक्रम खर्चतर्फ समावेश गरियो।

२. **बजेट सीमा र मार्गदर्शन पठाउनेः** आ.व. २०७७/७८ को लागि वित्तीय समानीकरण अनुदान र राजश्व बाँडफाँटबाट प्राप्त हुने अनुमानित खर्चको सीमा नेपाल सरकारबाट प्राप्त भै नसक्दै बजेट तयारी गर्नुपर्ने भएकोले बजेट सीमा प्राप्त भएपछि स्रोत अनुमानमा थपघट हुनेगरी पहिलो चरणमा

चालु आ.व. २०७६/७७ मा विनियोजित बजेटलाई आधारमानी बजेट सुनिश्चित भई दायित्व सिर्जना भएका बहुबर्षीय ठेक्का तथा क्रमागत आयोजनाका लागि पर्याप्त स्रोत अनुमान गरियो। यसमा श्रोत अनुमान समितिले तयार गरेको बजेटको सीमाभित्र प्रदेश योजना आयोग र आर्थिक मामिला तथा योजना मन्त्रालयबाट मन्त्रालयगत कार्यगत रूपमा चालु, पूँजीगत र वित्तीय व्यवस्था सहितको बजेट सीमा र मार्गदर्शन तयार गरियो। सोही सीमा र मार्गदर्शनलाई आधार मानी मन्त्रालयहरूद्धारा प्रथम कार्यक्रम मस्यौदा तयार गरियो। उक्त मस्यौदा उपर छलफल गर्दाको बखत नेपाल सरकारबाट प्राप्त समानीकरण अनुदान र राजश्व बाँडफाँटसमेतलाई हिसाब गरी संशोधित बजेट सीमा पठाइयो।

३. **त्रिवर्षीय खर्च प्रक्षेपणसहित कार्यक्रम तथा बजेट तयार गरी पेश गर्नेः** बजेट सीमाभित्रका आयोजना तथा कार्यक्रमहरू प्रादेशिक मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) मा प्रविष्टि गरी आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउने व्यवस्था अनुसार बजेट तयारी गर्ने सिलसिलामा मन्त्रालयहरूलाई प्राप्त सीमा र मार्गदर्शनभित्र रही मन्त्रालयहरूले मातहतका कार्यालय र आयोजनाहरूसित छलफल गरी बजेट तथा कार्यक्रमहरू तयार गरी PLMBIS मा प्रविष्टि मार्फत् आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउने कार्य भयो।

४. **त्रिवर्षीय खर्च प्रक्षेपणसहित कार्यक्रम तथा बजेट उपर छलफलः** सम्बन्धित मन्त्रालयबाट तयार गरी पठाएको बजेट अनुमानलाई चालु खर्च, पूँजीगत खर्च सहितका विवरणहरू कार्यगत र निकायगत रूपमा आर्थिक मामिला तथा योजना मन्त्रालयमा छलफल गरियो। यसमा प्रदेश योजना आयोग, आर्थिक मामिला तथा योजना मन्त्रालयको बजेट योजना तथा कार्यक्रम महाशाखा र सम्बन्धित मन्त्रालय/निकायको सहभागिता थियो। निकायगत रूपमा बजेटको छलफल टुङ्गिएपछि आर्थिक मामिला तथा योजना मन्त्रालयले बजेटको मस्यौदा तयार गरी आवश्यकता अनुसार सम्बन्धित मन्त्रालय समेतको परामर्शमा बजेटको अन्तिम मस्यौदा तयार गरियो।

५. **प्रदेश सभामा मध्यमकालीन खर्च संरचना प्रस्तुत गर्नेः** मध्यमकालीन खर्च संरचना र वार्षिक विकास कार्यक्रम मन्त्रिपरिषद्बाट स्वीकृत गर्ने व्यवस्था छ। राजश्वको प्रक्षेपण, विभिन्न स्रोतहरूबाट प्राप्त हुने अनुदान एवम् ऋण सहायता, आन्तरिक ऋणको प्रक्षेपणसहित बजेटको उद्देश्य, नीति, प्राथमिकता, दीर्घकालीन सोच एवम् योजनाले निर्धारित गरेका आगामी वर्ष सञ्चालन गरिने कार्यक्रमहरूलाई समेत समेटी आगामी आर्थिक वर्षको आय व्यय विवरण बजेट वक्तव्य मार्फत् २०७७ साल असार १ गते माननीय आर्थिक मामिला तथा योजना मन्त्रीबाट प्रदेश सभामा पेश हुनेछ। बजेट वक्तव्यका साथमा मध्यमकालीन खर्च संरचना समेत प्रदेश सभामा पेश गर्ने व्यवस्था रहेको छ।

## १.४ प्रतिवेदनको स्वरूप

मध्यमकालीन खर्च संरचना र वार्षिक विकास कार्यक्रम तथा बजेटबीचको अन्योन्यास्रित सम्बन्धको कारण यी सबैको समन्जस्यता कायम हुने गरी यस प्रतिवेदन तयार गरिएको छ। चक्रीय पद्दति अनुसार आर्थिक वर्ष २०७६/७७ को बजेट कार्यान्वयनको समिक्षा पश्चात् आर्थिक वर्ष २०७७/७८ दखि २०७९/८० को मध्यमकालीन खर्च संरचना तयार गरिएको छ। बजेट तर्जुमा प्रक्रियालाई यथार्थपरक र वस्तुनिष्ठ बनाउने प्रमुख साधनको रूपमा मध्यमकालीन खर्च संरचनालाई लिने गरिन्छ। चक्रीय हिसाबले वर्षेनि तीन वर्षको लागि तयार गरिएको मध्यमकालीन खर्च संरचनाको पहिलो वर्षको बजेट अनुमान तथा वार्षिक कार्यक्रम आर्थिक वर्षको हिसाबले तय गरिने बजेट अनुमान तथा वार्षिक कार्यक्रम नै रहने र बाँकी दुई वर्षका बजेट तथा कार्यक्रम प्रथम वर्षका बजेट र कार्यक्रमसित तादात्म्य हुनेगरी प्रक्षेपण गरिएको छ।

यो प्रतिवेदनमा १० परिच्छेद तथा केही अनुसूचीहरू रहेका छन्। प्रथम परिच्छेदमा समग्र प्रतिवेदनको परिचय दिइएको छ। दोस्रो परिच्छेदमा मध्यमकालीन खर्च संरचना तथा प्रमुख वार्षिक विकास कार्यक्रमबारे चर्चा गरिएको छ भने तेस्रोदेखि दशौं परिच्छेदसम्म विषयक्षेत्र तथा निकायगत हिसाबले त्रिवर्षीय तथा प्रमुख वार्षिक कार्यक्रम, बजेट, नतिजा सूचक र जोखिम अनुमान लगायतका विषयवस्तुहरू समेटिएको छ। अन्तिममा प्रदेश सरकारबाट कार्यक्रम तथा आयोजनाहरूको विस्तृत विवरणहरु सहितका केहि जानकारीमुलक अनुसूचीहरु प्रस्तुत गरिएको छ।

## १.५ प्रतिवेदनका सीमाहरू

योजनावद्ध विकासको लागि आवधिक योजना, मध्यमकालीन खर्च संरचना र सोमा आधारित प्रमुख वार्षिक बजेट तथा प्रमुख विकास कार्यक्रमहरु सहितको यो दस्तावेज तयार गरिएको हो। तथापि यो प्रतिवेदनका केही सीमा रहेका छन्:

१. प्रदेश सरकारले प्रदेशमा तथ्याङ्क कार्यालय स्थापना गरी आवश्यक तथ्याङ्क संकलन गर्ने र सोही अनुसार सूचकहरूको प्रक्षेपणका आधार तय गर्ने लक्ष्य लिइएको भएतापनि उक्त कार्यालय स्थापना भईनसकेको हुँदा पर्याप्त तथ्याङ्कको अभावको कारण उपयुक्त प्रक्षेपण हुन कठिनाई भएको छ। केही सूचकहरू खाली रहेका छन् भने केही तथ्याङ्कहरू सम्बन्धित मन्त्रालय वा निकायहरूको सहयोगमा पूरा भएका छन्।

२. आर्थिक वर्ष २०७६/७७ देखि वा सो भन्दा अगाडि पनि सञ्चालन, प्रारम्भ तथा प्रस्तावित थुप्रै स-साना सानो लागतका क्रमागत आयोजनाहरूलाई यस दस्तावेजमा समावेश गरिएको छैन। यस्ता पुराना दायित्वलाई कम गर्दै आवधिक योजनाले मार्गनिर्देश गरे बमोजिमका कार्यक्रम तथा आयोजनाहरूमा प्राथमिकताका साथ बजेट विनियोजन गरिदै लगिने छ।

३. नीतिको सफलता त्यसको कार्यान्वयनमा निर्भर रहने र सोही बमोजिम निर्धारित लक्ष्य तथा उद्देश्य हासिल हुने हुन्छ। तथापी बिषयगत मन्त्रालयहरूले यस संरचनालाई महत्वका साथ कार्यान्वयन गर्ने विषयमा ध्यान दिनुपर्ने छ।

४. बिषयगत मन्त्रालयहरूको अधिक समय बजेटको तयारीमा गएकोले मध्यमकालीन खर्च संरचना तयारीको लागि त्रिबर्षिय अनुमान र प्रक्षेपणको पर्याप्त आधारहरू तय नहुँदा केहि सिमितताहरू रहे।

परिच्छेद : २

# मध्यमकालीन खर्च संरचना तथा प्रमुख वार्षिक कार्यक्रम

## २.१ पृष्ठभूमि

समृद्ध प्रदेशः खुशी जनताको दीर्घकालीन सोच हासिल गर्नको लागि प्रदेशको प्रथम आवधिक योजनाले तय गरेका विकास र समृद्धिका कार्यक्रमहरू समयमा नै सम्पन्न गर्नको लागि सार्वजनिक वित्त व्यवस्थापनको महत्वपूर्ण भूमिका हुन्छ। यसका लागि श्रोत तथा साधनको कुशल विनियोजन, नीति तथा कार्यक्रमहरूको कार्यान्वयन दक्षता र वित्तीय अनुशासनका तीनै पक्ष अत्यावश्यक हुन्छन्। यी पक्षहरूलाई मजबुत बनाउने प्रमुख औजार नै मध्यमकालीन खर्च संरचना हो।

संविधानले परिकल्पना गरे बमोजिमको अर्थ व्यवस्था गर्ने सोचलाई मूर्त रूप दिनको लागि प्रथम आवधिक योजना (आ.व. २०७६/७७-२०८०/८१) सँग सामञ्जस्य हुनेगरी आर्थिक वर्ष २०७७/७८-२०७९/८० को मध्यमकालीन खर्च संरचना तर्जुमा गरिएको छ। यसका अतिरिक्त प्रदेश सभाबाट पारित आर्थिक वर्ष २०७७/७८ को नीति तथा कार्यक्रम र आवधिक योजनाले परिलक्षित गरेअनुरूपका आयोजना तथा कार्यक्रमहरूलाई छनौट गरिएका छन्। प्रदेशको उच्च आर्थिक वृद्धिदरलाई निर्धारण गर्ने लक्षित कार्यक्रमहरूलाई समयमा नै सम्पन्न हुनेगरी मुख्य प्राथमिकतामा राखिएको छ। स्रोत अनुमान समितिबाट प्रस्तावित आर्थिक वर्ष २०७७/७८ को स्रोतको आँकलन तथा विकास कार्यक्रमको बाँडफाँटका आधारमा साविकमा प्रदेश सरकारबाट कार्यान्वयन भइरहेका कार्यक्रमहरूलाई यस प्रतिवेदनमा समेटिएको छ।

प्रदेश सरकारले आर्थिक वर्ष २०७५/७६ देखि शुरू गरेका कतिपय दीर्घकालीन प्रवृत्ति र महत्वका कार्यक्रम तथा आयोजनाहरूलाई पनि निरन्तरता दिइएको छ। यस वर्षको वार्षिक विकास कार्यक्रममा कोभिड-१९ बाट अर्थतन्त्रमा परेको प्रभावलाई मध्यनजर गरी विशेष किसिमका कार्यक्रमहरू ल्याइएको छ। मध्यमकालीन खर्च संरचना तथा वार्षिक कार्यक्रममा परेका आयोजना तथा कार्यक्रमहरूलाई रणनीतिक स्तम्भ, दिगो विकासका लक्ष्य, र लैङ्गिक संकेतका आधारमा वर्गीकरण गरी सो अनुसारको बजेट विनियोजनलाई विश्लेषण गरिएको छ।

यस खर्च संरचनाको दोश्रो वर्ष वा आर्थिक वर्ष २०७७/७८ मा विनियोजित बजेट कायम हुनेगरी र त्यसपछिका बाँकी दुई आर्थिक वर्षको हकमा आयोजना कार्यान्वयनको स्थिति, उपलब्ध साधन, श्रोत र खर्च गर्ने क्षमतालाई आधार मानी रकम अनुमान गरिएको छ। यसैगरी मन्त्रालय तथा निकायहरूले सञ्चालन गर्ने आयोजना र कार्यक्रमको क्रियाकलापमा आधारित लागत अनुमान गर्नुका साथै विभिन्न क्षेत्रमा आगामी तीन वर्षभित्र गरिने लगानीबाट प्राप्त हुने लक्षित प्रतिफल तथा नतिजा सूचकहरू पनि यस दस्तावेजमा समावेश गरिएको छ। यसका साथै, प्रदेश सरकारका कार्यालय तथा निकायहरूबाट संचालित कार्यक्रमहरूको प्राप्त प्रतिफलहरूबाट विषयगत नतिजा सूचक तथा लक्ष्य तयार गरिएको छ।

## २.२ मध्यमकालीन खर्च संरचनाका उद्देश्यहरू

प्रथम आवधिक योजनाले मार्गदर्शन गरेबमोजिमका सोच, लक्ष्य, उद्देश्य र परिमाणात्मक लक्ष्यहरू हासिल गर्नको लागि यस मध्यमकालीन खर्च संरचनाका निम्न बमोजिम उद्देश्यहरू राखिएको छः

क) आवधिक योजना र वार्षिक बजेट बीचको तादात्म्यता कायम गरी मध्यमकालीन श्रोत र खर्चबीच वित्तीय प्रक्षेपण क्षमता बढाउनु।

ख) चक्रिय बजेट पद्धतिद्वारा वित्तीय नियम सुचारू गराई सार्वजनिक खर्चलाई प्रतिफलमुखी बनाउनु।

ग) बृहत् आर्थिक चरहरूको विश्लेषणबाट प्राप्त नतिजालाई संश्लेषण गरी मध्यमकालीन श्रोतको आधारशिला तयार गराई मध्यमकालीन अवधिको लागि सहि अनुमान र प्रक्षेपण दक्षता अभिवृद्धि गर्नु।

घ) रणनीतिक योजनाको दस्तावेजको रूपमा प्रत्येक नयाँ आ.व. को लागि बजेट सिलिंग तथा वित्तीय नीति तयारीमा निर्णायक भूमिका निभाउनु।

ङ) बिषयक्षेत्रगत कार्यक्रम तथा आयोजनाहरूको छनौट प्रक्रियाका लागि प्राथमिकीकरण खाका उपलब्ध गराउनु।

## २.३ रणनीति

मध्यमकालीन खर्च संरचनाका उद्देश्यहरू हासिल गर्न परिच्छेद १ मा प्रस्तुत गरिएझैं आवधिक योजनामा उल्लेख गरिएका ६ वटा रणनीतिहरू अवलम्बन गरिनेछन् ।

## २.४ प्रमुख नतिजा सूचक तथा लक्ष्य

प्रदेश सरकारले लिएको **समृद्ध प्रदेशः खुशी जनता**को सोच हासिल गर्नमा केन्द्रित रहँदै आगामी तीन वर्षको लागि मध्यमकालीन खर्च संरचनाका केही प्रमुख लक्ष्य तथा नतिजा सूचकहरू निर्धारण गरिएको छ। कोभिड-१९ को कारणले सामाजिक र आर्थिक बिषयगत क्षेत्रहरुमा परेको असरले चालु आ.ब. मा लक्षित गरिए अनुरुपको आर्थिक वृद्धिदर हासिल गर्न कठिन रह्यो। यस परिस्थितिलाई समेत विश्लेषण गर्दै समष्टिगत लक्ष्यहरूको विद्यमान स्थिति तथा आगामी ३ वर्षको अपेक्षित उपलब्धि तालिका २.१ मा प्रस्तुत गरिएको छ।

**तालिका २.१ : प्रमुख नतिजा सूचक तथा लक्ष्य**

| क्र.सं. | सूचक/लक्ष्य | एकाई | २०७५/७६ को उपलब्धि | २०७६/७७ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
| १ | वार्षिक आर्थिक वृद्धि दर (आधारभूत मूल्यमा) | प्रतिशत | ६.८ | २ | ७ | ९.५ | १०.२ |
| | कृषि | प्रतिशत | ४.३१ | २.८ | ५.५ | ६.३ | ६.७ |
| | गैर कृषि | प्रतिशत | ७.५० | १.८ | ६.८ | १०.९ | ११.५ |
| | उद्योग | प्रतिशत | ८.३ | ४.७ | ७.७ | १५.२ | १६ |
| | सेवा | प्रतिशत | ७.१ | १.९ | ७.८ | ९.३ | ९.७ |
| २ | राष्ट्रिय कुल ग्राहस्थ्य उत्पादनमा प्रदेशको योगदान (आधारभूत मूल्यमा) | प्रतिशत | १४.३ | १४.२ | - | - | |
| ३ | ग्राहस्थ्य प्रतिव्यक्ति आम्दानी | रू. हजारमा | ८३.९० | ९०.८४ | ९९.५ | १११.७७ | |
| ४ | बेरोजगारी दर | प्रतिशत | ११.२ | - | - | ८.० | ७ |
| ५ | निरपेक्ष गरिबीको रेखामुनि रहेको जनसंख्या | प्रतिशत | १८.२ | - | - | १३.६ | १२.२ |
| ६ | बहुआयामिक गरिबीको दर | सूचकांक | २९.९ | - | २४.० | २०.० | १६ |
| ७ | कुल निक्षेपमा प्रदेशको अंश | प्रतिशत | ८.१३ | ८.१२ | ८.१२ | | |
| ८ | कुल कर्जामा प्रदेशको अंश | प्रतिशत | ११.६८ | ११.७३ | ११.८ | | |
| ९ | बैंक तथा वित्तीय संस्थाको शाखा संख्या | संख्या | ८२४ | ८५५ | ९०० | ९३० | ९६० |

## तालिका २.२ : प्रदेश समृद्धिका प्रमुख विषय क्षेत्रगत सूचक तथा लक्ष्य

| क्र. सं. | सूचक/लक्ष्य | एकाई | २०७५/७६ | २०७६/७७ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
| कृषि, उद्योग, पर्यटन र वन | | | | | | | |
| १ | खाद्यान्न बाली उत्पादन | हजार मेट्रिक टन | २०४१ | २१५९ | २२६८ | २३७२ | २५३८ |
| २ | तरकारी उत्पादन | हजार मेट्रिक टन | ५५४ | ५८८ | ६१५ | ६३६ | ६५० |
| ३ | फलफूल उत्पादन | हजार मेट्रिक टन | १३४ | १४० | १४६ | १५२ | १५८ |
| ४ | कृषि रोजगारी (थप) | संख्या | | ४००० | ७००० | ८५०० | १०००० |
| ५ | उद्योगहरूबाट रोजगारीको सिर्जना | हजारमा | | | | | |
| ६ | काठको उत्पादन | हजार मेट्रिक टन | | | | | |
| ७ | पर्यटक आगमन | हजारमा | १५३२ | २००० | २५०० | २७०० | २५०० |
| ८ | पर्यटन क्षेत्रमा रोजगारी | हजारमा | | | | | |
| सामाजिक तथा मानव विकास | | | | | | | |
| ९ | मानब विकास सूचकांक | सूचकांक | ०.५१ | | | | |
| १० | जन्मदाको अपेक्षित आयु | वर्ष | ६९.३ | ६९.५७ | ६९.७७ | ६९.९७ | ७०.१७ |
| ११ | बाल मृत्युदर | प्रतिहजार | ४२=४ | ४० | ३८ | ३५ | २८ |
| १२ | मातृमृत्यु दर | प्रति लाख जीवित जन्म | २१५ | २१० | १९० | १७२ | १५७ |
| १३ | घरेलु तथा लैङ्गिक हिंसा भोगेका १५ देखि ४९ वर्षका महिला | प्रतिशत | ८.३ | ८.२९ | ६.६६ | ५.०३ | ३.४ |
| १४ | खुद भर्ना दर | | | | | | |
| | क) आधारभूत तह (कक्षा १-५) | प्रतिशत | ९७.३ | ९८ | ९९ | १०० | १०० |
| | ख) आधारभूत तह (कक्षा १-८) | प्रतिशत | ९०.५ | ९२.३ | ९३.४ | ९४.६ | ९५.६ |
| | ग) माध्यमिक तह (९-१२) | प्रतिशत | ४०.५ | ४३.५ | ४६.६ | ४९.२ | ५२.४ |
| १५ | साक्षरतादर (५ वर्षभन्दा माथि) | प्रतिशत | ६६.४ | ६८ | ७० | ७२ | ७४ |
| १६ | खानेपानी सुविधा पुगेका घरपरिवार | प्रतिशत | ८९.८३ | ९३.३ | ९७.० | १०० | १०० |
| भौतिक पूर्वाधार | | | | | | | |
| १७ | सिंचित क्षेत्र | प्रतिशत | ५१ | ५४.२ | ५८.२ | ६२.३ | ६.६५ |
| १८ | सडकको लम्बाई | कि.मि. | ११,४३१ | ११,६९० | ११,८०० | १२,२०० | १२५०० |
| १९ | विद्युत उत्पादन | मेगावाट | २१.५ | ३२ | ६२ | ११० | |
| २० | विद्युत पहुँचमा रहेको जनसंख्या | हजारमा | ७५ | ८९=५ | ९४=२ | ९९ | १०० |
| २१ | स्थानीय सडक सञ्जाल | कि.मी. | ८७०० | १०००० | ११००० | ११५०० | |
| २२ | पक्की सडकको अंश | प्रतिशत | १७ (१९३८ कि.मि.) | १९ | २१ | २३ | २५ |
| २३ | इन्टरनेट पहुँच भएका घरपरिवार | प्रतिशत | ५१.१ (२०७५) | ६२ | ७५ | ८० | ८२ |

## २.५ मध्यमकालीन खर्च संरचनाको बजेट विनियोजन र प्रक्षेपण

प्रदेश सरकारको स्रोत आंकलन तथा बजेट अनुमान एवम् प्रक्षेपण गर्दा देहायका आधारहरू लिइएको छ।

१. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार संघीय सरकारले संकलन गर्ने अधिकार क्षेत्रमा रहेको मूल्य अभिवृद्धि कर र अन्तःशुल्क रकम संघीय विभाज्य कोषमा रहने र यस्तो रकमको १५ प्रतिशत प्रदेश तहमा उपलब्ध हुने व्यवस्था बमोजिमको रकम तथा पछिल्ला दुई वर्षका लागि नेपाल सरकारको मध्यमकालीन खर्च संरचना अनुरूप अनुमान गरिएको छ।

२. पर्वतारोहण, विद्युत, वन, खानी तथा खनिज, पानी तथा अन्य प्राकृतिक स्रोतबाट संकलन भएको रोयल्टीको २५ प्रतिशत सम्बन्धित प्रदेशले प्राप्त गर्ने भएकाले सोलाई समेत आम्दानी अनुमान गर्दा गणना गरिएको छ।

३. प्रदेशले परिचालन गर्ने राजश्व अनुमान गर्दा कृषि आयमा लाग्ने कर, घर-जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन दस्तुरको विगत दुई आर्थिक वर्षमा संकलन भएको रकम, आगामी आर्थिक वर्षमा हुने आर्थिक गतिविधि, स्थानीय तहसँगको साझा राजश्वसम्बन्धी अधिकार समेतका आधारमा प्रक्षेपण गरिएको छ।

४. प्रदेश सरकारले लिनसक्ने आन्तरिक ऋणको सीमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त अयोगबाट भएको सिफारिस बमोजिम आगामी आ.व. २०७७/०७८ को लागि आन्तरिक राजश्व र राजश्व बाँडफाँटबाट प्राप्त रकमको १२ प्रतिशत ननाघ्ने गरी ऋण उठाउन सकिने व्यवस्था छ।

५. प्रदेश सरकारबाट प्रदेशमा रहेका आर्थिक वृद्धिका सम्भाव्य क्षेत्रहरूको पहिचान गरी सार्वजनिक निजी साझेदारी मोडलबाट कार्यक्रमहरू अगाडी बढाई प्रदेशको आन्तरिक राजश्व बढाउने नीति अनुरूप कार्यक्रमहरू तय भएका छन्।

### २.५.१ आर्थिक वृद्धिको लक्ष्य

प्रथम आवधिक योजनाले औसतमा ९.५ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्ने लक्ष्य लिएको छ। कोभिड-१९ को कारणले आ.व.२०७६/७७ मा सामाजिक र आर्थिक पक्षका आर्थिक वृद्धिदरलाई निर्धारण गर्ने चरहरुमा आएको नकारात्मक प्रभावका कारण लक्षित प्रतिफल प्राप्त हुन सकेन। तापनि उच्च प्रतिफलमुखी कार्यक्रम तथा आयोजनाहरुको माध्यमले आर्थिक अवस्थालाई पुनःस्थापित गर्ने गरी यस खर्च संरचनाले आर्थिक वर्ष २०७७/७८, २०७८/७९ र २०७९/८० को आर्थिक वृद्धिदर क्रमशः ७ प्रतिशत, ९.५ प्रतिशत र १०.२ प्रतिशत हुने लक्ष्य राखेको छ । यसका लागि आवश्यक प्रदेश सरकारको बजेट तालिका २.३ मा प्रस्ताव गरिए अनुरूप हुनेछ ।

## तालिका २.३ : त्रिवर्षीय बजेट विनियोजन तथा प्रक्षेपण (प्रचलित मूल्यमा)

(रू. लाखमा)

| क्र.सं. | विवरण | आ.व. २०७५/७६ को यथार्थ | २०७६/७७ को संशोधित अनुमान | मध्यमकालीन बजेट अनुमान तथा प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७७/७८ को अनुमान | २०७८/७९ को प्रक्षेपण | २०७९/८० को प्रक्षेपण |
| १ | **श्रोत विवरण** | | | | | |
| | प्रदेश संचित कोषमा दाखिला हुने राजश्व | ११०२४०.७१ | १८२९२९.४० | २२२०८५.०० | १८२५२८.३० | २११६३९.१० |
| | आन्तरिक राजश्व | ९४४१.१८ | १०४१७.४६ | २०३७७.०० | २५०३६.१० | २७०७२.५० |
| | राजश्व बाँडफाँट (संघ) | १७१८५.१६ | ७४७३६.९० | ९४६७७.०० | ९५१९७.२० | ११६७२०.६० |
| | राजश्व बाँडफाँट (स्थानीय तह) | ८१६६.४४ | ६०५०.८८ | ८०००.०० | ८०००.०० | ८५००.०० |
| | राजश्व बाँडफाँट (प्रदेश) | ९९८१.३३ | १२०००.०० | १२०००.०० | १२०००.०० | १३५००.०० |
| | वित्तीय समानीकरण अनुदान | ७८६९७.०० | ७५४०१.०० | ७६३७१.०० | ९२७३२.०० | ९५८६३.०० |
| | सशर्त | ६६१३२.५७ | ७७७०४.०० | ५८१३६.०० | ६५७०४.०० | ७५६९४.०० |
| | समपुरक अनुदान | ५१७.६६ | ५५१३.०० | ४८३३.०० | ५७८९.०० | ७५६९.०० |
| | बिशेष अनुदान | ०.०० | ५७५२.६० | २१००.०० | २३४५.०० | २८९०.०० |
| | रोयल्टी बाँडफाँट (संघ) | ४१६८.१८ | ३०००.०० | ३०३०.०० | ३१२०.०० | ३५३४.०० |
| | रोयल्टी बाँडफाँट (स्थानीय तह) | | १४७७.४८ | ५८२६.०० | ६५७८.०० | ८६७५.०० |
| | आन्तरिक ऋण | - | - | - | ३२५९७.०० | ३३६३७.०० |
| | गत आ.ब. को मौज्दात | ८२९८.४२ | ७५२४६.६८ | ७९४५०.०० | ०.०० | ०.०० |
| २ | **बजेट अनुमान** | | | | | |
| | चालु खर्च | ६८६१३.०१ | १२९३७२.७३ | १७७३२५.४८ | १८०७३५.५६ | १९५६८७.३० |
| | पूँजीगत खर्च | १०१७२८.२५ | १३८४७७.२७ | १८६१९९.५२ | १६८३६२.७४ | १९७९६७.८० |
| | कुल खर्च | १७०३४१.२६ | २६७८५०.०० | ३६३५२५.०० | ३४९०९८.३० | ३९३६५५.१० |
| | बचत (+ वा -) | ७५२४६.६८ | ७९४५०.०० | ०.०० | ०.०० | ०.०० |

तालिका २.४ : बजेटको त्रिवर्षीय विनियोजन र प्रक्षेपणको कुल गार्हस्थ उत्पादनसँगको अनुपात (प्रतिशतमा)

| क्र. सं. | विवरण | आ.व. २०७५/७६ को यथार्थ | २०७६/७७ को संशोधित अनुमान | मध्यमकालीन बजेट अनुमान तथा प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७७/७८ को अनुमान | २०७८/७९ को प्रक्षेपण | २०७९/८० को प्रक्षेपण |
| १ | श्रोत विवरण | | | | | |
| | प्रदेश संचित कोषमा दाखिला हुने राजश्व | २६.२१ | ३९.६३ | ४२.९६ | ३०.९७ | ३०.९६ |
| | आन्तरिक राजश्व | २.२४ | २.२६ | ३.९४ | ४.२५ | ३.९६ |
| | राजश्व बाँडफाँट (संघ) | ४.०९ | १६.१९ | १८.३१ | १६.१५ | १७.०७ |
| | राजश्व बाँडफाँट (स्थानीय तह) | १.९४ | १.३१ | १.३० | १.३६ | १.२४ |
| | राजश्व बाँडफाँट (प्रदेश) | २.३७ | २.६० | २.३२ | २.०४ | १.९७ |
| | वित्तीय समानीकरण अनुदान | १८.७१ | १६.३४ | १४.७७ | १५.७३ | १४.०२ |
| | सशर्त | १५.७२ | १६.८३ | ११.२५ | ११.१५ | ११.०७ |
| | समपुरक अनुदान | ०.०० | १.१९ | ०.९३ | ०.९८ | १.११ |
| | बिशेष अनुदान | ०.०० | १.२५ | ०.४१ | ०.४० | ०.४२ |
| | रोयल्टी बाँडफाँट (संघ) | ०.०० | ०.०० | ०.५९ | ०.५३ | ०.५२ |
| | रोयल्टी बाँडफाँट (स्थानीय तह) | ०.०० | ०.३२ | १.१३ | १.१२ | १.२७ |
| | आन्तरिक ऋण | | | | ५.५३ | ४.९२ |
| | गत आ.ब. को मौज्दात | १.९७ | १६.३० | | ०.०० | ०.०० |
| २ | बजेट अनुमान | | | | | |
| | चालु खर्च | १६.३१ | २८.०३ | ३४.३० | ३०.६७ | २८.६२ |
| | पूँजीगत खर्च | २४.१८ | ३०.०० | ३६.०२ | २८.५७ | २८.९६ |
| | कुल खर्च | ४०.४९ | ५८.०३ | ७०.३२ | ५९.२३ | ५७.५८ |
| | बचत (+ वा -) | १७.८९ | १७.२१ | ०.०० | ०.०० | ०.०० |

## २.६ बजेट विनियोजनका प्राथमिकता निर्धारण

सीमित स्रोतको बाबजुत माग भई आएका धेरै आयोजना तथा कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्ने हुँदा कार्यक्रम तथा आयोजनाहरूको उचित प्राथमिकीकरण गर्नु योजनाबद्ध विकासको अनिवार्य आधार हो। बजेट विनियोजनको प्राथमिकता निर्धारण गर्दा कोभिड-१९ महामारीका असरहरुलाई मध्यनजर गरी स्वास्थ्य, रोजगारी र कृषिलाई विशेष महत्व दिंदै प्रतिफलमुखी आयोजनाहरु, निजी र जनस्तरको सहलगानीबाट संचालित कार्यक्रमहरु साथै डिजिटल प्रदेश निर्माण सम्बन्धी कार्यक्रमहरुलाई प्राथमिकतामा राखिएको छ। प्रथम आवधिक योजना बमोजिम ५ वर्षको लागि बढीमा १० वटा प्रदेश गौरवका आयोजना छनौट गरी कार्यान्वयन गर्ने लक्ष्य अनुरूप प्रदेश गौरवका आयोजना छनौट सम्वन्धी मापदण्ड तयार भईसकेको र सोही अनुसार मापदण्ड पूरा भएका आयोजनाहरूका लागि बजेट विनियोजना गर्नुपर्ने छ। परियोजना बैंक अन्तर्गत पूर्व सम्भाव्यता अध्ययन भएका आयोजना तथा कार्यक्रमहरूको कार्यान्वयको लागि व्यवस्थापन गर्नुपर्ने छ। त्यसका अतिरिक्त मन्त्रालयहरूले पनि छनौट गरेका आयोजना तथा कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्ने हुँदा मध्यमकालीन खर्च संरचनाले प्राथमिकीकरणको खाका (अनुसूची ८) तयार गरेको छ। यस मध्यमकालीन खर्च संरचनाको तयारीको क्रममा गत वर्ष प्रस्ताव गरिएको सो खाका आर्थिक वर्ष २०७७/७८ मा पनि आंशिक रूपमा लागू गर्न सकिएकोमा आगामी वर्षहरूदेखि पूर्ण रूपमा लागू हुनेछ।

## २.७ बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँट

आगामी तीन वर्षको बजेट अनुमान प्रक्षेपणको विभिन्न आधारमा गरिएको तुलनात्मक विवरण देहाय बमोजिम उल्लेख गरिएको छ। आर्थिक वर्ष २०७७/७८ को लागि वार्षिक कार्यक्रम र बजेट अनुमान हुने गरी प्रस्ताव गरिएको छ।

### (क) रणनीतिक स्तम्भको आधारमा बाँडफाँट

तालिका २.५: रणनीतिक स्तम्भको आधारमा बाँडफाँट

(रू. लाखमा)

| क्र.सं. | विवरण | रकम | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि, उद्योग र पर्यटन क्षेत्रको उत्पादन र उत्पादकत्व बृद्धि गरी आर्थिक वृद्धि | ८८८८४.४७ | २४.४५ |
| २ | भौतिक पूर्वाधार निर्माण तथा विस्तार | १६५५४६.७१ | ४५.५४ |
| ३ | गुणस्तरीय शिक्षा र स्वास्थ्य विस्तार गरी मानवीय पूँजी निर्माण | ५३२२६.२१ | १४.६४ |
| ४ | सामाजिक समावेशिता र लैङ्गिक समता प्रवद्धन | २०२०३.९७ | ५.५६ |
| ५ | प्रभावकारी विपद् व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलित विकास | १७१५७.९३ | ४.७२ |
| ६ | विधिको शासन कायम गर्दै सुशासन प्रत्याभूति | १८५०५.७१ | ५.०९ |
|  | कुल जम्मा | ३६३५२५ | १०० |

### (ख) लैङ्गिक संकेतको आधारमा बाँडफाँट

तालिका २.६: लैङ्गिक संकेतको आधारमा बाँडफाँट

(रू. लाखमा)

| संकेत नं. | लैङ्गिक संकेत | आ.ब.२०७७/७८ को व्यय अनुमान | | आ.ब.२०७८/७९ को खर्च प्रक्षेपण | | आ.ब.२०७९/८० को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | प्रत्यक्ष लाभ | ७८००५.५२ | २१.४६ | - | - | - | - |
| २ | अप्रत्यक्ष लाभ | ११८९६७.०६ | ३२.७३ | - | - | - | - |
| ३ | तटस्थ | १६६५५२.४२ | ४५.८१ | - | - | - | - |
| ४ | सांकेतीकरण नगरिएको | - | - | - | - | - | - |
| | जम्मा | ३६३५२५ | १०० | - | - | - | - |

### (ग) जलवायु परिवर्तनको आधारमा बजेट बाँडफाँड

तालिका २.७ : जलवायु परिवर्तनको आधारमा बाँडफाँट

(रू. लाखमा)

| संकेत नं. | जलवायु परिवर्तन संकेत | आ.ब.२०७७/७८ को व्यय अनुमान | | आ.ब.२०७८/७९ को खर्च प्रक्षेपण | | आ.ब.२०७९/८० को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | प्रत्यक्ष लाभ | २१८९६.५० | ६.०२ | - | - | - | - |
| २ | अप्रत्यक्ष लाभ | १०५०१.८७ | २८.८८ | - | - | - | - |
| ३ | तटस्थ | २३६६२६.६३ | ६५.०९ | - | - | - | - |
| ४ | सांकेतीकरण नगरिएको | - | - | - | - | - | - |
| | जम्मा | ३६३५२५ | १०० | - | - | - | - |

(घ) दिगो विकास लक्ष्यको आधारमा बजेट बाँडफाँड

तालिका २.८ : दिगो विकास लक्ष्यको आधारमा बाँडफाँट

(रू. लाखमा)

| संकेत नं. | दिगो विकास लक्ष्य | आ.ब.२०७७/७८ को व्यय अनुमान | | आ.ब.२०७८/७९ को खर्च प्रक्षेपण | | आ.ब.२०७९/८० को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | गरिबीको अन्त्य | २०१८.६७ | ०.५६ | - | - | - | - |
| २ | शून्य भोकमरी | ४११७१.२९ | ११.३३ | - | - | - | - |
| ३ | स्वस्थ जीवन | २९८०८.५६ | ८.२ | - | - | - | - |
| ४ | गुणस्तरीय शिक्षा | ९७११.०० | २.६७ | - | - | - | - |
| ५ | लैङ्गिक समानता | १०६१.९८ | ०.२९ | - | - | - | - |
| ६ | दिगो सफा पानी तथा सरसफाई सेवा | १६१५०.०० | ४.४४ | - | - | - | - |
| ७ | आधुनिक उर्जामा पहुँच | २५००.०० | ०.६९ | - | - | - | - |
| ८ | समावेशी आर्थिक वृद्धि तथा मर्यादित काम | ३४९४.०० | ०.९६ | - | - | - | - |
| ९ | उद्योग, नवीन खोज र पूर्वाधार | ६४४१०.०० | १७.७२ | - | - | - | - |
| १० | असमानता न्यूनीकरण | २०.०० | ०.०१ | - | - | - | - |
| ११ | दिगो शहर र बस्तीहरू | १५६१०.०० | ४.२९ | - | - | - | - |
| १२ | दिगो उपभोग तथा उत्पादन | ७१७६.०० | १.९७ | - | - | - | - |
| १३ | जलवायु परिवर्तन अनुकुलन | २९२०.०० | ०.८ | - | - | - | - |
| १५ | भूसतह श्रोतको उपयोग | ७००३.०० | १.९३ | - | - | - | - |
| १६ | शान्तिपूर्ण न्यायपूर्ण र सशक्त समाज | ६२६०.१६ | १.७२ | - | - | - | - |
| १७ | दिगो विकासका लागि साझेदारी | १८५४०.०० | ५.१ | - | - | - | - |
| | सांकेतीकरण नगरिएको | १३५६७०.३४ | ३७.३२ | - | - | - | - |
| | जम्मा | ३६३५२५ | १०० | - | - | - | - |

## २.७.१ प्रमुख विषय क्षेत्रगत आधारमा बाँडफाँट

प्रमुख विषय क्षेत्रगत आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तलको तालिका २.१० मा प्रस्तुत गरिएको छ। आर्थिक वर्ष २०७७/७८ को लागि वार्षिक कार्यक्रम र बजेट अनुरूपको अनुमान गरिएको छ भने बाँकी दुई आर्थिक वर्षको लागि अनुमानित विवरण पेश गरिएको छ।

विषय क्षेत्रगत आधारमा तीन आर्थिक वर्षको बजेट, खर्च तथा स्रोतको अनुमान र प्रक्षेपण सम्बन्धी विस्तृत जानकारी अनुसूची २ र ३ मा प्रस्तुत गरिएको छ। उक्त अनुसूचीहरूमा बजेट र स्रोतका अतिरिक्त प्रस्तावित कार्यक्रमहरूलाई रणनीतिक स्तम्भ, दिगो विकास लक्ष्य सूचकाङ्क, लैङ्गिक संकेतको हिसाबले पहिचान गरिएको छ।

यस परिच्छेदका तालिकाहरूमा संक्षिप्त रूपमा पेश गरिएका विवरणहरूको विस्तृत विषयक्षेत्रगत विवरणलाई बजेट उपशीर्षक अनुसार तालिका बनाएर आयोजना तथा कार्यक्रमहरूको विवरण, आर्थिक बर्ष २०७७/७८ को बजेट विनियोजन र त्यसपछिका दुई वर्षको प्रक्षेपण, गरिने प्रमुख क्रियाकलापहरू, तथा अपेक्षित प्रतिफलहरू परिच्छेद ३ देखि परिच्छेद १० सम्म प्रस्तुत गरिएको छ। यसैगरी कार्यक्रम तथा आयोजनागत बजेट, प्राथमिकीकरण र संकेत अनुसूचीहरू ४, ५ र ८ मा समावेश गरिएको छ। अनुसूची ६ मा प्रत्येक मन्त्रालय तथा निकायहरूले गर्नुपर्ने वार्षिक कार्ययोजनाको खाका प्रस्तुत गरिएको छ भने मन्त्रालय तथा निकायहरूले आफ्ना कार्यक्रम तथा आयोजनाभित्रका क्रियाकलापहरूको लागत अनुमान गर्दा अपनाइने प्रति एकाई लागत अनुमानको विधि अनुसूची ७ मा प्रस्तुत गरिएको छ।

तालिका २.९ मन्त्रालयगत तथा क्षेत्रगत आधारमा आर्थिक वर्ष २०७७/७८ को खर्च अनुमान

(रू. लाखमा)

| क्र.सं. | मन्त्रालय तथा निकाय | बजेट | | | | |
|---|---|---|---|---|---|---|
| | | चालु | पूँजीगत | वित्तीय | जम्मा (रकम) | जम्मा प्रतिशत |
| १ | प्रदेश सभा | २२८७.६१ | ३१२.३८ | | २५९९.९९ | ०.७२ |
| २ | प्रदेश लोकसेवा आयोग | २५५.३० | २४.७० | | २८०.०० | ०.०८ |
| ३ | मुख्य न्यायाधिवक्ताको कार्यालय | १४१.७६ | ८.५० | | १५०.२६ | ०.०४ |
| ४ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ५११३.२३ | ६३२.०० | | ५७४५.२३ | १.५८ |
| ५ | आर्थिक मामिला तथा योजना मन्त्रालय | १११०.९७ | १५९.९० | | १२६९.९७ | ०.३५ |
| ६ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त | १०७७९.७० | १७२५४.८० | | २८०३४.५० | ७.७१ |
| ७ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रा | ३७२२५.६७ | २८४७.१९ | | ४००७२.८६ | ११.०२ |
| ८ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | २३३०.९९ | ४७५९.०० | | ७०८९.९९ | १.९५ |
| ९ | भौतिक पूर्वाधार विकास मन्त्रालय | १०९८१.९८ | १३९२४२.५० | | १५०२२४.४८ | ४१.३२ |
| १० | सामाजिक विकास मन्त्रालय | ४२७३१.०६ | १३३२५.५५ | | ५६०५६.६१ | १५.४२ |
| ११ | प्रदेश पूर्वाधार विकास प्राधिकरण | १००.७५ | ७३४.४० | | ८३५.१५ | ०.२३ |
| १२ | सूचना तथा सञ्चार प्रविधि प्रतिष्ठान | २५६.६३ | ७१९.५० | | ९७६.१३ | ०.२७ |
| १३ | प्रदेश योजना आयोग | ३४६.६९ | १०.०० | | ३५६.६९ | ०.१० |
| १४ | अर्थ विविध | १२२६२.६४ | ६१७०.०० | | १८४३२.६४ | ५.०७ |
| १५ | स्थानीय तह | ५१४००.५० | | | ५१४००.५० | १४.१४ |
| | कुल जम्मा | १७३२५.४८ | १८६१९९.५२ | | ३६३५२५ | १०० |

## २.८ अन्तरसरकारी वित्तीय हस्तान्तरणको अनुमान र प्रक्षेपण

स्थानीय तहमा हस्तान्तरण हुने तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका २.१० मा प्रस्तुत गरिएको छ।

तालिका २.१०: स्थानीय तहमा हुने वित्तीय हस्तान्तरणको तीन आर्थिक वर्षको अनुमान तथा प्रक्षेपण
(समपुरक र विशेष अनुदान सहित)

(रू. लाखमा)

| आ. ब. को अनुमान तथा प्रक्षेपण | कुल हस्तान्तरण | राजश्व बाँडफाँट | वित्तीय समानीकरण अनुदान | सशर्त अनुदान | विशेष अनुदान | समपूरक अनुदान |
|---|---|---|---|---|---|---|
| आ.व. २०७६/७७ को संशोधित अनुमान | ४३८९८.०० | ८०००.०० | ५०००.०० | १३८९८.०० | १०००.०० | १५०००.०० |
| आ.व. २०७७/७८ को अनुमान | ५१४००.५० | ८०००.०० | ६०००.०० | २०४००.५० | १००००.०० | १५०००.०० |
| आ.व. २०७८/७९ को प्रक्षेपण | ७०११५.१० | ८०००.०० | ७५००.०० | २७११५.१० | ११५००.०० | १६०००.०० |
| आ.व. २०७९/८० को प्रक्षेपण | ८१७४७.९० | ८५००.०० | ९०००.०० | ३४५४७.९० | १२७००.०० | १७०००.०० |

## परिच्छेद : ३

# भूमि व्यवस्था, कृषि, सहकारी तथा खाद्य सुरक्षा

## ३.१ पृष्ठभूमि

प्रदेशमा उपलब्ध भूमिको वैज्ञानिक ढंगले समुचित प्रयोग गरी कृषि र कृषि उद्योगको विकास गर्नुपर्ने आवश्यकता छ। एकातर्फ जग्गाको खण्डीकरण रोक्नुपर्नेछ भने अर्कोतर्फ जग्गा बाँझो राख्ने प्रवृत्तिलाई निरूत्साहित गर्नुपर्नेछ। यस प्रदेशमा तराई र भित्री मधेस सहित एक तिहाइ खेतीयोग्य भूमि रहेको छ। प्रदेशको प्रथम आवधिक योजनाको अन्त्यसम्ममा यस प्रदेशलाई कृषि उत्पादनका क्षेत्रमा आत्मनिर्भर बनाई निर्यातमूलक अवस्थामा पुऱ्याउने सोच अनुरूप यस क्षेत्रलाई पनि समृद्धिको आधारको रूपमा लिएको छ। यसको लागि श्रम र सिपको पहुँच विस्तार गरी रोजगार सिर्जना गर्दै कृषिमा आधुनिकीकरण, व्यवसायीकरण र यान्त्रीकरणको माध्यमबाट कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने लक्ष्य लिइएको छ। त्यस्तै दिगो विकास लक्ष्यअन्तर्गत भोकमरीको अन्त्य लगायतका लक्ष्य प्राप्त गर्न आदर्श उत्पादन र न्यायिक वितरण प्रणाली प्रति विशेष पहल गर्नुपर्ने देखिन्छ। पोषण तथा खाद्य विविधता प्रवर्द्धन गर्नका लागि खाद्यान्नका अतिरिक्त दूध, माछा, मासु र अण्डाको महत्वपूर्ण भूमिका रहेको कारण प्रदेशमा पशुपन्छी तथा माछापालनका माध्यमबाट पोषण तथा खाद्य सुरक्षा प्रवर्द्धन भई रोजगारीका अवसरहरू सिर्जना हुनुका साथै आर्थिक उन्नतितर्फ अग्रसर हुनको लागि सहयोग पुग्ने देखिन्छ। नेपालको संविधानले सहकारीलाई अर्थतन्त्रको तेस्रो खम्बाको रूपमा लिएको छ। यसै अनुसार यस प्रदेशमा रहेका सहकारीलाई उत्पादन कार्यमा सहभागी गराएर गरिबी निवारणमा सहयोग पुऱ्याउन यो प्रदेश प्रतिवद्ध छ। कोभिड-१९ महामारीबाट प्रभावित कृषकहरूको जीविकोपार्जनमा सुधार गरी उत्पादन वृद्धिका साथै भविष्यमा आइपर्न सक्ने खाद्य सुरक्षा चुनौतीलाई सम्बोधन गर्ने खालका कार्यक्रमहरू समावेस गरिएको छ ।

## ३.२ प्रमुख समस्या

सार्वजनिक जग्गाहरूको व्यवस्थित अभिलेखाङ्कन र यसको वैज्ञानिक प्रयोग हुन नसक्नु, खेतीयोग्य जमिनको खण्डीकरण हुनु, श्रम र सिप हुनेका लागि कृषि भूमिमा पहुँच नपुग्नु, खेतीयोग्य भूमिमा पर्याप्त सिंचाई उपलब्ध हुन नसक्नु, कृषि, पशुपन्छी तथा माछापालन क्षेत्रमा आधुनिकीकरण र व्यावसायीकरण हुन नसक्नु, उत्पादित खाद्यान्नहरूको सन्तुलित वितरणका साथै उपभोगमा कमी भई खाद्य र पोषण सुरक्षाको जोखिम बढ्नु र सहकारीहरूको संख्यात्मक रूपमा बाक्लो उपस्थिति भएतापनि उत्पादनमूलक लगानीमा कमी हुनु जस्ता समस्याहरू यस क्षेत्रमा रहेका छन्।

## ३.३ चुनौती र अवसर

भूमि व्यवस्थापन तथा भूमि प्रशासन सेवालाई वैज्ञानिकीकरण तथा सरलीकरण गर्नु, गुठी जग्गाको अभिलेखाङ्कन गरी अतिक्रमण रोक्नु, परम्परागत खेती प्रणालीलाई आधुनिकीकरण र व्यावसायीकरण गराई युवा जनशक्तिलाई कृषि तथा पशु व्यवसायतर्फ आकर्षित गराउनुका साथै कोभिड-१९ महामारीका कारण वैदेशिक रोजगारीबाट फर्केकाहरूका लागि कृषिमा आकर्षित हुने खालका कार्यक्रमहरूबाट स्वरोजगार गराउनु, खाद्यान्नको उचित वितरण गर्नु र यसको प्रयोगमा जनचेतनामूलक कार्य सञ्चालन गर्नुका साथै सहकारीहरूको लगानीलाई व्यापकरूपमा उत्पादनमूलक क्षेत्रमा परिचालन गर्नुपर्ने चुनौतीहरू रहेका छन्।

नेपालको संविधानले भूमि व्यवस्थापन र जग्गाको अभिलेखलाई प्रदेशको अधिकार सूचीमा राख्नुका साथै प्रत्येक नागरिकलाई खाद्यसम्वन्धी हक प्रदान गर्नु, कृषिलाई आधुनिकीकरण र व्यावसायीकरण गर्ने नीति तय गर्नु,

दिगो विकास लक्ष्य हासिल गर्नको लागि विकास साझेदारहरूले पनि यी क्षेत्रमा लगानी गर्ने चासो देखाउनु, संविधानतः खाद्यसम्वन्धी हक स्थापित हुनुका साथै सहकारीलाई अर्थतन्त्रको तेश्रो खम्वाको रूपमा लिनु, कृषि श्रमिकका रूपमा धेरै जनशक्ति प्रदेशमा भित्रिने भएकाले उनीहरूको सिप र क्षमतालाइ कृषि विकासका विभिन्न क्षेत्रमा लगाउन सकिने जस्ता अवसरहरू यस क्षेत्रमा रहेका छन्।

## ३.४ आवधिक योजना अनुरूप विषयक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य र रणनीति

### ३.४.१ भूमि तथा गुठी व्यवस्थापन

**दीर्घकालीन सोच**

भूमिको वैज्ञानिक र न्यायोचित वितरण तथा व्यवस्थापन मार्फत उत्पादन वृद्धि एवम् जीवनस्तरमा सुधार साथै गुठी जग्गाको संरक्षण र ऐतिहासिक सम्पदाहरूको सम्वर्द्धन सहित भावी पुस्तालाई हस्तान्तरण।

**लक्ष्य**

भूमिको उचित व्यवस्थापन गरी अधिकतम र सही उपयोग गर्नु साथै गुठी जग्गाहरूको उचित व्यवस्थापन तथा र सम्पदाहरूको दिगो व्यवस्थापन गर्नु।

**उद्देश्य**

१. भूमिको वैज्ञानिक ढंगले अधिकतम उपयोग गर्नु।
२. भूमिको नक्शांकन तथा अभिलेख व्यवस्थित ढंगले राख्नु।
३. कृषियोग्य भूमि बाँझो राख्ने प्रवृत्ति र खण्डीकरणलाई निरूत्साहित गर्नु।
४. गुठी जग्गाहरूको अतिक्रमण रोकी गुठीको आय वृद्धि गर्नु।
५. गुठीसँग सम्बन्धित ऐतिहासिक मन्दिर तथा सम्पदाहरूको संरक्षण, संवर्द्धन र विकास गर्नु।

**रणनीति**

१. भूमिको व्यवस्थित उपयोगको लागि वैज्ञानिक भू-व्यवस्थापन ऐन, नीति तथा संस्थागत व्यवस्था गर्ने।
२. भूमि बाँझो राख्ने प्रवृत्ति र खण्डीकरणलाई न्यूनीकरण गर्ने।
३. अव्यवस्थित बस्तीहरूलाई व्यवस्थापन गरी सार्वजनिक जग्गामा अतिक्रमण रोक्ने।
४. भूमिमा महिलाको पँहुच बढाउने।
५. गुठी जग्गाको व्यवस्थापनका लागि प्रभावकारी संरचनाको व्यवस्था गर्ने।
६. गुठी जग्गाको सदुपयोग गरी उत्पादन बढाउने।

### ३.४.२ कृषि विकास

**दीर्घकालीन सोच**

कृषि क्षेत्रको आधुनिकीकरण, व्यावसायिकरण र औद्योगिकीकरणबाट प्रदेशको समृद्धिमा योगदान।

**लक्ष्य**

कृषि क्षेत्रलाई प्रतिस्पर्धी, व्यावसायिक र सम्मानजनक पेशाको रूपमा रूपान्तरण गर्ने ।

**उद्देश्य**

१. निर्वाहमूखी कृषि प्रणालीलाई व्यावसायिक प्रणालीमा रूपान्तरण गर्नु ।
२. बाली वस्तुको मूल्य श्रृंखलामा आधारित कृषि उद्योगहरूको विकास गर्नु।
३. कृषि क्षेत्रलाई सम्मानजनक र विशिष्टिकृत व्यवसायको रूपमा विकास गर्नु ।

४. कृषि उपजहरूको उत्पादन लागत घटाई कृषि बजार प्रवर्द्धन गर्नु।
५. परम्परागत कृषि ज्ञान तथा कृषि जैविक विविधताको संरक्षण र प्रवर्द्धन गर्नु।

**रणनीति**

१. कृषि उपजको उत्पादन र उत्पादकत्व वृद्धि गरी खाद्य सुरक्षा र प्रतिस्पर्धात्मक क्षमता विकास गर्ने।
२. कृषि क्षेत्रलाई लैङ्गिक मैत्री र समावेशीकरणका साथै आधुनिकीकरण, व्यावसायिकरण र औद्योगिकीकरण गरी रोजगारी र आय वृद्धि गर्ने।
३. भूमिको खण्डीकरण रोकी कृषि भूमिको संरक्षण गर्ने।
४. सहुलियत कृषि ऋण र कृषि शिक्षाको पहुँचमा अभिवृद्धि गर्ने।
५. कृषि प्रविधि प्रसार प्रणालीलाई सबल र प्रभावकारी बनाउन कृषि अनुसन्धान र कृषि शिक्षासँगको समन्वय र साझेदारीका कार्यक्रमहरू सञ्चालन गर्ने।
६. कृषि क्षेत्रबाट हुने युवा पलायन रोकी कृषिलाई आकर्षित र सम्मानित पेशाको रूपमा विकास गर्ने।
७. रासायनिक मल तथा विषादीको उचित प्रयोग गर्दै प्राङ्गारिक कृषि उत्पादनलाई प्रोत्साहन गर्ने।
८. किसानलाई कृषि उपजको उचित मूल्य प्रदान गर्न कृषि बजार प्रवर्द्धन गर्ने।
९. परम्परागत कृषि ज्ञान, सिप, प्रविधिका साथै रैथाने बाली तथा जैविक विविधतालाई संरक्षण र प्रर्वद्धन गर्ने।
१०. व्यावसायिक पुष्प खेतीको प्रवर्द्धन गर्ने।

### ३.४.३ पशुपन्छी तथा मत्स्य विकास

**दीर्घकालीन सोच**

आधुनिक र व्यावसायिक पशुपन्छीपालनबाट प्रदेशको आर्थिक समृद्धि तथा माछामा आत्मनिर्भर एवम् पोषण सुरक्षामा सुधार।

**लक्ष्य**

स्वच्छ र गुणस्तरीय पशु तथा पन्छीजन्य उत्पादन वृद्धि गरी आत्मनिर्भर हुँदै निर्यात प्रवर्द्धन गर्ने साथै मत्स्य उत्पादन, उत्पादकत्व एवम् उपभोग वृद्धि गर्ने।

**उद्देश्य**

१. पशुपन्छीपालनलाई व्यावसायिक र आधुनिकीकरण गर्नु।
२. गुणस्तरीय पशुपन्छीजन्य पदार्थको उपभोगबाट पोषणयुक्त खानाको स्तर बढाउदै कुपोषण घटाउनु।
३. पशुपन्छीजन्य पदार्थको उपभोगमा आत्मनिर्भर बन्दै निर्यात बढाउनु।
४. आधुनिक र व्यावसायिक माछापालन विस्तार गरी उत्पादकत्व वृद्धि गर्नु।
५. मत्स्य उत्पादनमा आत्मनिर्भर भई खाद्य विविधता तथा पोषण सुरक्षा बढाउनु।
६. जलीय जैविक विविधता, वातावरण तथा जलचरहरूको संरक्षण, प्रवर्द्धन र व्यवस्थापन गरी सन्तुलित उपयोग गर्नु।

**रणनीति**

१. पशुपन्छीपालनलाई व्यावसायिक, प्रविधियुक्त र प्रतिस्पर्धी बनाई उत्पादन र उत्पादकत्व बढाउन उत्प्रेरित गर्ने।
२. पशुपन्छी व्यवसायको बजार प्रवर्द्धन गर्ने।
३. युवाहरूलाई आकर्षित गर्न पशुपन्छी व्यवसायका लागि विशेष सहुलियत प्रदान गर्ने।
४. पशुपालन व्यवसायमा रहेका जोखिमहरूलाई न्यूनीकरण गर्दै स्थानीय नश्ललाई संरक्षण गर्ने।

५. माछा उत्पादन पकेट क्षेत्र पहिचान, विस्तार र प्रवर्द्धन गर्ने।
६. यान्त्रिकीकरण, आधुनिकीकरण, प्रतिस्पर्धी र प्रविधियुक्त व्यवसायका रूपमा मत्स्य पालनलाई विस्तार गर्ने।
७. माछा उत्पादनलाई व्यावसायिक बनाउनको लागि अनुदान र सहुलियतपूर्ण ऋणको व्यवस्था गर्ने।
८. जलीय जैविक विविधता संरक्षण गर्दै जलचरहरूको सन्तुलित उपयोग गर्ने।
९. माछाको उपभोग बढाई खाद्य तथा पोषण सुरक्षित गर्ने।
१०. माछा बजार प्रवर्द्धनमा सहयोग पुऱ्याउने।

### ३.४.४ खाद्य तथा पोषण सुरक्षा

**दीर्घकालीन सोच**

महिला, बालबालिका तथा किशोरकिशोरीहरू लगायत सबैको खाद्यसुरक्षा तथा पोषणको अवस्थामा सुधार।

**लक्ष्य**

खाद्यवस्तुहरूमा दिगो पहुँच र उपभोग वृद्धिमार्फत खाद्य तथा पोषण सुरक्षा हासिल गर्ने।

**उद्देश्य**

१. प्रदेशबासी सबैलाई खाद्य तथा पोषण सुरक्षा प्रदान गर्नु।

**रणनीति**

१. कृषिक्षेत्रमा लगानी अभिवृद्धिबाट उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने।
२. उत्पादित वस्तुहरूको उचित भन्डारण, उत्पादन पश्चात हुने क्षति कम गर्नुको साथै वितरण प्रणालीलाई व्यवस्थित गर्ने।
३. स्थानीय तहमा उपलव्ध हुने तथा उत्पादन गर्न सकिने खाद्यपदार्थको उत्पादन प्रवर्द्धन र प्रयोगलाई विशेष जोड दिने।
४. खाद्य तथा पोषण सुरक्षा सम्वन्धित कार्यक्रमलाई व्यापक बनाउनको लागि विभिन्न सरोकारवालासँग समन्वय र सहकार्य गर्ने।
५. महिला तथा सीमान्तकृतहरूलाई खाद्य सुरक्षा र पोषणसँग सम्बन्धित लक्षित कार्यक्रम सञ्चालन गर्ने।

### ३.४.५ सहकारी तथा गरिवी निवारण

**दीर्घकालीन सोच**

समाजवाद उन्मुख समृद्ध अर्थतन्त्र निर्माणद्वारा निरपेक्ष गरिबी शून्य भएको समृद्ध प्रदेश।

**लक्ष्य**

सहकारीको व्यावसायिकता अभिवृद्धि गरी सदस्यहरूको आर्थिक तथा सामाजिक उन्नति गर्ने तथा बहुपक्षीय ढंगबाट प्रदेशको आयमूलक, मानवीय तथा बहुआयामिक गरिबी न्यूनीकरण गर्ने।

**उद्देश्य**

१. सहकारी संघ-संस्थाको गुणात्मक विकास, कुशल व्यवस्थापन एवम् क्षमता अभिवृद्धिका लागि सहयोग पुऱ्याउनु।
२. व्यावसायिकरूपमा उत्पादनशील क्षेत्रतर्फ लाग्न सहकारीहरूलाई प्रोत्साहित गर्नु।
३. सहकारी चेतनाको अभिवृद्धिमार्फत सहकारी प्रणालीमा आवद्ध हुन नागरिकहरूलाई उत्प्रेरित गर्नु।
४. निरपेक्ष गरिबीको रेखामुनि रहेको जनसंख्याको रोजगारी, आयआर्जन सहित जीवनस्तर वृद्धि गर्नु।

रणनीति

१. आवश्यकताका आधारमा सहकारी संस्थाहरूको विषयगत क्षमता विकास गर्ने।
२. सहकारीलाई उत्पादनशील कार्यमा प्रभावकारी ढंगले परिचालन गर्ने।
३. सहकारीमार्फत सहकार्य गर्ने प्रवृत्ति विस्तार गरी समन्यायिक र समावेशी अर्थतन्त्रको विकास गर्ने।
४. सघन गरिबी भएका क्षेत्रहरू पहिचान गरी गरिबी निवारणका लागि लक्षित कार्यक्रम सञ्चालन गर्ने।
५ गरिबी निवारणका लागि रोजगारी र आय आर्जनका कार्यक्रम सञ्चालनका साथै ती कार्यक्रममार्फत लैङ्गिक विभेद समेत न्यूनीकरण गर्ने।
६ गरिबीलाई बहुआयामिक उपायबाट सम्बोधन गर्ने।

## ३.५ विषयक्षेत्रगत नतिजा सूचक र लक्ष्य

| नतिजा सूचक | एकाइ | आधार बर्ष २०७५/७६ | २०७६/७७ को अनुमान | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
| कृषि | | | | | | |
| स्मार्ट कृषि गाउँ | संख्या | ५२ | ७६ | १०९ | १२५ | १५० |
| हाईटेक फलफूल नर्सरी | संख्या | ४ | ६ | ८ | १० | १२ |
| हाईटेक तरकारी फार्म स्थापना | संख्या | २ | १० | २० | ३० | ४० |
| पुष्पखेती प्रवर्द्धन (व्यवसायि/ नर्सरी) | संख्या | १५ | १८ | २२ | २५ | ३० |
| बगर खेती | हेक्टर | २५ | ७० | १०० | १२० | १३० |
| कृषि तथा पशुजन्य वस्तुहरूको प्रशोधन उद्योग | संख्या | ४ | १० | २० | २५ | ३० |
| कस्टम हायरिंग सेन्टर स्थापना | संख्या | ५० | ९८ | ११० | १२० | १२५ |
| खाद्यान्न गोदाम | संख्या | ० | ० | १० | १५ | २० |
| शीत भण्डार | संख्या | १० | १८ | ३० | ३८ | ५० |
| कृषियन्त्र निर्माण उद्योग | संख्या | ० | १ | २ | २ | ३ |
| कृषिकर्मी रोजगारी | संख्या | ० | ० | ५०० | ८०० | १००० |
| क्षमता अभिवृद्धि (कृषक र प्राविधिक) | संख्या/वर्ष | ५०० | ८०० | १५०० | २००० | २५०० |
| पोषण सुधार | समूह | ० | ४० | ५० | ६० | ७० |
| करारखेती | हेक्टर | ३५९ | ६४४ | ११०० | १५०० | १८०० |
| टिस्यूकल्चर प्लान्ट स्थापना | संख्या | ० | ० | १ | १ | १ |
| कृषि विद्यार्थीका लागि उद्यमशीलता विकास | बिद्यार्थी संख्या | २ | २ | ४० | ६० | ८० |
| श्रोत केन्द्र स्थापना (कृषि/ पशुपन्छी) | संख्या | २ | २ | १० | १२ | १५ |
| पकेट क्षेत्र विशेष प्राङ्गारिक कृषि | पकेट | ० | २ | १० | १५ | २० |
| माटो स्वास्थ्य परिचय पत्र वितरण | स्थानीय तह | ० | ० | २ | १५ | ३० |
| अभियानमूखी (मिसन) कार्यक्रम (कृषि/पशुपन्छी) | योजना संख्या | ० | १७ | ५३ | ८० | १०० |

| नतिजा सूचक | एकाइ | आधार बर्ष २०७५/७६ | २०७६/७७ को अनुमान | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
| फलफूल विरूवा रोपण अभियान | विरूवा संख्या (हजारमा) | ० | १५० | ६५० | १००० | १२०० |
| कृषक डिजिटल परिचय पत्र वितरण | जिल्ला | ० | ० | ४ | ८ | १२ |
| प्रदेशको कृषिजन्य वस्तुहरूको ब्रान्डिङ्ग | संख्या | ० | ० | ४ | ७ | १० |
| हरित स्वयम्सेवक विकास तथा परिचालन | संख्या | ० | १३१ | ९८३ | ९८३ | ९८३ |
| व्याजमा अनुदान (रकममा) | रू लाखमा | ० | २०० | २५०० | ३५०० | ५००० |
| व्याजमा अनुदान (आयोजना) | संख्या | ० | ५० | २५०० | ३५०० | ५००० |
| प्रतिफलमा आधारित प्रोत्साहन अनुदान | रू लाखमा | २०० | ८०० | २००० | ३००० | ४००० |
| बीउ भण्डारण गृह स्थापना | संख्या | ० | ५० | ६२ | ७५ | ९० |
| सघन बाली विकास | क्षेत्रफल हे | ० | १०० | ३५० | ५०० | ७०० |
| कृषकसँग कृषि विद्यार्थी | संख्या | ० | ० | १२० | १५० | २२५ |
| आयमूलक कृषि वन प्रवर्द्धन | समूह | ० | ० | ४० | ६० | ८० |
| रोड कोरिडोर/क्षेत्र विशेष कृषि विकास (कृषि/पशुपन्छी) | रोड कोरिडोरको संख्या | ० | ० | २४ | ३६ | ४८ |
| बजार पूर्वाधार विकास | संख्या | ४३ | ५१ | १२० | १३५ | १५० |
| पशुपन्छी | | | | | | |
| सामुदायिक पशु प्रजनन केन्द्र | संख्या | ० | १४ | २० | २५ | ३० |
| तरल नाइट्रोजन प्लान्ट स्थापना | संख्या | ० | १ | १ | १ | १ |
| सहकारी/समूह तथा उद्यमीबाट सञ्चालित पशुपन्छी फार्म | संख्या | ३० | ५० | ७५ | १२० | १३० |
| रैथाने पशुपन्छीपालन व्यवसाय फार्म | संख्या | ५ | १० | १५ | १८ | २० |
| एकिकृत (पशुपन्छी-कृषि प्राङ्गारिक उत्पादन) नमूना फार्म | संख्या | ० | १० | १५ | २० | २५ |
| पशु आहाराको लागि घाँसेबालीहरूको बीउ उत्पादन | हेक्टर | ० | ५० | १०० | १३० | १६० |
| भेटेरिनरी रिफरल अस्पताल निर्माण | संख्या | ० | ० | १ | २ | ३ |
| भेटेरिनरी रोग अन्वेशण प्रयोगशाला स्थापना | संख्या | ० | ० | १ | १ | १ |
| मासु तथा डेरी पसल स्थापना तथा सुधार | संख्या | १५६ | २७६ | ३२० | ३५० | ३७० |
| चिलिंग सुविधा सहितको मिटमार्ट स्थापना | संख्या | ३ | ३ | १० | १२ | १५ |

| नतिजा सूचक | एकाइ | आधार बर्ष २०७५/७६ | २०७६/७७ को अनुमान | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
| आधुनिक पशुपन्छी वधस्थल निर्माण तथा सुधार | संख्या | ० | १२ | २० | ३० | ४० |
| आधुनिक वधशाला | संख्या | ० | ० | ३ | ३ | ३ |
| दुग्ध प्रशोधन तथा विविधीकरण उद्योगका लागि सहयोग | संख्या | ० | २ | ५ | १० | १२ |
| छुर्पी तथा चीज उद्योग स्थापना | संख्या | ० | २ | ३ | ५ | ७ |
| स्थानीय तहको सहकार्यमा एकिकृत फार्म स्थापना | संख्या | ० | १२ | १२ | १२ | १५ |
| बायोग्यास सहितको नमूना भकारो सुधार | गाउं संख्या | ० | ० | ६ | १२ | १८ |
| पशुपन्छी मार्फत पर्यटन प्रवर्द्धन | संख्या | ४ | ८ | १० | १२ | १५ |
| UHT Plant स्थापना | संख्या | ० | ० | १ | १ | १ |
| पेलेट दाना उद्योग स्थापना | संख्या | ० | ० | १ | १ | १ |
| उखु जुस उद्योग स्थापना | संख्या | ० | ० | १ | ० | ० |
| माछापालन | | | | | | |
| पोखरीमा मत्स्यपालन जलाशय क्षेत्र विस्तार | हेक्टर | २८०० | ३१०० | ४८५१ | ५५४४ | ६५०० |
| घोल, ताल तथा प्राकृतिक जलाशयमा माछापालन | हेक्टर | ० | २० | ४० | ६० | ८० |
| मत्स्य दाना उद्योग स्थापना | संख्या | २ | २ | ३ | ४ | ५ |
| मत्स्य वीज नर्सरी क्षेत्रफल | हेक्टर | १८२ | २०० | २०९ | २१८ | २२५ |
| चीसोपानीमा मत्स्यपालन | फर्म | ० | २ | ८ | १० | १२ |
| जिउँदो माछास्टल निर्माण | संख्या | ० | १२ | २० | ३० | ३५ |
| मत्स्य वीज ह्याचरीबाट भुरा उत्पादन | संख्या (लाखमा) | १९४० | २३२८ | २८७२ | ३१०५ | ३३०२ |
| सहकारी | | | | | | |
| नविनतम सोचमा आधारित उत्पादन तथा रोजगारी प्रवर्द्धन | आयोजना संख्या | १९ | ३४ | ५० | ५५ | ६० |
| सहकारी बजार स्थापना | संख्या | ६ | ९ | १२ | १२ | १२ |
| कृषि व्यापार संघ स्थापना | संख्या | ० | ० | १ | १ | १ |
| चक्लाबन्दी सहितको नमूना फार्म स्थापना | संख्या | ० | २ | २० | ३० | ४० |
| सहकारी विकास कोष परिचालन | रू लाखमा | ० | १५०० | ३००० | ४००० | ५००० |
| नमूना सहकारी गाउँ स्थापना | संख्या | ० | ० | ३ | ८ | १२ |
| अन्य प्रदेशहरूमा कृषि उपज विक्रि आउटलेट स्थापना | संख्या | ० | ० | ३ | ७ | १० |

## ३.६. विषयक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान (अनुसूची २ र ३ को आधारमा तयार गरिएको)

(रू. लाखमा)

| आ.ब. | बजेट अनुमान | | | | स्रोत | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | कुल | प्रदेश सरकार | नेपाल सरकार - समानीकरण अनुदान | नेपाल सरकार - समपूरक | नेपाल सरकार - विशेष अनुदान | नेपाल सरकार – सशर्त | वैदेशिक/विकास साजेदारको सहयोग | आन्तरिक ऋण |
| २०७७/७८ | ४००७२.८६ | ३७२२५.६७ | २८४७.१९ | - | - | - | - | - | - | - | - | - |
| २०७८/७९ | ४५१६३.८१ | ४२५२९.११ | २६३४.७० | - | - | - | - | - | - | - | - | - |
| २०७९/८० | ४८०३८.९० | ४४९७८.६० | ३०६०.३० | - | - | - | - | - | - | - | - | - |

## ३.७ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| ब.उ.शि.नं. | कार्यक्रम/आयोजना | बिशेष क्षेत्रगत रणनीतिक नं. | सुरू हुने र सम्पन्न हुने मिति | कुल लागत (रू.लाखमा) | प्रमुख बार्षिक क्रियाकलापहरू | प्रमुख प्रतिफलहरू | गत आ.ब. को प्रगति | बार्षिक बजेट (रू. लाखमा) |
|---|---|---|---|---|---|---|---|---|
| ३१२०००१२ | कृषि उत्पादन,खाद्य तथा पोषण सुरक्षा कार्यक्रम | ४.१.१-१<br>४.१.१-२<br>४.१.१-५<br>४.१.१-७ | २०७६/७७-२०७८/७९ | ६००० | १. फलफूल नर्सरी सुदृढीकरण कार्यक्रम<br>२. बाली वस्तु विकास, विस्तार तथा प्रवर्द्धन कार्यक्रम<br>३. बगरखेती प्रवर्द्धन कार्यक्रम<br>४. प्रतिफलमा आधारित प्रोत्साहन अनुदान<br>५. पकेट क्षेत्र विशेष प्राङ्गारिक कृषि कार्यक्रम<br>६. चकलाबन्दी सहितको | १. प्रदेश भित्र ८ वटा हाईटेक फलफूल नर्सरी सुदृढ भएका हुने साथै २० वटा हाइटेक तरकारी फर्म स्थापना भई सञ्चालन भएका हुने।<br>२. जम्मा १०० हेक्टर क्षेत्रफलमा बगरखेती कार्यक्रम सञ्चालन भएको हुने।<br>३. कृषकहरूले आफ्नो लागतको आधारमा प्रतिफल प्राप्त गरेका हुने।<br>४. जम्मा १० वटा पकेट क्षेत्र | १. २ वटा २ अत्याधुनिक हाईटेक नर्सरी तथा ८ वटा हाइटेक नर्सरी तथा तरकारी नर्सरी स्थापना ।<br>२. ८ वटा रैथाने बालीहरूको प्रवर्द्धन विशेष कार्यक्रम सम्पन्न भएको।<br>३. स्थानीय तहको सहकार्यमा एकिकृत फर्म स्थापना कार्यान्वयनको क्रममा रहेको। | ४६२७.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | नमुना फार्म स्थापना<br>७. कोशेली घर स्थापना तथा सञ्चालन कार्यक्रम<br>८. सिंचित क्षेत्र लक्षित कृषि विकास कार्यक्रम<br>९. बीउ भण्डार गृह स्थापना<br>१०. कृषि तथा पशुपन्छी स्रोत केन्द्र स्थापना<br>११. आयमूलक कृषि वन प्रवर्द्धन<br>१२. स्थानीय तहको सहकार्यमा एकिकृत फर्म स्थापना<br>१३. प्रदेशको कृषिजन्य वस्तुहरूको ब्रान्डिङ्ग सम्बन्धि ४ कार्यक्रम सञ्चालन ।<br>१४. सघनबाली विकास<br>१५. पुष्प खेती प्रवर्द्धन<br>१६. कृषिकर्मी रोजगारी कार्यक्रम<br>१७. पोषण सुधारका लागी पशुपन्छी पालन कार्यक्रम | विशेष प्राङ्गारिक गाँउ स्थापना भएको हुने।<br>५. २५ स्थानहरूमा सिंचित क्षेत्र लक्षित कृषि विकास कार्यक्रम सम्पन्न भएको हुने।<br>६. ६२ वटा बीउ भण्डार गृह स्थापना भएको हुने।<br>७. १० वटा कृषि तथा पशुपन्छी स्रोत केन्द्रहरूको स्थापना भएको हुने।<br>८. थप २० वटा कृषक समुह गरी जम्मा ४० वटा कृषक समुह मार्फत कृषि वन कार्यक्रम सञ्चालन हुने।<br>९. १२ स्थानीय तहहरूमा एकिकृत फार्म स्थापना भएको हुने।<br>१०. थप २५० गरी जम्मा ३५० हेक्टरमा बालीको सघन खेती भएको हुने।<br>११. प्रति जिल्ला कृषि तथा पशुपन्छीको गरी जम्मा २४ स्थानमा कोरिडोर केन्द्रित व्यवसायिक उत्पादन कार्यक्रम सञ्चालन हुने।<br>१२. प्रदेश भरका १५ स्थानमा पुष्पखेती विस्तार भएको हुने।<br>१३. प्रदेशभरिका जम्मा ५०० युवाहरूलाई कृषि क्षेत्रमा रोजगार प्रदान गर्ने।<br>१४. जम्मा ५० विपन्न समुहमा पोषण सुधार कार्यक्रम मार्फत पोषण स्थितिमा सुधार भएको हुने। | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३१२०००१३ | स्मार्ट कृषि गाउँ कार्यक्रम | ४.१.१-१<br>४.१.१-२<br>४.१.१-४<br>४.१.१-५<br>४.१.१-७<br>४.१.१-८ | २०७६/७७-२०७८/७९ | १२००० | १. स्मार्ट कृषि गाउँ कार्यक्रम (२०७५।७६ मा सुरू)<br>२. स्मार्ट कृषि गाउँ कार्यक्रम (२०७६।७७ मा सुरू)<br>३. स्मार्ट कृषि गाउँ कार्यक्रम (२०७७।७८ को नयाँ)<br>४. उत्कृष्ट स्मार्ट कृषि गाउँ पुरस्कार<br>५. वृत्तचित्र निर्माण<br>६. समस्यामा आधारित अध्ययन/अनुन्धान/परिक्षण/प्रदर्शन<br>७. कृषि अध्ययनरत विद्यार्थी परिचालन/अनुसन्धान तथा विषय विशेषज्ञ सेवा | १. प्रदेशभित्रका सबै १०९ स्थानीय तहहरूमा आधुनिकिकरण सहितका स्मार्ट कृषि गाउँहरू सञ्चालन भएका हुने।<br>२. शिक्षा, अनुसन्धान तथा प्रसार सेवा एकिकृत रूपमा सञ्चालनको आधार तयार भएको । | १. ७६ ओटा स्मार्ट कृषि गाउँ कार्यान्वयनको चरणमा पुगेको तथा थप ३३ को कार्ययोजना तयार छलफलको क्रममा रहेको।<br>२. अध्ययन, अनुसन्धानका लागि विद्यार्थी परिचालन भएको। | ४८२०.५१ |
| ३१२०००१४ | मत्स्य विकास तथा प्रवर्द्धन कार्यक्रम | ४.१.३ का सबै | २०७६/७७-२०७८/७९ | ९५५ | १. प्राकृतिक जलाशय मर्मत सम्भार<br>२. ह्याचलिङ्ग, उत्पादन तथा वितरण।<br>३. फ्राइ तथा फिङ्गरलिङ् उत्पादन तथा वितरण।<br>४. नयाँ पोखरी निर्माण<br>५. शुद्ध नश्लको माउँ व्यवस्थापन<br>६. सघन मत्स्यपालन प्रविधि क्षेत्र विस्तार<br>७. माछा प्रशोधन एवम् मूल्य श्रृंखलाका मत्स्य वस्तु उत्पादन उद्योग | १. थप २० हे. क्षेत्रफल प्राकृतिक जलाशयमा मत्स्य पालन विस्तार हुने।<br>२. थप १४८९ (लाखमा) गरी जम्मा ७८७१ (लाखमा) मत्स्य वीज उत्पादन भएको हुने।<br>३. जम्मा २०० हेक्टरमा व्यवसायिक मत्स्यपालन फार्म सञ्चालन भएको हुने।<br>४. थप १ वटा गरी जम्मा ३ वटा मत्स्य दाना उद्योग स्थापना भएको हुने।<br>५. जम्मा २०९ मत्स्य वीज नर्सरीबाट भुरा उत्पादन भएको | १. चीसो पानीमा हुने मत्स्य पालन कार्यक्रमका लागि अनुदानग्राही छनौट भई सञ्चालनको प्रकृयामा रहेको।<br>२. चिसो पानीमा मत्स्यपालनका लागि अनुदानग्राहीसँगको सम्झौता भई कार्यान्वयनको क्रममा रहेको।<br>३. ८५ हेक्टर वरावरको प्राकृतिक जलाशयहरूको मर्मत संभार कार्यको सुरूवात भएको। | ३१२.३७ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | स्थापना सहयोग<br>८. मत्स्य पालनका लागि प्रयोग हुने औजार/ उपकरणमा सहयोग<br>९. पेलेट दाना उद्योग स्थापना र सुधारमा सहयोग<br>१०. चिसो पानीमा मत्स्य पालन कार्यक्रम<br>११. मत्स्य महोत्सवमा सहयोग कार्यक्रम | हुने।<br>६. प्लास्टिक पोखरी निर्माण संख्या २० पुगेको हुने।<br>७. जिउँदो माछास्टल निर्माणका लागि जम्मा ३० उद्यमीहरूलाई सहयोग गर्ने।<br>८. थप ५४४ गरी जम्मा २८७२ मत्स्य वीज ह्याचरीबाट ह्याचिङ/ फ्राई उत्पादन भएको हुने।<br>९. ८ वटा चीसो पानीमा हुने मत्स्य पालन फार्म स्थापना भएको हुने।<br>१०. जम्मा ६ वटा मत्स्य महोत्सवमा सहयोग हुने।<br>११. ६ स्थानमा चिसो पानीमा मत्स्यपालन भएको हुने।<br>१२. ४८५१ पोखरीमा मत्स्यपालन जलाशय क्षेत्र विस्तार भएको हुने। | ४. १ वटा मत्स्य महोत्सवमा सहयोग गरेको। | |
| ३१२०००१५ | भूमि तथा गुठी व्यवस्थापन कार्यक्रम | ५.९-२<br>४.१-४<br>का सबै | २०७६/७<br>७-<br>२०७८/७<br>९ | | १. प्रदेश गुठी व्यवस्थापन समिति गठन, सञ्चालन तथा प्रशासनिक कार्य<br>२. स्थानीय तहसँगको सहकार्यमा करार खेती कार्यक्रम<br>३. भूमिहिन किसानका लागि करार खेती (क्रमागत)<br>४. स्थानीय तहको साझेदारीमा सार्वजनिक जग्गामा फलफूल तथा पुष्पबाटिका निर्माण<br>५. गुठीको लागि | १. प्रदेश गुठी व्यवस्थापन समिति स्थापना भएको हुने।<br>२. भूमि बैंक स्थापनाको लागि अध्ययन सम्पन्न हुने ।<br>३. करिब ११०० हे. मा करार खेती भएको हुने।<br>४. सार्वजनिक जग्गाका ५ स्थानमा फलफूल तथा पुष्प बाटिका निर्माण भएको हुने।<br>५. भुमि व्यवस्थापनका लागि नियन्त्रण विन्दु स्थापना भएको हुने।<br>६. कम्तीमा १० वटा गुठीको | १. करिव ३५९ विघाको लागि सम्झौता भई कार्यान्वयन भएको।<br>२. थप २७६ हेक्टरमा स्थानीय तहको सहकार्यमा करार खेतीका लागि सम्झौता तथा सञ्चालनको तयारी भएको। | ८०५.९० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | संरचनात्मक सहयोग कार्यक्रम<br>६. भूमि आयोग स्थापनाको लागि पहल।<br>७. भूमि बैंक स्थापना अध्ययन।<br>८. स्थानीय तहसँगको सहकार्यमा बाटोको लगतकट्टा कार्यक्रम<br>९. नियन्त्रण विन्दु स्थापना गर्ने यन्त्र उपकरण खरिद | संरचनात्मक सुधार भएको हुने।<br>७. बाटोको लगतकट्टा कार्यक्रम सञ्चालन भएको हुने। | | |
| ३१२०००१६ | सहकारी विकास तथा गरिबी निवारण कार्यक्रम | ४.१.५-१ का सबै ८.२-१ ८.२-२ | २०७६/७७-२०७८/७९ | ४५४५ | १. सहकारी विकास निर्देशनालयको स्थापना तथा सञ्चालन<br>२. सहकारी विकास कोष सञ्चालन<br>३. सहकारी बजार स्थापना/सञ्चालनमा सहयोग<br>४. सहकारीबाट नविनतम सोच सहितका उत्पादन तथा रोजगारी प्रवर्द्धन कार्यक्रम<br>५. गरिवीको रेखामुनि रहेका जनताको लागि तालिम तथा वस्तुगत सहयोग<br>६. गरिबी निवारणको लागि लक्ष्यित वर्ग विशेष आयआर्जन कार्यक्रम<br>७. सहकारी मार्फत नविनतम सोच सहितको उत्पादन तथा | १. सहकारी विकास कोषको स्थापना भई प्रभावकारी रूपमा सञ्चालन भएको हुने।<br>२. निरपेक्ष गरिबीका रेखामूनि रहेका जनताहरूको जीवनस्तरमा सुधार भएको हुने।<br>३. जम्मा ५० वटा सहकारी मार्फत नविनतम सोच सहितको उत्पादन तथा रोजगारीमुलक कार्यक्रम सञ्चालन भएको हुने।<br>४. उपमहानगरपालिका लक्ष्यित ४ आधुनिक बजार निर्माण भएको हुने।<br>५. ३ स्थानमा सहकारी बजारको पूर्वाधार निर्माण सहित ३ स्थानमा आउटलेट स्थापना भइ बजारीकरणमा सहयोग पुगेको हुने।<br>६. जम्मा १२ वटा सहकारी बजारको स्थापना भएको हुने। | १. ३ वटा सहकारी बजार स्थापना भई थप ६ वटा निर्माणको प्रक्रिया अगाडि बढेको।<br>२. उत्पादन प्रवर्द्धनमा आधारित किसान सहयोग अन्तर्गत १२ जिल्लाका २५ जना दूध उत्पादन कृषक सहकारीलाई २.५ करोड प्रोत्साहनमा अनुदान प्रदान गरिएको।<br>३. १२ जिल्लाका १२ वटा दुग्ध सहकारीहरूलाई पिक अप गाडी हस्तान्तरण गरिएको<br>४. गरिवीको रेखामुनि रहेका जनताको तथ्यांक संकलन भएको।<br>५. १९ वटा सहकारी मार्फत नविनतम सोच सहितको | २०१८.६७ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | रोजगारीमुलक कार्यक्रम<br>८. उपमहानगरपालिका लक्ष्यित आधुनिक बजार निर्माण कार्यक्रम<br>९. दाङ, बुटवल र कोहलपुरमा सहकारी बजारको पूर्वाधार निर्माणमा सहयोग<br>१०. काठमाडौ, पोखरा र सुर्खेतमा प्रदेशको बिक्री आउटलेट स्थापना | ७. ३ वटा नमुना सहकारी गाउँ स्थापना भएको हुने।<br>८. थप १० वटा गरी जम्मा २० वटा चक्लाबन्दि सहितको नमुना फार्म स्थापना भएको हुने।<br>९. १ स्थानमा एकिकृत बसोबास कार्यक्रम सम्पन्न भएको हुने।<br>१०. १ वटा कृषि ब्यापार संघ स्थापना हुने। | उत्पादन तथा रोजगारीमुलक कार्यक्रम सम्पन्न भई थप १९ मा सञ्चालन प्रक्रिया अगाडी बढेको। | |
| ३१२०००१७ | अभियानमुखी (मिसन) कृषि तथा पशुपन्छी कार्यक्रम | ४.१.१ का सबै<br>४.१.२-१<br>४.१.२-३ | -७७/२०७६<br>२०७८७९/ | ६५७० | १. लसुन, प्याज, मिसन कार्यक्रम<br>२. कागति सुन्तला मिसन कार्यक्रम<br>३. बाख्रा मिसन कार्यक्रम<br>४. बंगुर मिसन कार्यक्रम<br>५. मकै भटमास मिसन कार्यक्रम<br>६. आलु मिसन कार्यक्रम<br>७. रोड कोरिडोर/क्षेत्र विशेष कृषि विकास कार्यक्रम (कृषि/पशुपन्छी) | १. १२ जिल्लाका जम्मा ५३ वटा पकेट क्षेत्रमा मिसन कार्यक्रम सञ्चालन भएको हुने।<br>२. प्रदेशभर जम्मा ६ लाख ५० हजार फलफूल विरूवा रोपण भएको हुने।<br>३. प्रदेशका विभिन्न २४ वटा रोड कोरिडोरमा क्षेत्र विशेष कृषि विकास कार्यक्रम सञ्चालन भएको हुने। | १. जम्मा ७१ हेक्टरका लागि प्याज खेतीको प्रस्ताव स्वीकृत भएको।<br>२. अन्य कार्यक्रमको अनुदानग्राही छनौट कार्य अन्तिम चरणमा पुगेको।<br>३. फलफूल नर्सरीका लागि २.६५ हेक्टरका लागि सम्झौता कार्य सम्पन्न भएको | ३७६०.९२ |
| ३१२०००१८ | कृषि तथा पशुपन्छी श्रोत तथा प्रविधि सेवा टेवा विस्तार कार्यक्रम | ४.१.१-१<br>४.१.१-२<br>४.१.२-१<br>४.१.२-२ | २०७६/७<br>७-<br>२०७८/७<br>९ | | १. माटो परिक्षण कार्यक्रम (माटोको प्रोफाइल तथा नक्सांकन कार्यक्रम)<br>२. प्रदेशस्तर माटोको उर्वराशक्ति नक्सा तयार<br>३. कृषि बहुसूचकाङ्क सर्वेक्षण कार्यक्रम<br>४. शुलभकर्जा सहजिकरण | १. प्रदेशका सबै जिल्लाको माटोको प्रोफाईल तयार भएको हुने।<br>२. २ स्थानीय तहबाट शुरूवात गरी माटो स्वास्थ्य परिचय पत्र वितरण कार्यको प्रारम्भ भएको हुने।<br>३. कृषि/पशुपन्छी/सहकारी/भूमिको तथ्यांक तयार हुने। | १. कृषि मन्त्री कार्यक्रम अन्तर्गत ६५ जना साना किसान छनौट भएको।<br>२. ८ वटा कृषि ज्ञान केन्द्रमा मिनि ल्याब स्थापना भएको।<br>३. कर्जा सहजिकरणका १२ जिल्लाका फोकल | ७३३५.६३ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | तथा ब्याजमा अनुदान कार्यक्रम<br>५. मिनील्याव स्थापना<br>६. कृषि विषय अध्ययन गरेका युवाहरूको उद्यमशिलता विकास<br>७. योजना तर्जुमा तथा कार्यक्रम समिक्षा गोष्ठि<br>८. अन्तरक्रिया/तालिम तथा सुझाव सङ्कलन गोष्ठिहरू<br>९. सघन अनुगमन तथा मूल्याङ्कन कार्यक्रम<br>१०. कृषक हरूको डिजिटल परिचयपत्र कार्यक्रम<br>११. प्राविधिक जनशक्ति सेवा करार | ४. कृषि व्यवसाय गर्ने २५०० कृषक उद्यमीहरूले सुलभ दरमा कृषि कर्जा प्राप्त गरेको हुने।<br>५. संकलन प्रशोधन र प्रकाशन हुने।<br>६. कृषि ज्ञान केन्द्रहरू तथा एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालयमा मिनिल्याब स्थापना भएको हुने।<br>७. कृषि अध्ययनरत विद्यार्थीहरू खेतबारीमा कृषकसँग रहेको हुने।<br>८. प्रदेश ५ अन्तरगतका ४ जिल्लाका कृषकहरूले डिजिटल कृषक परिचयपत्र प्राप्त गरेको हुने।<br>९. कृषि, पशुपन्छी, सहकारी तथा भुमि व्यवस्थापन कार्यक्रमका लागि थप ८५ जनशक्ति तयार भएको हुने। | कार्यालयहरूमा Help Desk स्थापना भएको र कृषकलाई सहजिकरणका लागि सहजकर्ताको नियुक्ति प्रक्रिया अन्तिम चरणमा पुगेको।<br>४. ५० प्राविधिक तथा अन्य आवश्यक जनशक्तिका लागि तयारी भइरहेको। | |
| ३१२०००१९ | कृषि तथा पशुपन्छीजन्य उद्योग,यन्त्र तथा पूर्वाधार विकास कार्यक्रम | ४.१.१-२<br>४.१.१-७<br>४.१.१-८<br>४.१.२-१<br>४.१.२-३ | २०७६/७७-२०७८/७९ | ५५०० | १. कष्टम हायरिङ् सेन्टर स्थापना<br>२. उच्च प्रविधियुक्त टिस्युकल्चर प्लान्ट स्थापना<br>३. प्रोटेक्टेड हर्टिकल्चर प्रवर्द्धन कार्यक्रम<br>४. बीउ भण्डारण गृह स्थापना/शीत भण्डार निर्माणमा सहयोग कार्यक्रम<br>५. नविनतम प्रविधिमा | १. प्रदेशभित्र एक वटा उच्च प्रविधियुक्त टिस्युकल्चर प्लान्ट स्थापना भएको हुने।<br>२. प्रदेशभित्र १०००० मे. टन बराबरका १० वटा बीउ तथा खाद्यान्न भण्डार गोदाम निर्माण भएका हुने।<br>३. १० वटा प्रशोधन उद्योगहरू स्थापना तथा सुधार भएका हुने।<br>४. प्रदेशभित्र थप १२ वटा गरी जम्मा ३० शीतभण्डार हुने।<br>५. थप २७ गरी जम्मा १२० वटा | १. शीतभण्डार निर्माण मार्फत कृषिजन्य उत्पादन भण्डारण (Cold Store) अन्तर्गत २७ (स्थानीय तह शसर्त ८ समेत गरी) वटाको निर्माण कार्य भइरहेको।<br>२. प्रशोधन उद्योग स्थापना, कष्टम हायरिङ सेन्टर स्थापना साथै कृषियन्त्र निर्माण उद्योग स्थापना कार्यक्रमको अनुदानग्राही | ५३८०.०५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | आधारित साना सिंचाई कार्यक्रम<br>६. कृषिजन्य वस्तुहरूको प्रशोधन उद्योग स्थापना तथा सुधार कार्यक्रम<br>७. मागमा आधारित कृषि वजार पूर्वाधार निर्माण कार्यक्रम<br>८. तरल नाइट्रोजन प्लान्ट स्थापना | कृषि तथा पशुपन्छी बजारका मार्फत कृषकहरू लाभान्वित हुने।<br>६. जम्मा ११० कस्टम हायरिंग सेन्टर स्थापना भएको हुने।<br>७. थप १ गरी जम्मा २ कृषियन्त्र निर्माण उद्योग स्थापना हुने।<br>८. १ तरल नाइट्रोजन प्लान्ट स्थापना भएको हुने। | छनौट तथा सम्झौता प्रक्रिया सम्पन्न हुने क्रममा रहेको।<br>३. प्रोटेक्टेड हर्टिकल्चर प्रवर्द्धन कार्यक्रम ५ जिल्लामा सञ्चालन भएको।<br>४. १२ जिल्लामा साना सिंचाई कार्यक्रम सञ्चालन भएको।<br>५. १२ जिल्लामा ४६ वटा कृषि हाटबजार/संकलन केन्द्र निर्माण भएको। | |
| ३१२०००२० | युवा लक्षित कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम | ४.१.१-२<br>४.१.१-४<br>४.१.१-६<br>४.१.२-४ | २०७६/७७-२०७८/७९ | १८०० | १. कृषि/पशु विषय अध्ययन गरेका युवाहरूलाई उद्यमशिलता विकास कार्यक्रम<br>२. कृषि महिला उद्यमी सहयोगी कार्यक्रम<br>३. कृषकसँग कृषि विद्यार्थी कार्यक्रम (पढ्दै-कमाउदै)<br>४. कृषिकर्मी रोजगारी कार्यक्रम<br>५. श्रोत व्यक्ति विकासका लागि १०० युवा कार्यक्रम<br>६. सहकारी मार्फत युवा उद्यमशिलता विकास कार्यक्रम<br>७. महिला सहकारी मार्फत सञ्चालित लगानी वा व्यवसायमा सहयोग कार्यक्रम | १. ४० जना कृषि विषय पढेका विद्यार्थीहरूमा कृषि उद्यमशीलता विकास भएको हुने।<br>२. कृषि पेशामा सम्लग्न ३०० महिलाहरूको दिगो उद्यमशिलता विकसित भएको हुने।<br>३. १०० श्रोत व्यक्तीहरू र १००० हरित स्वयम् सेवकहरू कृषि क्षेत्रमा परिचालन भएका हुने। | १. कृषि/पशु विषय अध्ययन गरेका २ जना युवाहरूले कृषि फार्म स्थापना भएको।<br>२. १८१ हरित स्वयम् सेवकहरूको छनौट सम्पन्न भई बाँकीको छनौट कार्य प्रक्रियामा रहेको। | ४३४.२४ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३१२०००२१ | पशुपंछि विकास तथा पशु स्वास्थ्य नियमन कार्यक्रम | ४.१.२-१<br>४.१.२-२ | २०७६/७७-२०७८/७९ | | १. श्रोत केन्द्र स्थापना (गाई/भैसी/बाखा/बंगुर)<br>२. अन्तरङ्ग भेटेरिनरी सेवा सञ्चालन<br>३. पशुपन्छी पर्यटन प्रवर्द्धन मार्फत आयआर्जनमा सहयोग<br>४. पशुपन्छी खोप, परजीवी नियन्त्रण, उपचार सेवा<br>५. इपिडिमियोलोजिकल अवस्थाको पहिचान र रिपोर्टिङ्ग<br>६. पशु स्वास्थ्य तथा बाँझोपन निवारण शिविर<br>७. रैथाने पशुपन्छी पालन व्यवसाय फार्म<br>८. एकीकृत (पशुपन्छी-कृषि प्राङ्गारिक उत्पादन) नमूना फार्म स्थापना<br>९. भेटेरिनरी रिफरल अस्पताल निर्माण (रूपन्देही)<br>१०. भेटेरिनरी रोग अन्वेशण प्रयोगशाला स्थापना<br>११. मासु तथा डेरी पसल स्थापना तथा सुधार कार्यक्रम<br>१२. दुग्ध प्रशोधन तथा विविधीकरण उद्योगका लागि सहयोग<br>१३. छुर्पी तथा चीज उद्योग स्थापना | १. प्रदेशका ३ स्थानमा श्रोत केन्द्र स्थापना भएको हुने।<br>२. १२ वटा आधुनिक पशुपन्छी वधस्थल निर्माण तथा सुधार भएको हुने।<br>३. ३५ वटा भेटेरिनरी प्रयोगशाला स्थापना भएको हुने।<br>४. पशुपन्छी पर्यटन प्रवर्द्धन कार्यक्रम ८ वटा स्थानमा सञ्चालन भएको हुने।<br>५. पशु, क्वारेन्टाइन प्रयोगशाला प्रवर्द्धन र समृद्धिकरण भएको हुने।<br>६. प्रदेशका २० स्थानमा सामुदायिक पशु प्रजनन केन्द्र स्थापना भएको हुने।<br>७. सहकारी/समूह तथा उद्यमीबाट सञ्चालित पशुपन्छी फार्महरूको संख्या थप २५ गरी जम्मा २५ पुग्ने।<br>८. रैथाने पशुपन्छी प्रवर्द्धनका लागि १५ व्यवसाय फार्मलाई सहयोग भएकोहुने।<br>९. १५ वटा एकीकृत पशुपन्छी-कृषि प्रांगारिक उत्पादन नमूना फार्महरू स्थापना भएको हुने।<br>१०. प्रदेशका विभिन्न स्थान गरी १०० हेक्टरमा पशु आहाराको लागि घाँसेबालीहरूको बीउ उत्पादन भएको हुने।<br>११. अत्याधुनिक सेवा सुविधा सहितको १ वटा भेटेरिनरी रिफरल अस्पताल निर्माण भएको हुने। | १. स्थानीय तहमा १-१ वटा बोका वितरण गरिएको<br>२. पशुपन्छी पर्यटन प्रवर्द्धन कार्यक्रम ४ वटा स्थानमा सञ्चालन भएको।<br>३. ४ वटा स्थानमा कृषि पर्यटन प्रवर्द्धन कार्यक्रम सञ्चालन भइरहेको।<br>४. २ वटा जिउदो माछा पसल सुधार कार्यक्रम सम्पन्न भएको।<br>५. ११ स्थानमा डालेघाँस नर्सरी स्थापनाका लागि सहयोग भएको। | ८१०.४५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | १४. स्थानीय तहको सहकार्यमा एकिकृत फार्म स्थापना<br>१५. बायोग्यास सहितको नमूना भकारो सुधार कार्यक्रम<br>१६. पशुपन्छी मार्फत पर्यटन प्रवर्द्धन कार्यक्रम<br>१७. UHT Plant स्थापना<br>१८. पेलेट दाना उद्योग स्थापना<br>१९. उखु उद्योग स्थापनामा सहयोग<br>२०. सुलभकर्जा सहजिकरण तथा ब्याजमा अनुदान कार्यक्रम | १२. १ वटा अत्याधुनिक भेटेरिनरी रोग अन्वेशण प्रयोगशाला स्थापना भएको हुने।<br>१३. थप ४४ गरी जम्मा ३२० मासु पसल तथा डेरीहहरूको स्थापना तथा सुधार भएको हुने।<br>१४. जम्मा १० वटा चिलिंग सुविधा समेत रहने गरी मिटमार्ट स्थापना भएको हुने।<br>१५. प्रदेशका विभिन्न २० स्थानमा व्यवस्थित रूपमा आधुनिक पशुपन्छी वधस्थल निर्माण तथा सुधार भएको हुने।<br>१६. सहयोग मार्फत ५ दुग्ध प्रशोधन तथा विविधीकरणका उद्योग सञ्चालन भएको हुने।<br>१७. ३ वटा छुर्पी तथा चीज उत्पादन गर्ने उद्योगहरूको स्थापना भएको हुने।<br>१८. प्रदेशका विभिन्न १२ स्थानमा स्थानीय तहको सहकार्यमा एकिकृत फार्म स्थापना भएको हुने।<br>१९. ६ वटा बायोग्यास प्लान्ट समेत भएको नमूना गोठहरूको निर्माण हुने।<br>२०. विभिन्न १० स्थानमा पशुपन्छी पर्यटन प्रवर्द्धन कार्यक्रम सञ्चालन हुने।<br>२१. १ वटा UHT Plant स्थापना हुने।<br>२२. १ वटा पेलेट दाना उद्योग स्थापना। | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३१२०००२२ | कृषि क्षमता अभिवृद्धि तथा सिप विकास तालिम कार्यक्रम | ४.१.१-९ | २०७६/७७-२०७८/७९ | ५०० | १. हरित स्वयम् सेवकका लागि TOT तालिम<br>२. युवाहरूलाई उद्यमशिलता विकास तालिम<br>३. स्मार्ट कृषिका कृषकलाई बाली वस्तु विशेष तालिम<br>४. मागमा आधारित क्षमता अभिबृद्धि तथा सिप विकास तालिम (अन फार्म तालिम)<br>५. कर्मचारी क्षमता विकास तालिम<br>६. मागमा आधारित तालिम<br>७. कृषिकर्मीहरूलाई क्षमता अभिवृद्धि तालिम | १. १००० जना युवाहरूले कृषि तथा पशुपन्छी एवम् सहकारी क्षेत्र सम्बन्धी तालिम पाएका हुने।<br>२. ५०० जना कृषिकर्मी रोजगारीमा आवद्ध भएको हुने। | १. मागका आधारमा ५०० जना कृषक/समुह/सहकारीहरू ले तालिम प्राप्त गरेका। | १४९.२२ |

* वार्षिक प्रमुख प्रतिफलहरूलाई समावेश गरिएको छ ।

## ३.८ जोखिम पक्ष तथा अनुमान

आवश्यक नीति तथा कानूनी व्यवस्था, निजी सहकारी तथा वित्तीय क्षेत्रको उल्लेख्य सहयोग र सहभागिता, संघ र स्थानीय तहसँग समन्वय र सहकार्य, वैज्ञानिक भुमि व्यवस्थापन र आधुनिक प्रविधियुक्त व्यवसायिक कृषि तथा पशुपन्छी पालन प्रणालीको विकास र विस्तारद्वारा उत्पादन वृद्धि गर्दै खाद्य सुरक्षा सुनिश्चित भएको हुनेछ। उल्लेखित अनुसारको व्यवस्था हुन नसकेमा अपेक्षित नतिजा हासिल गर्ने विषय जोखिमपूर्ण रहने देखिन्छ।

## परिच्छेद : ४

# उद्योग, पर्यटन, वन, वातावरण, वाणिज्य तथा आपूर्ति

## ४.१ पृष्ठभूमि

प्रथम आवधिक योजनाले प्रदेशको समृद्धि र जनताको खुशी हासिल गर्ने दिशामा कृषि, उद्योग र पर्यटन क्षेत्रको संभावनालाई औंल्याएको सन्दर्भमा मध्यमकालीन खर्च संरचनाले उद्योग र पर्यटनको विकासलाई विशेष जोड दिएको छ। यी क्षेत्रहरूको विकासका लागि निजी क्षेत्रको उल्लेख्य लगानी भित्र्याउनु आवश्यक रहेकोमा निजी क्षेत्रलाई उत्प्रेरणा दिने, लगानीको वातावरण बनाउने, सहजीकरण तथा सहकार्य गर्ने गरी सार्वजनिक खर्च केन्द्रित गरिएको छ। दिगो विकास लक्ष्यमा आधारित आवधिक योजनाले मार्गदर्शन गरेअनुरूप यस प्रदेशमा पर्याप्त रूपमा उपलब्ध वनक्षेत्रको संरक्षण गर्ने, वनको उचित व्यवस्थापन गरी वनपैदावरको समुचित उपयोग तथा उद्योगहरूको विकास र विस्तार गरेर आयआर्जन तथा रोजगारीमा वृद्धि गर्दै गरिबीको दरलाई घटाउनुपर्ने देखिएको छ। यसका अतिरिक्त वन क्षेत्रमा जैविक विविधता कायम गर्ने, जलवायु परिवर्तनको असर न्यूनीकरण गर्ने र विज्ञान तथा प्रविधिको समुचित उपयोग र विकास गर्ने विषयहरूलाई प्राथमिकताका आधारमा मध्यमकालीन खर्च संरचनाभित्र समावेश गरिएको छ। उपयुक्त तालिमसहित रोजगारी सिर्जना गर्ने, आयमा वृद्धि गर्ने, चूनढुङ्गा लगायतका खानीहरूको समुचित उत्खनन गर्ने, नदीजन्य निर्माण सामाग्रीको अभावसमेतलाई सम्बोधन गर्दै दिगो स्रोतको रूपमा खानीजन्य निर्माण सामाग्रीहरूको प्रवर्द्धन गर्ने, आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन गर्ने उद्योगहरूको स्थापना र विस्तार गर्ने, त्यसका लागि आवश्यक प्रादेशिक ब्राण्डको शुरूवात गर्ने, वनको संरक्षण र व्यवस्थापन गर्दै वनपैदावर तथा जडिबुटीलाई दिगो आयस्रोतको रूपमा विकास गर्दै लैजाने गरी कार्यक्रम तथा आयोजनाहरू तय गरिएको छ।

## ४.२ प्रमुख समस्या

उद्योग स्थापनाको लागि जग्गा महँगो हुनु, श्रमबजारमा बेरोजगार युवा जनशक्ति हुँदाहुँदै पनि उद्योग सञ्चालनका लागि दक्ष श्रमशक्तिको कमी रहनु, एकातिर आन्तरिक उत्पादन अपर्याप्त हुनु र अर्कोतिर उत्पादित वस्तुको भरपर्दो बजार नहुनु, प्रशासनिक तथा कर्जाप्रवाह झन्झटिलो हुनु उद्योग तथा खानी क्षेत्रका प्रमुख समस्याहरू हुन्। लुम्बिनीजस्तो अन्तराष्ट्रिय धरोहरको उचित पर्यटकीय लाभ लिन नसकिनु, पुरातात्विक महत्वका स्थलहरूको संरक्षण हुन नसक्नु, पर्यटकीय महत्वका स्थलहरूमा यातायात लगायत खाने बस्ने सुविधा अपर्याप्त हुनु, पर्यटकीय स्थल तथा पर्यटक सम्पर्क केन्द्रहरूको उचित व्यवस्थापन नहुनु पर्यटन क्षेत्रका प्रमुख समस्याहरू हुन्। वन तथा वातावरणको क्षेत्रका प्रमुख समस्याहरूमा वनको दिगो एवम् वैज्ञानिक व्यवस्थापन हुन नसक्दा वन अतिक्रमण तथा चोरी निकासी हुनु, वनपैदावर तथा जडिबुटी त्यसै खेर जानु, नदी तथा चुरेको अत्यधिक दोहन हुनु, शहरीकरण तथा औद्योगीकरणका कारण वातावरणीय प्रदूषण हुनु, मानवजन्य एवम् प्राकृतिक विपत्ति तथा जलवायु परिवर्तनका प्रभावहरूबाट जनधनको क्षति बढ्दै जानु पर्दछन्।

## ४.३ चुनौती र अवसर

उत्पादनमूलक उद्योगहरूमा लगानी उल्लेख्य रूपमा बढाउनु, गुणस्तरीय वस्तुको उत्पादन र प्रतिस्पर्धी क्षमतामा वृद्धि गर्नु, सहुलियत व्याजदरमा पर्याप्त कर्जा उपलब्ध गराउनु, युवाहरूलाई उद्योगतर्फ आकर्षित गर्नु, कच्चा पदार्थ तथा तयारी वस्तुहरूको माग, आपूर्ति, ढुवानी तथा भण्डारणको व्यवस्थापन गर्नु, गुणस्तरीय विद्युत् सेवा प्रदान गर्नु, तहगत समन्वय गर्दै खानीजन्य पदार्थहरूको अन्वेषण र उत्खनन गर्नु तथा खानी र उद्योगहरूको विकासलाई वातावरण सन्तुलनसँग तालमेल मिलाउनु चुनौतीपूर्ण रहेको छ। प्रदेशभित्रका पर्यटकीय स्थलहरूको

पहिचान गरी पर्याप्त पूर्वाधार निर्माण, सुविधा, सूचना र सुरक्षाको वातावरण तयार गर्नु र पर्यटकमैत्री सेवा र सुविधा विस्तार गर्नु, चूरे क्षेत्रको संरक्षण गर्नुका साथै जलवायु परिवर्तन अनुकुलन गर्नु, पूर्वाधार विकास र वातावरणबीच सन्तुलन कायम गर्नु आगामी वर्षहरूका प्रमुख चुनौतीहरू हुन्। उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गर्न प्रविधिको समुचित प्रयोग गर्नुपर्ने पनि चुनौती छ।

उत्पादनलाई छिमेकी प्रदेशहरू तथा भारतमा निकासी गर्न सहज स्थिति हुनु, खनिज लगायतका कच्चा पदार्थको सहज उपलब्धता तथा बढ्दो मागले गर्दा उद्योगधन्दा खोल्न र सञ्चालन गर्न सहज वातावरण हुनु, अन्तराष्ट्रिय विमानस्थलको निर्माण तथा राजमार्गहरूको विस्तार हुनु, होटल तथा रेष्टुरेन्टहरू थपिँदै जानु, कोभिड-१९ महामारीका कारण स्वदेश फर्कने युवाहरूको संख्या बढ्दै जानु, आदि उद्योग तथा पर्यटन क्षेत्रको विकासका लागि उपलब्ध अवसरहरू हुन्। प्रशस्त वन क्षेत्र तथा राष्ट्रिय निकुन्ज र वन्यजन्तु आरक्षण हुनु, जडिबुटी तथा वनजन्य वस्तुहरूको बजार माग उच्च रहनु, कृषियोग्य ठाउँमा तथा वनक्षेत्रमा समेत जडिबुटी खेती गर्न सकिनु, नेपालगञ्ज जडिबुटीको हबको रूपमा विकास हुँदै जानु, वातावरण संरक्षणमा सरोकारवालाहरूको चासो बढ्नु, विश्वमा तीव्रदरमा भइरहेको प्रविधिको विकास र त्यस्ता प्रविधिहरू भित्र्याउन सकिने अवस्था रहनु, नयाँ पुस्ता प्रविधिमैत्री हुँदै जानु र जैविक विविधतामा रहेको अपार संभावनालाई वैज्ञानिक अनुसन्धान तथा प्रविधिद्वारा विकास र प्रयोग गर्न सकिने अवसर देखिन्छ।

## ४.४ आवधिक योजना अनुरूप विषयक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य तथा रणनीति

### ४.४.१ औद्योगिक क्षेत्र

**दीर्घकालीन सोच**

उत्पादन र रोजगारीमा औद्योगिक क्षेत्रको योगदान वृद्धि।

**लक्ष्य**

उद्योगधन्दामा लगानी प्रवर्द्धन गर्न औद्योगिक वातावरण सिर्जना गर्ने।

**उद्देश्य**

उद्योगधन्दाहरूको विस्तार र रोजगारीको अवसर वृद्धि गर्नु।

**रणनीति**

१. उद्योगहरूको स्थापना र विस्तारको लागि लगानी योग्य वातावरण तयार गर्ने।
२. स्वदेशी औद्योगिक उत्पादनको स्वदेशी बजार तथा विदेशमा समेत निकासी प्रवर्द्धन गर्ने।
३. घरेलु, साना तथा मझौला उद्योगहरूको विस्तार गर्ने।
४. उद्योग र वातावरण बीच सन्तुलन कायम गर्ने।

### ४.४.२ खानी तथा खनिज पदार्थ

**दीर्घकालीन सोच**

खनिज क्षेत्रको योगदान वृद्धि गरी आर्थिक रूपान्तरण र सुदृढ अर्थतन्त्रको निर्माण।

**लक्ष्य**

वातावरणीय सन्तुलनमा खलल नपुग्ने गरी खनिज उद्योगको विकास र विस्तारद्वारा रोजगारी तथा औद्योगिक उत्पादन वृद्धि गर्ने।

उद्देश्य

१. प्रदेशमा रहेका खनिजस्रोतको पहिचान, संरक्षण तथा दिगो व्यवस्थापन गर्नु।
२. खनिज उद्योगमा स्वदेशी तथा विदेशी लगानी वृद्धि गर्नु।

रणनीति

१. खनिज सम्वन्धी प्रादेशिक नीति र प्रशासनिक संरचना निर्माण गरी खनिज क्षेत्रको प्रभावकारी अन्वेषण र व्यवस्थापन गर्ने।
२. प्रदेशमा उपलव्ध खनिजको लगत संकलन तथा अभिलेखाङ्कन गर्ने।
३. भौगर्भिक पर्यटन प्रवर्द्धन गर्ने।
४. आवश्यक भौतिक पूर्वाधारको निर्माण गरी खनिज उद्योग स्थापना गर्न प्रोत्साहन गर्ने।

### ४.४.३ वाणिज्य तथा आपूर्ति

दीर्घकालीन सोच

वाणिज्य क्षेत्रको विस्तार र सहज आपूर्तिको व्यवस्थामार्फत आर्थिक समृद्धिमा सहयोग।

लक्ष्य

प्रादेशिक व्यापार प्रवर्द्धन गरी गुणस्तरीय वस्तुहरूको सर्वसुलभ रूपमा आपूर्तिको व्यवस्था गर्ने।

उद्देश्य

व्यापारिक गतिविधि विस्तार एवम् अत्यावश्यक वस्तुहरूको सर्वसुलभ र गुणस्तरीय रूपमा आपूर्ति हुने व्यवस्था मिलाउनु।

रणनीति

१. भौतिक पूर्वाधारको व्यवस्था गरी प्रादेशिक व्यापार प्रर्वद्धन गर्ने।
२. उपभोग्य वस्तुहरूको गुणस्तर कायम गरी सर्वसुलभ आपूर्तिको व्यवस्था गर्ने।
३. आधारभूत उपभोग्य वस्तुहरूको बजारीकरणमा सहकारीको भूमिका बढाइ कालोबजारी र बिचौलियाहरूको भूमिका निरूत्साही गर्ने।
४. सूचना प्रविधिको प्रयोग गरेर व्यापार प्रवर्द्धन तथा आपूर्तिमा आधुनिकीकरण गर्ने।

### ४.४.४ पर्यटन

दीर्घकालीन सोच

पर्यटन क्षेत्रको विकास एवम् वृद्धि मार्फत आर्थिक समृद्धिमा योगदान।

लक्ष्य

पर्यटन क्षेत्रको प्रवर्द्धनवाट रोजगारी एवम् आयआर्जन वृद्धि गरी गरिबी निवारणमा योगदान गर्ने।

उद्देश्य

१. प्रदेशमा भएका पर्यटकीय अवसरहरूको विकास, बजारीकरण, प्रवर्द्धन र संरक्षण गर्नु।
२. आय र रोजगारीका लागि पर्यटनलाई प्रमुख क्षेत्रको रूपमा विकास गर्नु।

**रणनीति**

१. प्रदेशको पर्यटनको विकासका लागि नीतिगत कानूनी एवम् संस्थागत व्यवस्था गर्ने।
२. प्रदेशमा रहेका पर्यटकीय स्थलहरूको संरक्षण र सम्बर्द्धन गर्दै आवश्यक भौतिक पूर्वाधारको व्यवस्था गरी विकास गर्ने।
३. पर्यटनलाई आन्तरिक उत्पादन र रोजगारीसँग जोड्ने।
४. पर्यटनको विकासको लागि अन्य प्रदेश, स्थानीय तह र निकायहरूसँग सहकार्य गर्ने।

## ४.४.५ वन वातावरण तथा भू-संरक्षण

**दीर्घकालीन सोच**

वातावरणीय सन्तुलन कायम राख्दै रोजगारी र आयआर्जन हुनेगरी वनको दिगो व्यवस्थापन।

**लक्ष्य**

वनपैदावारहरूको समूचित प्रयोग, जैविक विविधता र जलाधारको समुचित संरक्षण, व्यबस्थापन र सदुपयोगबाट वातावरणीय सन्तुलन कायम गर्दै रोजगारी र आयआर्जनमा वृद्धि गर्ने।

**उद्देश्य**

१. वनजन्य वस्तुको उत्पादन विस्तार र यसमा आधारित उद्योगहरू स्थापना गरी रोजगारी सिर्जना गर्नु।
२. भू-स्खलन नियन्त्रण र भू-संरक्षण कायम गर्दै वातावरणीय सन्तुलन कायम गर्नु।
३. वनको वैज्ञानिक व्यवस्थापन गर्नु।

**रणनीति**

१. वनसम्बन्धी प्रादेशिक नीति, कानून र उपयुक्त संरचना बनाउने।
२. विद्यमान वनक्षेत्र कायम राखी उत्पादकत्व वृद्धिका लागि वनको सहभागितामूलक, दिगो एवम् वैज्ञानिक व्यवस्थापन गर्ने।
३. जैविक विविधता र जलाधारको दिगो व्यवस्थापन र उपयोगमा स्थानीय समुदायको पहुँच वृद्धि गर्ने एवम् पर्यापर्यटनका आधार क्षेत्रहरूलाई पुन:स्थापना तथा पुन:निर्माण गर्ने।
४. जलवायु परिवर्तनका असर तथा वायू प्रदुषणलाई मध्यनजर राख्दै वातावरण संरक्षण गर्ने।
५. निजी तथा कृषि वन विकास तथा विस्तार गरी जलवायु परिवर्तन न्यूनीकरणमा योगदान गर्नुका साथै कृषकको आम्दानी तथा रोजगारीमा वृद्धि गर्ने ।

## ४.४.६ जडिबुटी तथा गैह्रकाष्ठ वनपैदावार

**दीर्घकालीन सोच**

जडिबुटी तथा गैह्रकाष्ठ वनपैदावारको व्यावसायिक उत्पादन तथा प्रशोधन मार्फत अर्थतन्त्रमा योगदान।

**लक्ष्य**

जडिबुटी तथा तथा गैह्रकाष्ठ वनपैदावारको व्यावसायिक उत्पादन तथा प्रवर्द्धन गर्नुका साथै आय र रोजगारी बढाउने।

**उद्देश्य**

१. जडिबुटीहरूको तथा गैह्रकाष्ठ वनपैदावारको व्यावसायिक खेती गरी उत्पादन र उत्पादकत्व अभिवृद्धि सहित रोजगारी सिर्जना गर्नु।
२. जडिबुटी तथा तथा गैह्रकाष्ठ वनपैदावारमा आधारित उद्योगहरूको स्थापना, मूल्य अभिवृद्धि तथा निर्यात प्रवर्द्धन गर्नु।

**रणनीति**

१. भौगोलिक विशेषता अनुरूप जडिबुटी तथा गैह्रकाष्ठ वनपैदावारको व्यावसायिक खेतीलाई प्रोत्साहन गर्ने।
२. जडिबुटी तथा गैह्रकाष्ठ वनपैदावारको लागि आन्तरिक र बाह्य बजार प्रवर्द्धन गर्ने।

### ४.४.७ विज्ञान तथा प्रविधि

**दीर्घकालीन सोच**

प्रदेशको समृद्धिका लागि नवप्रवर्तन, विज्ञान तथा प्रविधिको प्रचुर विकास।

**लक्ष्य**

विज्ञान तथा प्रविधिको विकासमार्फत् आर्थिक वृद्धिमा योगदान पुऱ्याउने।

**उद्देश्य**

अनुसन्धान, नवप्रवर्तन र प्रविधिको विकास तथा प्रयोगमार्फत् उत्पादन तथा उत्पादकत्व वृद्धि एवम् सेवाप्रवाहमा सुधार गर्ने।

**रणनीति**

१. निजी क्षेत्र र विश्वविद्यालयसँग सहकार्य गरी अनुसन्धानमा उल्लेख्य लगानी गर्ने।
२. नवीनतम प्रविधिको विकास र उपयोग गर्न प्रोत्साहन गर्ने।
३. विज्ञान तथा प्रविधिको प्रयोग बढाउँदै शिक्षासँग आवद्ध गर्ने।
४. खगोल विज्ञानको विकास गर्ने।

## ४.५ बिषय क्षेत्रगत नतिजा सूचक

| सूचकहरू | एकाइ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
|---|---|---|---|---|---|---|
| **उद्योग** | | | | | | |
| औद्योगिक क्षेत्र विस्तार | संख्या | २ | | २ | – | – |
| औद्योगिक कोरिडर स्थापना | संख्या | | | ३ | ० | ० |
| औद्योगिक ग्राम स्थापना | संख्या | | | ७ | १० | १५ |
| ठूला उद्योग संख्या | संख्या | | | | | |
| साना तथा मझौला उद्योग | | | | | | |
| घरेलु तथा साना उद्योग | संख्या | | | | | |
| लघु उद्यमी सिर्जना | संख्या | ४०४३ | ४००० | ४००० | ४००० | ४५०० |
| लघु उद्यमी स्तरोन्नति | संख्या | २१२२ | २००० | २००० | २००० | २५०० |
| लघु उद्यमी ऋण पहुँच | संख्या | ८०० | ८०० | ८०० | ८०० | ९०० |
| उद्योग ग्रामहरूको संख्या | संख्या | - | | २ | ४ | ६ |
| **खानी तथा खनिज पदार्थ** | | | | | | |
| खनिज क्षेत्रमा निजी क्षेत्रको लगानी | रू. करोडमा | | | | | |
| खानी अन्वेषण | संख्या | | | २५ | ५ | ५ |
| खानी उत्खनन | संख्या | | | २ | | |
| | | | | | | **वाणिज्य तथा आपूर्ति** |
| व्यावसायिक फर्महरू | संख्या हजारमा | १४७८९२ | ५००० | ५००० | ५००० | ५००० |
| व्यवसायीहरूलाई अभिमूखीकरण तालिम | संख्या | १२० | १३० | १४० | १५० | २०० |
| मूल्य सूचना एप्सका प्रयोगकर्ता | संख्या | | | ५००० | १०००० | १५००० |
| **पर्यटन (संस्कृतिक डबली निर्माणको नयाँ सूचक प्रस्ताब वा अन्यमा समावेस गर्न सकिने, संस्कृतिक कलाकार उत्पादन)** | | | | | | |
| पूर्वाधार तयार भएका पर्यटकीय स्थल | संख्या | ४ | ७ | १० | १२ | १५ |
| पर्यटकीय स्थल होटलहरूको वेड | संख्या | १६६०० | १८३०० | १९५०० | २०५०० | २१५०० |
| साँस्कृतक डबली | संख्या | | | १ | २ | |
| साँस्कृतिक सम्पदा अभिलेखिकरण | संख्या | | | १० | १० | ५ |
| पर्यटन क्षेत्रको लागि आवश्यक जनशक्ति उत्पादनः<br>पर्यटक गाइड<br>कुक उत्पादन<br>होटल व्यवस्थापन | संख्या | ८६ | ५०<br><br>५० | ५०<br>५०<br>५० | ५०<br>५०<br>५० | ६०<br>६०<br>६० |
| होमस्टेको संख्या (क्षमता) | संख्या | १० (२४०) | १५(३६०) | २०(४८०) | २५(६००) | ३० (७००) |
| हिलस्टेशनको संख्या | संख्या | ० | | १ | १ | १ |
| पर्यटक आगमन (लुम्बिनीमा) | संख्या (हजार) | १५३२ | १६०० | २००० | २७०० | २९०० |
| **वन तथा वातावरण** | | | | | | |
| वन क्षेत्रले ढाकेको क्षेत्रफल | प्रतिशत | ५०.४३ | ५०.४३ | ५०.४३ | ५०.४३ | ५०.४३ |

| सूचकहरू | एकाइ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
|---|---|---|---|---|---|---|
| जैविक संग्रहालय | संख्या | ० | ० | | १ | |
| वनस्पति उद्यान | संख्या | ० | ० | १ | | |
| चिडियाखाना | संख्या | - | - | - | | |
| वृक्षरोपण | हेक्टर | ६०० | ६०० | ७०० | ७०० | ७०० |
| सडक सौन्दर्यीकरण | कि.मी. | | | १० | १० | १० |
| वनजन्य उत्पादनबाट प्राप्तहुने कुल राजस्व | रू. करोडमा | ३० | ६० | ८० | १०० | १०० |
| कार्यालय हरियाली कार्यक्रम | गोटा | | | १५ | १५ | १५ |
| वायू प्रदुषण परिक्षण ल्याव | संख्या | - | – | १ | – | – |
| बायोब्रिकेट उत्पादन | मे.टन | | | | | |
| प्रशोधित दाउरा उत्पादन | मे.टन | | | | | |
| **जडिबुटी** | | | | | | |
| व्यावसायिक रूपमा जडिबुटी खेती | हेक्टर | १०० | ११० | १२० | १४० | १६० |
| जडिबुटी नर्सरी | संख्या | १४ | १४ | १४ | १४ | १४ |
| **विज्ञान तथा प्रविधि** | | | | | | |
| मौसम मापन केन्द्र | संख्या | | ५ | ६ | ६ | |
| नदी बहाव मापन केन्द्र | संख्या | | | | | |
| सौर्य ऊर्जा मापन केन्द्र | संख्या | | ५ | १० | १५ | १५ |
| वायू ऊर्जा मापन केन्द्र | संख्या | | २ | ५ | १० | १० |

## ४.६ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रि-बर्षीय अनुमान (अनुसूची २ र ३ को आधारमा तयार गरिएको)

(रू. लाखमा)

| आ.व. | बजेटअनुमान | | | | स्रोत | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | कुल | प्रदेश सरकार | नेपाल सरकार – समानीकरण अनुदान | नेपाल सरकार - समपूरक | नेपाल सरकार विशेष - अनुदान | नेपाल सरकार - सशर्त | वैदेशिक/विकास साजेदारको सहयोग | आन्तरिक ऋण |
| २०७७/७८ | २८०३४.५० | १०७७९.७० | १७२५४.८० | - | - | - | - | - | - | - | - | - |
| २०७८/७९ | १५४३५.३७ | ४९१७.६७ | १०५१७.७० | - | - | - | - | - | - | - | - | - |
| २०७९/८० | १३०२९.३९ | ४७७१.८९ | ८२५७.५० | - | - | - | - | - | - | - | - | - |

## ४.७ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| ब.उ.शि.नं. | कार्यक्रम/आयोजना | बिशेष क्षेत्रगत रणनीति नं. | सुरू हुने र सम्पन्न हुने मिति | कुल लागत (रू. लाखमा) | प्रमुख क्रियाकलापहरू | प्रमुख प्रतिफलहरू | गत आ.व.को प्रगति | बार्षिक बजेट (रू. लाखमा) |
|---|---|---|---|---|---|---|---|---|
| ३०७०००१२ | वन, वन्यजन्तु, जैविक विविधता संरक्षण तथा व्यवस्थापन | ८.४-१<br>८.४-२<br>८.४-३ | सालवसाली | | १. वनको वैज्ञानिक, व्यवसायिक र दिगो व्यवस्थापन कार्यक्रम (साझेदारी वन, चक्ला वन, सामुदायिक वन)<br>२. वन व्यवस्थापन (समुदायमा आधारितवन, राष्ट्रिय वन लगायतको कार्ययोजना निर्माण, पुनरावलोकन, अनुगमन आदी)<br>३. वन संरक्षण (वन डढेलो रोकथाम तथा नियन्त्रण, वन अपराध नियनत्रण, वन अतिक्रमण नियनत्रण, | १. ५० हजार हे. वनको वैज्ञानिक व्यवस्थापन भई वनको हैसियत सुधार हुनुका साथै बार्षिक २० लाख घन फिट काठ र ७००० चट्टा दाउरा उत्पादन हुने, बार्षिक २४ लाख श्रम दिन रोजगारी सिर्जना हुने, तीन बर्षमा कुल २ अर्ब ७ करोड राजश्व प्राप्त हुने ।<br>२. समुदायबाट व्यवस्थित ४ लाख हे वनक्षेत्र व्यवस्थित रूपमा सुचारू हुने, वार्षिक ८ | १. वन सम्बन्धी विधेयकको मस्यौदा तयार भएको।<br>२. प्रदेशमा हाल रहेको वन क्षेत्र कायम गर्न विभिन्न संरक्षणमुखी क्रियाकलापहरू सञ्चालन गरिएको।<br>३. वैज्ञानिक वन व्यवस्थापन मार्फत काठको उत्पादन गरी आपूर्तिलाई सहज बनाइएको। (२५,५६,२३६ क्यू.फि. काठ र ५,८४० चट्टा दाउरा उत्पादन भै १५,६६,२२६ क्यू.फि. | ४६१२.५० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | चोरीनिकासी नियन्त्रण, वन्यजन्तु संरक्षण आदि)<br>४. विरूवा उत्पादन र वृक्षारोपण कार्यक्रम<br>५. सिमसार क्षेत्र संरक्षण कार्यक्रम<br>६. वन अतिक्रमण नियन्त्रणका लागि बाँस रोपण कार्यक्रम<br>७. एक जिल्ला एक नमुना कृषि वन कार्यक्रम | लाख घन फिट काठ र ८ हजार चट्टा दाउरा उत्पादन भई सम्बन्धीत उपभोक्ताहरूको माग सम्बोधन भएको हुने।<br>३. वन डढेलो रोकथाम तथा नियन्त्रण, वनअपराध नियन्त्रण, वन अतिक्रमण नियन्त्रण, चोरी निकासी नियन्त्रण भई ९ लाख ७४ हजार हेक्टर वन क्षेत्रको संरक्षण भएको हुने, निकुञ्ज क्षेत्रभन्दा बाहिरका वन्यजन्तुहरूको संरक्षण भई तिनीहरूको संख्यामा वृद्धि भएको हुने।<br>४. वार्षिक रूपमा ५० वटा महत्त्वपूर्ण सिमसार क्षेत्रहरू को व्यवस्थापन/ नयाँ निर्माण भई जैविक विविधता तथा वातावरण संरक्षणमा टेवा पुगेको हुने।<br>५. एक जिल्ला एक नमुना कृषि वन कार्यक्रमबाट १४ स्थानमा नमुना कृषि वन स्थापना हुने । | काठ र २,७८२ चट्टा दाउरा विक्रि भएको)<br>४. काठजन्य २४,६०,००० र जडिबुटी तथा गैरकाष्ठजन्य ६,७०,००० गरी जम्मा ३१,३०,००० विरूवा उत्पादन भइ वितरण तथा रोपण गरिएको,<br>५. वन क्षेत्रबाट ४७,३३,८२२ श्रमदिन प्रत्यक्ष रोजगारी सिर्जना भएको।<br>६. प्रदेश भित्र रहेका महत्वपुर्ण २४ वटा ताल तलैया तथा सिमसार क्षेत्रहरूको संरक्षण गरिएको । | |
| ३०७०००१४ | जडिबुटी तथा गैरकाष्ठ वन पैदावार विकास कार्यक्रम | ८.४-४<br>८.१.६-१<br>४.१.६-२ | सालवसाली | | १. जडिबुटी तथा गैरकाष्ठ वनपैदावार संरक्षण, खेती विस्तार कार्यक्रम,<br>२. गैरकाष्ठ वनपैदावार संकलन, भण्डारण, प्रशोधन तथा व्यवसायीकरणमा सहयोग। | १. जडिबुटी तथा गैरकाष्ठ वनपैदावार संरक्षण तथा प्रचारप्रसार र प्रविधि हस्तान्तरणको माध्यमबाट ३०० हेक्टर निजी जग्गामा खेती विस्तार भई स्थानीयहरू को आम्दानीमा वृद्धि भएको | १. जडिबुटी तथा गैरकाष्ठजन्य ६,७०,००० विरूवा उत्पादन भई वितरण तथा रोपण गरिएको । | ४००.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | हुने।<br>२. जडिबुटी तथा गैरकाष्ठ वन पैदावरको संकलन तथ भण्डारणको प्रविधि विकास भई प्रशोधन तथा व्यवसायीकरणमा टेवा पुग्ने। | | |
| ३०७०००१५ | भू संरक्षण तथा जलाधार व्यवस्थापन कार्यक्रम | ८.४-५<br>८.४-४<br>८.६-१<br>८.६-३ | सालवसाली | | १. आकस्मिक पहिरो तथा नदी नियन्त्रण कार्यक्रम।<br>२. ग्रामिण सडकसँग भू-संरक्षण कार्यक्रम।<br>३. नदी तथा खोला किनारा व्यवस्थापन।<br>४. संवेदनशील जलाधार क्षेत्र संरक्षण कार्यक्रम।<br>५. पानीको मूहान तथा पोखरी संरक्षण कार्यक्रम।<br>६. तिनाउँ, राप्ती र बबई नदी प्रणालीमा आधारित जलाधार ब्यवस्थापन योजना तयार गर्ने<br>७. संवेदनशील उप-जलाधार क्षेत्रहरू मा कृषि वन प्रणाली (डालेघाँस तथा फलफुलका विरूवा वितरण तथा रोपण) | १. प्रत्येक जिल्लामा संभावित पहिरो तथा बाढी ग्रस्त क्षेत्रको पहिचान भई नियन्त्रण सम्बन्धी कार्यक्रमहरू सञ्चालन भएका हुने, ५० वटा पहिरो नियन्त्रण हुने।<br>२. ग्रामिण वस्तीका सडकहरूमा जैविक प्रविधिको प्रयोगबाट संरक्षणका क्रियाकलापहरू सञ्चालन भएका हुने।<br>३. नदी तथा खोलाहरूबाट अति प्रभावित क्षेत्रहरूको पहिचान भई कटान नियन्त्रणका लागि स्थानीयहरूको संलग्नतामा कार्यक्रमहरू सञ्चालन भएको हुने।<br>४. २४ वटा संवेदनशील उपजलाधार क्षेत्रहरू पहिचान भई संरक्षण सम्बन्धी कार्यक्रमहरू सञ्चालन भई व्यवस्थित भएको हुने।<br>५. ३० वटा महत्त्वपूर्ण पानीका मुहानहरू तथा पोखरीहरू पहिचान भई संरक्षण सम्बन्धी क्रियाकलापहरू सञ्चालन भएका हुने। | १. १२ वटा स्थानमा आकस्मिक पहिरो व्यवस्थापन तथा नदी खोला नियन्त्रण गरिएको।<br>२. ५० कि. मि. ग्रामीण सडकमा भू-संरक्षणका कार्यक्रम सञ्चालन गरिएको।<br>३. २४ वटा स्थानमा गल्छि, पहिरो तथा खहरे रोकथामका क्रियाकलापहरू सञ्चालन गरिएको।<br>४. १२ कि.मि. नदीको किनार तटबन्धन मार्फत व्यवस्थापन गरिएको।<br>५. ६० वटा संवेदनशील शहरी जलाधार क्षेत्र संरक्षण गरिएको।<br>६. दाङ्गको गहतेखोला तुल्सीपुर र पाल्पाको चिदिपानीमा नमूना भू-संरक्षण प्लट स्थापना गरिएको।<br>७. एक गाउँ एक पोखरी निर्माण अभियान अन्तर्गत ११६ वटा पोखरीहरू निर्माण भएका, जसबाट कुल ५२००० घ.मि. पानी | १९९०.५० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | संचित भई वहुउपयोगमा आउन सक्ने। | |
| ३०७०००१३ | संस्कृति तथा पर्यटन विकास र प्रवर्द्धन कार्यक्रम | ४.२.४ का सबै | सालवसाली | | १. साँस्कृतिक डवली निर्माण।<br>२. वनस्पति उद्यान तथा पार्क निर्माण।<br>३. पर्यटकीय क्षेत्र पूर्वाधार विकास<br>४. पर्यटकीय पदमार्ग निर्माण<br>५. होमस्टे प्रवर्द्धन<br>६. पर्यटन प्रवर्द्धन सम्बन्धी अध्ययन अनुसन्धान/तालिम गोष्ठि | १. पाल्पाको श्रीनगर र नुवाकोट गढी तथा दाङको घोरदौरामा खुला नाट्यघर सहित साँस्कृतिक डबली निर्माण भएको हुने।<br>२. प्रदेशमा रहेका ४ उपमहानगरपालिकामा १/१ वटा वहुउद्देश्यीक उद्यानहरूका साथै थप २० वटा पर्यटकीय पार्कहरू को निर्माण भएको हुने।<br>३. प्रदेशका प्रमुख धार्मिक क्षेत्रहरू (रूरू क्षेत्र, धारापानी दाङ, स्वर्गद्वारीप्युठान, पाणिनी तपोभूमि अर्घाखाची लगायत) मा भौतिक पूर्वाधारहरू निर्माण भएको हुने।<br>४. स्वर्गद्वारी - गौमुखी प्युठान, नरपानी -पाणिनी अर्घाखाची, गुरिल्ला ट्रेलरोल्पा तथा रूकुम, सत्यवती - थाप्ले गुल्मी लयायतका स्थानहरू मा पर्यटकीय पदमार्गहरू को निर्माण भएको हुने।<br>५. प्रदेशमा रहेका होमस्टेहरू को प्रवर्द्धन गर्दै ५ वटा हिलस्टेसन तथा साहसिक पर्यटनको विस्तृत अध्ययन भएको हुने । | १. पर्यटन सम्बन्धी ऐन पारित भएको।<br>२. पर्यटन तर्फका ठूला आयोजनाहरू जस्तै साँस्कृतिक डबली, वनस्पति उद्यान, कल्चरल पार्क निर्माणका साथै प्रमुख धार्मिक पर्यटकीय गन्तव्यहरू , स्वर्गद्वारी तथा धारापानी क्षेत्रमा पूर्वाधार निर्माणका कार्यहरू भएको । | ७०७६.०० |
| ३०७०००१६ | वाणिज्य तथा आपूर्ति व्यवस्थापन | ४.२.३-१<br>४.२.३-२ | सालवसाली | | १. खाद्यवस्तु गुणस्तर मापन प्रयोगशाला निर्माण। | १. रूपन्देहीको भैरहवामा खाद्यवस्तु गुणस्तर मापन | ५९९५ नयाँ फर्महरू दर्ता भई सञ्चालनमा आएका । | ४८०.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कार्यक्रम | ४.२.३-३ | | | २. प्रभावकारी बजार अनुगमन।<br>३. उपभोक्ता शिक्षा कार्यक्रम सञ्चालन।<br>४. १२ वटै जिल्लाका सबै स्थानिय तहमा कम्तीमा एक वटा आपुर्ति केन्द्र स्थापनाको अध्ययन | प्रयोगशाला भवन निर्माण सम्पन्न भएको हुने।<br>२. गुणस्तरीय वस्तु तथा सेवाको उपलब्धता, उचित मूल्य तथा सहज आपूर्तिका लागि प्रभावकारी बजार अनुगमन भएको हुने। | | |
| ३०७०००१७ | औद्योगिक विकास तथा प्रवर्द्धन कार्यक्रम | ४.२.१ का सबै | सालवसाली | | १. घरेलु तथा साना उद्योग कार्यालयहरू को अभिलेख व्यवस्थापन ।<br>२. खाद्य उद्योगहरूको अध्ययन प्रतिवेदन ।<br>३. विपन्नमूखी आयमुलक सिप विकास तालिम ।<br>४. कोशेली घर सञ्चालनका लागि सहयोग ।<br>५. चिउरी, अदुवा, अल्लो प्रशोधन उद्योगहरूलाइ अनुदान सहयोग<br>६. उद्यम विकास कोष<br>७. मुक्त कमैया कमलरी, माझी, कुमाल, हलिया तथा लोपोन्मुख सिमान्तकृतहरू लाई सिप मुलक तालिम<br>८. स्वेदेशी सामान प्रदर्शनी तथा बिक्री कक्ष | १. परम्परागत ज्ञान, सिप र प्रविधिको विकासमा सहयोग गरी नयाँ उद्यमी तयार गर्ने ।<br>२. जिल्लास्तरमा सन्चालन भईरहेका उद्यमीहरूका लागि प्रविधि हस्तान्तरण गरिने।<br>३. उद्यमशिलता तथा सिपको विकासद्वारा लघु उद्यमहरू को सफलता पूर्वक सञ्चालन गरीगरिबी न्यूनीकरणबाट प्रदेश सरकारको दीर्घकालीन सोच समृद्ध प्रदेश, खुशीजनता" कार्यान्वयनको वातावरण सृजना भएको हुनेछ।<br>४. बुद्धकालीन र बुद्ध संस्कृतमा आधारित काष्ठकला ललितकला र मुर्तिकला सम्बन्धी कलाकार उत्पादन गर्ने<br>५. घरेलु तथा साना उद्योगहरू को अभिलेख व्यवस्थापन गरिने। | १. औद्योगिक व्यवसाय सम्बन्धी ऐन पारित भएको।<br>२. १२ वटै जिल्लामा एक निर्वाचन क्षेत्र एक उद्योगग्रामका लागि विस्तृत अध्ययन कार्य भैरहेको।<br>३. १७,९९७ वटा नयाँ साना, लघु तथा घरेलु उद्योगहरू दर्ता भइ सञ्चालनमा रहेका।<br>४. विभिन्न उद्यम विकास तालिमबाट ६,५२६ जना नयाँ लघु उद्यमीहरू को सिर्जना गरिएको । | २७८१.०० |
| ३०७०००१८ | खानी तथा खनिज अन्वेषण तथा विकास | ४.२.२ का सबै | सालवसाली | | १. प्रदेश भित्र रहेका निर्माण जन्य खनिज सामाग्रीको उत्खनन शुरू। | १. प्रदेशमा निर्माणजन्य खनिज सामाग्रीको विस्तृत अध्ययन भै उत्खनन प्रकृया शुरू भएको हुने। | १. प्रदेश नं. ५, खानी अन्वेषण र व्यवस्थापन सम्बन्धी ऐन, २०७५ पारीत भएको | १००.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३०७०००१९ | वातावरण तथा जलवायु अनुकुलन कार्यक्रम | ६.११ का सबै ८.६-७ | सालवसाली | | १. प्रदुषण मापन प्रयोगशाला निर्माण, प्लाष्टिकजन्य पदार्थ नियन्त्रण तथा पून प्रयोग सम्बन्धी अध्ययन, फोहरमैला प्रशोधन केन्द्र स्थापनाका कार्यहरू गर्ने।<br>२. ड्रोनबाट वातावरणीय अनुगमन।<br>३. फोहरमैला प्रशोधन केन्द्र स्थापना गर्ने। | १. वातावरणीय अध्ययनका लागि प्रयोगशाला स्थापना भइ कार्य शुरू भएको हुने ।<br>२. ड्रोनबाट वातावरणीय अनुगमन,<br>३. फोहरमैला प्रशोधन केन्द्र स्थापनाका कार्यहरू गर्ने | | ३३०.०० |

## ४.८ जोखिम पक्ष तथा अनुमान

आवश्यक नीतिगत तथा कानूनी व्यवस्था, अन्तरसरकारी समन्वय, औद्योगिक तथा पर्यटन क्षेत्रका लागि पर्याप्त पूर्वाधार निर्माण, आन्तरिक तथा बाह्य पर्यटनमा उत्साहजनक वृद्धि, उर्जा तथा कच्चापदार्थको सहज उपलब्धता, व्यवसायिक फर्महरू को संख्यामा उल्लेख्य वृद्धि, निर्माण तथा उद्योग सञ्चालनको लागि खानीहरू को उत्खनन, निजी सहकारी तथा वित्तीय क्षेत्रको सहयोग र सहभागिता, वनको व्यवस्थापन सहित वातावरणको संरक्षण भएको हुनेछ। कृषिमा आधारित उद्योगहरूमा कृषि उत्पादनमा हुने जोखिम अनुरूपका जोखिम हुन सक्नेछ भने उद्योग र निर्माणका लागि चाहिने खानीजन्य पदार्थको उत्खननमा सामाजिक क्षेत्र वन तथा वातावरणीय पक्षसित असन्तुलन हुन जाने जोखिम पनि आंकलन गरिएको छ । राष्ट्रिय तथा अन्तराष्ट्रिय नीतिहरू मा हुने परिवर्तन एबं बाह्य बजारमा हुने प्रतिस्पर्धाले आयात र निर्यातमा जोखिम निम्त्याउन सक्छ । तरलताको अवस्था र व्याजदरले गर्दा निजी उद्योगीहरू लाई नकारात्मक प्रभाव पर्ने जोखिम पनि विद्यमान छ ।यस्ता जोखिमहरू कायम रहेमा लक्षित उपलब्धीहरू हासिल गर्ने विषय जोखिमपूर्ण रहन्छ।

# परिच्छेद : ५
# सामाजिक क्षेत्र

## ५.१ पृष्ठभूमि

समावेशी सामाजिक विकास तथा समृद्धिको लागि गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवा, महिला विकास, युवा जनशक्ति तथा खेलकूद विकास, श्रम तथा रोजगार जस्ता सामाजिक क्षेत्रलाई महत्वपूर्ण आधारका रूपमा लिएको पाइन्छ। विविध भाषा-भाषीहरूको बाहुल्यताले भरिपूर्ण यस प्रदेशले बुद्ध धर्म दर्शन, शिक्षा एवम् ज्ञानको स्रोतको पृथक पहिचान बोकेको छ। महिला, एकल महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यकको हक अधिकारको प्रत्याभूति दिलाउने, जेष्ठनागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको उचित सम्मान सहितको व्यवस्थापन, हिंसा, विभेद र कुरीति रहित समाजको निर्माण, भाषा, लिपिको संरक्षण र सम्बर्द्धन तथा विज्ञान र प्रविधि सम्बन्धी अनुसन्धानात्मक शैक्षिक प्रणालीको विकास जस्ता कार्यले यस प्रदेशको सामाजिक-आर्थिक विकासमा टेवा पुऱ्याउन सक्छन्।

दिगो विकासको लक्ष्य अन्तर्गत सन् २०३० सम्ममा सबै उमेर समूहका मानिसहरूको स्वस्थ जीवन सुनिश्चित गर्ने र गुणस्तरीय शिक्षालाई समावेशी बनाउँदै सबैलाई अध्ययनको अवसर उपलब्ध गराउने उद्देश्य राखिएको छ। हाले विश्वव्यापि महामारीको रूपमा फैलिएको कोभिड-१९ जस्ता संक्रामक रोगहरू विरूद्धको प्रदेशस्तरको स्वास्थ्य क्षेत्रको तयारी पुरा गरी जोखिममा रहेका क्षेत्र पहिचान गर्दै प्रदेशबासीको उच्च स्वास्थ्य सुरक्षा सतर्कतालाई प्राथमिकतामा राखिएको छ। यसका अलावा प्रदेशस्तरमा आधुनिक जनस्वास्थ्य प्रयोगशालाको प्रबन्ध तथा सघन उपचार कक्षको विस्तारद्वारा स्वास्थ्य संस्थाहरूको क्षमतामा अभिवृद्धि र नियमित स्वास्थ्य सेवामा प्रभावकारिता कायम गरी जुनसुकै स्वास्थ्य-विपद्को अवस्थालाई सहजै व्यवस्थापन गर्न सक्ने स्वास्थ्य प्रणाली स्थापित गर्नुपर्ने छ। यिनै सामाजिक क्षेत्रका विषयमा आवधिक योजनाले लक्षित गरे अनुरूप दिगो सामाजिक आर्थिक उन्नतिसँग जोडिएका आगामी तीन वर्षमा गरिने प्रतिफलमुखी कार्यक्रमहरूलाई मध्यमकालीन खर्च संरचनामा समेटिएको छ।

## ५.२ प्रमुख समस्या

शिक्षाको गुणस्तर र पहुँच कमजोर रहनु, प्राविधिक, उद्यमशील र नैतिकता सम्बन्धी शैक्षिक क्रियाकलापमा नविनतम विधि र प्रविधिको प्रयोग कम हुनु, पर्याप्त दक्ष स्वास्थ्य जनशक्तिका साथै गुणस्तरीय र भरपर्दो स्वास्थ्य सेवाको अभाव हुनु, पर्याप्त मात्रामा यौन, प्रजनन् तथा मातृशिशु स्वास्थ्य सुविधा पर्याप्त नहुनु, बहुक्षेत्रिय पोषण योजना अनुरूप पहुँच विस्तारमा कमि हुनु, नसर्ने रोगहरूमा वृद्धि भए अनुरूप स्वास्थ्य सेवा सर्वसुलभ हुन नसक्नु, महामारीजन्य रोगहरूको विरूद्ध तयारी कम हुनु, ज्येष्ठ नागरिकहरू तथा अपाङ्गता भएका व्यक्तिहरूलाई व्यवस्थित सेवासुविधा पुऱ्याउन अझै बाँकी हुनु, सामाजिक तथा आर्थिक गतिविधिहरूमा महिलाको अर्थपूर्ण सहभागिता कम हुनु, महिलाहरू हिंसा, बेचविखन तथा ओसारपसारको उच्च जोखिम रहनु, बालश्रम, बेचबिखन र बालविवाह अन्त्य नहुनु, खेलकूदका लागि पूर्वाधारको अभाव हुनु, युवा बेरोजगार तथा वैदेशिक रोजगारबाट सिर्जित सामाजिक, सांस्कृतिक तथा मनोवैज्ञानिक असरहरू प्रमुख समस्याका रूपमा रहेका छन्। त्यसैगरी प्रदेशस्तरमा वैज्ञानिक अध्ययनको लागि संयन्त्र तयार नहुनु, विज्ञान तथा प्रविधिको समय सुहाउँदो विकास र उपयोग नहुनु, विश्वविद्यालयहरूबाट उत्पादित जनशक्ति बजारमाग अनुरूपको हुन नसक्नु र मौलिक भाषा लोप हुँदै जानु, लगायतका समस्याहरू प्रदेशमा विद्यमान छन्।

## ५.३ चुनौती र अवसर

आवश्यक दरबन्दी तथा भौतिक पूर्वाधार सहितका शैक्षिक संस्थाहरूको सुनिश्चितता गर्नु, गुणस्तरीय स्वास्थ्य सेवा सहितका स्वास्थ्य संस्थाहरूको न्यायोचित वितरण तथा विस्तार गर्नु, प्रदेशका सबै जिल्लाहरूमा स्वास्थ्य बीमा लागू गर्नु, लैङ्गिक हिंसा र भेदभावको अन्त्य गर्नु, बालअधिकारको प्रत्याभूति दिलाउँदै बालविवाह, बाल यौन दुर्व्यवहार र बालश्रम निर्मूल गर्नु, खेलकूदका लागि पर्याप्त भौतिक पूर्वाधार व्यवस्था गर्न वित्तीय स्रोत जुटाउनु, वस्तु तथा सेवाको उत्पादनमा युवा जनशक्तिको उचित परिचालन र व्यवस्थापन गर्नु, आन्तरिक बसाइसराइलाई रोक्नु र युवा केन्द्रित रोजगारीको अवसर सिर्जना गर्नु यस क्षेत्रका प्रमुख चुनौतीहरू हुन्। विज्ञान र प्रविधिको शिक्षालाई अनुसन्धानमूखी बनाउँदै स्वदेशमै राम्रा वैज्ञानिक उत्पादन गर्नु र उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गर्न प्रविधिको समुचित प्रयोग गर्नुपर्ने चुनौती छ।

संविधानतः समावेशी र लैङ्गिक शिक्षालाई प्रोत्साहन गर्नु साथै दिगो विकास लक्ष्य ४ अनुरूप गुणस्तरीय शिक्षालाई स्थानीयकरण गर्न सहयोग पुऱ्याउनु, स्वास्थ्य संस्थाहरूको प्रदेशव्यापी सञ्जाल हुनु, दक्ष स्वास्थ्यकर्मी तथा अत्याधुनिक प्रविधि र उपकरण सहितका प्रदेशका ठूला अस्पतालहरू प्रदेश मातहत आउनु, चारवटा मेडिकल कलेज सञ्चालनमा रहनु, बृद्धाश्रम र अपाङ्ग सहयोग केन्द्रहरू व्यवस्थापनका लागि विभिन्न संस्थाहरूबाट रकम परिचालन गर्न सकिने स्थिति रहनु, महिलाका सवालहरूमा धेरै अन्तर्राष्ट्रिय प्रतिबद्धतामा नेपाल सरकारले सहभागिता जनाउनु तथा विभेदयुक्त कानूनहरू संशोधन हुँदै जानु, विभिन्न नीति तथा कार्यक्रमद्वारा बालवालिकालाई सम्बोधन गरिनु, खेलकूदलाई क्रमशः व्यावसायिकतातर्फ रूपान्तरण गरिँदै जानु, भाषा बचाउ अभियानहरू शुरू हुनु, जनसंख्या व्यवस्थापनसम्वन्धी अधिकार प्रदेश मातहत पनि रहनु, प्राविधिक शिक्षालाई प्राथमिकता दिई प्रादेशिक विश्वविद्यालय स्थापनाको चरणमा हुनु, विज्ञान तथा प्रविधिको विकासका लागि प्रतिष्ठान गठनको चरणमा हुनु, विद्यालयस्तरमा जनसंख्या वातावरण तथा स्वास्थ्य जस्ता विषयको अध्यापन हुनु र नेपाल ऐतिहासिक रूपमा प्राप्त जनसांख्यिक लाभको युगमा रही गुणस्तरीय युवा जनशक्ति वृद्धि हुँदै जानु यस क्षेत्रका अवसरहरू हुन्।

## ५.४ आवधिक योजना अनुरूप विषयगत सोच, लक्ष्य, उद्देश्य र रणनीति

### ५.४.१ शिक्षा

**सोच**

समतामूलक गुणस्तरीय शिक्षाको माध्यमबाट सक्षम, नैतिकवान र समर्पित जनशक्तिको विकास।

**लक्ष्य**

रोजगार, स्वावलम्बी, प्रतिस्पर्धी, नवप्रर्वतनात्मक, जीवन र जगतप्रति सकारात्मक, मानवीय मूल्यप्रति संवेदनशील, खुशी, इमान्दार, श्रमप्रति आस्थावान र नैतिकवान नागरिक तयार गर्ने।

**उद्देश्य**

१. प्रारम्भिक बाल शिक्षा, विद्यालय र उच्च शिक्षामा समतामूलक एवम् समावेशी पहुँच विस्तार गर्नु।
२. सबै तहको शिक्षालाई मानवमूल्यमा आधारित बनाउँदै गुणस्तरीय बनाउनु।
३. प्राविधिक शिक्षाको सहज उपलब्धता बढाउनुका साथै अनुसन्धानमूलक उच्च शिक्षा प्रवर्द्धन गर्नु।
४. समग्र शिक्षा क्षेत्रमा सुशासन प्रवर्द्धन गर्नु।

**रणनीति**

१. नीतिगत र कानूनी व्यवस्था गरी शैक्षिक सुशासनलाइ प्रवर्द्धन गर्ने।
२. स्थानीय तहको सहकार्यमा विद्यालय छाड्ने दरलाई घटाउनका लागि विद्यार्थीलाई माध्यमिक तहसम्मको शिक्षा अनिवार्य सम्पन्न गर्ने व्यवस्था गर्ने।
३. प्रारम्भिक बालविकासका साथै आधारभूत तथा माध्यमिक शिक्षामा समतामूलक पहुँच तथा गुणस्तर सुनिश्चित गरी विद्यार्थीको सिकाई उपलब्धि वृद्धि गर्ने।
४. माध्यमिक तथा उच्च शिक्षामा प्राविधिक, व्यावसायिक, नैतिक, जीवनोपयोगी तथा रोजगारमूलक शिक्षाको विस्तार गर्ने।
५. निजीस्तरमा सञ्चालित शिक्षण संस्थाहरूको नियमन गर्दै सामाजिक उत्तरदायित्व अभिवृद्धि गर्ने।
६. खुला, अनौपचारिक, निरन्तर तथा जीवनपर्यन्त शिक्षाको विकास र विस्तार गरी साक्षरता र आय आर्जनमा अभिवृद्धि गर्ने।
७. प्रादेशिक विश्वविद्यालय स्थापना गरी उच्च शिक्षालाई अनुसन्धानमूलक, प्राविधिक, वैज्ञानिक र व्यावसायिक बनाउने।
८. STEM मोडेल अनुरूपको शैक्षिक प्रणाली प्रवर्द्धन गर्ने ।

### ५.४.२ स्वास्थ्य

**सोच**

**गुणस्तरीय स्वास्थ्य सेवामा सबै जनताको पहुँचमार्फत स्वस्थ र सबल नागरिकको विकास।**

**लक्ष्य**

सबै नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवाहरू सर्वसुलभ रूपमा उपलब्ध गराउने।

**उद्देश्य**

१. आधारभूत स्वास्थ्य सेवामा समतामूलक पहुँच सुनिश्चित गराउनु।
२. गुणस्तरीय प्रवर्द्धनात्मक, निरोधात्मक एवम् उपचारात्मक सेवामा जनताको सहज पहुँच बनाउनु।
३. जनस्वास्थ्य प्रवर्द्धनको क्षेत्रमा देखापर्ने महामारीजन्य जोखिम तत्वको न्यूनीकरण गर्नु।

**रणनीति**

१. आधारभूत स्वास्थ्य सेवाको पहुँच विस्तारका साथै गुणात्मक सुधार गर्ने।
२. गुणस्तरीय उपचारात्मक सेवा लगायत अस्पतालहरूको दक्षता बढाई प्रादेशिक विशिष्टीकृत स्वास्थ्य सेवा उपलब्ध गराउने।
३. गुणस्तरीय र पोषणयुक्त खाद्य सामाग्री सम्बन्धि सचेतना, उपयोग तथा उपलब्धता सुनिश्चित गर्ने।
४. महामारीजन्य रोगले निम्त्याउने विपद्को लागि आवश्यक तयारी गर्ने तथा प्रतिरोधात्मक क्षमता अभिवृद्धि गराउनु।

### ५.४.३ जेष्ठ नागरिक र अपाङ्गता

**सोच**

जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूले सम्मानित जीवनयापन गर्न सक्ने अवस्थाको सिर्जना।

**लक्ष्य**

सबै जेष्ठ तथा अपाङ्गता भएका नागरिकहरूले आधारभूत सेवा प्राप्त गरी सम्मानपूर्वक जीवननिर्वाह गर्नसक्ने स्थिति सिर्जना गर्ने।

**उद्देश्य**

जेष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरूलाई घर तथा समाजमा भेदभाव रहित सम्मानजनक र सहज ढंगले जीवनयापन गर्ने वातावरण तयार गर्नु।

**रणनीति**

१. जेष्ठ नागरिकहरूलाई सम्मानपूर्वक जीउनका लागि आधारभूत आवश्यकता परिपूर्ति गर्ने।
२. अपाङ्गता भएका मानिसहरूलाई पनि जनजीविकाका लागि सहज वातावरण सिर्जना गर्दै उनीहरूको क्षमताको उपयोग गर्ने।
३. जेष्ठ नागरिकहरूसँग रहेका ज्ञान, सिप र अनुभवको पुस्तान्तरण गर्ने।

### ५.४.४ महिला विकास तथा सशक्तीकरण

**सोच**

लैंङ्गिक समानतामा आधारित समतामूलक समाज निर्माण।

**लक्ष्य**

विकासका हरेक क्रियाकलापमा महिला र पुरूषको समान सहभागिता सुनिश्चित गर्ने।

**उद्देश्य**

१. समाजका हरेक वर्ग तथा सामाजिक समूहका महिलाहरूको समतामूलक र अर्थपूर्ण सहभागिता वृद्धि गराई मूलप्रवाहीकरण र सशक्तीकरण गर्नु।
२. आर्थिक, सामाजिक, राजनीतिक लगायतका क्षेत्रमा महिलाको सार्थक सहभागिता सुनिश्चित गर्नु।
३. लैङ्गिकतामा आधारित हिंसा, भेदभाव र बहिष्करणको अन्त्य र महिलाको हक अधिकारको सुनिश्चित गर्नु।

**रणनीति**

१. चेतनामूलक एवम् लैङ्गिक सशक्तीकरणद्वारा अर्थपूर्ण ढंगबाट महिला सहभागिता बढाउने।
२. आधारभूत स्वास्थ्य, शिक्षा तथा रोजगारीका विभिन्न अवसरमा महिलाको पहुँच अभिवृद्धि गरी रोजगारीमा सुनिश्चित गर्ने।
३. जनचेतना र प्रभावकारी कानून कार्यान्वयनको माध्यमबाट हिंसामुक्त समाज निर्माणमा सहयोग गर्ने।
४. सिप विकासका माध्यमबाट महिलाहरूलाई आत्मनिर्भर तथा स्वरोजगार बन्न सहयोग गर्ने।

### ५.४.५ बालबालिका

**सोच**

बालअधिकारको पूर्ण सुनिश्चितता प्रदान गर्दै सक्षम र सबल नागरिक तयार।

**लक्ष्य**

सबैको सहकार्यमा बाल बचाउ, संरक्षण, विकास र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने।

**उद्देश्य**

१. बालवालिकाहरूको सर्वाङ्गिण विकास हुने गरी बालअधिकारको पूर्ण प्रत्याभूति दिलाउनु।

**रणनीति**

१. विशेष संरक्षणको आवश्यकतामा रहेका सबै बालवालिकाको अधिकार सुनिश्चित गर्ने।
२. बालवालिकाका सर्वाङ्गिण विकासका लागि सहयोग पुऱ्याउने किसिमका नीति, कानून, कार्यविधि निर्माण तथा कार्यान्वयन गर्ने।
३. बालवालिकासँग सम्बन्धित विकास र शासनका सबै गतिविधिहरूको निर्णय र कार्यान्वयन चरणमा अर्थपूर्ण बालसहभागिता सुनिश्चित गर्ने।

### ५.४.६ खेलकूद

**सोच**

खेलकूद क्षेत्रको समग्र विकास गरी युवाहरूको व्यक्तित्व विकास तथा मुलुकको अन्तर्राष्ट्रियरूपमा पहिचान।

**लक्ष्य**

राष्ट्रिय एवम अन्तर्राष्ट्रिय स्तरका खेलाडीहरू उत्पादन गर्ने।

**उद्देश्य**

१. पूर्वाधारहरूको विकास एवम् युवा, महिला, पुरूष र बालवालिकाहरूलाई समान तर प्रतिस्पर्धी अवसर सिर्जना गर्दै खेलकूदको समग्र विकास गर्नु।

**रणनीति**

१. खेलकूदका लागि आवश्यक पूर्वाधारहरू निर्माण गर्ने।
२. नियमित रूपमा प्रदेशस्तरीय खेलकूद प्रतियोगिताहरू आयोजना गर्ने।
३. खेलकूदलाई अन्य आर्थिक क्रियाकलापसँग आवद्ध गर्ने।

### ५.४.७ भाषा

**सोच**

प्रदेशभित्र बोलिने सवै भाषाहरूको सन्तुलित विकास।

**लक्ष्य**

प्रदेशमा बोलिने सबै भाषाहरूको उचित संरक्षण, सम्वर्द्धन र विकास गर्ने।

**उद्देश्य**

यस प्रदेशका विविध भाषाहरूको संरक्षण र सम्वर्द्धन गर्नु।

**रणनीति**

१. विद्यमान भाषाको संरक्षण र सम्बर्द्धन गरी मौलिकता कायम राख्ने।
२. विविध भाषा कक्षा सञ्चालन गरी मौलिक भाषाको संरक्षण गर्ने।

### ५.४.८ जनसंख्या, युवा तथा बसाइसराइ

**सोच**

सन्तुलित जनसंख्या वृद्धिदर, व्यवस्थित बसाइसराइ, यौन तथा प्रजनन स्वास्थ्य सुधार भएको गुणस्तरीय जीवनयापन गर्ने प्रदेश।

**लक्ष्य**

जनसांख्यिक लाभ लिनेगरी जनसंख्या र बसाइसराइ व्यवस्थापन गर्ने।

**उद्देश्य**

१. यौन तथा प्रजनन स्वास्थ्य र परिवार नियोजन सेवालाई अधिकारमूखी धारणा अनुसार पहुँच वृद्धि गर्नु।
२. आन्तरिक र बाहिरी बसाइसराइ व्यवस्थित गर्नु।
३. जनसाख्यिक लाभांश हासिल हुनेगरी सक्रिय युवा शक्तिलाइ प्रदेशको विकासमा अधिकतम प्रयोग गर्नु।

**रणनीति**

१. सुरक्षित मातृत्व, सुरक्षित गर्भपतन, यौन तथा प्रजनन स्वास्थ्य र परिवार नियोजन सेवालाई अधिकारमूखी धारणा अनुसार पँहूचमा वृद्धि गर्ने।
२. जनसंख्या र विकासको अन्तर सम्वन्धका विविध पक्षलाई सूचना, शिक्षा र सञ्चारसँग आवद्ध गर्ने।
३. बसाइसराइ प्रक्रियालाई विकासको एक अभिन्न अङ्गका रूपमा लिई व्यवस्थित गर्ने ।
४. स्थानीयस्तरमा जनसंख्या र विकास सम्वन्धी कार्यक्रमको तर्जुमा गर्दा युवाहरूको सहभागिता गराउने।

### ५.४.९ श्रम तथा रोजगारी

**सोच**

सबै प्रकारका श्रमको सम्मान सहितको पूर्णरोजगारीको स्थिति सिर्जना।

**लक्ष्य**

श्रमबजारलाई आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादनसँगै पर्याप्त आन्तरिक रोजगारी सिर्जना गर्ने।

**उद्देश्य**

१. दक्ष तथा सिपयुक्त जनशक्ति उत्पादनसँगै आन्तरिक रोजगारी सिर्जना गर्नु।
२. उद्यमशीलताको विकासमार्फत युवाहरूलाई स्वरोजगारतर्फ उन्मुख गराउनु।
३. श्रम बजारको प्रवर्द्धन र रोजगारदाता तथा श्रमिकको हकहित संरक्षण गर्नु।

**रणनीति**

१. श्रमवजारको माग विश्लेषण गरी सो अनुरूपको जनशक्ति उत्पादन गर्ने।
२. रोजगारी सिर्जना गर्ने क्रियाकलापहरू सञ्चालन गर्न प्राथमिकता दिने।
३. उद्यमशीलताको प्रवर्द्धन गरी स्वरोजगारमा जोड दिने।
४. श्रमिकको हकहीत संरक्षण सहित श्रम बजारमा लैङ्गिक विभेद अन्त्यको वातावरण सिर्जना गर्ने।
५. श्रमको उचित सम्मान र इज्जत गर्ने संस्कृतिको विकास गर्ने।
६. वैदेशिक रोजगारीबाट फर्केकाहरूका लागि क्षमता विकासमा जोड दिने।

### ५.४.१० सामाजिक समावेशिता

**दीर्घकालीन सोच**

सामाजिक न्याय र समतामा आधारित प्रदेश निर्माण।

**लक्ष्य**

समावेशी सिद्धान्त अवलम्वन गरी सबै नागरिकको समृद्धि हासिल गर्ने।

**उद्देश्य**

१. सामाजिक रूपमा बहिष्करणमा पारिएका वर्ग समुदायलाई विशेष संरक्षण व्यवस्थाको सुनिश्चितता गर्नु।
२. आर्थिक, सामाजिक, राजनैतिक, शैक्षिक, स्वास्थ्य एवम् प्रशासनिक लगायतका क्षेत्रमा पछाडि पारिएका समुदायहरूको आर्थिक एवम् सामाजिक सशक्तीकरण गरी अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नु।
३. भेदभावरहित समाजको निर्माण गर्नु।

**रणनीति**

१. पछाडि पारिएका वर्ग, सम्प्रदाय वा समूहको आर्थिक, सामाजिक, सांस्कृतिक तथा शैक्षिक अवस्था सुधार्न सकारात्मक विभेदको नीति अवलम्बन गर्ने।
२. लोपोन्मुख, अल्पसंख्यक र सीमान्तकृत समुदायका व्यक्तिहरू लगायत बहिष्करणमा पारिएका वर्ग र समुदाय केन्द्रित क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने।
३. समावेशी सिद्धान्तलाई प्रवर्द्धन गर्ने नीति तथा कानूनहरू निर्माण गर्ने।

### ५.४.११ मानव संशाधन विकास

**दीर्घकालीन सोच**

दक्ष, उत्प्रेरित एवम् इमानदार जनशक्ति उत्पादन गरी उत्पादन र उत्पादकत्व वृद्धि।

**लक्ष्य**

मानव संशाधन विकासका लागि आवश्यक व्यवस्था गरी प्रादेशिक अर्थतन्त्रलाई आवश्यक जनशक्ति उत्पादन गर्ने।

**उद्देश्य**

प्रादेशिक अर्थतन्त्रका लागि चाहिने दक्ष मानव संशाधनको विकास गर्नु।

**रणनीति**

१. विभिन्न उत्पादन क्षेत्रहरूलाई चाहिने जनशक्तिको आवश्यकतालाई आँकलन गर्नु।
२. व्यावसायिक र प्राविधिक शिक्षालाई प्रवर्द्धन गरी समावेशिपूर्ण ढंगले अर्थतन्त्रलाई आवश्यक जनशक्ति उत्पादन गर्नु।

### ५.४.१२ विज्ञान र प्रविधि

**दीर्घकालीन सोच**

प्रदेशको समृद्धिका लागि नवप्रवर्तन, विज्ञान तथा प्रविधिको प्रचुर विकास।

लक्ष्य

विज्ञान तथा प्रविधिको विकास मार्फत आर्थिक वृद्धिमा योगदान पुऱ्याउने।

उद्देश्य

अनुसन्धान, नवप्रवर्तन र प्रविधिको विकास तथा प्रयोग मार्फत उत्पादन तथा उत्पादकत्व वृद्धि एवम् सेवा प्रवाहमा सुधार गर्ने।

रणनीति

१. निजी क्षेत्र र विश्वविद्यालयसँग सहकार्य गरी अनुसन्धानमा उल्लेख्य लगानी गर्ने।
२. नविनतम प्रविधिको विकास र उपयोग गर्न प्रोत्साहन गर्ने।
३. विज्ञान र प्रविधिको प्रयोग बढाउदै शिक्षासँग आवद्ध गर्ने।
४. खगोल विज्ञानको विकास गर्ने।
५. प्रादेशिक विज्ञान तथा प्रविधि प्रतिष्ठानको व्यवस्था गर्ने।

## ५.५ विषयक्षेत्रगत नतिजा सूचक र लक्ष्य

| सूचक | एकाइ | आधार बर्ष २०७५/७६ | २०७६/७७ सम्मको अनुमान | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
| शिक्षा | | | | | | |
| नमूना बालबिकास केन्द्र | संख्या | १२ | १२ | १२ | २० | २० |
| बालशिक्षामा प्रारम्भिक सिकाइ विकासका मापदण्ड लागू भएका बालशिक्षा कक्षाहरू | संख्या | १२९३ | १४९३ | १७०० | १९०० | २००० |
| ११ – १२ मा विज्ञान पढाइ हुने सामुदायिक विद्यालय | संख्या | ३५ | ३५ | ४५ | ५० | ५५ |
| इन्टरनेट पहुँच भएका विद्यालयहरू | संख्या | ९३५ | १२७५ | १५०० | २००० | ३५०० |
| छात्रवृत्ति प्राप्त विद्यार्थीहरू | संख्या | | | | | |
| छात्रा | | १२३० | १३५० | १५०० | १७०० | १८०० |
| छात्र | | – | ७०० | १००० | १५०० | १८०० |
| दलित | | – | २०० | ३०० | ४०० | ६०० |
| गैरदलित | | – | ३०० | ४०० | ५०० | ६०० |
| नमूना विद्यालयहरू | संख्या | – | १२ | २० | २० | २० |
| प्राविधिक विषयमा कक्षा ९–१२ मा भर्ना हुने विद्यार्थी | संख्या | – | १०४०० | ११००० | १४००० | १६००० |
| भौतिक सुधार गरिएका सामुदायिक क्याम्पस | संख्या | ८५ | २२ | ३० | ३२ | ३४ |
| प्राविधिक उच्च शिक्षा पढ्ने विद्यार्थी | संख्या | ८७० | १००० | ११५० | १२०० | १५०० |
| स्वास्थ्य | | | | | | |
| स्वास्थ्य शिविरबाट लाभान्वित व्यक्तिहरू | संख्या | २५००० | ३०००० | ३०००० | ३०००० | ३०००० |

| सूचक | एकाइ | आधार बर्ष २०७५/७६ | २०७६/७७ सम्मको अनुमान | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
| नयाँ एच.आई. भि संक्रमित व्यक्ति (दिविल ३.३) | संख्या | ६६४ | ६०० | ५५० | ५०० | ४५० |
| लिम्फेटिक फ्लोरिसबाट संक्रमित | संख्या | १८८ | १३० | १०० | ८५ | ७० |
| डेंगु लागेका मानिस | संख्या | १८९ | १५० | १३० | १०० | ८० |
| ट्राकोमा (Trachoma) भएका मानिस | संख्या | ३४१ | | | | |
| क्षयरोग प्रकोप दर (प्रति लाख जनसंख्यामा) (दिविल ३.३) | संख्या | १३६ | १३० | १२५ | १२० | ११५ |
| मलेरिया प्रकोप दर (प्रति हजार जनसंख्यामा) (दिविल ३.३) | संख्या | ०.०४९ | ०.०४० | ०.०३० | ०.०१० | ०.०१ |
| कुष्ठरोग प्रकोप दर (प्रति हजार जनसंख्यामा) (दिविल ३.३.१) | संख्या | २.८ | २ | १.५ | १ | ०.८ |
| स्वास्थ्य बीमा भएका व्यक्ति | हजार | २२५ | २५० | ५०० | १००० | १५०० |
| बर्थिङ सेन्टर | संख्या | ३६३ | ३७८ | ३९३ | ४०८ | ४१५ |
| ४ पटक पूर्व प्रसुति सेवा लिएका महिला (दिविल ३.३.१) | % | ७७.५ | ८० | ८२ | ८५ | ८८ |
| प्रसुति पश्चात ३ पटक सेवा लिएका महिला (दिविल ३.८) | % | २१.७ | २३ | २४ | २५ | २६ |
| स्वास्थ्य संस्थामा प्रसुति गराउने महिला (दिविल ३.८) | % | ७५.२ | ७७ | ७९ | ८१ | ८३ |
| दक्ष जनशक्तिबाट प्रसुति गराउने महिला | % | ७० | ७५ | ८० | ९० | ९३ |
| DPT, HepB, Hib सुई लिएका शिशुहरूको प्रतिशत (दिविल ३.८) | % | ८७ | ९० | ९५ | १०० | १०० |
| ३० मिनेट भित्रको दुरीमा स्वास्थ्य संस्थामा पहुँच हुने परिवार (दिविल ३.८.१) | % | ५२.२ | ६५ | ७० | ८० | ८५ |
| पाठेघर खस्ने रोगको उपचार | संख्या | ७५० | ७५० | ७५० | ७५० | ७५० |
| किशोरकिशोरी मैत्री सरकारी स्वास्थ्य संस्था | संख्या | २१ | २५ | ३० | ३५ | ४० |
| जेष्ठ नागरिक तथा अपाङ्ता | | | | | | |
| जेष्ठ नागरिक सेवा केन्द्र | संख्या | | ८० | १०० | १०० | १०९ |
| जेष्ठ नागरिकको निशुल्क स्वास्थ्य परिक्षण | संख्या | | १९६६ | १९६६ | १९६६ | २००० |
| सिपमूलक तालिम लिएका अपाङ्गता भएका व्यक्तिहरू | संख्या | | १४० | १६० | २०० | २५० |
| अपाङ्गता भएका व्यक्तिहरूको पुनर्स्थापना | संख्या | | ५० | ५० | ५० | ५० |

| सूचक | एकाइ | आधार बर्ष २०७५/७६ | २०७६/७७ सम्मको अनुमान | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
| **महिला तथा बालवालिका** | | | | | | |
| सिपयुक्त तालिम प्राप्त महिलाहरू | संख्या | | २४० | २८० | ३२० | ३५० |
| लैङ्गिक हिंसाबाट प्रभावित महिला | संख्या | | ५० | ५० | ५० | ५० |
| बैंक खाता भएका महिलाहरू | संख्या | | | | | |
| उद्यमी महिलाहरू | संख्या | | १८० | २०० | २२५ | २३० |
| बालक्लबहरू | संख्या | | ६० | ९० | १२० | १५० |
| पुनर्स्थापित बालवालिका | संख्या | | ४० | ४० | ४० | ४० |
| खेलमैदान | संख्या | १६ | १५ | १५ | १५ | १५ |
| रंगशाला | संख्या | | | | २ | |
| प्रशिक्षण प्राप्त गर्ने खेलाडी | संख्या | | | | | |
| प्रदेशस्तरीय खेलकूद प्रतियोगिता | संख्या | २ | २ | २ | २ | २ |
| **भाषा** | | | | | | |
| भाषा कक्षा सञ्चालन | संख्या | | २५ | २५ | २५ | २५ |
| **जनसंख्या, युवा तथा बसाइसराइ** | | | | | | |
| युवा उद्यमीहरू (हजार) | संख्या | | २५ | २५ | २५ | २५ |
| नयाँ एकिकृत बस्ती (लाभान्वित घर परिवार) | संख्या | | १ | १ | १ | १ |
| परिवार नियोजनका साधनहरूको उपलब्धताबाट सन्तुष्ट १५ देखि ४९ वर्षका महिला (दिविल ३.७.१) | % | ५१.३ | | | | |
| परिवार नियोजनका साधन उपलब्धता दर (दिविल ३.७.१) | % | ३८.९ | | | | |
| प्रजनन दर (दिविल ३.७.१) | % | २४ | | | | |
| **श्रम तथा रोजगारी** | | | | | | |
| मागमा आधारित रोजगारमूलक तालिम | संख्या | | २५ | २५ | २५ | २५ |
| शैक्षिक प्रमाणपत्रको धितोमा सहुलियत ऋणबाट लाभान्वित | संख्या | | | | | ३०० |
| **गरिबी निवारण** | | | | | | |
| जनजागरण कार्यक्रमबाट लाभान्वित | संख्या | ० | १२ | १२ | १२ | १२ |
| छात्रवृत्तिबाट लाभान्वित | संख्या | ० | १०० | १०० | १०० | १०० |
| सिप विकासबाट लाभान्वित | संख्या | ० | २०० | २०० | २०० | २०० |
| **मानव संशाधनको विकास** | | | | | | |
| संचालित सिपयुक्त तालिमबाट लाभान्वित | संख्या | | १०००० | १२००० | १२००० | १२००० |

| सूचक | एकाइ | आधार बर्ष २०७५/७६ | २०७६/७७ सम्मको अनुमान | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
| सामाजिक समावेशिता | | | | | | |
| नेतृत्व विकास तालिम | संख्या | ५०० | ५००० | ५००० | ५००० | ५००० |
| आय आर्जन तालिम | संख्या | २००० | २००० | २००० | २००० | २००० |
| छात्रवृत्ति उपलब्ध गराइएको | संख्या | | १२०० | १२०० | १२०० | १२०० |
| परम्परागत सिप प्रर्वद्धन | संख्या | | ५० | ५० | ५० | ५० |
| भाषा र संस्कृति संरक्षण सम्बर्द्धन | संख्या | ४ | ६ | ७ | ८ | १२ |
| विज्ञान तथा प्रविधि | | | | | | |
| मौसम मापन केन्द्र | संख्या | | ५ | ६ | ६ | ६ |
| नदी बहाव मापन केन्द्र | संख्या | | | | | |
| सौर्य ऊर्जा मापन केन्द्र | संख्या | | ५ | १० | १५ | १५ |
| वायू ऊर्जा मापन केन्द्र | संख्या | | २ | ५ | १० | १० |

## ५.६ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान (अनुसूची २ र ३ को आधारमा तयार गरिएको)

(रू. लाखमा)

| आ.व. | बजेट अनुमान | | | | स्रोत | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | प्रदेश सरकार | नेपाल सरकार समानीकरण - अनुदान | नेपाल सरकार - समपूरक | नेपाल सरकार - विशेष अनुदान | नेपाल सरकार सशर्त – | वैदेशिक विकास / साजेदारको सहयोग | आन्तरिक ऋण |
| २०७७/७८ | ५६०५६.६१ | ४२७३१.०६ | १३३२५.५५ | - | - | - | - | - | - | - | - | - |
| २०७८/७९ | ४५५६५.१८ | ३१६६८.६८ | १३८९६.५० | - | - | - | - | - | - | - | - | - |
| २०७९/८० | ४६४४४.४४ | ३१७५१.२४ | १४६९३.२० | - | - | - | - | - | - | - | - | - |

## ५.७ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| ब.उ. शि.नं. | कार्यक्रम/आयोजना | बिशेष क्षेत्रगत रणनीतिक नं. | सुरू हुने र सम्पन्न हुने मिति | कुल लागत (रू. लाखमा) | प्रमुख बार्षिक क्रियाकलापहरू | प्रमुख प्रतिफलहरू | गत आ.व. को प्रगति | बार्षिक बजेट (रू. लाखमा) |
|---|---|---|---|---|---|---|---|---|
| ३५०० ००१२ | एकिकृत स्वास्थ्य तथा सरसफाई कार्यक्रमहरू | ५.२.१.<br>५.२.३<br>५.२.४ | २०७६/७७-२०७८/७९ | १०९७३ | १. विद्यालय नर्सिङ सेवा कार्यक्रम<br>२. स्वास्थ्यकर्मीहरूलाई क्षमता विकास तालिमहरू ।<br>३. विभिन्न किटजन्य रोगहरूबारे सचेतना पैरवी<br>४. स्वास्थ्य शिविर लगायतका स्वास्थ्य सेवाहरू सञ्चालन<br>५. बहुक्षेत्रिय पोषण सुधार कार्यक्रम<br>६. दमजन्य तथा ब्रोंकाईटिस उपचार व्यवस्थापन अस्पतालहरू<br>७. चिकित्सालयमा औषधि उत्पादन केन्द्र स्थापना (जडिबुटी खरिद तथा निशुल्क औषधि निर्माण र वितरण)<br>८. एकिकृत जनस्वास्थ्य अभियान<br>९. प्राथमिक स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीहरूको पूर्वाधार निर्माण सहयोग कार्यक्रम<br>१०. अत्यावश्यक निशुल्क वितरणका लागि औषधि खरिद तथा ढुवानी<br>११. BSL-II ल्याब सञ्चालन | १. स्वास्थ्यकर्मी कर्मचारीको क्षमता अभिवृद्धि भएको हुने।<br>२. अस्पतालहरूको भवन निर्माण भएको हुने ।<br>३. अस्पतालहरूमा आधारभुत तथा बिशिष्टिकृत मशिनरी तथा औजारहरू खरिद भई निदान सेवा गुणस्तरीय हुने ।<br>४. निशुल्क विशेषज्ञ स्वास्थ्य शिविरहरू सञ्चालनबाट तल्लो तहका नागरिकहरू प्रत्यक्ष लाभान्वित हुने।<br>५. अत्यावश्यक तथा निशुल्क औषधीहरूको व्यवस्थापन हुने।<br>६. समग्र स्वास्थ्यका सूचाङ्कहरूमा सुधार भएको हुने । | १. ८४ बर्ष उमेर पुगेका जेष्ठ नागरिकलाई घरमै स्वास्थ्य सेवा दिइएको ।<br>२. स्वास्थ्य शिविरहरू सञ्चालनबाट १२००० जना लाभान्वित।<br>३. सिकलसेलको बारे जनचेतनामुलक कार्यक्रम सञ्चालन गरिएको ।<br>४. स्वास्थ्य तथ्याङ्कहरूको सुदृढीकरण भएको ।<br>५. अस्पताल भवन निर्माणको सुरूवात भएको ।<br>६. ट्रमा सेन्टरको निर्माण सुरू।<br>७. स्वास्थ्यकर्मीहरूलाई सेवाकालीन तालिमहरूद्वारा स्वास्थ्यकर्मी लाभान्वित।<br>८. समयमानै औषधीहरू खरिद तथा ढुवानी भएको।<br>९. आयुर्वेदिक औषधीहरू निर्माण तथा वितरण प्रभावकारी भएको। | ३४९३.८२ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३५०० ००१३ | वालअधिकार तथा सामाजिक न्याय कार्यक्रम | ५.३.१<br>५.३.२<br>५.५.१<br>५.५.२<br>५.५.३ | सालबसाली | ४३९९ | १. सिप तथा जनचेतना तालिम<br>२. राहत तथा पुनर्स्थापना, बाल संरक्षण सचेतना मूलक कार्यक्रम<br>३. बालगृह सुदृढीकरण<br>४. जेष्ठ नागरिक सेवा केन्द्र सहयोग<br>५. जेष्ठ नागरिक ग्राम र अपाङ्ग ग्राम निर्माण<br>६. सडक मानव मुक्त प्रदेश कार्यक्रम | १. जेष्ठ नागरिक सेवा ग्राम र अपाङ्ग नागरिक सेवा ग्राम स्थापना हुने ।<br>२. बालश्रम तथा बाल विवाहमा न्यूनीकरण हुने।<br>३. बालअधिकार तथा जेष्ठ नागरिकको अधिकार संरक्षित भएको हुने।<br>४. वालसञ्जालहरूको क्षमता विकास हुने ।<br>५. सडक मानव मुक्त प्रदेश बन्ने। | १. जिल्ला वालअधिकार समितिको गठन र बैठकहरू सञ्चालन गरिएको ।<br>२. प्रदेश वालअधिकार समिति गठन भएको ।<br>३. प्रदेश वालक्लव सञ्जालको गठन तथा प्रदेश बैठक सम्पन्न ।<br>४. १२ जिल्लामा वालगृह, वालसंरक्षण गृह, वाल कल्याण गृहलाई सहयोग गरिएको ।<br>५. अपाङ्गहरूलाई सहायता सामाग्री वितरण ।<br>६. १२ जिल्लामा सीबीआर कार्यक्रम सञ्चालन भएको।<br>७. अपाङ्गहरूबाट निर्माण भएका सामाग्रीहरूको विक्री वितरणका लागि विक्री केन्द्र स्थापना गरिएको।<br>८. दिवा सेवा केन्द्रलाई सहयोग गरिएको।<br>९. ज्येष्ठ नागरिक ग्राम र अपाङ्ग ग्रामको निर्माण डीपीआर तयार भएको ।<br>१०. वालसुधार गृहलाई सहयोग | ४०१.९८ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३५०० ००१४ | शैक्षिक विकास तथा प्राविधिक शिक्षा कार्यक्रम | ५.१-२<br>५.१-३<br>५.१-६ | सालबसाली | ५७००.५ | १. नमुना बालविकास सहयोग,<br>२. STEM परियोजना सञ्चालन<br>३. पुस्तकालय सहयोग<br>४. उत्कृष्ट शिक्षक तथा शैक्षिक संस्थाहरूलाई प्रोत्साहन कार्यक्रम<br>५. प्राविधिक तथा बहु प्राविधिक शिक्षामा सहयोग<br>६. विज्ञान शिक्षा सुदृढीकरण कार्यक्रम<br>७. विद्यालयहरूमा शौचालय निर्माण<br>८. लक्ष्यित बर्गलाई छात्रवृत्ति,<br>९. बहु प्राविधिक शिक्षालय निर्माण<br>१०. विद्यालयहरूको कक्षाकोठा मर्मत<br>११. विद्यालयहरूमा कम्पाउण्डवाल निर्माण<br>१२. विद्यालयहरूमा कक्षाकोठा निर्माण<br>१३. रूकुम पूर्वको भुमेमा प्राविधिक शिक्षालय निर्माण | १. STEM बाट (विज्ञान प्रविधि ईन्जिनियरिङ र गणित) शैक्षिक गुणस्तर अभिवृद्धि गरिने ।<br>२. १० वटा प्राविधिक विद्यालयहरूको गुणस्तर वृद्धि हुने ।<br>३. विद्यालयको भौतिक पूर्वाधार सुधार गरी शैक्षिक गुणस्तर वृद्धि गरिने ।<br>४. १२ वटा नमुना बाल विकास केन्द्रको स्थापना भएको हुने।<br>५. विद्यालय र शिक्षकहरू पुरष्कृत भएका हुने।<br>६. सामुदायिक विद्यालयबाट कक्षा ११ र १२ मा यथेस्ट विद्यार्थीहरूले प्राविधिक तथा विज्ञान विषय अध्यायन गरेका हुने।<br>७. बहुप्राविधिक शिक्षालयको निर्माण भएको हुने । | १. वालविकास मापदण्डको निर्माण गरिएको ।<br>२. २० वटा प्राविधिक विद्यालयहरूलाई सहयोग गरिएको ।<br>३. मुस्लिम समुदायका छात्राहरूलाई अनमी, अहेब अध्ययन छात्रवृत्ति प्रदान गरिएको ।<br>४. पुस्तकालयहरूलाई सहयोग गरिएको ।<br>५. आयआर्जनका लागि व्यावसायिक संरचना निर्माण गर्न १३ विद्यालयलाई अनुदान प्रदान गरिएको ।<br>६. कक्षा ११ र १२ मा विज्ञान सञ्चालित विद्यालयहरूलाई सहयोग गरिएको ।<br>७. मुक्त कमैया कम्लहरी मुस्लिम र दलित समुदायका कक्षा ११ र १२ सामुदायिक विद्यालयमा अध्ययन गर्न छात्रवृत्ति दिइएको।<br>८. शैक्षिक अभियानहरू सञ्चालन भएका। | ४६०६.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३५०० ००१५ | लैङ्गिक सशक्तीकरण तथा मूलप्रवाहीकरण कार्यक्रम | ५.४.१<br>५.४.२<br>५.४.३ | सालबसाली | १६२१.५ | १. सिप विकास तालिमहरू<br>२. जनचेतना तालिम<br>३. प्रचार प्रसार तथा सामाग्री उत्पादन तथा वितरण<br>४. पुनस्थापना केन्द्र सञ्चालन अनुदान<br>५. सीमावर्ति क्षेत्रका मधेशी, दलित तथा मुस्लिम महिलाहरूलाई आर्थिक सामाजिक सशक्तिकरणका लागि सामाजिक परिचालन<br>६. महिला खेलकूद (कराते, तेक्वान्दो, बक्सिङ आदि) तालिम ३ महिने<br>७. लैङ्गिक सम्पर्क विन्दुको चौमासिक अन्तरक्रिया<br>८. महिलाद्वारा उत्पादित सामाग्रीको बजार प्रवर्द्धन कार्यक्रम<br>९. उत्कृष्ट महिला सहकारी संस्था पुरस्कार कार्यक्रम | १. महिलाहरूको नेतृत्व तथा सिप विकास तालिम सञ्चालन भई २००० जना महिलाहरू सिप तालिम लिई आत्मानिर्भर हुने।<br>२. लैङ्गिक हिंसा ५० प्रतिशतले घटेको हुने।<br>३. दलित, एकल महिला तथा यौनिक अल्पसङ्ख्यकहरूको तालिम भई तिनीहरू रोजगार भएको हुने ।<br>४. औपचारिक तथा अनौपचारिक क्षेत्रका महिलाहरूको सिपको स्तरोन्नति भएको हुने ।<br>५. खेल सिपको माध्यमबाट महिलाहरूले आत्मरक्षा सिपको विकास गरेका हुने । | १. एकल महिला प्रदेश भेला सम्पन्न ।<br>२. उत्कृष्ठ महिला सहकारी संस्थालाई पुरस्कार वितरण<br>३. अन्तरपार्टि महिला सञ्जालको भेला सम्पन्न।<br>४. बैङ्क र वित्तीय संस्थाहरूको सामाजिक उत्तरदायित्व बारे अन्तरक्रिया सम्पन्न।<br>५. उद्यमी महिलाहरूको प्रदर्शनी<br>६. पुनस्थापना केन्द्रलाई सहयोग<br>७. महिलाहरूलाई नेतृत्व तथा सिप विकास तालिम दिइएको।<br>८. जनचेतना तालिम दिइएको । | ६६०.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३५०० ००१६ | श्रम तथा रोजगार कार्यक्रम | ८.३-१<br>८.३-२<br>८.३-३<br>८.३-५ | सालबसाली | १२२३.८ | १. सिपमूलक तालिमहरू सञ्चालन<br>२. खेलकुद प्रशिक्षक प्रशिक्षण<br>३. श्रमिकहरूको सिप अपग्रेडिङ तालिम<br>४. बैदेशिक रोजगारीबाट फर्केकाहरूका लागि विशेष तालिम (विभिन्न क्षेत्रका लागि)<br>५. ढाका र अल्लो उद्योगमा उद्यमशीलता साझेदारी कार्यक्रम<br>६. श्रमिक र रोजगारदाता बीच सामाजिक सुरक्षा तथा श्रम सम्बन्धी समन्वयात्मक कार्यक्रम | १. श्रम बजारको माग अनुसार रोजगारमूलक तालिम सञ्चालन भएको हुने।<br>२. श्रमिहकहरूको सिप स्तरोन्नति भएको हुने ।<br>३. बैदेशिक रोजगारबाट फर्केकाहरूका लागि बिशेष तालिम सञ्चालन भएको हुने ।<br>४. ढाका र अल्लोमा उद्यमशीलता साझेदारी भएको हुने ।<br>५. खेलकुद प्रशिक्षक प्रशिक्षण कार्यक्रम सञ्चालन भएको हुने।<br>६. श्रमिक र रोजगारदाता बीच सामाजिक सुरक्षा तथा श्रम सम्बन्धी नीतिगत बहस पैरवी हुने। | १. १००० जनालाई तालिम तथा रोजगारी पाएका ।<br>२. प्रदेश श्रम परिषदको गठन हुदै । | १६५०.०० |
| ३५०० ००१७ | भाषा तथा संस्कृति कार्यक्रम | ५.७.१ | २०७६-२०७९ | १७२४ | १. भाषा लिपिको संरक्षण। | १. भाषा तथा लिपिको संरक्षण भएको हुने। | १. थारू भाषाको खोज भएको। | २०.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३५०० ००१८ | युवा तथा खेलकुद कार्यक्रम | ५.६-१<br>५.६-२<br>५.६-३<br>५.१०-१ | सालबसाली | ५९५२ | १. मुख्यमन्त्रि प्रदेश स्वयम्सेवक कार्यक्रम<br>२. खेलकुद प्रतियोगिताहरू सञ्चालन<br>३. खेलाडी तथा खेलकुद प्रोत्शाहन<br>४. रङ्गशालाहरू निर्माण र युवा सम्बन्धी कार्यक्रमहरू सञ्चालन<br>५. खेलकुद प्रशिक्षक प्रशिक्षण कार्यक्रम<br>६. स्काउट तालिम सञ्चालन<br>७. साझेदारीमा खेलकुद एकेडेमी सञ्चालन<br>८. साझेदारीमा विद्यालय खेलकुद संरचना मर्मत संभार तथा निर्माण | १. प्रदेश स्तरीय खेलकुद प्रतियोगिता सञ्चालन भएको हुने ।<br>२. ५० जना स्वयम्सेवकहरूको परिचालन भएको हुने ।<br>३. विभिन्न खेल सञ्चालन गर्न प्रशिक्षकहरू तयार भएका हुने।<br>४. १२ जिल्लामा स्काउट तालिम सञ्चालन भएको हुने।<br>५. खेलकुद एकेडेमीको सञ्चालन भएको हुने ।<br>६. खेलकुद प्रवर्द्धनका लागि प्रतियोगिता तथा पूर्वाधारमा सहयोग भएको हुने । | १. ५० जना उत्कृष्ठ खेलाडीहरूलाई पुरस्कार तथा नगद सहयोग गरिएको।<br>२. खेलकुद संरचनाहरू निर्माण भएको ।<br>३. खेलकुद प्रवर्द्धनका लागि संघसंस्थाहरूलाई सहयोग गरिएको।<br>४. रङ्गशालाहरूको निर्माण योजना तयार भएको ।<br>५. खेलकुद प्रवर्द्धनका लागि ४ वटा संस्थालाई सहयोगमा ४ वटा इभेन्टहरू सञ्चालन गरिएको ।<br>६. ८ वटा खेलकुद संरचनाहरू निर्माण सम्पन्न। | १८४४.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३५०० ००१९ | उच्च शिक्षा कार्यक्रम | ५.१-३<br>५.१-७ | सालबसाली | ७०६३ | १. प्रदेश विश्वविद्यालय स्थापना<br>२. प्रदेश पुस्तकालय स्थापना<br>३. सामुदायिक क्याम्पसका लागि पूर्वाधार निर्माण सहयोग<br>४. विज्ञान कानून र प्राविधिक संकाय सञ्चालन गर्न सहयोग<br>५. उच्च शिक्षा र विज्ञान बिषयलाई छात्रवृत्ति<br>६. पुस्तकालयहरूलाई सहयोग<br>७. सामुदायिक क्याम्पसका प्राध्यापक तथा क्याम्पस प्रमुखहरूको क्षमता विकास | १. प्रदेश विश्वविद्यालय सञ्चालन भएको हुने ।<br>२. ३० वटा सामुदायिक क्याम्पसहरूको गुणस्तर सुधार भएको हुने ।<br>३. प्रदेशमा नयाँ विषय तथा प्राविधिक कक्षा सञ्चालन हुने ।<br>४. क्याम्पसको सहयोगमा अनुसन्धान कार्यक्रमहरू सञ्चालन हुने ।<br>५. प्रदेश पुस्तकालयको निर्माण भएको हुने ।<br>६. विज्ञान उच्च शिक्षामा तथा उच्च शिक्षामा गरिव तथा जेहेन्दारहरूले छात्रबृत्ती प्राप्त गरी पढाईलाई निरन्तरता दिइएका हुने। | १. अनुसन्धान गोष्ठिमा ८४ जना प्रशिक्षित भएका ।<br>२. क्याम्पसहरूको सहकार्यमा १२ विषयमा अनुसन्धान<br>३. २ वटा विश्वविद्यालयको सहयोगमा ५ वटा अनुसन्धान सम्पन्न।<br>४. कानून र विज्ञान विषयमा प्रदेशभित्र पढाई सुरूवात गरिएको।<br>५. २३ वटा क्याम्पसहरूमा भवन, ४ वटामा शौचालय, ४ वटामा कम्पाउण्डवाल ,११ वटा मा कम्प्युटर तथा उपकरणहरू, २ छात्रावास निर्माण, ४ पुस्तकालय भवन, १ क्याम्पस बस, ७ मर्मत, पुस्तकालय ३ सहयोग सम्पन्न ।<br>६. ८०० जना उच्च शिक्षा छात्रबृत्ती प्रदान ।<br>७. प्रदेश पुस्तकालयको डीपीआर तयार भएको। | २१६४.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३५०० ००२१ | प्रादेशिक अस्पताल सुदृढीकरण कार्यक्रम | ५.२-२ | सालबसाली | १४२६३.६५ | १. अस्पतालहरूमा आधारभुत तथा विशिष्टीकृत सेवा सञ्चालन<br>२. विभिन्न अस्पतालहरूमा मेसिनरी तथा औजारहरूको व्यवस्था<br>३. १० वटा अस्पतालहरूमा भौतिक संरचनाहरू निर्माण<br>४. स्वास्थ्य तथा चिकित्सासँग सम्बन्धी यन्त्र उपकरण तथा मेशिन औजार खरीद<br>५. अस्पतालहरूमा फार्मेसि सेवा विस्तार कार्यक्रम<br>६. सिकलसेल, थालासेमिया नियन्त्रण निदान उपचारका लागि अस्पतालहरूलाई अनुदान<br>७. गरिव एवम् विपन्न नागरिकलाई मुटुरोग, मृगौला, हेमोफेलिया क्यान्सर रोगको निदान तथा स्क्रिनिङ कार्यक्रम | १. अस्पतालहरूमा आधारभुत तथा विशिष्टीकृत सेवा अभिवृद्धि भएको हुने।<br>२. अस्पतालहरूमा निदानात्मक सेवामा विस्तार भएको हुने ।<br>३. १० वटा अस्पतालहरूको भौतिक सुधार हुने ।<br>४. गरीब तथा विपन्न नागरिकहरूलाई उपचारमा सहुलियत प्रास हुने ।<br>५. अस्पतालको फार्मेसिमा सुधार भएको हुने । | १. १३ वटै अस्पतालहरूमा औजार, उपकरण, मर्मत सेवा व्यवस्थापन गरी सुधारका कार्यहरू गरिएको ।<br>२. अस्पतालमा ७ वटा निर्माण कार्यको सुरूवात भएको।<br>३. अस्पतालहरूको सेवा सुदृढीकरणको लागि कार्यक्रमहरू सञ्चालन गरिएको ।<br>४. २५० जना स्वास्थ्यकर्मीहरूलाई तालिम सम्पन्न।<br>५. दमजन्य रोगहरूको निशुल्क उपचार गरिएको।<br>६. विभिन्न रोगहरूको निदान उपचार तथा पुनस्थापना सम्पन्न । | ९१०७.७४ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३५०० ००२२ | नमुना विद्यालय र विशेष शिक्षा कार्यक्रम | ५.१-२<br>५.१-६<br>५.१-४ | सालबसाली | ४५९३.२४ | १. नमुना विद्यालय निर्माण ।<br>२. धार्मिक विद्यालय मूलप्रवाहिकरण<br>३. मुस्लिम छात्राहरूको लागि छात्रावास निर्माण<br>४. विशेष विद्यालयहरूलाई सहयोग<br>५. सीमा क्षेत्रमा विद्यालय निर्माण<br>६. श्रमिकका वालवालिकाहरूलाई शिक्षामा सहयोग। | १. प्रत्येक जिल्लामा एक नमुना विद्यालय स्थापना भै सञ्चालन भएको हुने ।<br>२. विशेष शिक्षा संचालित चार विद्यालयहरू एकिकृत रूपमा विकास भएका हुने।<br>३. धार्मिक विद्यालयहरूको मूलप्रवाहिकरण हुने ।<br>४. सीमा क्षेत्रका विद्यालयहरूमा पूर्वाधार निर्माण हुने।<br>५. मुश्लिम छात्रा लक्षित विद्यालय वा छात्रावासहरूको निर्माण भएको हुने ।<br>६. महिला विद्यालयहरूलाई सहयोग प्रदान गरिएको हुने । | १.नमुना वालविकास मापदण्ड निर्माण<br>२. २६ पुस्तकालयहरूको सुदृढीकरण भएका ।<br>३. १३ प्राविधिक विद्यालयहरूमा आयआर्जनका लागि व्यावसायिक संरचना निर्माण सम्पन्न ।<br>४. २० वटा प्राविधिक विद्यालहरूमा प्रयोगशाला सुदृढीकरण गरिएको ।<br>५. ३२ वटा कक्षा ११ र १२ मा विज्ञान संचालित विद्यालयहरूमा प्रयोगशाला सुदृढीकरण गरिएको ।<br>६. ८ जना मुस्लिम तथा सिमान्तकृत वर्गका छात्राहरूलाई सीएमए तथा अनमी पढाईको लागि छात्रवृत्ति प्रदान गरिएको।<br>७. १००० मुक्त कमैया कम्लहरी र दलित छात्रालाई कक्षा ११ र १२ को छात्रवृत्ति दिइएको।<br>८.विज्ञान गणित नतीजा सुधार अभियान सञ्चालन ।<br>९. कक्षा ११ र १२ मा विज्ञान अध्ययनरत ११०० छात्रालाई छात्रवृत्ति प्रदान गरिएको। | २३७९.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३५०० ००२३ | विज्ञान तथा प्रविधि शिक्षा कार्यक्रम | ६.११.२<br>६.११.३ | | | १. प्रादेशिक विज्ञान प्रविधि प्रतिष्ठान सञ्चालन<br>२. STEM परियोजनाको विकास, तालिम र कार्यान्वयनमा सहयोग<br>३. रासि प्राविधिक शिक्षालयमा ईनोभेशन सेन्टरको स्थापना र सञ्चालन<br>४. विद्यालयमा सिमुलेटेड प्लानेटोरियम स्थापना<br>५. विज्ञान प्रविधि प्रतिष्ठानको भवन निर्माण | १. विज्ञान प्रविधि प्रतिष्ठानको भवन निर्माण हुने ।<br>२. विज्ञान तथा प्रविधि नीति तथा ऐन बनेको हुने ।<br>३. ईनोभेशन सेन्टरको स्थापना र सञ्चालन भएको हुने ।<br>४. विद्यालयमा सिमुलेटेड प्लानेटोरियम स्थापना भएको हुने । | १. पास्ट सम्बन्धी नीति तथा विधेयक तयारी ।<br>२. पास्ट भवन निर्माण निरन्तर<br>३. कोरोना रोबोट बनाउने युवा वैज्ञानिकलाई प्रोत्साहन गरिएको । | ५६२.०० |

## ५.८ जोखिम पक्ष तथा अनुमान

प्राविधिक तथा उच्च शिक्षाको आवश्यक वैज्ञानिक व्यवस्थापन तथा सुपरिवेक्षण, नीति तथा कानूनी व्यवस्था, सर्वसुलभ तथा न्यायोचित गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच, सामाजिक आर्थिक क्षेत्रमा महिलाको अर्थपूर्ण सहभागिता, बालबालिकाहरूको बहुआयामिक बैज्ञानिक विकास, रोजगारीका अवसरहरू सिर्जना भई गरिबीको न्यूनीकरण तथा मानव संसाधनको विकासद्वारा सामाजिक समावेशिता लगायतका आयोजनाहरूले लिएका लक्ष्यहरू हासिल गरिएको हुनेछ। बजेटको प्रभावकारी कार्यान्वयन, सुमधुर अन्तरसरकारी समन्वय तथा सहकार्य लगायतका विषयहरूमा जोखिम रहेको छ।

# परिच्छेद : ६
# पूर्वाधार क्षेत्र

## ६.१ पृष्ठभूमि

प्रदेशस्तरमा सडक सञ्जाल विस्तार एवम् स्तरोन्नति गरी सुरक्षित यातायात प्रणालीको विकास, ऊर्जाको विकास तथा पहुँचमा वृद्धि, प्रदेशभर खानेपानी तथा सरसफाई र सिँचाइको सुविधा, जल उत्पन्न प्रकोपको व्यवस्थापन, व्यवस्थित आवास तथा प्रकोप प्रतिरोधी भवन तथा व्यवस्थित शहरी विकास आदि जस्ता पूर्वाधारहरूको निर्माण गर्न आवश्यक छ। यसका लागि तीनै तहका सरकारसँगको सहकार्य र समन्वय पनि उत्तिकै महत्वपूर्ण छ। कोभिड-१९ लगायत महामारीजन्य रोगहरूको असरलाई न्यूनीकरण गर्न अधिकतम रोजगारी सिर्जना हुने गरी पूर्वाधार निर्माणलाई जोड दिई आर्थिक पुनरूत्थान (Economic Recovery) गर्न समेत अत्यावश्यक छ । यस प्रदेशमा करिब ११,२३३ किलोमिटर सडक निर्माण भै प्रदेश भित्रका सम्पूर्ण जिल्लामा सडक सञ्जाल विस्तार भएको, करिब ९० प्रतिशत घरपरिवारलाई आधारभूत खानेपानी सुविधा पुगेको तथा करिब ८५ प्रतिशत घरपरिवारमा विद्युत् सेवा पुगेको र करिब ५२ प्रतिशत कृषियोग्य भूमिमा सिँचाइ सुविधा पुगेको छ।

दिगो विकासका लक्ष्य अनुसार सडक पूर्वाधारको निर्माण गरी सुदृढ र व्यवस्थित पूर्वाधारको विकास गर्ने, सिंचाइको सुनिश्चितताद्वारा कृषि विकास भई खाद्य सुरक्षा, भोकमरी तथा गरीबीको अन्त्य गर्ने, सबैका लागि धान्न सक्ने भरपर्दो र आधुनिक ऊर्जामा पहुँच सुनिश्चितता, खानेपानीको उपलब्धता र सरसफाईको दिगो व्यवस्थापन गर्ने, शहर र मानवबस्तीलाई समावेशी, प्रकोपबाट सुरक्षित, सुदृढ एवम् दिगो बनाउने जस्ता विषयहरूलाई सम्बोधन गर्न आवश्यक छ । प्रदेश सरकारको आ.व. २०७६/७७ को नीति तथा कार्यक्रमले आ.व २०७८/७९ भित्र प्रदेशभरका सबै घरधुरीहरूलाई आधारभूत खानेपानी सुविधाको पहुँचको सुनिश्चितता र विद्युत्को न्यूनतम पहुँच पुऱ्याउने संकल्प लिई आ.व. २०७६/७७ देखि नै सोही अनुरूपका कार्यक्रमहरू सञ्चालन भएका छन् । प्रदेशभित्रका १०९ वटै स्थानीय तहहरूसँगको समन्वयमा प्रदेशस्तरीय खानेपानी तथा सरसफाइ योजना (वास योजना) निर्माणको अन्तिम चरणमा छ । सडकको प्रादेशिक सडक गुरूयोजना (Provincial Transportation Master Plan-PTMP) तयार गर्ने कार्य अगाडी बढेको छ । नेपाल सरकारबाट सशर्त कार्यक्रमका रूपमा हस्तान्तरण भएको जनता आवास कार्यक्रमलाई लक्षित वर्गसँग पुऱ्याई ३२१४ निजी आवासको निर्माण कार्य भईरहेको छ । त्यसै गरी एकिकृत बस्ती, विपद् पछिको पुनर्निर्माण, बहुउद्देश्यीय भवनहरूको निर्माण गर्ने कार्य पनि अगाडि बढेको छ । निजी तथा सरकारी क्षेत्रको साझेदारीमा निर्माण हुने पूर्वाधारको विकास गर्ने गरी पूर्वाधार विकास प्राधिकरण स्थापना भएको छ ।

## ६.२ प्रमुख समस्या

करिब १० प्रतिशत नागरिक आधारभूत खानेपानी सेवाको पहुँचबाट वञ्चित हुनु, करिब १५ प्रतिशत नागरिक न्यूनतम विद्युत् सेवाबाट वञ्चित हुनु, वर्षभरी सिँचाइ सुविधा पुगेको भूमि एक तिहाइभन्दा थोरै रहनु, प्रदेशभर सडक सञ्जालहरूको विस्तार हुँदाहुँदै पनि वर्षैंभरी यातायात सेवा सञ्चालन हुन सक्ने गरी सडकहरूको विकास हुन नसक्नु, पहाडी बस्तीहरूमा सडकको प्राथमिकता निर्धारण स्पष्ट नहुनु र अव्यवस्थित तथा जोखिमयुक्त बस्तीहरू विकास हुनुजस्ता समस्याहरू यस प्रदेशमा विद्यमान छन् । सुरक्षित आवासको पहुँच प्रदेशभरका नागरिकमा सुनिश्चित भई नसक्नु, जलवायु परिवर्तनको असरले पानीका मुहानहरू सुक्दै जानु, बाढीपहिरो, भू-क्षय र डुबानका जोखिमको रहनु, विकास निर्माणमा पूँजीगत बजेट वृद्धि हुनुपर्नेमा सिमित श्रोत र साधनको बावजुत बजेटको दायरा बढ्न नसक्नु, विनियोजित पूँजीगत बजेटको ठूलो अंश खर्च हुन नसक्नु, आयोजनाहरूको गुणस्तरीयता कायम गर्न समस्या रहेको छ। संघबाट हस्तान्तरित भई आएका सशर्त तर्फका आयोजनाहरूमा

पर्याप्त बजेटको विनियोजन नहुनुका साथै पूर्वाधार विकास आयोजनाहरू समयमा निर्माण सम्पन्न हुन नसक्दा लागतमा वृद्धि हुने तथा छिटो प्रतिफल प्राप्त हुन नसक्ने लगायतका समस्याहरू पनि विद्यमान छन् । कोभिड-१९ महामारी रोकथाम तथा नियन्त्रणका लागि गरिएको बन्दाबन्दी (Lockdown) को कारणले विकास निर्माणमा प्रत्यक्ष असर पारेको छ ।

## ६.३ चुनौती र अवसर

प्रदेश सरकारले हालको विषम परिस्थितिलाई सामना गर्दै आर्थिक पुनरूत्थान र बर्षेनी श्रम बजारमा आपूर्ति हुने श्रमिक, स्वदेश तथा विदेशमा रोजगारी गुमाएका श्रमिकहरूलाई प्रदेश भित्रै रोजगारीका अवसरहरू सिर्जना हुने गरी कार्यक्रम सञ्चालन गर्नु, नेपाल सरकार र स्थानीय तहहरूसँगको समन्वय र सहकार्यमा विकास निर्माणका कार्यहरू अघि बढाउनु, विनियोजित पूँजीगत बजेटको अधिकतम खर्च गर्न सक्ने गरी संयन्त्रको विकास गर्नु, पूर्वाधार विकासका लागि आवश्यक लगानी जुटाउनु, तीनवर्षे संकल्प कार्ययोजना बमोजिम शतप्रतिशत घरधुरीमा खानेपानी सुविधाको पहुँच पुऱ्याउनु, विद्युतको खपत बढाउँदै लगि पेट्रोलियम ईन्धनलाई स्वच्छ नविकरणीय ऊर्जाद्वारा प्रतिस्थापन गर्दै लैजान, कालोपत्रे सडक निर्माण गरी सुरक्षित, भरपर्दो यातायात सुविधा उपलब्ध गराउनु तथा अव्यवस्थित शहरीकरणलाई व्यवस्थित बनाउनु जस्ता चुनौतीहरू रहेका छन् ।

यस प्रदेशको बनावट पूर्वाधार विकास निर्माणमैत्री हुनु, जलाशयहरू निर्माण गरी सिँचाइ तथा खानेपानीको स्रोत व्यवस्थापन गर्ने सुविधा प्राप्त हुनु, राष्ट्रिय गौरवका तीन वटा सिँचाइ आयोजनाहरू यसै प्रदेश भित्र कार्यान्वयनको चरणमा रहनु, हाल संक्रामक महामारीको कारण वैदेशिक रोजगारीबाट फिर्ता भएका तथा देशभित्रका जनशक्तिहरूलाई पनि प्रदेशको समग्र विकासमा समाहित गरी प्रतिभा पलायन रोक्ने अवसरहरू छन् । त्यसैगरी, प्राकृतिक श्रोत र साधनको प्रचुर उपलब्धता रहनु, प्रदेशको योजनाबद्ध विकासको थालनी हुनुका साथै तीनै तहहरूबाट विकास निर्माणका कामहरू तिब्र पारिनु पनि यस क्षेत्रका अवसरहरू हुन् ।

## ६.४ आवधिक योजना अनुरूप विषयक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य तथा रणनीति

### ६.४.१ पूर्वाधार विकास कार्यान्वयन

**सोच**

पूर्वाधार सम्बन्धी आयोजनाहरूको सहज र प्रभावकारी कार्यान्वयन हुने अवस्था।

**लक्ष्य**

पूर्वाधार विकासका आयोजनाहरूको कार्यान्वयन प्रभावकारी र द्रुततर गतिले गर्ने।

**उद्देश्य**

१. पूर्वाधार विकासका काम सन्तुलित, प्रभावकारी, गुणस्तरीय र चुहावट रहित ढंगले गर्नु।
२. पूर्वाधार विकासका लागि आवश्यक पूँजी संकलन र परिचालन गर्नु।
३. पूर्वाधार विकासमार्फत रोजगारी सिर्जना।

**रणनीति**

१. विद्यमान संरचनाको अधिकतम प्रयोगको अतिरिक्त पूर्वाधार क्षेत्रको द्रुततर विकास गर्ने विशिष्ट प्रकृतिको निकाय स्थापना गर्ने।

२. प्रदेशका स्थानीय तहहरूको पहुँच र आर्थिक वृद्धिलाई योगदान पुग्ने गरी भौतिक पूर्वाधारहरूको विकास, विस्तार र सुदृढिकरण गर्ने ।
३. कर्मचारीहरूको क्षमता, मनोबल तथा उत्प्रेरणा अभिवृद्धि गर्ने।
४. पूर्वाधार विकास सम्बन्धी नेपालमा सिर्जित सूचना, ज्ञान र अनुभवको संकलन, विश्लेषण तथा प्रयोग गर्ने।
५. पूर्वाधार क्षेत्रलाई चाहिने ठूलो लगानी जुटाउने संयन्त्र स्थापना गरी लगानी परिचालन गर्ने।
६. भौतिक पूर्वाधारको विकासलाई रोजगारीका अवसर सिर्जना गर्न माध्यमको रूपमा प्रयोग गर्ने ।
७. पूर्वाधार आयोजना कार्यान्वयन गर्दा परियोजना बैंकमा रहेका आयोजनाहरूलाई क्रमश: कार्यान्वयनमा लैजाने।
८. स्थानीय श्रम, सिप, स्रोत साधन र प्रविधिको उपयोगलाई प्राथमिकता दिई जनसहभागिता र जनस्वामित्वमा पूर्वाधारहरूको विकास गर्ने ।

### ६.४.२ सिँचाइ तथा जलउत्पन्न प्रकोप नियन्त्रण

**सोच**

कृषि उत्पादकत्व वृद्धिको लागि पर्याप्त सिँचाइ सुविधा भएको प्रदेशको रूपमा स्थापित गर्दै जलउत्पन्न प्रकोपहरूको न्यूनीकरण ।

**लक्ष्य**

कृषियोग्य भूमिमा भरपर्दो एवम् दिगो सिँचाइको व्यवस्थापन गरी कृषि उत्पादन तथा उत्पादकत्व वृद्धिमा योगदान पुऱ्याई जलउत्पन्न प्रकोपको जोखिमलाई कम गर्ने ।

**उद्देश्य**

दिगो र भरपर्दो सिँचाइ सुविधाको विकास र विस्तार गरी कृषि उत्पादकत्व वृद्धि गर्नु तथा जलउत्पन्न प्रकोपबाट वर्षेनी हुने नागरिकको धनजनको क्षति कम गर्नु ।

**रणनीति**

१. सतही सिंचाइका अतिरिक्त नयाँ प्रविधिमा आधारित मझौला प्रकृतिका सिंचाइ आयोजनाहरूको (तराई-मधेशमा २०० हेक्टर देखि ५,००० हेक्टरसम्म, पहाडी क्षेत्रमा ५० हेक्टर देखि १०० हेक्टरसम्म र हिमाली क्षेत्रमा २५ हेक्टर देखि ५० हेक्टरसम्म) अध्ययन, अनुसन्धान, गुरूयोजना निर्माण तथा व्यवस्थापन गर्ने।
२. विशिष्टि प्रकृतिका सिँचाइ आयोजनाहरूलाई प्रदेश गौरवका आयोजनाको रूपमा विकास गर्ने गरी छनौट गर्ने।
३. भूमिगत जल सिंचाइ अन्तरगत मेशिन ड्रिल टयूबवेल तथा डिप टयूववेल सिंचाइ आयोजनाहरूको निर्माण, मर्मत तथा व्यवस्थापन गरी सिंचाइको पहुँचको अभिवृद्धि गर्ने ।
४. एकभन्दा बढी स्थानीय तहसँग सम्बन्धित सिंचाइ आयोजनाहरूको निर्माण तथा समन्वय गर्ने।
५. मझौला प्रकृतिका नदीहरू (महाभारत पहाड र चुरे पहाडबाट उद्गम भई बग्ने नदी) नियन्त्रण/व्यवस्थापन गर्ने।
६. लम्बाइ १०० देखी २०० मिटरसम्म, फेदको चौडाइ ५० देखि १०० मिटर तथा कुल क्षेत्र ५००० देखि २०,००० वर्ग मिटर सम्मका पहिरो नियन्त्रण तथा व्यवस्थापन गर्ने ।
७. बहुउद्देश्यीय प्रकृतिका सिंचाइ आयोजनाहरू निर्माण एवम् सञ्चालनमा जोड दिने ।

### ६.४.३ जलविद्युत तथा प्रसारण लाइन

**सोच**

प्रदेशको जलविद्युत संभावनाको अधिकतम सदुपयोग र विद्युतको पहुँच अभिवृद्धि ।

**लक्ष्य**

जलविद्युत उत्पादन र यसको अधिकतम सदुपयोग गरी आर्थिक समृद्धिमा योगदान पुऱ्याउने।

**उद्देश्य**

१. विद्युत उत्पादन बढाई प्रदेशलाई विद्युतीय ऊर्जामा आत्मनिर्भर गराई सबै नागरिकमा पहुँच पुऱ्याउनु।
२. विद्युत खपत बढाउनुका साथै जलविद्युत उत्पादनमा भएको संभावनाको सदुपयोग गर्नु।
३. भरपर्दो र सुरक्षित प्रसारण लाईनको विस्तार गर्नु ।

**रणनीति**

१. प्रदेशस्तरीय जलविद्युत आयोजनाहरूको निर्माण तथा सञ्चालन गर्ने ।
२. ११ के.भी. सम्मका प्रसारण लाइन निर्माण र व्यवस्थापन गर्ने ।
३. ग्रामिण तथा सामुदायिक विद्युतीकरण गर्ने ।
४. विद्युत नपुगेका स्थानहरूमा विद्युत सेवा बिस्तार गर्ने।
५. यातायात, उद्योग र घरायसी प्रयोगमार्फत् विद्युत खपत बढाउने।
६. जलविद्युत्मा निजी, सामुदायिक तथा वैदेशिक लगानी आकर्षित गर्ने।
४. बहु-उपयोगी परियोजना पहिचान, प्रोत्साहन र विकास गर्ने।

### ६.४.४ सौर्य ऊर्जा

**सोच**

सौर्य ऊर्जालाई मूलधारको विद्युत ऊर्जाको रूपमा विकास गरेको अग्रणी प्रदेश।

**लक्ष्य**

नमूना परियोजनाहरूमा लगानी तथा निजी क्षेत्रलाई आकर्षित गरेर यस प्रदेशलाई सौर्य ऊर्जा उत्पादनमा अग्रणी प्रदेश बनाउने।

**उद्देश्य**

सौर्य उर्जाको उत्पादन तथा उपभोग बढाउनु।

**रणनीति**

१. सौर्य उर्जा सम्बन्धी नीति तर्जुमा र संरचनागत व्यवस्था गर्ने।
२. सौर्य ऊर्जाको अध्ययन र विकासमा प्रदेश सरकारले उल्लेख्य लगानी गर्ने।
३. स्थानीय तह र निजी क्षेत्रसँग सौर्य ऊर्जा उत्पादनमा सहकार्य गर्ने।

### ६.४.५ अन्य नवीकरणीय ऊर्जा

**सोच**

जैविक ऊर्जाको प्रवर्द्धनमार्फत नविकरणीय ऊर्जामा निर्भर प्रदेश।

**लक्ष्य**

बायोग्यास, बायोडिजेल, बायोब्रिकेट, बायोइन्धन र वायूमा आधारित विद्युत तथा ताप ऊर्जाको प्रवर्द्धनद्वारा ऊर्जामा परनिर्भरता कम गर्ने र नविकरणीय ऊर्जामा अग्रणी बन्ने।

**उद्देश्य**

जैविक तथा वायू ऊर्जाको विकास र उपभोगमा प्रवर्द्धन गर्नु।

**रणनीति**

१. जैविक तथा वायू ऊर्जा उत्पादन तथा उपयोगमा प्रोत्साहित गर्ने।
२. जैविक ऊर्जामा अध्ययन र अनुसन्धान गरी बायोडिजेलको व्यापारिक उत्पादन र बिक्री प्रबन्ध गर्ने।

## ६.४.६ यातायात पूर्वाधार विकास तथा यातायात व्यवस्थापन

**सोच**

अन्तर्राष्ट्रिय मापदण्डसहितका यातायात पूर्वाधारको सञ्जाल विकास तथा यातायात प्रणालीको व्यवस्थापन सहितको समृद्ध प्रदेश।

**लक्ष्य**

सबै बस्तीहरूमा स्तरीय सडक सञ्जालसँगै सुलभ र भरपर्दो यातायात सुविधाको विस्तार गर्ने।

**उद्देश्य**

१. गुणस्तरीय सडकको पहुँच पुऱ्याउनु।
२. भरपर्दो र सहज यातायात प्रणालीको विकास गर्नु।
३. वैकल्पिक यातायात पूर्वाधारहरू विकास गर्नु।
४. यातायात प्रणालीलाई लैङ्गिकमैत्री बनाउनु।
५. भौगोलिक अवस्था अनुकुलको जनमैत्री, आधुनिक र वैज्ञानिक यातायात प्रणालीको विकास गर्नु।
६. विभिन्न यातायात प्रणालीबीच उचित प्रकारको समिश्रण गराउँदै इन्टरमोडल यातायात सम्बन्धलाई विकास गर्नु।

**रणनीति**

१. प्रादेशिक यातायात गुरूयोजना निर्माण गरी प्रादेशिक लोकमार्ग, प्रादेशिक रणनीतिक सडक, पर्यटनस्थल पहुँच मार्ग, स्थानीय तह पहुँच मार्ग, कृषि सडक पहुँच मार्ग, उद्योग स्थल पहुँच मार्ग, सिमा क्षेत्र सडक तथा अन्य पहुँच मार्गहरूको निर्माण गर्ने।
२. दुई वा दुईभन्दा बढी स्थानीय तह भएर जाने सडकहरूको निर्माण गरी वातावरणमैत्री तथा विपद्प्रतिरोधी सडकको विकासमा जोड दिने।
३. सडक पुल तथा झोलुङ्गे पुलहरूको निर्माण तथा मर्मत संभार गर्ने।
४. यातायात तथा सडक सुरक्षा सुदृढीकरण गरी सुरक्षित यात्राको प्रत्याभूति गराउने।
५. निजी तथा सार्वजनिक-निजी साझेदारीलाई प्रोत्साहन गरी विकास गर्ने।
६. यातायात व्यवस्थापनका अन्तर्राष्ट्रिय असल अभ्यासहरूको अनुसरण गर्दै यातायात क्षेत्रलाई यात्रु र जनमैत्री बनाउने।
७. केवुलकार र रेलसेवा जस्ता यातायात पूर्वाधार विकासलाई प्रवर्द्धन गर्ने।

### ६.४.७ आवास, भवन तथा शहरी विकास

**सोच**

विपद् प्रतिरोधि आवास निर्माण, एकिकृत बस्ती विकास, विपद् प्रभावित क्षेत्रको पुनःनिर्माण एवम् लक्षित वर्गलाई सुरक्षित आवासको सुनिश्चितता गर्दै व्यवस्थित शहरीकरण ।

**लक्ष्य**

मौलिक एवम् प्राचिन वास्तुकलाको प्रवर्द्धन गर्नको लागि स्थानीय श्रोत साधनको प्रयोग गर्दै व्यवस्थित शहरीकरण, विपद् प्रतिरोधि आवास निर्माण, एकिकृत बस्ती विकासको साथसाथै सुरक्षित आवासको प्रत्याभूति गराउने ।

**उद्देश्य**

१. मौलिक एवम् प्राचिन वास्तुकलाको प्रवर्द्धन गर्नको लागि स्थानीय श्रोत साधनको प्रयोगमा प्राथमिकता दिनु,
२. व्यवस्थित शहरीकरणको विकास तथा विपद् प्रतिरोधि आवासको निर्माण गर्नु,
३. एकिकृत बस्ती विकास साथसाथै सुरक्षित आवासको प्रत्याभूति गराउनु ।

**रणनीति**

१. प्रदेशभित्रको सहरी विकास योजना तर्जुमा, सहरी पूर्वाधार निर्माण, सञ्चाल तथा मर्मत संभार गर्ने ।
२. प्रदेशभित्रको आवास तथा भवन सम्बन्धी योजनाहरूको कार्यान्वयन र मार्गनिर्देशन गर्ने ।
३. प्रादेशिक राजधानी र अन्तर स्थानीय सहरको योजना तर्जुमा, कार्यान्वयन तथा संयोजन गर्ने ।
४. विपद् जोखिम बस्तीहरूको स्थानान्तरण तथा विपद् प्रभावित क्षेत्रको पुनःनिर्माण गर्ने ।
५. लक्षित वर्ग लाभान्वित हुने गरी आवास कार्यक्रमको नीति, योजना र कार्यान्वयन गर्ने ।
६. प्रदेशस्तरमा एकिकृत बस्ती विकास गरी पूर्वाधार निर्माण गर्ने ।
७. प्रदेश तहका सरकारी भवन निर्माण तथा मर्मत सम्भार गर्ने ।

### ६.४.८ खानेपानी तथा सरसफाई

**सोच**

प्रदेशभरका सबै घरधुरीहरूमा स्वच्छ खानेपानीको उपलब्धताका साथै पूर्ण सरसफाई उन्मुख प्रदेश ।

**लक्ष्य**

प्रदेशभरका सबै घरधुरीहरूमा स्वच्छ खानेपानीको पहुँच पुऱ्याई सरसफाईका सबै सूचकहरू पूरा गरी पूर्ण सरसफाई उन्मुख प्रदेश बनाउने ।

**उद्देश्य**

१. प्रदेशका सबै घरधुरीहरूमा स्वच्छ खानेपानी सेवा पुऱ्याउनु ।
२. पूर्ण सरसफाई उन्मुख प्रदेशको रूपमा विकास गर्नु ।

**रणनीति**

१. प्रदेशका सबै घरधुरीहरूमा स्वच्छ खानेपानी सेवा पुऱ्याउन एक घर, एक धाराको अभियान सञ्चालन गर्ने,
२. खानेपानी तथा सरसफाईको क्षेत्रमा योजनाबद्ध विकासका लागि लगानी वृद्धि तथा खानेपानी, सरसफाई तथा स्वच्छता योजना (वास योजना) निर्माण गर्ने,
३. खानेपानी तथा सरसफाई कार्यक्रम सञ्चालनका लागि तीनै तहका सरकारको कार्यक्षेत्र वर्गीकरण गर्ने,

४. तराई-मधेशमा ५ हजार देखि १५ हजार, पहाडमा १ हजार देखि ५ हजार र हिमालमा ५ सय देखि १ हजार सम्मको जनसंख्यालाई खानेपानी सेवा पुऱ्याउने आयोजनाको छनौट गरी प्रदेश सरकारबाट कार्यान्वयन गर्ने,

५. पूर्ण सरसफाई उन्मुख प्रदेश निर्माणको लागि सार्वजनिक शौचालय निर्माण, ढल तथा फोहोरमैलाको उचित व्यवस्थापन गर्ने ।

## ६.५ विषयक्षेत्रगत नतिजा सूचक र लक्ष्य

| प्रमुख सूचकहरू | एकाइ | आधार वर्ष २०७५/७६ | २०७६/७७ सम्मको अनुमान | २०७७/७८ सम्मको लक्ष्य | २०७८/७९ सम्मको लक्ष्य | २०७९/८० सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| सडक / यातायात | | | | | | |
| सडक लम्बाई | कि.मी. | ११,२३३ | ११,६०० | ११,८०० | १२,२०० | १२,५०० |
| कालोपत्रे गरेको सडक | कि.मी. | १,९३८ | २,२३८ | २,४५० | २,७०० | २,९०० |
| विद्युतीय बस सञ्चालन | | ० | ० | १५ | १५ | २५ |
| प्रदेश सरकारबाट नयाँ पुल निर्माण | संख्या | ० | १८ | ३८ | ५५ | ८० |
| डिपीआर भएका नयाँ पुल | संख्या | १५ | ५५ | ८८ | १३८ | १६० |
| कृषि विशेष सडक (४ वटा) | कि.मी. | ० | १० | २० | ३० | ४० |
| पर्यटन विशेष सडक (१८ वटा) | कि.मी. | ० | २० | ४० | ६५ | ९० |
| उद्योग विशेष सडक (२ वटा) | कि.मी. | ० | ५ | १० | १५ | ३० |
| सीमा क्षेत्र सडक (१७ वटा) | कि.मी. | ० | २५ | ५० | ७५ | १०० |
| स्थानीय तह पहुँचमार्ग (३० वटा) | कि.मी. | ० | १० | ५० | १०० | १५० |
| सिंचाइ | | | | | | |
| सतह सिंचाइ तर्फ | | | | | | |
| नयाँ सिंचाइ नहर (मूल तथा शाखा) निर्माण | कि.मी. | १३.३० | ३०.३० | ६५.३० | ८९.३० | ११९.३० |
| सिंचाइ क्षेत्र विस्तार तथा नविकरण | हेक्टर | ६५० | ८५० | २,१०० | २,३०० | २,५५० |
| थप भएको सिंचित क्षेत्र | हेक्टर | १५० | २०० | ३५० | ४५० | ५५० |
| लघु जलाशय निर्माण | संख्या | ० | ४ | ६ | १० | १५ |
| भूमिगत सिंचाइ | | | | | | |
| भूमिगत जल सिंचाइ | हेक्टर | ६४० | ८४० | २००० | १,५०० | १,८०० |
| नदी नियन्त्रण कार्यक्रम | | | | | | |
| नदी नियन्त्रण | कि.मी | ३२ | २० | १० | २८ | ३० |
| ऊर्जा | | | | | | |
| जलविद्युत उत्पादन (नयाँ) | मे वा | ० | ० | ० | ५ | ५ |
| सौर्य ऊर्जा उत्पादन (नयाँ) | मे वा | ०.२५ | ० | ० | ० | ० |
| वितरण लाइन निर्माण (नयाँ) | कि. मी. | ० | १०० | १०० | २०० | २५० |
| विद्युत पहुँच भएका घरधुरीहरू (सौर्य ऊर्जा सहित) | % | ७५ | ९० | ९८ | १०० | १०० |
| नयाँ व्यवसायिक बायोग्यास | संख्या | ० | १० | २५ | ५० | ३० |

| प्रमुख सूचकहरू | एकाइ | आधार वर्ष २०७५/७६ | २०७६/७७ सम्मको अनुमान | २०७७/७८ सम्मको लक्ष्य | २०७८/७९ सम्मको लक्ष्य | २०७९/८० सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| प्लान्ट स्थापना | (क्षमता) | | | | | |
| बायोग्यासमा आधारित विद्युत योजना | संख्या (क्षमता) | ० | १ | १ | ३ | ३ |
| आवास, भवन तथा शहरी विकास | | | | | | |
| नयाँ एकिकृत वस्ती | संख्या | १० | २६ | ३५ | ४५ | ५० |
| नयाँ आवास (जनता आवास-प्रति वर्ष) | संख्या | २,६०० | ५७४ | ७८७ | २,००० | २,००० |
| सरकारी भवन तथा आवास र सभा हल निर्माण | संख्या | ० | ३ | ७ | १० | १३ |
| नयाँ पार्कहरू निर्माण | संख्या | ० | २६ | २४ | १० | १२ |
| बहुतले भवन निर्माण | संख्या | ० | ० | ० | ३ | ५ |
| खानेपानी तथा सरसफाइ | | | | | | |
| खानेपानी आयोजना सम्पन्न (नयाँ) | संख्या | ५ | ५० | २०० | ४०० | ६०० |
| खानेपानी पहुँच भएका थप घरधुरी | संख्या | १,०५० | २४,६७८ | ६०,१२० | १,५४,०२० | २,६३,४९७ |
| शौचालय निर्माण भएका थप घरधुरी | संख्या | ० | ५,००० | ९,००० | १२,००० | १२,१०० |
| शहरी क्षेत्रमा ढल निर्माण | कि. मी. | ० | २ | ५ | १० | २० |

## ६.६ विषयक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान (अनुसूची २ र ३ को आधारमा तयार गरिएको)

(रू. लाखमा)

| आ.व. | बजेट अनुमान | | | | श्रोत | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | कुल | प्रदेश सरकार | नेपाल सरकार - समानीकरण अनुदान | नेपाल सरकार - समपूरक | नेपाल सरकार - विशेष अनुदान | नेपाल सरकार – सशर्त | वैदेशिक/ विकास साझेदारको सहयोग | आन्तरिक ऋण |
| ०७७/०७८ | १५०२२४.४८ | १०९८१.९८ | १३९२४२.५० | - | - | - | - | - | - | - | - | - |
| ०७८/०७९ | ३३५०१४.३७ | १२००८.७४ | ३२३००५.६३ | - | - | - | - | - | - | - | - | - |
| ०७९/०८० | २७१६३२.५९ | १३३९५.९३ | २५८२३६.६६ | - | - | - | - | - | - | - | - | - |

## ६.७ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| ब.उ. शि.नं. | कार्यक्रम/ आयोजना | विशेष क्षेत्रगत रणनीति नं. | आयोजना शुरू र समाप्ति | कुल लागत (रू. लाखमा) | प्रमुख वार्षिक क्रियाकलापहरू | तीन वर्षका प्रमुख प्रतिफलहरू | गत आ.व को प्रगति | वार्षिक बजेट (रू. लाखमा) |
|---|---|---|---|---|---|---|---|---|
| ३३७०१ ०१३ | सडक तथा पुल निर्माण कार्यक्रम | ६.६-१ ६.६-३ ६.६-४ | २०७५ – | १२०००० | प्रदेश गौरवका राजमार्ग एवम् प्रदेश स्तरका प्रमुख राजमार्गहरूको निर्माण एवम् स्तरोन्नति | १३० कि.मी. कालोपत्रे हुने। | २० वटा सडकहरूको निर्माण प्रारम्भ भएको। | ८२५० |
| | | | २०७५ – | ३४२००० | प्रदेशक्षेत्र स्तरीय सडकहरूको निर्माण एवम् स्तरोन्नति | ११० कि.मी. कालोपत्रे हुने। | ११३ वटा सडकहरूको निर्माण प्रारम्भ भएको। | ४१४५ |
| | | | २०७५ – | ३४५६०० | प्रदेशस्तरीय सडकहरूको निर्माण एवम् स्तरोन्नति | १२५ कि.मी. कालोपत्रे हुने। | ११६ वटा सडकहरूको निर्माण प्रारम्भ भएको। | ५७३५ |
| | | | २०७५ – | १३४००० | स्थानीय तह पहुँच मार्गहरूको निर्माण एवम् स्तरोन्नति | १५० कि.मी. कालोपत्रे हुने। | २९ वटा सडकहरूको निर्माण प्रारम्भ भएको। | ७५४० |
| | | | २०७६-२०७९ | ८०००० | पर्यटनस्थल पहुँच मार्गहरूको निर्माण एवम् स्तरोन्नति | ५० कि.मी. कालोपत्रे हुने। | १४ वटा सडकहरूको निर्माण प्राम्भ भएको। | २२९५ |
| | | | २०७६ | ३०००० | सीमा क्षेत्र सडकहरूको निर्माण एवम् स्तरोन्नति | ७५ कि.मी. कालोपत्रे हुने। | १८ वटा सडकमा कार्य प्रारम्भ। | ३९५० |

| ब.उ. शि.नं. | कार्यक्रम/ आयोजना | विशेष क्षेत्रगत रणनीति नं. | आयोजना शुरू र समाप्ति | कुल लागत (रू. लाखमा) | प्रमुख वार्षिक क्रियाकलापहरू | तीन वर्षका प्रमुख प्रतिफलहरू | गत आ.व को प्रगति | वार्षिक बजेट (रू. लाखमा) |
|---|---|---|---|---|---|---|---|---|
| | | | - | | | | | |
| | | | २०७६- | ४५०० | कृषि सडकहरूको निर्माण एवम् स्तरोन्नति | २५ कि.मी. कालोपत्रे हुने। | ४ वटा सडकमा कार्य प्रारम्भ। | ९०० |
| | | | २०७६ - | ४५०० | उद्योगस्थल पहुँच मार्गहरूको निर्माण एवम् स्तरोन्नति | ४० कि. मी. सडक ग्राभेल हुने। | ४ वटा सडकमा कार्य प्रारम्भ। | २०० |
| | | | २०७६ - | ६००० | अन्य पहुँच मार्ग (जलाशय, उर्जा, निर्माण सामाग्री श्रोत स्थल, अन्य सरकारी निकायआदि) | ४० कि.मी. ग्राभेल हुने। | ४ वटा सडकमा कार्य प्रारम्भ। | ५३५ |
| | | | २०७५ - | १०००० | सडक पुल निर्माण(नयाँ) | २६ वटा नयाँ र ५४ वटा क्रमागत सम्पन्न हुने। | ३० वटा प्राथमिकता प्राप्त र २५वटा क्रमागत पुलहरूको निर्माण कार्य प्रारम्भ भएको। | ३३०० |
| | | | २०७५ - | १००० | झोलुङ्गे पुल निर्माण | २० वटा नयाँ र ११ वटा क्रमागत सम्पन्न हुने। | ७ वटा प्राथमिकता प्राप्त र ७वटा क्रमागत पुलहरूको निर्माण कार्य प्रारम्भ भएको। | ३०५ |
| ३३७० १०१४ | सडक तथा पुल मर्मत सुधार तथा सडक सुरक्षा कार्यक्रम | ६.६-१ ६.६-३ ६.६-५ | २०७६ - | १६०० | सडक सञ्जालको नियमित मर्मत संभार | १०६ वटा सडकहरूको १६४५ कि.मी. सडक प्रत्येक वर्ष नियमित रूपमा मर्मत हुने। | ११२ वटा सडकहरूमा नियमित मर्मत संभार हुने | २१७६.५१ |
| | | | २०७५ - | ९१२० | सडक सञ्जालको आवधिक मर्मत संभार | ८६ वटा सडकहरूको आवधिक मर्मत हुने। | ७६ वटा सडकहरूको आवधिक मर्मत गरिएको। | २६८४.१० |
| | | | २०७६ - | ५५ | सडक सञ्जालको आकस्मिक मर्मत संभार | आवश्यकता नुसारअवरूद्धसडकखोलिने। | प्रत्येक जिल्लामा १२ वटा सडकहरूको आकस्मिक मर्मत संभार। | ५५ |
| | | | २०७६ - | १२००० | सहायक राजमार्ग (Feeder Road) हरूको मर्मत तथा संभार | - | - | - |
| | | | २०७६ - | ५०० | सडक सुरक्षा कार्यक्रम | सबै सडकहरूमा सडक सुरक्षा सम्बन्धी कार्यक्रमलाई मध्यनजर गरी निर्माण तथा मर्मत गरिने। | ६ वटा सडकहरूमा सडक सुरक्षा कार्यक्रम लागु गरिएको। | ३५५ |
| ३३७० | यातायात व्यवस्था | ६.७-४ | २०७५ | | यातायात सेवा आधुनिक बनाउने तथा GIS | सडक दुर्घटना न्यूनीकरण र | सडक दुर्घटना न्यूनीकरण गर्न | ४६० |

| ब.उ. शि.नं. | कार्यक्रम/ आयोजना | विशेष क्षेत्रगत रणनीति नं. | आयोजना शुरू र समाप्ति | कुल लागत (रू. लाखमा) | प्रमुख वार्षिक क्रियाकलापहरू | तीन वर्षका प्रमुख प्रतिफलहरू | गत आ.व को प्रगति | वार्षिक बजेट (रू. लाखमा) |
|---|---|---|---|---|---|---|---|---|
| २०१३ | सुदृढीकरण कार्यक्रम | ६.७-२<br>६.७-३<br>६.७-५ | - | - | प्रणालीलाई आवश्यक पूर्वाधार कार्य | यातायात सम्बन्धी अभिलेखको प्रभावकारी व्यवस्थापन। | र यातायात सम्बन्धी अभिलेखको प्रभावकारी व्यवस्थापन गर्ने कार्यको थालनी भएको। | |
| | | | २०७५ - | - | सवारीकर, चालक अनुमति पत्र तथा सवारीसाधन नबिकरण दस्तुर सो सम्बन्धी अन्य कर भुक्तानी प्रणालीको अध्यावधिक गर्ने कार्य | | | |
| | | | २०७५ - | - | सार्वजनिक यातायातको भाडा भुक्तानी प्रक्रियाको आधुनिकीकरण तथा विद्युतीय प्रणालीमा लाने कार्य | | | |
| | | | २०७५ - | - | यातायात व्यवस्था कार्यालय वा सेवा कार्यालयका महत्वपूर्ण अभिलेख, आधुनिकीकरण, सुरक्षा तथा मर्मत सम्भार | | | |
| ३३७० ३०१४ | मझौला तथा बैकल्पिक प्रविधिमा आधारित सघन सिंचाइ कार्यक्रम | ६.२-१<br>६.२-३ | २०७५ - | ३९९६४.५४ | मझौला सिंचाइ प्रणालीको निर्माण | २००० हेक्टमा सिंचाइ पुग्ने। | ९०० हेक्टरमा सिंचाइ सुविधा पुगेको। | ९०० |
| ३३७० ३०१५ | भूमिगत स्यालो तथा डिपटयुबेल सिंचाइ कार्यक्रम | ६.२-१<br>६.२-३ | २०७५ - | ७३६७ | भूमिगत सिंचाइ प्रणालीको निर्माण | १४०० हेक्टरमा सिंचाइ पुग्ने। | ७०० हेक्टरमा सिंचाइ सुविधा पुगेको। | ३७८८ |
| ३३७० ३०१६ | जलाशय निर्माण कार्यक्रम | ६.२-२ | २०७६-२०७८ | | घोराही उ.म.न.पा.मा जलाशययुक्त पोखरी निर्माण कार्य | जलाशययुक्त पोखरी निर्माण हुने। | | ५०० |
| ३३७० ३०१७ | सिंचाइ आयोजना मर्मत सुधार तथा विस्तार कार्यक्रम | ६.२-३<br>६.२-१ | २०७६ - २०७७ | | विभिन्न आयोजनाहरूमा मर्मत कार्यक्रम | सम्पुर्ण आयोजनाहरूको मर्मत भएको हुने। | ११० वटा योजनाको मर्मत भएको। | २०२० |
| ३३७० ३०१८ | उर्जाविकास कार्यक्रम | ६.३, ६.४ र ६.५ का सबै | २०७५ - | ७११९.०५ | प्रदेशस्तरिय विद्युत प्रशारण एवम् बैकल्पिक उर्जा प्रविधिको अध्ययन तथा निर्माण कार्य | १००० घरधुरीमा सौर्य उर्जा जडान हुने, १ वटा माइक्रो हाइड्रो, ६५ घरधुरिमा बायोग्यास जडान हुने। | ४ वटा आयोजनाको DPR भएको। | २५०० |

| ब.उ. शि.नं. | कार्यक्रम/ आयोजना | विशेष क्षेत्रगत रणनीति नं. | आयोजना शुरू र समाप्ति | कुल लागत (रू. लाखमा) | प्रमुख वार्षिक क्रियाकलापहरू | तीन वर्षका प्रमुख प्रतिफलहरू | गत आ.व को प्रगति | वार्षिक बजेट (रू. लाखमा) |
|---|---|---|---|---|---|---|---|---|
| ३३७० ३०१९ | जल उत्पन्न प्रकोप न्यूनीकरण तथा व्यवस्थापन कार्यक्रम | ८.६-३ ८.६-४ | २०७५ - | | नदी नियन्त्रण कार्य, आपतकालिन नदी नियन्त्रण कार्य | ७५ कि.मी लम्बाइमा नदी नियन्त्रण भएको हुने। | २५ कि.मी लम्वाइमा नदि नियन्त्रण भएको। | २८६० |
| ३३७० ४०१२ | आवास व्यवस्था तथा वस्ती विकास कार्यक्रम | ६.१० का सबै (६.१०-५ बाहेक) | २०७५ - | २११८० | एकिकृत बस्ती विकास कार्यक्रम | १०९स्थानमा व्यवस्थित बस्ती विकास भएको हुने। | ४७ वटा कार्यान्वियनमा रहेकोमा अर्को आ.व.मा क्रमागत हुने। | ३९५५ |
| ३३७० ४०१३ | भवन तथा सभाहल निर्माण कार्यक्रम | ६.१०-५ | २०७५ - | ८२७० | प्रदेशस्तरीय सरकारी भवन एवम् सभाहल निर्माण कार्य | २५वटा सरकारी भवन र ३ वटा सभाहल निर्माण सम्पन्न भएको हुने। | २० वटा सरकारी भवन कार्यान्वयनमा रहेको। | ३७३० |
| ३३७० ४०१४ | शहरीपूर्वाधार विकास कार्यक्रम | ६.८ का सबै | २०७५ - | १९१८५ | शहरीक्षेत्र भित्र सडक, पार्क, पोखरी, भ्युटावर आदिको निर्माण सहित शहरी विकास कार्य | २६ वटा पार्क र ५ वटा बहुतले भवन निर्माण हुने। | ७ स्थानमा शहरी पूर्वाधार निर्माण कार्य सम्पन्न भएको र १९ वटा कार्यान्वयनमा रहेको। | ६५१५ |
| ३३७० ४०१५ | आवास, भवन मर्मत सुधार तथा विस्तार कार्यक्रम | ६.१०-५ | २०७५ - | ११९० | सरकारी आवास एवम् कार्यालय भवनहरूको मर्मत सुधार तथा विस्तार कार्य | नियमित मर्मत सम्भारलाई निरन्तरता दिइने। | आवश्यकता अनुसार नियमित मर्मत सम्भार भएको। | १००० |
| ३३७० ५०१२ | सघन खानेपानी विकास कार्यक्रम | ६.९-१ | २०७५-२०७९ | १२०३१५.३८ | मझौला तथा नयाँ प्रविधिमा आधारित खानेपानी योजनाहरूको निर्माण एवम् विस्तार | २६३४९७ घरधुरीलाई खानेपानी सुविधा उपलब्ध भएको हुने। | २४६७८ घरधुरीलाई खानेपानी सुविधा पुर्याइएको। | १८००२ |
| ३३७० ५०१३ | सरसफाई तथा ढल व्यवस्थापन कार्यक्रम | ६.९ का सबै | २०७५-२०७९ | १२८८ | सार्वजनिक शौचालय निर्माण कार्य, ढल निर्माण एवम्. ओ.डि.यफ घोषणा गर्ने कार्य | १२१०० थप घरधुरीमा शौचालय निर्माण भएको हुने। | ५,००० थप घरधुरीमा शौचालयको व्यवस्था हुने। | १२९८.५ |
| ३३७० ५०१४ | खानेपानी आयोजना गुणस्तर अभिवृद्धि तथा श्रोत संरक्षण कार्यक्रम | ६.९-१ ६.२-२ | २०७५ - | ६७३ | खानेपानी परीक्षण प्रयोगशाला निर्माण एवम् श्रोत संरक्षण कार्य | प्रयोगशाला निर्माण भएको हुने र मुहान संरक्षण भएको हुने। | | १९८ |

| ब.उ. शि.नं. | कार्यक्रम/ आयोजना | विशेष क्षेत्रगत रणनीति नं. | आयोजना शुरू र समाप्ति | कुल लागत (रू. लाखमा) | प्रमुख वार्षिक क्रियाकलापहरू | तीन वर्षका प्रमुख प्रतिफलहरू | गत आ.व को प्रगति | वार्षिक बजेट (रू. लाखमा) |
|---|---|---|---|---|---|---|---|---|
| ३३७० ५०१५ | खानेपानी आयोजना मर्मत सुधार तथा विस्तार कार्यक्रम | ६.९-१ | २०७५ - | २९५० | खानेपानी योजनाहरूको पुनर्स्थापना, विस्तार तथा मर्मत सम्भार कार्य | आवश्यक सबै आयोजनाहरूको मर्मत भएको हुने। | | ११२५ |

## ६.८ जोखिम पक्ष तथा अनुमान

मध्यमकालीन खर्च संरचना (MTEF) ले निर्दिष्ट गरेको लक्ष्य हासिल गर्न प्रत्येक वर्ष लगानीमा समेत वृद्धि गर्नुपर्नेमा प्रदेश सरकारको समग्र उद्देश्य स्वास्थ्यका पूर्वाधारहरूको निर्माण, बरोजगार श्रमिकहरूको व्यवस्थापन तथा अन्य महामारी नियन्त्रण सम्बन्धी क्रियाकलापहरूमा केन्द्रित हुन परेकोले विकास निर्माणको कार्य कम प्राथमिकतामा पर्ने जोखिम बढेको देखिन्छ । पूर्वाधार विकासमा पर्याप्त बजेट विनियोजनमा संकुचन आएको छ । वैदेशिक रोजगारमा संलग्न धेरै जनशक्ति स्वदेश भित्रिने क्रमसँगै निजहरूले आर्जन गरेको सिप तथा ज्ञानलाई विकास निर्माणमा समुचित प्रयोग गर्न सकेमा आत्मनिर्भर अर्थतन्त्रको निर्माण भई प्रदेशको समृद्धि हासिल गर्न सहज हुने अनुमान गरिएको छ ।

# परिच्छेद : ७
# आर्थिक व्यवस्था

## ७.१ पृष्ठभुमि

प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन, प्रदेशस्तरको आर्थिक श्रोतको बाँडफाँट, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन तथा प्रदेश राजश्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा, कार्यान्वयन र नियमन गर्ने दायित्व आर्थिक मामिला तथा योजना मन्त्रालयमा रहेको छ। साथै यस मन्त्रालय मातहत रहेको प्रदेश सरकारको संचित कोष सञ्चालन गर्ने जिम्मेवारी बोकेको प्रदेश लेखा नियन्त्रक कार्यालयले प्रदेश सरकारको बजेट कार्यान्वयनमा सहजीकरण गर्ने, प्रदेश सरकार र यस अन्तर्गतका कार्यालयमा आर्थिक प्रशासन सञ्चालन सम्बन्धी व्यवस्था गर्ने तथा प्रदेश सरकारको लेखा व्यवस्था र खर्च प्रणाली व्यवस्थित गर्ने कार्य गर्दछ । प्रदेशस्तरको आर्थिक स्थायित्व र मूल्यस्थिरता सम्बन्धी नीति तर्जुमा र नियमन, प्रदेश विनियोजन ऐन तथा प्रदेशको बजेट तर्जुमा, कार्यान्वयन, नियमन र आर्थिक अनुशासन, प्रदेशको सार्वजनिक खर्च व्यवस्थापन र प्रदेशस्तरीय वित्तीय संस्थाहरू सञ्चालन एवम् व्यवस्थापनसम्बन्धी कार्यका लागि यो मन्त्रालयको स्थापना भएको हो ।

## ७.२ प्रमुख समस्या

बढ्दो उपभोगवादी संस्कृति, ग्रामीण क्षेत्रमा पर्याप्त बैकिङ्ग सेवाको विस्तार नहुनु, बचत गर्ने बानीको पर्याप्त विकास नहुनु, लगानीतर्फ नागरिकमा उद्यमशीलता र जोखिम लिनसक्ने क्षमता र इच्छाशक्तिको कमी, पूँजी परिचालनमा लैङ्गिक तथा समावेशी सिद्धान्त अवलम्वन नहुनु र सरकारको पूँजीगत खर्च बढ्न नसक्दा सरकारको लगानी अपेक्षित नहुनु, पूँजीगत खर्च अपेक्षित रूपमा नहुनु, सरकारी खर्चको पनि प्रतिफल सन्तोषजनक नहुनु, राजश्व संकलन गर्ने कमजोर संस्थागत क्षमता हुनु, करसम्वन्धी कानूनी व्यवस्थाहरूको प्रभावकारी सञ्चार नहुनु, राजश्व संकलनमा विगत तथ्याङ्क उपलव्धताको अभाव हुनु, कर तिर्ने संस्कृतिको अभाव हुनु प्रमुख समस्याका रूपमा रहेका छन्।

## ७.३ चुनौती र अवसर

पर्याप्त बैकिङ सेवाको विस्तार गर्नु, उद्यमशीलताको विकास गर्नु तथा सहज ऋणको उपलव्धता गराई बचत तथा लगानी बढाउनु, वित्तीय अनुशासन कायम गर्नु, चालु खर्च न्यूनीकरण गरी पूँजीगत खर्च वृद्धि गर्नु, सरकारी खर्चमा हुने गरेको चुहावट रोक्नु र बजेट कार्यान्वयनलाई प्रभावकारी वनाउनु, दोहोरो करको भार पर्न नदिने गरी कर संकलन गर्नु, कर तिर्ने बानीको विकास गर्नु, कर चुहावट नियन्त्रण गर्नु र विश्वव्यापी कोभिड-१९ महामारीका कारणले विश्व श्रम बजारबाट विस्थापित एवम् आन्तरिक रूपमा रोजगार गुमाएका व्यक्तिहरूलाई पुनः स्थापित गरी उत्पादन वृद्धिद्वारा पूँजी निर्माण गर्नु चुनौतीको रूपमा रहेका छन् ।

वित्तीय क्षेत्र फराकिलो हुँदै गएको, आर्थिक गतिविधि बढ्दै गएको, सानो क्षेत्र भएकोले प्रदेश सरकारले सरकारी खर्चको अनुगमन गरी वित्तीय अनुशासन कायम गर्न सहज हुने, आयोजना विशेषमा केन्द्रित हुनेगरी आन्तरिक ऋण उठाउन तथा उपयोग गर्नसक्ने अवसर रहेको छ ।

## ७.४ आवधिक योजनाका दीर्घकालीन सोच, लक्ष्य उद्देश्य तथा रणनीति

### दीर्घकालीन सोच

बचत परिचालन र लगानी प्रवर्द्धन, पारदर्शी र उत्तरदायित्वपूर्ण सार्वजनिक खर्च व्यवस्थापन, पर्याप्त आन्तरिक राजश्व परिचालन, उच्च प्रतिफलयुक्त आयोजनाहरूका लागि आन्तरिक ऋण परिचालन, वैदेशिक सहयोग लिई दीर्घकालमा यसप्रतिको निर्भरता न्यूनीकरण मार्फत सबल र सक्षम प्रादेशिक अर्थतन्त्र निर्माण।

### लक्ष्य

१. उच्च बचत परिचालन र लगानी प्रवर्द्धन गरी दिगो र उच्च आर्थिक वृद्धि हासिल गर्ने ।
२. दक्ष, प्रभावकारी, समतामूलक र पारदर्शी सार्वजनिक खर्च व्यवस्थापनद्वारा सार्वजनिक खर्चको उत्पादकत्व र प्रभावकारिता वृद्धिगर्ने ।
३. कर तिर्ने संस्कृतिको विकासद्वारा राजश्वको दायरा फराकिलो पार्ने ।
४. निश्चित सीमाभित्र रहेर मात्र आन्तरिक ऋण परिचालन गर्ने ।
५. नेपालले सहमति जनाइसकेका मान्यतामा आधारित रही छनौटपूर्ण ढंगले वैदेशिक सहयोग लिने।

### उद्देश्य

१. बचत परिचालन र उत्पादनमुलक लगानी उल्लेख्य रूपमा वृद्धि गर्नु।
२. औचित्यपूर्ण र समावेशी बजेट विनियोजन तथा कार्यान्वयन दक्षता अभिवृद्धि गर्नु ।
३. वित्तीय अनुशासन कायम गर्नुका साथै सार्वजनिक खर्चलाई बढी प्रतिफलमुखी बनाउनु।
४. प्रदेशको आन्तरिक राजश्व संकलन वृद्धि गर्नु।
५. प्रदेशका विकासका कार्यहरूका लागि अत्यावश्यक आन्तरिक ऋण परिचालन गर्नु।
६. उच्च प्रतिफल दिने आयोजनाको लागि वैदेशिक सहयोग लिनु ।

### रणनीति

१. वित्तीय पहुँच, ज्ञान र आय आर्जन बढाउने।
२. लगानीयोग्य वातावरण बनाइ निजी. सहकारी र सार्वजनिक क्षेत्रको लगानी बढाउने ।
३. नीति र योजनामा आधारित बजेट प्रणालीको विकास गर्ने ।
४. आयोजना तथा कार्यक्रमहरू प्राथमिकताका आधारमा छनौट गर्ने ।
५. सरकारी संयन्त्रहरूको कार्यान्वयन क्षमता अभिवृद्धि गर्ने ।
६. आर्थिक प्रशासनसम्वन्धी कानूनी र संस्थागत क्षमता सुदृढीकरणद्वारा आर्थिक अनुशासन कायम गर्ने।
७. आन्तरिक राजश्व परिचालनको लागि प्रभावकारी संस्थागत व्यवस्था गर्ने ।
८. निजी क्षेत्र र नागरिकको समेत सहभागितामा कर तिर्ने वानीको विकास तथा राजश्व चुहावट नियन्त्रण गर्ने।
९. राजश्वका आधारहरू खोजी तथा दरहरू समसामयिक बनाई राजश्व संकलन प्रभावकारी ढंगबाट गर्ने।
१०. अत्यावश्यक र उच्च प्रतिफल दिने योजना तथा कार्यक्रमको लागि आन्तरिक ऋणको परिचालन गर्ने।
११. ऋणपत्रहरू बिक्री गरी वित्तीय स्रोत संकलन गर्ने।
१२. आयोजना बैंक बनाउने ।
१३. उच्च प्रतिफलयुक्त आयोजनाको लागि वैदेशिक सहयोग उपयोग गर्ने ।

## ७.५ बिषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

| सूचक | एकाइ | आधारबर्ष २०७५/७६ | २०७६/७७ को अनुमान | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
| वित्तीय साक्षरता | संख्या | ४०० | ६०० | ६०० | ६०० | ६०० |
| निजी क्षेत्रको लगानी | रू करोडमा | - | - | - | - | - |
| बजेट खर्च कुल | रू करोडमा | १९५०.८५ | ३२७७.५१ | - | - | - |
| बजेट खर्च पूँजीगत | रू करोडमा | १२६३.१४ | १६७१.८८ | - | - | - |
| बेरूजु रकम | रू करोडमा | - | - | - | - | - |
| आन्तरिक राजश्व संकलन | रू करोडमा | ५९६.५१ | ३९१ | - | - | - |
| बजेट घाटा | रू करोडमा | - | - | - | - | - |
| आन्तरिक ऋण संकलन | रू करोडमा | - | - | - | - | - |
| वैदेशिक ऋण परिचालन | रू करोडमा | - | - | - | - | - |
| वैदेशिक अनुदान परिचालन | रू करोडमा | - | - | - | - | - |

## ७.६ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिबर्षिय अनुमान (अनुसूची २ र ३ को आधारमा तयार गरिएको)

| आ.ब. | बजेट अनुमान (रू.लाखमा) | | | | स्रोत (रू.लाखमा) | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | बित्तिय व्यवस्था | कुल | प्रदेश सरकार | नेपाल सरकार – समानीकरण अनुदान | नेपाल सरकार-समपूरक | नेपाल सरकार – विशेष अनुदान | नेपाल सरकार–सशर्त | वैदेशिक/विकास साझेदारको सहयोग | आन्तरिक ऋण |
| २०७७/७८ | १२६९.९७ | १११०.९७ | १५९.०० | - | - | - | - | - | - | - | - | - |
| २०७८/७९ | १३५१.२९ | ११७५.२९ | १७६.०० | - | - | - | - | - | - | - | - | - |
| २०७९/८० | १५४०.९९ | १३४७.९९ | १९३.०० | - | - | - | - | - | - | - | - | - |

## ७.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| ब.उ.शि. नं. | कार्यक्रम तथा आयोजना | बिशेष क्षेत्रगत रणनीतिक नं. | सुरू हुने र सम्पन्न हुने मिति | कुल लागत (रू. लाखमा) | प्रमुख बार्षिक क्रियाकलापहरू | प्रमुख प्रतिफलहरू | गत आ.व.को प्रगति | बार्षिक बजेट (रू. लाखमा) |
|---|---|---|---|---|---|---|---|---|
| ३०५०० ०११ | लगानी सम्मेलन (स्वदेशी लगानी कर्ता) | | आ.व. २०७७/७८- २०७८/७९ | १०० | १. लगानी सम्मेलन (स्वदेशी लगानीकर्ता) हरूसँग अन्तर संवाद, छलफल<br>२. लगानीमैत्री वातावरणका लागि कानूनको तर्जुमा | लगानी मैत्री वातावरण तयार भई लगानी आवश्यकता र पूँजीको उपलब्धता बीचको फरक कम भएको हुने । लगानीमैत्री कानून निर्माण भएको हुने। | स्वदेशी तथा विदेशी लगानीकर्ताहरूसँग १ वटा सार्वजनिक निजी साझेदार संवाद कार्यक्रम सम्पन्न भएको । | १०० |
| | डिजिटल प्रदेश (Online Reporting System) | | २०७७/७८ -२०७९/८० | ८२.७५ | डिजिटल प्रदेश (Online Reporting System) को अवधारणा कार्यान्वयन | डिजिटल प्रदेशको अवधारणा सफल भएको हुने । | - | २५ |
| | अन्तरप्रदेश अध्ययन अवलोकन भ्रमण तथा अनुभव आदानप्रदान | | २०७७/७८- २०७९/८० | ३९.७२ | १. अन्तरप्रदेश अध्ययन अवलोकन भ्रमण<br>२. प्रदेशका अनुभव आदानप्रदान गरी राम्रा अभ्यासहरूको अनुकरण | अनुभव आदान प्रदानद्वारा संघीयताको सफल कार्यान्वयनमा सहयोगी हुने। | - | १२ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | स्थानीय तहको क्षमता अभिवृद्धि कार्यक्रम | | २०७७/७८-२०७९/८० | ८२.७५ | स्थानीय तहको क्षमता अभिवृद्धिका लागि विभिन्न छलफल तथा अन्तरक्रिया कार्यक्रम सन्चालन | स्थानीय तहको क्षमता अभिवृद्धि भएको हुने । | - | २५ |
| | बजेट सम्बन्धी अन्तरक्रिया | | २०७७/७८-२०७९/८० | ९९.३ | प्रदेश सरकारको बजेट कार्यान्वयन गर्ने विभिन्न निकायहरूसँग बजेट तर्जुमा र कार्यान्वयन सम्बन्धमा अन्तरक्रिया सञ्चालन | यथार्थ बजेट निर्माण र निर्मित बजेटको सफल कार्यान्वयन गरिएको हुने । | - | ३० |
| | कर्मचारी क्षमता विकास कार्यक्रम | | २०७७/७८-२०७९/८० | २९.७९ | कर्मचारी कार्य सम्पादनमा सघाउ पुऱ्याउने खालका तालिम तथा ज्ञान आदानप्रदान (Knowledge sharing) कार्यक्रम सञ्चालन | कर्मचारीको कार्यसम्पादन क्षमता अभिवृद्धि भएको हुने। | मन्त्रालयका कर्मचारीहरूलाई PLMBIS सम्बन्धी तालिमद्वारा PLMBIS चलाउन सक्षम बनाइएको। | ९ |
| | योजना राजस्व र अनुदानको अनुगमन | | २०७७/७८-२०७९/८० | ६६.२ | पालिकाहरूलाई प्रदान गरिएको आयोजना/अनुदानको प्रभावकारी कार्यान्वयनका लागि राजस्व संकलनमा देखिएका समस्या चुनौती समाधान गर्न अनुगमन | १. अनुदानको सही सदुपयोग, प्रभावकारी बजेट कार्यान्वयन भएको हुनेछ ।<br>२. राजश्वको दायरा बढाउने राजस्वको नयाँ श्रोतको पहिचान तथा भैरहेको श्रोतबाट गुणात्मक राजस्व परिचालन भएको हुनेछ । | - | २० |
| | बजेट, राजस्व र अनुदान सम्बन्धी अन्तरक्रिया कार्यक्रम (स्थानीय तहहरूसँगको) | | २०७७/७८-२०७९/८० | ९९.३ | बजेट, राजश्व र अनुदान सम्बन्धी अन्तरक्रिया कार्यक्रम (स्थानीय तहहरूसँगको) सञ्चालन | बजेटको सफल कार्यान्वयन, राजश्व संकलनमा वृद्धि र अनुदानको सही सदुपयोग भएको हुनेछ । | स्थानीय तहहरूसँग राजस्व र अनुदान सम्बन्धी अन्तरक्रिया कार्यक्रमद्वारा बजेटको सही कार्यान्वयन र अनुदानको सदुपयोग भएको | ३० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | बजेट तर्जुमा/MTEF तर्जुमा र PLMBIS सम्बन्धी तालिम | | २०७७/७८-२०७९/८० | १६.५५ | मन्त्रालयका कर्मचारीहरूलाई बजेट तर्जुमा/MTEF तर्जुमा र PLMBIS सम्बन्धी तालिम सञ्चालन | बजेट र MTEF तर्जुमा तथा PLMBIS सञ्चालनमा सहजता भएको हुने । | - | ५ |
| ३०५०१ ०११ | विभिन्न जिल्लामा राजश्व, धरौटी, विनियोजन लगायत आर्थिक प्रशासनसँग सम्बन्धित विषयमा अन्तरक्रिया कार्यक्रम | | २०७७/७८-२०७९/८० | १९.८६ | विभिन्न जिल्लामा राजश्व, धरौटी, विनियोजन लगायत आर्थिक प्रशासनसँग सम्बन्धित विषयमा अन्तरक्रिया कार्यक्रम सञ्चालन | आर्थिक सुशासन, मितव्ययिता कायम भएको हुने । | - | ६ |
| | प्रदेश नं . ५ का स्थानीय निकायमा कार्यरत आर्थिक प्रशासन शाखा प्रमुखहरूसँग अन्तरक्रिया कार्यक्रम | | २०७७/७८-२०७९/८० | १६.५५ | प्रदेश ५ का स्थानीय निकायमा कार्यरत आर्थिक प्रशासन शाखा प्रमुखहरूसँग अन्तरक्रिया कार्यक्रम सञ्चालन | आर्थिक सुशासन,वित्तिय साक्षरता वृद्धि भएको हुने । | स्थानीय तहका आर्थिक प्रशासन प्रमुखसँग अन्तरक्रिया कार्यक्रम १ वटा सम्पन्न भएको | ५ |
| | अन्तर प्रदेश अध्ययन अवलोकन भ्रमण तथा अनुभव आदान प्रदान | | २०७७/७८-२०७९/८० | १३.२४ | १. अन्तर प्रदेश अध्ययन अवलोकन भ्रमण<br>२. अन्तर प्रदेशको अनुभव आदान प्रदान गरी राम्रा प्रयासहरूलाई अनुकरण | अनुभव आदान प्रदान र सफल अभ्यासको अनुकरण भएको हुने । | - | ४ |

## ७.८ जोखिम पक्ष तथा अनुमान

आवश्यकता अनुरूपका सम्पूर्ण श्रोत तथा साधनहरू उपलब्ध नभएमा र प्राकृतिक विपत्त महामारीका कारणले असमान्य अवस्था सिर्जना भएमा उल्लेखित कार्यक्रमहरू सम्पन्न भई अपेक्षित उपलब्धि हासिल हुन नसक्ने जोखिम रहन्छ ।

परिच्छेद : ८

# शान्ति सुरक्षा, सूचना तथा सञ्चार एवम् विपद् न्यूनीकरण

## ८.१ पृष्ठभूमि

नेपालको संविधानले सञ्चार माध्यम र विपद् व्यवस्थापनसम्बन्धी विषयलाई प्रदेश र संघको साझा अधिकार क्षेत्रभित्र समावेश गरेको छ। प्रदेशभित्र विभिन्न प्रकारका आपराधिक घटनाहरूका साथै पछिल्लो समयमा अत्यधिक मात्रामा सडक दुर्घटना हुने गरेको छ। विश्वव्यापी जलवायु परिवर्तन समेतको असरले गर्दा हुनसक्ने अतिवृष्टि, अनावृष्टि, बाढीपहिरो, हुरीवतास, चट्टयाङ्, आगलागी, महामारी लगायतका प्रकोप व्यवस्थापनको पूर्ण तयारी हुनुपर्दछ। अर्कोतर्फ सञ्चार तथा सूचनाको बढ्दो प्रयोगले शान्ति सुरक्षा तथा विपद् व्यवस्थापनमा सहयोग पुगेको छ। प्रदेशको प्रथम आवधिक योजनाले शान्ति सुरक्षा कायम गरी सूचना तथा सञ्चार प्रविधिको व्यापक प्रयोग र विस्तारद्वारा प्रदेशको समृद्धि तथा जनताको खुशीमा योगदान गर्ने लक्ष्य राखेको छ।

## ८.२ प्रमुख समस्या

विकट भूगोल तथा भूईंचालो, हुरी, चटयाङ्, बाढी पहिरोजस्ता प्राकृतिक प्रकोपको जोखिम रहनु, आगलागी तथा सवारी दुर्घटनाजस्ता मानवजन्य विपत्तिहरू भइरहनु, विपद् व्यवस्थापनको लागि दक्ष जनशक्ति तथा आवश्यक सामाग्री पर्याप्त मात्रामा नहुनु, विपद्को पूर्व जानकारी दिने प्रविधि तथा पद्धतिको अभाव हुनु, अपराध तथा घरेलु हिंसाका घटनाहरू घट्नु, टेलिफोन र इन्टरनेट सेवाको सबै जनतामा पहुँच नहुनु तथा पहुँच भएपनि विद्युत् सुविधाको अभावमा ती सेवाहरू गुणस्तरीय नहुनु एवम् आमसञ्चारका साधनमा पर्याप्त पहुँच नहुनु यस क्षेत्रका प्रमुख समस्याहरू हुन्।

## ८.३ चुनौती र अवसर

विपद्को पूर्वानुमान, पूर्वतयारी, सूचना प्रवाह तथा प्रभावकारी उद्धार गर्नु, प्रदेश प्रहरी गठन तथा सञ्चालन गरी आम नागरिकमा शान्ति सुरक्षाको प्रत्याभूति गराउनु र सडक दुर्घटना न्यूनीकरण गर्नु चुनौतीपूर्ण छ। संविधानतः प्रदेश सरकारलाई आवश्यकता अनुरूप कानुन तर्जुमा तथा संशोधन गरी कार्यान्वयन गर्ने अधिकार रहनु, सर्वसाधारणमा न्यायसम्बन्धी सचेतना बढ्दैजानु, आम सञ्चारको क्षेत्र उच्च प्रविधियुक्त तथा विस्तारित हुँदैजानु, विपद् व्यवस्थापनको विषयमा सरकारी तथा गैरसरकारी संस्थाहरूको चासो बढ्दैजानु एवम् सूचना प्रविधिको विकासका लागि ठूलो बजार, युवा जनशक्ति तथा अन्तर्राष्ट्रिय आवद्धता र सन्निकटता रहनु यस क्षेत्रका अवसरहरू हुन्।

## ८.४ आवधिक योजना अनुरूप विषयक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य र रणनीति

### ८.४.१ शान्ति सुरक्षा

**दीर्घकालीन सोच**

शान्त, संयमित, हिंसारहित सुरक्षित र न्यायपूर्ण समाज निर्माण।

**लक्ष्य**

प्रदेशमा शान्ति सुरक्षाको प्रत्याभूति गराउने।

**उद्देश्य**

प्रदेशमा प्रभावकारी शान्ति सुरक्षा तथा अमनचयन व्यवस्था कायम गर्नु।

**रणनीति**

१. शान्तिसुरक्षा कायम राख्न प्रादेशिक संस्थागत क्षमता बनाउने।
२. दक्षता, क्षमता अभिवृद्धि गर्न नियमित तालिम प्रदान गर्नुका साथै आधुनिक प्रविधिको प्रयोग बढाउने।
३. अपराधिक गतिविधि कम गर्न सुरक्षासम्बन्धी सामाजिक चेतना अभिवृद्धि गर्ने।
४. शान्ति सुरक्षा कायम गर्न संघीय सरकार, स्थानीय तह र अन्य सरोकारवालासँग सहकार्य गर्ने।

## ८.४.२ सूचना तथा सञ्चार

**दीर्घकालीन सोच**

सूचना र सञ्चार प्रविधिको सहज पहुँच र भरपुर उपभोगमार्फत आर्थिक र सामाजिक समुन्नति।

**लक्ष्य**

सबै बस्तीहरूमा टेलिफोन र इन्टरनेटको सहज पहुँच पुऱ्याउने।

**उद्देश्य**

सूचना प्रविधिको विस्तार एवम् व्यवस्थित प्रयोग गरी सरकारी कामकाज र सेवा प्रवाहमा सुधार, उत्पादन तथा उत्पादकत्व वृद्धि र आर्थिक समृद्धिमा सहयोग पुऱ्याउनु।

**रणनीति**

१. सूचना प्रविधिको विकास तथा व्यवस्थित प्रयोग गर्न कानूनी एवम् संस्थागत व्यवस्था गर्ने।
२. सूचना प्रविधिको पहुँच विस्तार तथा आर्थिक, सामाजिक विकासका क्षेत्रमा व्यापक प्रयोग गर्ने।
३. प्रादेशिक सूचना प्रविधि पार्क सञ्चालन गर्ने।

## ८.४.३ विपद् जोखिम न्युनिकरण र जलवायु परिवर्तन व्यवस्थापन

**दीर्घकालीन सोच**

विपद्को घटना र यसको असर एवम् प्रभाव न्यूनीकरण भएको अवस्था।

**लक्ष्य**

जलवायु परिवर्तन, प्राकृतिक प्रकोप तथा विपद् सिर्जित हानि र नकारात्मक प्रभाव न्यून गर्ने।

**उद्देश्य**

१. विपद् जोखिम न्यूनीकरण, पूर्वानुमान तथा व्यवस्थापन गरी विपद्ले बढाउने गरिबी र सङ्कट न्यून गर्नु।
२. विपद्को प्रभाव न्यूनीकरण गरी तदारूकताका साथ उद्धार, राहत, प्रतिकार्य र यथाशीघ्र पुनरूत्थान गर्नु।
३. जलवायु परिवर्तन अनुकूलित हुनेगरी आर्थिक गतिविधि सञ्चालन गर्नु।

**रणनीति**

१. प्रदेशको अवस्था अनुरूपका भूमि तथा बस्ती व्यवस्थापन गर्ने।
२. विपद् सिर्जित गरिबी न्यूनीकरणका लागि विशेष कार्यक्रमहरू सञ्चालन गर्ने।

३. विपद्ले असर गर्नसक्ने स्थानहरूको पहिचान गरी सम्भावित प्रभावको न्यूनीकरण गर्ने।
४. पूर्व तयारी गरी विपद् व्यवस्थापनमा प्रभावकारिता ल्याउने।
५. भवन तथा संरचना निर्माणका संहिता कडाइका साथ लागू गर्ने।
६. विपद् पश्चातको व्यवस्था, शीघ्र उद्धार, प्रति कार्य तथा राहत प्रदानलाई प्रभावकारी ढंगले सञ्चालन गर्ने।
७. जलवायु परिवर्तन अनुकुलनको कार्यक्रम लागू गर्ने।

### ८.४.४ आम सञ्चार

**दीर्घकालीन सोच**

सबै प्रदेशबासीहरूमा आम सञ्चारको सहज पहुँच र यसको माध्यमबाट समाजको सकारात्मक रूपान्तरण।

**लक्ष्य**

विकासमैत्री ढंगले आम सञ्चारको विकास र विस्तार गर्ने।

**उद्देश्य**

१. आम सञ्चारको पहुँच विस्तार र क्षमता तथा व्यवसायिकताको विकास गर्नु।
२. आम सञ्चार माध्यमको योगदान समेतबाट प्रादेशिक समृद्धिको लक्ष्य हासिल गर्नु।

**रणनीति**

१. आम सञ्चारमा पहुँच, व्यावसायिकता र संस्थागत क्षमता बढाउने।
२. सकारात्मक, खोजमूलक र विकासमूखी सञ्चारको प्रवर्द्धन गर्ने।
३. प्रदेश सरकारका गतिविधिहरूलाई जनसमक्ष पुऱ्याउन सम्प्रेषणको व्यवस्था गर्ने।

## ८.५ विषयक्षेत्रगत नतिजा सूचक र लक्ष्य

| प्रमुख सूचकहरू | एकाइ | आधार बर्ष २०७५/७६ | २०७६/ ७७ को अनुमान | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
| शान्ति सुरक्षा | | | | | | |
| प्रदेश प्रहरी, प्रहरी चौकी निर्माण | संख्या | | १२ | १२ | २० | ३० |
| सुधार भएका कारागार भवन संख्या | संख्या | १२ | १३ | | | |
| निर्माण भएका कारागार भवन संख्या | | | | ३ | ३ | ३ |
| तालिम प्राप्त बन्दी | संख्या | ४५० | १५०० | १५०० | १५०० | १५०० |
| सिसिटिभी जडान | संख्या | ४३ | ४३ | ८६ | १२० | १५० |
| सामाजिक जागरणमा समेटिएका व्यक्ति | संख्या | १५०० | २००० | २२०० | २५०० | २८०० |
| अपराधिक घटना | संख्या | | | | | |
| कारागारमा बन्दीहरूबाट भएको उत्पादन | रू करोडमा | | | | | |
| सूचना तथा सञ्चार | | | | | | |
| १५ देखि ४९ वर्ष उमेरका इन्टरनेटमा पहुँच पुगेका महिला (दिविल १७.८) | प्रतिशत | १९.५ | | | | |

| प्रमुख सूचकहरू | एकाइ | आधार बर्ष २०७५/७६ | २०७६/ ७७ को अनुमान | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
| १५ देखि ४९ वर्ष उमेरका इन्टरनेटमा पहुँच पुगेका पुरूष (दिविल १७.८) | प्रतिशत | ४५.५ | | | | |
| १५ देखि ४९ वर्ष उमेरका मोबाइल प्रयोग गर्ने महिलाको अनुपात (दिविल ५.वि १) | प्रतिशत | ६९.७ | | | | |
| १५ देखि ४९ वर्ष उमेरका मोबाइल प्रयोग गर्ने पुरूषको अनुपात (दिविल ५.वि १) | प्रतिशत | ८८.७ | | | | |
| इन्टरनेट पुगेका घरपरिवार | % | | | | | |
| विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तन व्यवस्थापन | | | | | | |
| विपद्मा परी ज्यान गुमाउने | संख्या | | | | | |
| विपद्मा परी घाइते | संख्या | | | | | |
| विपद्बाट आर्थिक क्षति | रू करोडमा | | | | | |
| विपद्बाट प्रभावित घरपरिवार | संख्या | ९२ | | | | |
| विपद् प्रभावितलाई उपलव्ध गराइएको रकम | रू लाखमा | २२४ | | | | |
| जिल्लामा विपद् व्यवस्थापन | संख्या | | | | | |
| आम सञ्चार | | | | | | |
| प्रादेशिक रेडियो | संख्या | | | | | |
| प्रादेशिक टेलिभिजन | संख्या | | | | | |
| प्रादेशिक पत्रपत्रिका | संख्या | | | | | |

## ८.६ विषयक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान (अनुसूची २ र ३ को आधारमा तयार गरिएको)

(रू. लाखमा)

| आ.ब. | बजेट अनुमान | | | | स्रोत | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | प्रदेश सरकार | नेपाल सरकार - समानीकरण अनुदान | नेपाल सरकार - समपूरक | नेपाल सरकार - विशेष अनुदान | नेपाल सरकार सशर्त– | वैदेशिक/ विकास साजेदारको सहयोग | आन्तरिक ऋण |
| २०७७/७८ | ७०८९.९९ | २३३०.९९ | ४७५९.०० | - | - | - | - | - | - | - | - | - |
| २०७८/७९ | ३९५१.३८ | १७२१.८८ | २२२९.५० | - | - | - | - | - | - | - | - | - |
| २०७९/८० | ४०४२.३६ | १८००.६६ | २२४१.७० | - | - | - | - | - | - | - | - | - |

## ८.७ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| ब.उ.शि. नं. | कार्यक्रम/ आयोजना | बिशेष क्षेत्रगत रणनीतिक नं. | सुरू हुने रसम्पन्न हुने मिति | कुल लागत (रू.लाखमा) | प्रमुख बार्षिक क्रियाकलापहरू | प्रमुख प्रतिफलहरू | गत आ.ब.को प्रगति | बार्षिक बजेट (रू. लाखमा) |
|---|---|---|---|---|---|---|---|---|
| ३१४०० ०१२ | सुशासन प्रवर्द्धन, क्षमता विकास तथा विपद् व्यवस्थापन | ७.१-४ ७.१-५ ८.६-२ ८.६-३ ८.६-४ | २०७७/७८ -०७९/८० | | ८ वटा हेलीप्याड निर्माण (अन्य सार्वजनिक निर्माण) | विपद् राहत तथा उद्धार कार्य प्रभावकारी भएको हुने। | २२ वटा हेलीप्याड निर्माण भएको। | ५० |
| | | | २०७७/७८ -०७९/८० | | विपद् पूर्वतयारी सम्बन्धी गोष्ठि (उद्यमशीलता, रोजगारी मुलक/ सशक्तिकरण/सिप विकास तथा क्षमता अभिवृद्धि तालिम) | विपद् जोखिम, न्यूनीकरण तथा व्यवस्थापन प्रभावकारी भएको हुने। | २०० जनाको सहभागितामा कार्यक्रम सम्पन्न भई विपद् पूर्वतयारीका सम्बन्धमा रणनीति बनाउन सहज भएको। | ९ |
| | | | २०७७/७८ -०७९/८० | | विपद्को उच्च जोखिममा रहेका स्थानीय तहलाई विपद् प्रतिकार्य तालिम सञ्चालन (जनचेतना तालिम) | विपद् व्यवस्थापन सम्बन्धी तालिम प्राप्त जनशक्ति निर्माण भएको हुने। | | ४० |
| | | | २०७७/७८ | | विपद् उद्धार कार्य | विपद् उद्धार कार्य प्रभावकारी भएको हुने। | | ५० |
| | | | २०७७/७८ | | विपद् व्यवस्थापन सामाग्री खरिद (उद्धार, राहत तथा पुनर्स्थापना) | विपद् व्यवस्थापन सम्बन्धी सामाग्री खरिद भई भण्डारण गरिएको हुने । | ८३ प्रकारका विपद् व्यवस्थापन सामाग्रीहरू खरिदको प्रक्रियामा रहेको। | २०० |

| ब.उ.शि. नं. | कार्यक्रम/ आयोजना | बिशेष क्षेत्रगत रणनीतिक नं. | सुरू हुने रसम्पन्न हुने मिति | कुल लागत (रू.लाखमा) | प्रमुख बार्षिक क्रियाकलापहरू | प्रमुख प्रतिफलहरू | गत आ.ब.को प्रगति | बार्षिक बजेट (रू. लाखमा) |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७७/७८ | | प्रदेशको विपद् जोखिम क्षेत्रहरूको पहिचान र नक्सांकन | विपद् व्यवस्थापन मा सहयोग भएको हुने। | | १५ |
| | | | २०७७/७८ -०७९/८० | | प्रदेश स्तरीय विपद् व्यवस्थापन गोष्ठि | विपद् व्यवस्थापन रणनीति बनाउन सहज हुने | | १० |
| | | | २०७७/७८ | | इन्टिग्रेटेड डिजास्टर म्यानेजमेन्ट एण्ड अर्ली वार्निङ्गसिस्टम | सम्भावित विपद्को पूर्व तयारीका लागि प्रयोग भएको हुने। | प्रदेशका १२ जिल्लाका जिल्ला प्रशासन कार्यालयलाई अख्तियारी दिई कार्य सम्पन्न गरिएको । | १०० |
| | | | २०७७/७८ | | कोभिड-१९ भाइरस रोकथाम तथा नियन्त्रण विशेष परिचालन कार्य | सम्भावित विपद्को पूर्व तयारीका लागि प्रयोग भएको हुने। | | १०० |
| | | | २०७७/७८ | | स्थानीय न्यायिक समितिको क्षमता विकास कार्यक्रम | न्यायिक समितिका पदाधिकारिहरूको क्षमता विकास भएको हुने। | १५० जना सरोकारवालाहरूलाई प्रशिक्षण दिईएको । | १८ |
| | | | २०७७/७८ | | प्रदेश सभा सदस्यहरूका लागि कानून तर्जुमा, विधायन व्यवस्थापन गोष्ठि | प्रदेशसभा सदस्यहरू लाइ विधायन व्यवस्थापन र कानुन निर्माणमा उपयोग गरिएको हुने। | प्रदेश सभा सदस्यहरूका लागि बुटवलमा गोष्ठि सम्पन्न भएको । | ६ |
| | | | २०७७/७८ | | प्रदेश/स्थानीय तहमा कार्यरत कर्मचारीहरूलाई कानून तर्जुमा एवम् विधायन व्यवस्थापन सम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रम | कानूनतर्जुमा तथा निर्माण भएको हुने। | | ६ |
| | | | २०७७/७८ | | सामाजिक कुरीति, घरेलु हिंसा तथा आत्महत्या न्यूनीकरणको लागि दुईदिने जिल्लास्तरिय सचेतना कार्यक्रम | सामाजिक सचेतना अभिवृद्धि भई सामाजिक अपराधमा कमी आएको हुने । | | ७.५ |
| | | | २०७७/७८ | | फौजदारी तथा देवानी संहिता सम्बन्धी अनुशिक्षण | कानूनको जानकारी भई कानूनको पालना गर्ने | करिब २०० जना व्यक्तिहरूलाई अनुशिक्षण | ७.५ |

| ब.उ.शि. नं. | कार्यक्रम/ आयोजना | बिशेष क्षेत्रगत रणनीतिक नं. | सुरू हुने रसम्पन्न हुने मिति | कुल लागत (रू.लाखमा) | प्रमुख बार्षिक क्रियाकलापहरू | प्रमुख प्रतिफलहरू | गत आ.ब.को प्रगति | बार्षिक बजेट (रू. लाखमा) |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | परिपाटीको विकास भएको हुने। | प्रदान गरिएको । | |
| | | | २०७७/७८ | | महिलातथा असहाय बालबालिका कैदी बन्दीलाई निशुल्क कानूनी परामर्श सञ्चालन | महिला तथा असहाय बालवालिका कैदी बन्दीले निशुल्क कानूनी परामर्शद्वारा लाभान्वित हुने । | | ५ |
| | | | २०७७/७८ | | प्रदेश प्रहरी अस्पताललाई एम्बुलेन्स खरीद | प्रदेश प्रहरी अस्पतालको उपचार सेवा प्रभावकारी भएको हुने। | | १२५ |
| | | | २०७७/७८ | | प्रदेश डिजिटल फरेन्सिक ल्याब स्थापना तथा सञ्चालन | प्रहरी प्रशासन सुविधा सम्पन्न भई शान्ति सुरक्षा सबल हुने। | | ४५ |
| | | | २०७७/७८ -०७९/८० | | प्रदेश प्रहरी चौकी भवन निर्माण | प्रदेश प्रहरी चौकी निर्माण भएको हुने। | | २००० |
| | | | २०७७/७८ -०७९/८० | | सुरक्षा चेक जाँच पोष्ट निर्माण | सुरक्षा चेक जाँच पोष्ट निर्माण गरिएको हुने । | | २५ |
| ३१४०० ०१३ | शान्ति सुरक्षाव्यवस्थापन तथा सूचना र सञ्चार क्षेत्रको प्रवर्द्धन | ७.२ र ८.५ का सबै | २०७६/७७ -०७८/७९ | | भि.एम.एस. सिस्टममा कम्प्याटिबल हुने गरी सि. सि.टि.भी. प्रणाली जडान | प्रदेशको सुरक्षा सबल भएको हुने। | | २०० |
| | | | २०७७/७८ | | जिल्लास्तरीय सुरक्षा व्यवस्थापन तथा अपराध नियन्त्रणसम्बन्धी अन्तरक्रिया तथा छलफल | प्रभावकारी सुरक्षा व्यवस्थापन भएको हुने। | | १२ |
| | | | २०७७/७८ | | प्रदेश स्तरीय सुरक्षा कार्यक्रम | सुरक्षा व्यवस्थापन मा प्रभावकारिता आएको हुने। | १२ वटै जिल्लाका प्र.जि.अ. लगायत सबै सुरक्षा निकायका प्रमुखहरूको सहभागितामा २ दिने सुरक्षा गोष्ठि सम्पन्न भएको। | ४० |
| | | | २०७७/७८ | | अन्तरप्रदेश आन्तरिक मामिला तथा कानून मन्त्रालयस्तरीय अन्तरक्रिया कार्यक्रम | अनुभव आदान-प्रदानद्वारा सरोकारवालाहरू सुसुचित भएका हुने। | | ३० |

| ब.उ.शि. नं. | कार्यक्रम/ आयोजना | बिशेष क्षेत्रगत रणनीतिक नं. | सुरू हुने रसम्पन्न हुने मिति | कुल लागत (रू.लाखमा) | प्रमुख बार्षिक क्रियाकलापहरू | प्रमुख प्रतिफलहरू | गत आ.ब.को प्रगति | बार्षिक बजेट (रू. लाखमा) |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७७/७८ | | प्रदेश सुरक्षा नीति तर्जुमा | प्रदेशसुरक्षा नीति निर्माण भएको हुने। | प्रदेश सुरक्षा नीति तर्जुमाको क्रममा रहेको । | १० |
| | | | २०७७/७८ | | मन्त्रालयको भि.एम.एस. प्रविधिमा आधारित सुरक्षा प्रणाली जडान | भि.एम.एस. प्रविधिमा आधारित सुरक्षा प्रणालीद्वारा सुरक्षा सुनिश्चित भएको हुने। | | २० |
| | | | २०७७/७८ | | कारागार भवन डि.पि.आर. तथा निर्माण | कारागारभवन निर्माण कार्य सम्पन्न भएको हुने। | | ४५० |
| | | | २०७७/७८ | | कारागारका कैदी बन्दीको व्यावसायिक सिप तथा क्षमता विकास कार्यक्रम | कारागारका कैदी बन्दीको व्यावसायिक सिप विकासबाट उत्पादनका कार्यहरूमा थप टेवा पुगेको हुने । | १२वटै कारागारका कैदीवन्दीहरूको छनौट गरी कार्यक्रम सञ्चालनगरिएको । | ३० |
| | | | २०७७/७८ | | द्वन्द्व प्रभावितस्वरोजगार कार्यक्रम | द्वन्द्व प्रभावित स्वरोजगार कार्यक्रम (उद्यमशीलता, रोजगारी मुलक / सशक्तिकरण / सिप विकास तथा क्षमता अभिवृद्धि तालिम हुने। | | ३०० |
| | | | २०७७/७८ | | द्वन्द्व प्रभावित घाइते तथा अपाङ्गहरूको उपचार | द्वन्द्व प्रभावित घाइते तथा अपाङ्गको उपचारले सम्बन्धित सबैको स्वास्थ्य अवस्था सुधार भएको हुने । | २२ जनाको उपचार भएको । | ५० |
| | | | २०७७/७८ | | लागु औषध दुर्व्यसन न्यूनीकरणको लागि जनचेतनामूलक कार्यक्रम | लागूऔषध दूर्व्यसनीमा न्यूनता आउने। | नवलपरासी र रूपन्देही जिल्लामा लागुऔषध दूर्व्यसन न्यूनीकरणको लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन भएको। | १० |
| | | | २०७७/७८ | | प्रदेशभित्रका पत्रकारहरूको क्षमता अभिवृद्धि कार्यक्रम | प्रदेश स्तरीय सञ्चारकर्मीको क्षमता विकास भएकोहुने। | दाङ्गको घोराहीमा पत्रकारहरूको क्षमता | २० |

| ब.उ.शि. नं. | कार्यक्रम/ आयोजना | बिशेष क्षेत्रगत रणनीतिक नं. | सुरू हुने रसम्पन्न हुने मिति | कुल लागत (रू.लाखमा) | प्रमुख बार्षिक क्रियाकलापहरू | प्रमुख प्रतिफलहरू | गत आ.ब.को प्रगति | बार्षिक बजेट (रू. लाखमा) |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | अभिवृद्धि कार्यक्रम सञ्चालन भएको। | |
| | | | २०७७/७८ | | सञ्चार माध्यम तथा सञ्चारकर्मी सम्मान | सञ्चार माध्यम तथा सञ्चारकर्मीको सम्मानले थप हौसला प्रदान गरेको हुने। | | ५ |
| | | | २०७७/७८ | | चलचित्र एवम् वृत्तचित्र विकास सम्बन्धी सरोकारवालाहरूसँग अन्तरक्रिया तथा छलफल कार्यक्रम | चलचित्रको क्षेत्रमा गर्नुपर्ने कार्यहरूका बारेमा मार्गनिर्देशन तय गरिएको हुने। | | १० |

## ८.८ जोखिम पक्ष तथा अनुमान

संघ तथा स्थानीय तहको समन्वय र सहकार्यमा प्रदेश सरकारले गर्ने प्रयासहरूले शान्ति सुरक्षामा उल्लेख्य सुधार हुने अनुमान गरिएको छ। सूचना तथा सञ्चार प्रविधिको विकासमा रणनैतिक हिसाबले प्रयास गरिएको हुने र त्यसैअनुरूप आर्थिक तथा सामाजिक समुन्नति हासिल हुने अनुमान छ। विपद् व्यवस्थापन गर्नको लागि पूर्वतयारी, जनशक्ति तथा प्रविधिहरूको यथेष्ट व्यवस्था गरिनेछ। यी सबैका बाबजुद शान्ति सुरक्षा खलबलिने जोखिमहरू, सूचना तथा सञ्चार प्रविधिका नयाँ विकासक्रमले निम्त्याउने जोखिमहरू, अप्रत्याशित र अनपेक्षित हिसाबले आउन सक्ने महामारी तथा प्राकृतिक प्रकोपका जोखिमहरू र जलवायु परिवर्तनले निम्त्याउने जोखिमहरूले अपेक्षित उपलब्धि हासिल हुन असर गर्न सक्छन्।

परिच्छेद : ९

# मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय

## ९.१ पृष्ठभूमि

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेशको कार्यकारिणी अधिकारको प्रयोग गर्ने र प्रदेशभित्रको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने काममा प्रदेश सरकारलाई सहयोग गर्ने प्रमुख निकाय हो। प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम यस कार्यालय प्रदेशस्तरीय सार्वजनिक प्रशासन सञ्चालन गर्ने निकायको रूपमा रहेको छ। प्रदेश सरकारका मन्त्रालय एवम् निकायहरूबाट सम्पादन हुने कार्यहरूको रेखदेख, नियन्त्रण, निरीक्षण, समन्वय, अनुगमन मूल्याङ्कन, प्रदेशमा सुशासन प्रवर्द्धन, शासकीय सुधार तथा भ्रष्टाचार नियन्त्रण, मानव अधिकारको संरक्षण र प्रवर्द्धन, प्रदेशस्तरीय प्रशासनिक, आर्थिक, सामाजिक, राजनीतिक, भौतिक पूर्वाधार विकास तथा शान्ति सुव्यवस्थाको गतिविधिका बारेमा जानकारी लिनु तथा अनुगमन गर्नु यस कार्यालयबाट सम्पादन हुने प्रमुख कार्यहरू हुन्। विश्वव्यापी रूपमा फैलिएको कोभिड-१९ को महामारीबाट आक्रान्त हुँदा यस कार्यालयका प्रमुख कार्यहरू प्रभावकारी रूपमा सम्पादन गर्न कठिन भएको र यसबाट सुशासन प्रवर्द्धन र शासकिय सुधारमा असर पुगेको छ।

तथ्यपरक एवम् नतिजामूलक नीति निर्णय प्रक्रिया, निर्णयहरूको प्रभावकारी रूपमा कार्यान्वयन, विश्वशनीय, परिणाममूखी, उत्तरदायी र सक्षम प्रशासनयन्त्र, सदाचारिताको प्रवर्द्धन, प्रभावकारी कानूनी व्यवस्था एवम् शून्य सहनशीलतामार्फत् भ्रष्टाचार नियन्त्रण, नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास जस्ता पक्षहरूलाई संस्थागत र प्रवर्द्धन गर्दै "समृद्ध प्रदेश खुशी जनता" अभियानलाई साकार पार्न यस कार्यालयले नीति निर्माण र कार्यान्वयनमार्फत आवश्यक पर्ने कानूनको तर्जुमा, शासकीय सुधारको व्यवस्था, भ्रष्टाचारको अन्त्य, कोभिड-१९ का असर न्यूनीकरण गर्ने बिशेष कार्यक्रम र प्रशिक्षण लगायतका कार्यहरू सम्पादन गर्ने उद्देश्यका साथ मध्यमकालीन खर्च संरचनाको प्राथमिकताभित्र रही बार्षिक कार्यक्रम तयार गरिएको छ।

## ९.२ प्रमुख समस्या

अधिकार क्षेत्र र काम कर्तव्यका हिसाबले तीन तहका सरकारबीच स्पष्टता भइनसक्नु, प्रदेशको अधिकार क्षेत्रभित्रका लागि पर्याप्त कानूनहरू निर्माण गर्न बाँकी रहनु, विकास निर्माणका काममा समन्वय, विश्वास, गुणस्तर, कार्यक्षमता लगायतका समस्या विद्यमान रहनु, आयोजना तथा सार्वजनिक प्रशासनमा इमान्दारिता एवम् सदाचारिताको स्तर खस्किँदै जानु, भ्रष्टाचारजन्य कार्यको गहिराइमा पुगेर परिक्षण गर्न कठिनाइ हुनु, भ्रष्टाचारजन्य क्रियाकलापहरूलाई सामाजिक अपराधको रूपमा स्थापित गरी यस्ता कार्य गर्नेहरूको मनोबललाई खस्काउन तथा शून्य सहनशीलताको नीतिको प्रभावकारी रूपमा कार्यान्वयन गर्न नसकिनु, समाजमा सदाचारको संस्कार र मूल्य-मान्यतालाई स्थापित गर्न नसकिनु, पछौटेपन र गरिबी विद्यमान हुनुलाई प्रमुख समस्याको रूपमा चित्रण गर्न सकिन्छ।

## ९.३ चुनौती तथा अवसर

सार्वजनिक सेवा प्रवाहमा प्रभावकारिता, गुणस्तरीयता एवम् मितव्ययिता अपनाई जनताको सरल र सहज पहुँच कायम गर्नु, सुशासन र भ्रष्टाचार नियन्त्रणका लागि आवश्यक कानून निर्माण र संस्थागत व्यवस्था गर्नु, प्रदेशको समृद्धिका लागि आवश्यक स्रोतसाधनको उपलब्धता र यथोचित उपयोग गर्नु प्रमुख चुनौतीका रूपमा रहेका छन्।

प्रदेशको प्रथम आवधिक योजना तयार भइसकेकोले योजनावद्ध विकास निर्माण कार्यहरूको तर्जुमा र कार्यान्वयन गर्न सकिने, प्रदेश सरकारसँगका जनताका सकारात्मक अपेक्षाहरूलाई बीचको तहमा रहेको सरकारका रूपमा तत्काल कार्यान्वयन र आवश्यक समन्वय गर्न सकिने, भ्रष्टाचार नियन्त्रण गर्नेसम्बन्धी कार्यहरूमा नेपाल सरकार, आम नागरिक, नागरिक समाज, संचारजगतबाट समेत सशक्त सहयोग हुनेजस्ता अवसरहरू रहेका छन्।

## ९.४ दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र रणनीति

**दीर्घकालीन सोच**

संविधानबमोजिम प्रदेशको कार्यकारिणी अधिकारको प्रयोग र प्रदेशको समृद्धि तथा प्रदेशबासीको खुशीका निमित्त अनुकुल वातावरण तयार गर्ने उत्कृष्ट निकाय।

**ध्येय**

प्रदेशको सार्वजनिक नीति तर्जुमा तथा निर्णय प्रक्रियालाई तथ्यपरक तथा नतिजामूलक बनाउनु र माननीय मुख्यमन्त्रीलाई कर्तव्य र जिम्मेवारी समयमै, दक्षतापूर्ण एवम् प्रभावकारी हिसावले वहन गर्न सहयोग गर्नु।

**लक्ष्य**

१. प्रदेश सरकार (मन्त्रिपरिषद्) का निर्णयहरूलाई तथ्यपरक एवम् कानूनसम्मत गराउन व्यवस्थित तरिकाले तथ्य तथा सूचनामा आधारित प्रस्तावहरू तयार गर्नु/गराउनु।
२. प्रदेश अन्तर्गतका निकायहरूको कार्यप्रक्रिया तथा सेवा प्रवाहमा पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्दै सुशासन प्रवर्द्धन गर्नु।
३. प्रदेशको समृद्धिका लागि विकास योजना, कार्यक्रम तथा आयोजनाको तर्जुमा तथा कार्यान्वयन हुने वातावरण सिर्जना गर्नु र विकास नतिजा हासिल गर्न समन्वय, अनुगमन तथा मूल्याङ्कन गर्नु।

**उद्देश्य**

१. प्रदेश सरकार (मन्त्रिपरिषद्) का निर्णयहरूलाई तथ्यपरक एवम् नतिजामूलक वनाउनु ।
२. प्रदेश सरकारका निर्णयहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्नु, गराउनु ।
३. प्रदेशको प्रशासनयन्त्रलाई विश्वसनीय, परिणाममूखी, उत्तरदायी र सक्षम बनाउनुका साथै प्रदेशका संरचना र जनशक्तिको व्यवस्थित परिचालन गरी सेवा प्रवाहलाई प्रभावकारी वनाउनु ।
४. सदाचारिताको प्रवर्द्धन, प्रभावकारी कानूनी व्यवस्था एवम् शून्य सहनशीलतामार्फत भ्रष्टाचार नियन्त्रण गर्नु।
५. प्रदेशको समृद्धिका निमित्त बढी प्रतिफलदायी विकास नीति, योजना, कार्यक्रम र आयोजना तर्जुमा हुने वातावरण सिर्जना गर्नु।
६. विकास निर्माण कार्यलाई समन्वयात्मक रूपमा र अनुगमन तथा मूल्याङ्कन प्रणालीको प्रभावकारितामार्फत नतिजामूलक वनाउनु ।

**रणनीति**

१. प्रदेश सरकारका नीति तथा निर्णय प्रक्रियालाई आवश्यक सूचना तथा तथ्याङ्क व्यवस्थित रूपमा उपलब्ध गराउने।
२. नीति एवम् निर्णय प्रक्रियालाई विश्वसनीय बनाउन सहभागितामूलक पद्धति अवलम्वन गर्ने ।
३. विद्युतीय शासन प्रणालीको विकास एवम् विस्तार गर्ने ।
४. सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, जनउत्तरदायी वनाउन संस्थागत सुदृढीकरण गर्ने।

५. जनआकांक्षा र जनगुनासो व्यवस्थापन प्रणालीको विकास गर्ने।
६. सार्वजनिक सेवा प्रवाहको अनुगमन तथा मूल्याँकनलाई नतिजामूलक एवम् प्रभावकारी बनाउने।
७. मानव अधिकारको संरक्षण एवम् प्रवर्द्धन हुने वातावरण सिर्जना गर्ने।
८. मन्त्रालयहरू, प्रमुख विकास आयोजनाहरू, सेवा प्रदायक निकायहरू र अन्य निकायहरूमा कार्यसम्पादन सूचकमा आधारित नतिजामूलक व्यवस्थापन पद्धति लागू गर्ने।
९. भौतिक पूर्वाधार विकासमा प्रभावकारिता अभिवृद्धिका लागि सहकार्य, समन्वय र सहभागितामूलक विधि अवलम्वन गर्ने।
१०. निर्णय निर्माण एवम् कार्यान्वयनमा सहजीकरण र एकरूपता कायम गर्न एकिकृत तथ्याङ्क पद्धतिको विकास गर्ने।

## ९.५ आवधिक योजना अनुरूपका विषयक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य र रणनीति

### ९.५.१ सुशासन तथा भ्रष्टाचार नियन्त्रण

**दीर्घकालीन सोच**

भ्रष्टाचारमुक्त असल शासनको प्रत्याभूति गराई सदाचारयुक्त समाजको निर्माण।

**लक्ष्य**

प्रदेशको सार्वजनिक क्षेत्रमा हुने भ्रष्टाचार र अनियमितता नियन्त्रण गरी सुशासन सुनिश्चित गर्ने।

**उद्देश्य**

१. भ्रष्टाचार र अनुचित कार्यनिर्मूल गर्नु र सदाचारको संस्कृति प्रवर्द्धन गर्नु।
२. प्रदेश अन्तर्गतको सरकारी सेवालाई जवाफदेही, जनउत्तरदायी र पारदर्शी बनाई विधिको शासन र सुशासन कायम गर्नु।

**रणनीति**

१. नैतिकता र सदाचारको संस्कृतिलाई बढावा दिई प्रदेशबाट प्रवाह हुने सार्वजनिक सेवाहरूलाई गुणस्तरीय, मितव्ययी, एवम् पहुँचयोग्य बनाउने।
२. प्रदेशको विकास निर्माण कार्यहरूलाई तोकिएको मापदण्ड बमोजिम समयमा सम्पन्न गर्ने।
३. विकास कार्यक्रमहरूमा सार्वजनिक लेखापरीक्षणलाई अनिवार्य बनाउने।
४. भ्रष्टाचारको सवालमा शून्य सहनशीलताको नीति अबलम्बन गरी सरकारी कामकाजलाई निष्पक्ष, नतिजामूखी, पारदर्शी, जवाफदेही एवम् जनउत्तरदायी बनाउने।
५. सुशासन कायम गर्ने तथा भ्रष्टाचार नियन्त्रणसम्बन्धी कानून तर्जुमा गरी नागरिक समाज र समुदाय समेतको सहयोग र सहकार्यमा कार्यान्वयनमा ल्याउने।
६. मानव अधिकारको संरक्षण र प्रवर्द्धन गर्ने गराउने।

### ९.५.२ कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन

**दीर्घकालीन सोच**

प्रभावकारी अनुगमन तथा मूल्यांकन प्रणाली मार्फत कार्यान्वयन एवम् जवाफदेहिताको सुनिश्चितता।

लक्ष्य

प्रभावकारी कार्यान्वयन संरचना एवम् स्वचालित अनुगमन तथा मूल्यांकन प्रणाली मार्फत सिकाइ र जवाफदेहिता सुनिश्चित गरी तथ्यपरक नीति निर्माणलाई संस्थागत गर्ने।

उद्देश्य

१. विकास आयोजना तथा  कार्यक्रमहरूको कार्यान्वयन पूर्व निर्धारित परिमाण, गुणस्तर, समय र लागतमै सम्पन्न गर्नु।
२. नतिजामूलक एवम् स्वचालित अनुगमन तथा मूल्यांकन प्रणाली संस्थागत गरी निर्णय प्रक्रियालाई तथ्यमा आधारित गर्नुका साथै जवाफदेहिता सुनिश्चित गर्नु।

रणनीति

१. योजनाको कार्यान्वयनको लागि चुस्त तथा  प्रभावकारी संरचना निर्माण गर्ने।
२. सरोकारवालाहरूसँगको सहकार्यमा प्रदेशको प्राथमिकता अनुसार आयोजनाहरूको कार्यान्वयन गर्ने।
३. अनुगमन तथा मूल्यांकनका लागि आवश्यक नीतिगत व्यवस्था गरी प्रदेशका सबै निकाय र सबै स्थानीय तहमा स्वचालित अनुगमन प्रणालीलाई संस्थागत गर्ने।
४. अनुगमन तथा मूल्यांकनबाट प्राप्त पृष्ठपोषणको बहुउपयोग नीति अवलम्बन गर्ने।
५. साधन स्रोतको उपलब्धताको सुनिश्चितताका साथै  जनशक्तिको क्षमता विकास गर्ने।

## ९.५.३ अन्तर सरकारी तहगत समन्वय र सहकार्य

दीर्घकालीन सोच

तीन तहको सरकारहरू बीच प्रभावकारी समन्वय र सहकार्य गर्दै समृद्धि हासिल।

लक्ष्य

तीन तहको सरकारहरूबीच सहकार्य र समन्वय गर्दै सरकारी कामको प्रभावकारिता बढाउने।

उद्देश्य

प्रभावकारी सहकार्य र समन्वय स्थापित गरी साधनको विनियोजन र कार्यान्वयन दुवैतर्फ प्रभावकारीता र कार्यदक्षता हासिल गर्नु।

रणनीति

१. संघीय र स्थानीय तहहरूसँग समन्वय र सहकार्य गर्न संस्थागत व्यवस्था गर्ने।
२. संघीय र स्थानीय तहहरूसँग समन्वय र सहकार्य गर्ने प्रणाली स्थापित गर्ने।

## ९.६ विषयक्षेत्रगत नतिजा सूचक र लक्ष्य

| सूचक | एकाई | आधार बर्ष २०७५/७६ | २०७६/७७ को अनुमान | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
| १. नीति, कानून तर्जुमा | संख्या | ४० | १५ | २० | १५ | १५ |
| प्रदेशस्तरीय प्रशिक्षण केन्द्रबाट तालिम | संख्या | - | २०० | ३०० | ३०० | ४०० |
| ३. प्राप्त जनगुनासो | | १५० | - | - | - | - |
| ४. सम्बोधन गरिएको जनगुनासो | प्रतिशत | ९५ | १०० | १०० | १०० | - |
| मूल्यांकन भएका आयोजना/कार्यक्रम | संख्या | - | २ | ३ | ४ | ४ |
| मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रमबाट लाभान्वित | स्थानीय तह | ३५ | ७३ | १०९ | १०९ | १०९ |

## ९.७ विषयक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान (अनुसूची २ र ३ को आधारमा तयार गरिएको)

| आ.ब. | बजेट अनुमान (रू. लाखमा) | | | | स्रोत (रू. लाखमा) | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | प्रदेश सरकार | नेपाल सरकार – समानीकरण अनुदान | नेपाल सरकार - समपूरक | नेपाल सरकार- विशेष अनुदान | नेपाल सरकार- सशर्त | वैदेशिक/विकास साजेदारको सहयोग | आन्तरिक ऋण |
| २०७७/७८ | ५७४५.२३ | ५११३.२३ | ६३२.०० | - | - | - | - | - | - | - | - | - |
| २०७८/७९ | १९२५.०० | १६४०.०० | २८५.०० | - | - | - | - | - | - | - | - | - |
| २०७९/८० | २२३३.५० | १८७१.५० | ३६२.०० | - | - | - | - | - | - | - | - | - |

## ९.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| ब.उ. शि.नं. | कार्यक्रम/आयोजना | बिशेष क्षेत्रगत रणनीतिक नं. | सुरू हुने र सम्पन्न हुने मिति | कुललागत (रू. लाखमा) | प्रमुख बार्षिक क्रियाकलापहरू | प्रमुख प्रतिफलहरू | गतआ.ब.कोप्रगति | बार्षिकबजेट (रू. लाखमा) |
|---|---|---|---|---|---|---|---|---|
| ३०१ ००० ११ | सेवा प्रवाह, सुशासन, भ्रष्टाचार नियन्त्रण र प्रशासन सुधार | ८.२.१<br>७.१.१<br>७.१.२<br>७.१.४<br>७.१.५ | आ.व ०७७\|७८ -०७९\|८० | ६५४१.६९ | प्रदेश सेवाका कर्मचारीहरूको अभिलेख व्यवस्थापन गर्न पुस्तकालयको व्यवस्था, सञ्चालन र सुशासन तथा भ्रष्टाचारसम्बन्धी जनचेतना अभिवृद्धि | १. सदाचारिता अभिवृद्धि भएको हुने।<br>२. भ्रष्टाचारमा न्यूनीकरण भएको हुने। | सुशासन प्रवर्द्धन सम्वन्धी १५वटा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको। | १५ |
| | अनुगमन तथा मूल्यांकन कार्यक्रम | ८.२.१<br>७.१.१<br>७.१.२<br>७.१.४<br>७.१.५ | आ.व ०७७\|७८ -०७९\|८० | | प्रदेश सरकार अन्तर्गतका कार्यालयहरू तथा मन्त्रिपरिषद्का निर्णयहरूको कार्यान्वियनअवस्थाको अनुगमन | कार्यक्रम कार्यान्वयन चरणमा आईपर्ने समस्या समाधान भएको हुने। | प्रदेश सरकार अन्तर्गतका निकाय तथा राष्ट्रिय गौरवका आयोजना र प्रदेशस्तरका ठूला लगानी रहेका आयोजनाहरूको अनुगमन गरिएको। | ६४ |
| | विभिन्न सफ्टवेयर | ८.२.१ | आ.व | | प्रणाली स्थापनाका लागि | सफ्टवेयर जडान भई | | ५१ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | तथा हार्डवेयर जडान कार्यक्रम | ७.१.१<br>७.१.२<br>७.१.४<br>७.१.५ | ०७७/७८ -०७९/८० | | अध्ययन गर्ने । आवश्यकताबमोजिम विद्युतिय सेवा खरिद गरी प्रयोगमा ल्याउने | कार्यसम्पादनमा सहजता आएको हुने। | | |
| | अन्तर सरकारी तहगत समन्वय र सहकार्य कार्यक्रम | | आ.व ०७७/७८ -०७९/८० | | प्रदेश सरकार र स्थानीय तह बीच बिकास र अन्तरसम्बन्ध सम्बन्धी अन्तरक्रिया | तहगत समस्याहरूको समाधान भई कार्यवातावरण सहज हुने। | प्रदेश विकास परिषद्का दुइवटा वैठक सम्पन्न भएका | ५० |
| | तालिम, गोष्ठी, सेमिनार, अभिमुखीकरण र क्षमता विकास कार्यक्रम | | आ.व ०७७/७८ -०७९/८० | | सेवाकालीन लगायत अन्य तालिमहरू कार्यालय र ग्रामिण विकास प्रशिक्षण केन्द्र मार्फत सञ्चालन | कर्मचारी तथा पदाधिकारीहरूको क्षमता अभिवृद्धि भई सेवा प्रवाहमा शिघ्रता र गुणस्तरियता अभिवृद्धि हुने। | स्थानीय तहका पदाधिकारी तथा कर्मचारीहरूलाई कानून तर्जुमा विधि र प्रक्रियाका विषयमा अभिमूखीकरण सञ्चालन गरिएको।<br>प्रदेशमा समायोजन भई आएका कर्मचारी हरूलाई पदस्थापन पूर्व अभिमूखीकरण गरिएको।<br>कार्यालय सहयोगी तथा माननीय मन्त्रीहरूका सचिवालयमा कार्यरत जनशक्तिका लागि अभिमूखीकरण गरिएको। | ११२ |
| | प्रदेश कानूनहरूको तर्जुमा र स्वीकृती | | आ.व ०७७/७८ -०७९/८० | | कानून मस्यौदा, मस्यौदामा अन्तर्क्रिया, छलफल, मस्यौदा परिमार्जन | प्रदेश कानूनहरूको तर्जुमा भई कार्यक्रमहरू सञ्चालन गर्न सहज हुने। | | २० |
| | मानव अधिकारको संरक्षण र प्रवर्द्धन | ८.२.१<br>७.१.१<br>७.१.२<br>७.१.४<br>७.१.५ | आ.व ०७७/७८ -०७९/८० | | मानव अधिकार सम्वन्धी सरोकारवालासँग अन्तरक्रिया | हिंसाजन्य क्रियाकलापहरूमा न्यूनीकरण हुने। | जेष्ठ नागरिकहरूका लागि दैनिक आवश्यकताका वस्तु वितरण गर्दै मानव अधिकार दिवश कार्यक्रम सञ्चालन गरिएको। | १० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रम | ८.२.१<br>७.१.१<br>७.१.२<br>७.१.४<br>७.१.५ | | | कार्यविधिमा संशोधन, सहजकर्ता नियुक्ति, सहजकर्ताका लागि सामाग्री व्यवस्थापन, सहजकर्ता पारिश्रमिक भुक्तानी, अभिमुखीकरण कार्यक्रम सञ्चालन, आवश्यकता अनुसार निर्देशक समितिको वैठक आयोजना, अनुगमन तथा मूल्यांकन | गरिव जनतामा केन्द्रित कार्यक्रम भएकोले लक्षित वर्गको जीवनस्तरमा उल्लेखनीय सुधार आउने। | कृषि, शिक्षा, स्वास्थ्य, सिपमुलक, रोजगारमूलक र सामाजिक संरक्षण सम्वन्धी कार्यक्रमहरू १२ जिल्लाका ७३ स्थानीय तहहरूमा सञ्चालनमा रहेको। | १०००० |

## ९.९ जोखिम पक्ष तथा अनुमान

आवश्यक नीतिगत तथा कानूनी व्यवस्था, सम्बन्धित सम्पूर्ण क्षेत्रको उल्लेख्य सहयोग र सहभागिता, संघ तथा स्थानीय तहसँग समन्वय, इमान्दारिता र सदाचारिताको विकास तथा सुशासन सुनिश्चित भएको हुने अनुमान गरिएको छ। उल्लेखित अनुसारको व्यवस्था हुन नसकेमा अपेक्षित नतिजा हासिल गर्ने बिषय जोखिमपूर्ण रहने देखिन्छ।

## परिच्छेद : १०

# प्रदेशका संवैधानिक तथा अन्य निकायहरू

## १०.१ प्रदेश सभा सचिवालय

### १०.१.१ पृष्ठभूमि

प्रदेश सरकार सञ्चालन र समृद्ध प्रदेश खुशि जनताको चाहाना पुरा गर्नको लागि नीति निर्माण गर्ने, कानून वनाउने र कानून अनुसार राज्य सन्चालनको पहरेदारी गर्ने निकाय संसद हो। संसदको यस्तो अग्रणी भूमिकालाई अध्ययन अनुसन्धान र व्यवस्थापकीय कार्यमा सहयोग गर्ने सहयोगी हात नै प्रदेश सभा सचिवालय हो । अग्रणी प्रदेशको रूपमा यस प्रदेशलाई स्थापित गर्न प्रभावकारी कानून निर्माण गर्ने र त्यसको प्रयोग उदेश्य अनुरूप भए नभएको निगरानी गर्ने जस्तो महत्वपूर्ण जिम्मेवारीको कार्यान्वयनवाट मात्र समृद्ध प्रदेश निर्माण गर्ने सम्भावना रहन्छ । यसको सफलतामा यस निकायको भूमिका महत्वपूर्ण रहेको छ। साथै प्रदेश सभाको जिम्मेवारी भित्र रहेर आगामि वर्षमा गरिने कार्य, उपलव्धि, चुनौति र सम्भावनालाई यस दस्तावेजमा समावेश गरिएको छ ।

### १०.१.२ प्रमुख समस्या

कानून निर्माणमा माननीयहरूले पर्याप्त समय दिन नसक्नु, सभामा काम गर्न सक्षम जनशक्ति आकर्षित हुन नसक्नु, भौतिक स्रोत साधनको उचित व्यवस्थापन हुन नसक्नु, सभामा काम गर्ने जनशक्ति उत्प्रेरित हुन नसक्नु जस्ता समस्याहरू रहेका छन ।

### १०.१.३ चुनौति तथा अवसर

सक्षम जनशक्तिलाई आकर्षित गरी प्रदेश सभाको महत्वपूर्ण भूमिकालाई प्रभावकारी रूपमा सम्पादन गर्नु चुनौतिको रूपमा रहेको छ भने कर्मचारीहरूमा अध्ययन, अनुसन्धान र कानुन निर्माण तथा संसदीय प्रक्रिया सम्बन्धी ज्ञान प्राप्त गर्नु अवसरको रूपमा रहेको छ।

### १०.१.३ दीर्घकालीन सोच

अध्ययन र अनुसन्धानद्वारा उत्कृष्ट कानून निर्माण।

### १०.१.४ लक्ष्य तथा उद्देश्य

१. प्रदेश सभा, प्रदेश सभाका समिति, पदाधिकारी, सदस्य र दलका कार्यालयलाई आवश्यक सहयोग गर्नु।
२. प्रदेश सभाको काम कारबाही सुचारू रूपले सञ्चालन गर्न प्रशासनिक व्यवस्था मिलाउनु ।
३. आर्थिक र भौतिक व्यवस्थापन सम्बन्धी कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउनु ।
४. प्रदेश सभाको सूचना प्रणालीलाई प्रभावकारी बनाउने तथा प्रदेश सभा परिसरमा सुरक्षा व्यवस्था मिलाउनु।

### १०.१.५ रणनीति

१. संसदीय मर्यादा कायम राख्न सुविधा सम्पन्न प्रदेश सभा भवन र आवास गृह निर्माण गरिने।
२. प्रदेश सभाका सदस्यहरूको क्षमताको उच्चतम उपयोग गरी प्रदेश सभालाई अनुसन्धानात्मक क्रियाकलापमा आवद्ध गरिने।
३. जनहित अनुकुलका कानून र नीति निर्माण गरी जनप्रतिनिधिको भूमिकालाई उच्च वनाइने।

४. प्रदेश सभा सचिवालयलाई पाँच वर्षमा अनुसन्धान र खोजमूलक बनाउनुका साथै सुविधा सम्पन्न सक्षम र आकर्षक उत्कृष्ट सचिवालय बनाउने।
५. प्रदेश सभाको सुरक्षालाई प्रभावकारी बनाउन प्रदेश सभा परिसरमा आधुनिक प्रविधिको व्यवस्था गर्ने।

### १०.१.६ विषयक्षेत्रगत नतिजा सूचक र लक्ष्य

| सूचक | एकाइ | आधार बर्ष २०७५/७६ | २०७६/७७ को अनुमान | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
| प्रदेशका लागि नयाँ कानून निर्माण | संख्या | ४२ | ११ | १७ | २५ | २५ |

## १०.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रि-बर्षीय अनुमान (अनुसूची २ र ३ को आधारमा तयार गरिएको)

(रू. लाखमा)

| आ.ब. | बजेट अनुमान | | | | स्रोत | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | प्रदेश सरकार | नेपाल सरकार - समानीकरण दानअनु | नेपाल सरकार - समपूरक | नेपाल सरकार विशेष - अनुदान | नेपाल सरकार सशर्त - | वैदेशिक/ विकास साझेदारको सहयोग | आन्तरिक ऋण |
| २०७७/७८ | २५९९.९९ | २२८७.६१ | ३१२.३८ | - | - | - | - | - | - | - | - | - |
| २०७८/७९ | २९५६.१८ | २६४२.१९ | ३१३.९९ | - | - | - | - | - | - | - | - | - |
| २०७९/८० | ३२३७.९९ | २९३३.५९ | ३०४.४० | - | - | - | - | - | - | - | - | - |

## १०.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| ब.उ.शि.नं. | कार्यक्रम/आयोजना | बिशेष क्षेत्रगत रणनीतिक नं. | सुरू हुने र सम्पन्न हुने मिति | कुल लागत (रू. लाखमा) | प्रमुख बार्षिक क्रियाकलापहरू | प्रमुख प्रतिफलहरू | गत आ.ब. को प्रगति | बार्षिक बजेट (रू. लाखमा) |
|---|---|---|---|---|---|---|---|---|
| २०२०००११३ र २०२०००१२३ | प्रदेश सभाका माननीय र कर्मचारीको क्षमता विकास | | २०७७/७८- २०७८/७९ | ६५.०० | प्रदेश सभाका माननीयहरूको क्षमता विकास<br>सचिवालयका कर्मचारीको क्षमता विकास | सांसदको र कर्मचारीको कार्यमा प्रभावकारिता आउने। | माननीयहरूको लागि कार्य दक्षता अभिवृद्धि सम्बन्धी विभिन्न प्रकारका तालिम सञ्चालन गरिएको। | ६५.०० |
| २०२०००११४ र २०२०००१२४ | प्रदेश सभाको भौतिक व्यवस्थापन | | २०७७/७८- २०७८/७९ | १५० | प्रदेश सभाको भौतिक व्यवस्थापन<br>प्रदेश सभाको तथा सचिवालयमा फूलवारी निर्माण तथा व्यवस्थापन | सांसद र कर्मचारीको लागि उचित कार्यवातावरण बन्ने । | प्रदेशसभाको समिति हल, दल कार्यालय, सचिवालय व्यवस्थापन। | १५० |
| २०२०००११४ र२०२०००१२४ | प्रदेश सभाको सुरक्षा व्यवस्थापन | | २०७७/७८- २०७८/७९ | १५ | प्रदेश सभाको सुरक्षा व्यवस्थापन कार्य | सभा वरिपरि सुरक्षित स्थान हुने। | सि सि क्यामरा जडान र निगरानि भएको। | १५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २०२०००११४<br>र२०२०००१२४ | प्रदेश सभा र समितिको वैठकको रेकर्ड, संरक्षण पेपरलेस सभा तथा भिडियो कन्फेरेन्स कक्ष निमार्ण | | २०७७/७८-२०७८/७९ | १४६.५ | प्रदेश सभाको वैठकको रेकर्ड संरक्षण र पेपरलेस सभा<br>भिडियो कन्फरेन्सहल स्थापना<br>प्रदेशका सवै जिल्ला र स्थानीय निकायसँग तथा संघीय संसद र अन्तर प्रदेश सभाहरूसँग सम्वाद शुरू | सवै सुचना नेटवाटै पाउन सकिने। आधुनिक प्रविधिको प्रयोगद्धारा विभिन्न स्थानको जानकारी भिडियो कन्फरेन्सवाट पाउन सकिने र स्थलगत निरीक्षण कम हुने साथै समय र खर्च वचत हुने। | सभाको मात्र वैठकको रेकर्ड भएको र यु-ट्युबमा लाइभ प्रशासरण भएको। | १४६.५ |

## १०.१.९ जोखिम पक्ष तथा अनुमान

प्रदेश सभाले प्रदेशलाई आवश्यक पर्ने सवै कानुनहरू समयमै निर्माण गर्न नसक्नु र कर्मचारीमा उत्प्रेरणाको कमिका कारण संसदको मर्म अनुसार कानून निर्माण र संसदिय गतिविधि प्रभावकारी हुन नसक्नु जोखिमको रूपमा रहेको छ भने प्रदेश सभाको लागि आवश्यक भौतिक स्रोत साधन उपलव्ध हुने, सक्षम तथा दक्ष जनशक्ति निमार्ण भएको हुने र सूचना प्रविधिको उच्चतम प्रयोग भई पेपरलेस सभा हुने अनुमान गरिएको छ ।

## १०.२ मुख्य न्यायाधिवक्ताको कार्यालय

### १०.२.१ पृष्ठभूमि

नेपालको संविधानले महान्यायाधिवक्ताको मातहतमा रहने गरी प्रत्येक प्रदेशमा एक मुख्य न्यायाधिवक्ता रहने व्यवस्था गरेको छ। मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार प्रदेश कानून बमोजिम हुने संवैधानिक व्यवस्था छ जसमा, प्रदेश सरकारको हक, हित वा सरोकार रहेको संविधान वा कानूनको व्याख्यासम्वन्धी कुनै जटिल संवैधानिक वा कानूनी प्रश्न समावेश भएको वा सम्वन्धित प्रदेशको सन्दर्भमा सार्वजनिक महत्व वा सार्वजनिक सरोकारको मुद्दामा प्रदेश सरकारको तर्फबाट वहस पैरवी गर्ने र प्रदेश सरकार वा प्रदेश सरकारको कार्यालयले कुनै संवैधानिक वा कानूनी प्रश्नमा राय माग गरेमा कानूनी राय दिने मुख्य काम कर्तव्य तोकिएको छ। यसैमा अडिग भई आगामी तीन बर्षमा यस कार्यालयले आफ्नो कार्यक्षेत्रमा सञ्चालन गर्ने प्रतिफलमुखी कार्यक्रम तथा आयोजनालाई यस मध्यमकालीन खर्च संरचनामा समावेश गरेको छ । संविधान तथा कानूनले निर्दिष्ट गरेको जिम्मेवारी सफलतापूर्वक सम्पन्न गर्न, कानूनको शासन स्थापना गरी संस्थागत सुदृढीकरण गर्न तथा व्यावसायिकता विकासमा केन्द्रित हुनका लागि प्रतिफलमुखी कार्यक्रमहरू अगाडि बढाइएको छ। मध्यमकालीन खर्च संरचनाले प्राथमिकतामा राखेका त्रिवर्षीय कार्यक्रमहरूलाई मध्यनजर गर्दै यस कार्यालयले आफ्नो कार्यक्षेत्रमा आगामी आर्थिक वर्षमा सञ्चालन गर्ने नतिजामूलक वार्षिक कार्यक्रमहरू तयार गरेको छ।

### १०.२.२ प्रमुख समस्या

यस कार्यालय तथा मुख्य न्यायाधिवक्ताको बारेमा आम जनमानसमा पर्याप्त जानकारी नहुनु, दरबन्दी अनुरूप कर्मचारीको पदपुर्ति हुन बाँकि हुनु, छुट्टै भौतिक संरचना र कार्यालयलाई चाहिने आवश्यक सवारी साधन उपलव्ध नहुनु, कार्यरत सरकारी वकीलहरूलाई उत्प्रेरणा दिई राख्न सक्ने अवस्था अझै नहुनु; संविधानमा व्यवस्था भए बमोजिम प्रदेशस्तरमा स्थापना हुनु पर्ने भौतिक तथा कानूनी संरचनाहरू जस्तैः प्रदेश कारागार, प्रदेश प्रोबेसन तथा प्यारोल समिति बनिनसकेको अवस्थामा कार्य सम्पादनमा कठिनाई हुनु प्रमुख समस्या रहेका छन्।

### १०.२.३ चुनौती तथा अवसर

फौजदारी न्याय प्रणालीमा मुख्य न्यायाधिवक्ताको भूमिका स्पष्ट बन्न नसकेको र नेपालको संविधानले मुख्य न्यायाधिवक्तालाई महान्यायाधिवक्ता मातहत राखेकोमा मुख्य न्यायाधिवक्ता माथि महान्यायाधिवक्ताको प्रशासनिक वा न्यायिक कस्तो प्रकारको नियन्त्रण हो स्पष्ट नभएको अवस्थामा काम गर्नु चुनौतिपुर्ण छ । प्रदेशका मुख्यमन्त्री, मन्त्रिपरिषदका सदस्यहरू तथा सरकारी निकाय र अधिकारीहरूलाई सहज रूपमा कानूनी राय सल्लाह प्राप्त गर्ने अवस्था बन्नु, प्रदेश क्षेत्रभित्र कानूनी शासनको जग बसाउनमा मुख्य न्यायाधिवक्ता र सो कार्यालयका सरकारी वकीलबाट महत्वपूर्ण भूमिका रहनु, स्वीकृत दरबन्दी अनुसार सरकारी वकिलहरू सम्मिलित भएको कार्यालय सञ्चालनमा आउनु, न्यायिक वा अर्ध न्यायिक निकायहरूमा प्रदेश सरकारको प्रतिनिधित्व हुनु यस कार्यालका अवसरका रूपमा देखिएका छन्।

### १०.२.४ दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य तथा रणनीति

**सोच**

कानूनी राज्य सहितको स्वच्छ, निष्पक्ष, न्यायपूर्ण समाजको निर्माण ।

**लक्ष्य तथा उद्देश्य**

१. व्यावसायिक कानूनी राय प्रदान गरी प्रदेश सरकारप्रतिको जनविश्वास बढाउनु।
२. प्रदेश सरकारको तर्फबाट मुद्दा दायर गरी प्रभावकारी रूपमा प्रदेश सरकारको प्रतिरक्षा गर्नु ।

३. लोकतान्त्रिक शासन प्रणालीको दिगो आधारका रूपमा रहेको न्याय व्यवस्थाको सुनिश्चितता गर्नु।
४. व्यावसायिक, प्रभावकारी र जनविश्वास प्राप्त संस्थाको रूपमा स्थापित गर्नु।

**रणनीति**

१. प्रदेश सरकार र यस मातहतका निकायबाट माग भएअनुसार व्यावसायिक कानूनी राय प्रदान गर्ने ।
२. ऐन, नियम र कार्यविधि वनाउने कार्यमा प्रदेश सरकारका मन्त्रालय तथा अन्य कार्यालयलाई राय सुझाव दिने।
३. प्रदेश सरकारलाई विपक्षी बनाई दायर भएका मुद्दा एवम् रीटको प्रभावकारी प्रतिरक्षा एवम् मुद्दा दायर गर्ने।
४. फैसलाको प्रभावकारी कार्यान्वयन गर्ने, गराउने ।
५. मानव अधिकारको रक्षाको लागि आवश्यक कार्य गर्ने ।
६. हिरासत तथा थुनुवा कक्ष एवम् कारागारको अनुगमन र निरीक्षण गर्ने ।
७. पुस्तकालय र जनशक्ति व्यवस्थापन गर्ने ।
८. मुख्य न्यायाधिवक्ताको कार्यालयमा कार्यरत सरकारी वकील तथा कर्मचारीहरूको आचार संहिता बनाई लागू गर्ने ।

## १०.२.५ विषयक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान (अनुसूची २ र ३ को आधारमा तयार गरिएको)

| आ.ब. | बजेट अनुमान (रू.लाखमा) | | | | स्रोत (रू.लाखमा) | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | प्रदेश सरकार | नेपाल सरकार - समानीकरण अनुदान | नेपाल सरकार- समपूरक | नेपाल सरकार विशेष - अनुदान | नेपाल सरकार – सशर्त | वैदेशिक विकास / साजेदारको सहयोग | आन्तरिक ऋण |
| २०७७/७८ | १५०.२६ | १४१.७६ | ८.५० | - | - | - | - | - | - | - | - | - |
| २०७८/७९ | १५१.४९ | १४६.४९ | ५.०० | - | - | - | - | - | - | - | - | - |
| २०७९/८० | १५३.७८ | १४८.७८ | ५.०० | - | - | - | - | - | - | - | - | - |

## १०.२.६ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| ब.उ. शि.नं. | कार्यक्रम/आयोजना | सुरू हुने र सम्पन्न हुने मिति | कुल लागत (रू. लाखमा) | बार्षिक बजेट (रू लाखमा) | प्रमुख क्रियाकलापहरू | प्रमुख प्रतिफलहरू | गत आ.ब. को प्रगति | बिशेस क्षेत्रगत रणनीतिक नं. |
|---|---|---|---|---|---|---|---|---|
| २१६० ०००१ १ | प्रदेश प्यारोल तथा प्रोबेसन समिति गठन तथा सञ्चालन कार्यक्रम | सालबसाली | ९ | ३ | प्रदेश प्यारोल तथा प्रोबेसन समिति गठन<br>प्रदेश प्यारोल तथा प्रोबेसन समिति सम्वन्धी कार्यक्रम सञ्चालन<br>कसुरदारको अवस्था अध्ययन | नेपालको संविधान २०७४ तथा फौजदारी सजाय कसुर ऐनमा व्यवस्था भए अनुसार प्रदेश प्यारोल तथा प्रोबेसन समिति गठन तथा सञ्चालन गरिने । | वाल न्याय सम्बन्धी सरोकारवालासँगको कार्यशाला गोष्ठिबाट नवलपरासी जिल्लाका करिब १०० जना वालवालिकालाई बालन्याय सम्बन्धी जानकारी दिईएको । रिट प्रतिरक्षा तथा लिखित जवाफको स्तरीयता एवम् कानूनी राय विषयमा प्रभावकारिता बिषयक गोष्ठि सम्पन्न गरिएको । | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | थुनुवा तथा कैदीबन्दीहरूको मानव अधिकारको प्रत्याभूती सम्बन्धमा सचेतना कार्यक्रम | सालबसाली | ९ | ३ | कारागार र हिरासतको अनुगमन तथा निरीक्षण | प्रदेश ५ अन्तर्गत जिल्लाहरूमा रहेका हिरासत तथा कारागारको अवस्था तथा त्यहाँ रहेका थुनुवा कैदीहरूको मानवअधिकारको अवस्था सम्बन्धी अन्तरक्रियाद्वारा लाभान्वित हुने। | प्रदेश ५ अन्तर्गत जिल्लाहरूमा रहेका हिरासत तथा कारागारको अवस्था तथा त्यहाँ रहेका थुनुवा कैदीहरूको मानव अधिकारको अवस्था सम्बन्धी अन्तरक्रिया कार्यक्रम गरिएको । | |
| | | | | | कारागार प्रमुख तथा सुरक्षा प्रमुखहरूसँग कैदीबन्दीको मानवअधिकार सम्वन्धी बिषयमा छलफल | | | |
| | | | | | कार्यक्रमको प्रतिवेदन तयार | | | |
| | प्रतिरक्षा र कानूनी राय बिषयक कार्यक्रम | सालबसाली | १८ | ६ | प्रदेश सरकार मातहतका कार्यालयहरूमा कार्यक्रमको सूचना पठाउने | रिट प्रतिरक्षा तथा लिखित जवाफको स्तरीयता एवम् कानूनी राय विषयमा प्रभावकारिता बिषयक गोष्ठि सम्पन्न गरिने । | चार वटा जिल्लाका सम्पुर्ण स्थानीय तहका न्यायिक समितिका पदाधिकारीसँग कानून र न्यायका बिषयमा अन्तरक्रिया कार्यक्रम गरिएको । जसबाट स्थानीय तहमा निरूपण गर्न सकिने विवादका विषयमा कानूनी सहजता प्रदान गरेको । | |
| | | | | | प्रदेश सरकार मातहतका कार्यालयहरूका प्रमुखहरूसँग कानूनी राय र प्रतिरक्षाका बिषयमा छलफल | | | |
| | अन्तर प्रदेश अनुभब आदान प्रदान कार्यक्रम, कर्मचारी क्षमता अभिवृद्धि कार्यक्रम | सालबसाली | | ५.२ | ६ वटा प्रदेशका मुख्य न्यायाधिवक्ताको कार्यालयसँग कार्यालयको काम कारबाही तथा हालसम्म भएका कार्यको अनुभब आदानप्रदान | मुख्य न्यायाधिवक्ताको कार्यालयसँग कार्यालयको काम कारबाही तथा हालसम्म भएका कार्यको अनुभव आदानप्रदानद्वारा कार्य पद्धतिमा सुधार भएको हुने । | वैज्ञानिक अनुसन्धान र प्रभावकारी अभियोजनको लागि प्रदेश ५का जिल्लामा रहेका सरकारी वकिलहरू तथा मुद्दा चल्ने प्रहरी कार्यालयका अनुसन्धान अधिकारीसँग अन्तरक्रिया कार्यक्रम गरिएको । | |
| | | | | | कार्यालयमा कार्यरत कर्मचारीको क्षमता वृद्धि कार्यक्रम सञ्चालन | | | |

## १०.२.७ जोखिम पक्ष तथा अनुमान

आवश्यक श्रोतको उपलव्धता, पर्याप्तता, निरन्तरता कार्यभार अनुरूप जनशक्तिको व्यवस्थापन हुने अनुमान गरिएको छ ।अन्यथा अपेक्षित उपलव्धि हासिल हुन जोखिम रहने देखिन्छ ।

## १०.३ प्रदेश लोकसेवा आयोग

### १०.३.१ पृष्ठभूमि

प्रदेश लोकसेवा आयोग संवैधानिक भावना तथा मर्म अनुरूप यस प्रदेशभित्रका प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा तथा प्रदेशका अन्य सरकारी सेवाहरूलाई आवश्यक योग्य कर्मचारी छनौट प्रक्रिया चुस्त, दुरूस्त तथा प्रभावकारी रूपमा सञ्चालन गर्न अग्रसर रहेको छ । प्रदेशभित्र उपरोक्त सेवाका पदहरूमा उम्मेदवारको छनौटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीलाई प्रवर्द्धन गर्न कर्मचारीहरूको भर्ना, छनौट स्वतन्त्र निकायबाट गर्ने गरी व्यवस्था गर्न यस प्रदेश प्रतिवद्ध छ । दिगो विकास लक्ष्य अन्तर्गतका विभिन्न सामाजिक-आर्थिक तथा समावेशी लक्ष्यहरू प्रति केन्द्रित हुँदै यस आयोगका आगामी तीन वर्षमा सन्चालन हुने कार्यक्रमहरू यस दस्तावेजमा समाविष्ट छन । अधिकार क्षेत्रभित्र रही नियमपूर्वक आफ्ना कार्यहरूलाई प्रभावकारी तथा पारदर्शिता प्रस्तुत गर्न यो आयोग कटिबद्ध छ ।

### १०.३.२ प्रमुख समस्या

प्रदेश लोक सेवा आयोगलाई पूर्ण रूपमा सञ्चालनमा ल्याउनका लागि भौतिक पूर्वाधार तथा संस्थागत क्षमता सुदृढ गरी समयमा नै प्रभावकारी सेवा सन्चालन गर्नु ।

### १०.३.३ चुनौती तथा अवसर

कर्मचारी पदपूर्तीको लागि सेवा, समूह सञ्चालन सम्वन्धी ऐन-कानून समयमा नै तयार गर्नु, जनशक्तिको क्षमता विकास गरी दरखास्त आव्हान देखि सिफारिश सम्मका कामहरूमा सूचना प्रविधिको प्रयोग बढाउनु र निजामती कर्मचारी सम्बन्धी थप ऐन नियमहरू निर्माण हुन बाँकी रहनु आयोगका प्रमुख चुनौतीहरू हुन् भने संविधानतः प्रदेशमा यस प्रदेश ऐन अनुरूप कार्यालयको स्थापना भै हाल सेवा सञ्चालनका लागि कार्यहरू तीब्र गतिमा अगाडी बढ्नु, प्रदेशस्तरीय सम्पूर्ण सरकारी कार्यालयहरूको उचित सहयोग र सुझाब निरन्तर प्राप्त हुनु आदि यस आयोगका अवसरहरू हुन ।

### १०.३.४ दीर्घकालीन सोच

लोक सेवाका मुलभूत मान्यता योग्यता, निष्पक्षता र स्वच्छतालाई सुदृढ र विश्वसनीय बनाउदै चुष्त, दुरूस्त, गुणस्तरीय सेवा प्रवाहका लागि सक्षम र उच्च चरित्र भएका जनशक्ति छनौट।

### १०.३.५ लक्ष्य तथा उद्देश्य

१. चुष्त, दुरूस्त, गुणस्तरीय सेवा प्रवाहका लागि समय सापेक्ष पाठ्यक्रम तर्जुमा गरी समय सान्दर्भिक दक्ष उम्मेदवार छनौट गर्नु।
२. वैज्ञानिक पद्धतिको परीक्षा प्रणाली सुनिश्चितता गर्नु।
३. लोक सेवाका मुलभूत मान्यता योग्यता, निष्पक्षता र स्वच्छतालाई सुदृढ र विश्वसनीय बनाउनु।

### १०.३.६ रणनीति

१. संघीय लोक सेवा आयोगसँग समन्वय गरी प्रदेश लोकसेवाका मुलभूत मान्यता योग्यता, निष्पक्षता र स्वच्छतालाई सुदृढ र विश्वसनीय बनाउने ।
२. कार्यालयको कार्य प्रकृति अनुसारका भौतिक तथा आवश्यक जनशक्ति परिपूर्ति गर्दै कार्य सञ्चालनलाई गति दिने ।

३. आयोगको काम कारवाही चुस्त दुरूस्त तथा एकरूपता कायम गर्नका लागि नियमावली, निर्देशिका, तथा आचारसंहिता तयारी गरी कार्य पद्धतिलाई पारदर्शी बनाउने ।

४. विज्ञहरूको रोष्टर तयार गरी प्रदेश सरकारका मन्त्रालयहरू तथा कार्यालयहरू एवम् स्थानीय तहहरूसँग समन्वय गर्ने ।

५. पाठ्यक्रम निर्माण र शैक्षिक योग्यता निर्धारण गर्न गोष्ठि तथा अन्तरक्रिया गरी प्राप्त सुझावका आधारमा आयोगको वुलेटिन र ब्रोसर प्रकाशन गर्ने ।

६. पाठ्यक्रम निर्माण गरी माग बमोजिम पदपूर्तिका लागि परीक्षाहरू सञ्चालन गर्न पूर्वाधार तयार गर्ने ।

### १०.३.७ विषयक्षेत्रगत नतिजा सूचक र लक्ष्य

| सूचक | एकाइ | आ ब. २०७५/७६ | आ.ब. २०७६/७७ सम्मको अनुमान | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
| नियमावली, निर्देशिका, तथा आचारसंहिता | संख्या | - | - | ५ | - | - |
| पाठ्यक्रम निर्माण | संख्या | - | ४ | २५ | - | - |
| नीति सम्बन्धि अनुसन्धान | वटा | - | - | ३ | ३ | ३ |

## १०.३.८ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान (अनुसूची २ र ३ को आधारमा तयार गरिएको)

| आ.ब. | बजेट अनुमान (रू. लाखमा) | | | | स्रोत (रू. लाखमा) | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | प्रदेश सरकार | नेपाल सरकार - समानीकरण अनुदान | नेपाल सरकार- समपूरक | नेपाल सरकार विशेष - अनुदान | नेपाल सरकार – सशर्त | वैदेशिक विकास / साजेदारको सहयोग | आन्तरिक ऋण |
| २०७७/७८ | २८०.०० | २५५.३० | २४.७० | - | - | - | - | - | - | - | - | - |
| २०७८/७९ | २७६.३८ | २६७.९१ | ८.४७ | - | - | - | - | - | - | - | - | - |
| २०७९/८० | ३०५.६३ | २९६.३२ | ९.३१ | - | - | - | - | - | - | - | - | - |

## १०.३.९ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| ब.उ.शि. नं. | कार्यक्रम/आयोजना | बिशेस क्षेत्रगत् रणनीतिक नं. | सुरू हुने र सम्पन्न हुने मिति | कुललागत (रू. लाखमा) | प्रमुख क्रियाकलापहरू | प्रमुख प्रतिफलहरू | गत आ.ब. को प्रगति | बार्षिक बजेट (रू लाखमा) |
|---|---|---|---|---|---|---|---|---|
| २१००० ००११ | नियम कानून तर्जुमा तथा सूचना प्रणाली | | सालबसाली | | नियम कानून तर्जुमा तथा अद्यावधिक सम्बन्धी कार्यहरू | आवश्यक सम्पूर्ण नियम कानूनहरू निर्माण भएको हुने। | | ११ |
| | | | | | सेवा र परामर्शका कार्यहरू | आयोगको नीति सम्बन्धमा विज्ञहरूको सहयोगमा १० वटा अनुसन्धान पुरा गर्ने। | | |
| | | | | | सूचना प्रणाली तथा सफ्टवेयर सञ्चालनका क्रियाकलाप | दरखास्त संकलन तथा नतिजा प्रकाशन गर्ने प्रणाली भैसकेको हुने । | | |
| | | | | | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन सम्बन्धि क्रियाकलाप | कार्यालयका विभिन्न सूचना प्रकाशन हुने। | | |
| २१००० ००११ | संस्थागत सुदृढीकरण तथा | | | | पाठ्यक्रम निर्माण एवम् परिमार्जनका कार्यहरू | सम्पूर्ण आवश्यक पाठ्यक्रमहरू तयारी गरी सकिने । | | १०२ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कर्मचारीको क्षमता विकास कार्यक्रम | | | | नियम कानून तर्जुमा तथा अद्यावधिक सम्बन्धी कार्यहरू | नियमावली मापदण्ड कार्यविधि, निर्देशिका अद्यावधिक सँगठित संस्था तथा अन्य सरकारी सेवाको पदपूर्ति सम्बन्धी सिद्धान्त निर्माण कार्यहरू । | | |
| | | | | | पाठ्यक्रम सम्बन्धी कर्मचारीहरूको सक्षमता मापन सम्बन्धी कार्यक्रम | विभिन्न सेवा समुह तथा उपसमुहका तहका पदको पाठ्यक्रम निर्माण गर्नु अघि सरोकारवालाको राय संकलन र कर्मचारीको कार्य विवरण सम्बन्धमा अन्तरक्रिया गोष्ठि सञ्चालन तथा स्नातक तह सञ्चालन भएका क्याम्पसहरूमा विद्यार्थीसँग अन्तरक्रिया गर्ने । | | |
| | | | | | बुलेटिन तथा ब्रोसर तथा पुस्तक प्रकाशन तथा वितरण क्रियाकलाप | कार्यप्रगतीको अभिलेख तयार हुने। | | |
| | | | | | आयोगका पदाधिकारि तथा कर्मचारीहरूको अध्ययन भ्रमण तथा क्षमता विकास | आयोगको कार्यक्षमता वृद्धि हुने । | | |
| | | | | | कर्मचारी पदपूर्तिका लागि परीक्षा सञ्चालन लगायतका कार्यहरू | आवश्यक कर्मचारीको पदपूर्ति हुने र परीक्षाहरू सञ्चालन भएका हुने। | | |
| | | | | | सवारी साधन तथा मेशिनरी औजार तथा फर्निचर फिक्चर्स व्यवस्थापन कार्यहरू | कार्यालयमा आवश्यक सम्पूर्ण भौतिक सामाग्रीहरूको व्यवस्थापन भएको हुने । | | |

### १०.३.१० जोखिम पक्ष तथा अनुमान

आवश्यक नीति तथा कानूनी व्यवस्था, संघीय लोकसेवासँगको समन्वय तथा सहकार्यता, भौतिक साधनको उचित व्यवस्थापन, संस्थागत सुद्रिढिकरण लगायत कर्मचारीको क्षमता अभिवृद्धि तथा पाठ्यक्रमको निर्माण सुनिश्चित भएको हुनेछ। उल्लेखित अनुसारको व्यवस्था हुन नसकेमा अपेक्षित नतिजा हासिल गर्ने विषय जोखिमपूर्ण रहने देखिन्छ।

## १०.४ प्रदेश योजना आयोग

### १०.४.१ पृष्ठभूमी

प्रदेश सरकारले लिएको दीर्घकालीन सोचलाई सार्थक बनाउनको लागि योजनावद्ध तरीकाले अगाडी बढ्ने उद्देश्यका साथ प्रदेश योजना आयोगको गठन भएको हो।सीमित स्रोत र साधनबाट असीमित आवश्यकतालाई पूरा गर्दैसमृद्ध प्रदेश बनाउनेदिशामा प्रदेश योजना आयोगले प्रथम आवधिक योजना तर्जुमा गरेको छ। यसका साथै आयोगले प्रदेश सरकारको दूरगामी सोच सहितको विकास अवधारणा तयार गर्ने, अवधारणा अनुसारको उद्देश्य तथा लक्ष्यहरू निर्धारण गर्ने, दीर्घकालीन र अल्पकालीन नीति, रणनीति तथा योजना तर्जुमा गर्ने र प्रदेशस्तरका महत्वपूर्ण नीति, कार्यक्रम र आयोजनाहरूको अनुगमन एवम् मूल्याङ्कन गरी प्राप्त सूचनाका आधारमा अध्ययन एवम् विश्लेषण गरी प्रदेश सरकारलाई आवश्यकता वमोजिमको राय, सल्लाह, सुझाव र सहयोग प्रदान गर्ने उद्देश्यका साथ विज्ञ सँगठनको रूपमा प्रदेश योजना आयोगको गठन गरिएको हो।

### १०.४.२ प्रमुख समस्या

प्रदेश योजना आयोगलाई सक्षम तरिकाले सञ्चालनको लागि विषयगत जनशक्तिको व्यवस्था हुन नसक्नु साथै सांगठनिक संरचनाअनुसार जनशक्तिको उपलव्ध हुन नसक्नु समस्याको रूपमा रहेको छ।

### १०.४.३ चुनौती तथा अवसर

प्रदेश योजना आयोगको आवश्यकता अनुसारको दरबन्दी तथा सँगठन संरचना भई नसकेकोले सो अनुसारको दरबन्दी तथा जनशक्ती प्राप्त गर्नु र वर्तमान कोभिड-१९ महामारीको असरले फिल्ड अनुगमन र आयोजनाको प्रभाव मुल्यांकन गर्ने कार्य चुनौतीको रूपमा रहेको छ भने प्रदेशको विकास र समृद्दिको लागि आवश्यक अध्ययन, विश्लेषण र अनुगमन अनुसन्धान गर्दै प्रदेशका सम्पूर्ण मन्त्रालय, कार्यालय तथा निकायहरूलाई समन्वय, सहजीकरण र मार्गनिर्देशन गरी प्रदेश सरकारका नीति, कार्यक्रम, बजेट तथा विकासका गतिविधिलाई व्यवस्थित र प्रभावकारी बनाउने अवसर छ।

### १०.४.४ दीर्घकालीन सोच

समृद्ध प्रदेश, खुसीजनताको सोचअनुसार प्रदेश विकासका लागि दूरगामी सोचसहितको विकास ढाँचा तयार।

### १०.४.५. लक्ष्य

प्रदेशमा उपलव्ध प्राकृतिक सम्पदा र भौगोलिक विविधताको अधिकतम प्रयोग गर्नका लागि आवश्यक अध्ययन, अनुसन्धान र मार्गनिर्देशन गर्ने।

### १०.४.६ उद्देश्य

(१) आर्थिक विकासको निमित्त श्रोत र साधनहरूको पहिचान तथा व्यवस्थापन गर्नु।
(२) प्रदेश विकासका सम्भाव्य क्षेत्रहरूको अध्ययन अनुसन्धान गर्नु।
(३) नीति आयोजना तथा कार्यक्रमहरूको अनुगमन तथा मूल्याङ्कन गर्नु।
(४) सरकारका विभिन्न तहहरूसँगको समन्वयबाट प्रभावकारी ढंगले कार्यक्रम सञ्चालनहुने वातावरणको सिर्जना गर्नु।

### १०.४.७ रणनीति

(१) आर्थिक विकास, सामाजिक विकास, भौतिक पूर्वाधार, जलश्रोत तथा उर्जा साथै खनीज व्यवस्थापन लगायत विभिन्न विषयगत क्षेत्रको उत्पादन र व्यवसायको संरचना, ढाँचा तथा प्रविधिमा रूपान्तरण गर्नुपर्ने बिषयहरूका लागि तथ्यपरक नीति, सुझाब तथा प्रस्तावहरू सिफारिस गर्ने।

(२) योजनाको विकास तथा कार्यान्वयको क्षेत्रमा हुने अनुसन्धान तथा अध्ययनमा प्रोत्साहन तथा सहजिकरण गर्ने,लाभ लागत लगायतका विविध विश्लेषणको आधारमा आयोजना बैंक निर्माण गर्ने।

(३) अध्ययन, अनुसन्धान तथा तथ्यपरक नीति निर्माण प्रक्रियालाई अवलम्वन गरी विभिन्न क्षेत्रगत नीतिहरूको निर्माण तथा तिनको कार्यान्वयनको समन्वय र सहजीकरण गर्ने।

(४) प्रदेशको विकाससम्वन्धी नीति, योजना कार्यक्रम तथा आयोजनाको कार्यान्वयनको अवस्था र प्रतिफल तथा प्रभावको प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गर्ने तथा प्रदेश सरकारका विभिन्न निकायहरूमा लागू गरी संस्थागत गराउने।

(५) मूल्याङ्कनका मापदण्ड तयार गरी प्राथमिकता प्राप्त कार्यक्रम तथा आयोजनाहरूको प्रभाव मूल्याङ्कन गर्ने र त्यसको आधारमा नीति तथा कार्यान्वयको तहमा गर्नुपर्ने सुधारका सम्वन्धमा सुझाव दिने।

(६) प्रदेश र स्थानीय तहको विकास सम्वन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयनमा समन्वय सहयोग गर्ने।

### १०.४.८ बिषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

| प्रमुख सूचकहरू | एकाइ | आधार बर्ष २०७५/७६ | २०७६/७७ को अनुमान | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
| **दीर्घकालीन सोच तथ्यपरक नीति र योजना निर्माण** | | | | | | |
| परियोजना वैक (परियोजनाहरूको पूर्व सम्भाव्यता अध्ययन) | संख्या | ० | १५ | २० | २० | २० |
| **अध्ययन अनुसन्धान तथा अन्वेषण** | | | | | | |
| स्नातकोत्तर तह अनुसन्धानको लागि सोधवृत्ति | जना | | | १० | १२ | १२ |
| प्रादेशिक महत्वका विषयहरूमा अध्ययन | संख्या | | | ५ | ७ | ७ |
| **अनुगमन तथा मूल्याङ्कन** | | | | | | |
| प्रदेश गौरवका र बहुवर्षिय आयोजनाहरूको समिक्षा | पटक | | | २ | २ | २ |
| आयोजना तथा कार्यक्रमहरूको प्रभाव मूल्याङ्कन | पटक | | | २ | ३ | २ |
| संचालित आयोजना तथा कार्यक्रमहरूको नियमित अनुगमन | पटक | | | १२ | १५ | १८ |
| प्रदेश विकास समस्या समाधान समितिको बैठक | पटक | | | ३ | ३ | ३ |
| **समन्वय** | | | | | | |
| स्थानीयतहको आवधिक योजना निर्माणसम्वन्धी क्षमता विकास। | पालिका संख्या | | | १० | ८ | ० |
| विकास साझेदार, गैरसरकारी संस्था तथा अन्य साझेदार संघ संस्थाहरूसँग समन्वय । | पटक | | | २ | २ | २ |

## १०.४.९ विषयक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान (अनुसूची २ र ३ को आधारमा तयार गरिएको)

| आ.ब. | बजेट अनुमान (रू. लाखमा) | | | | स्रोत (रू. लाखमा) | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | प्रदेश सरकार | नेपाल सरकार - समानीकरण अनुदान | नेपाल सरकार- समपूरक | नेपाल सरकार – बिशेष अनुदान | नेपाल सरकार – सशर्त | वैदेशिक विकास / साजेदारको सहयोग | आन्तरिक ऋण |
| २०७७/७८ | ३५६.६९ | ३४६.६९ | १०.०० | - | - | - | - | - | - | - | - | - |
| २०७८/७९ | ३५३.६० | ३४०.६० | १३.०० | - | - | - | - | - | - | - | - | - |
| २०७९/८० | ४०८.९० | ३९२.९० | १६.०० | - | - | - | - | - | - | - | - | - |

## १०.४.१० कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| ब.उ.शि.नं | कार्यक्रम/ आयोजना | बिशेस क्षेत्रगत रणनीतिक नं. | सुरू हुने र सम्पन्न हुने मिति | कुल लागत (रू. लाखमा) | प्रमुख क्रियाकलापहरू | प्रमुख प्रतिफलहरू | गत आ.ब. को प्रगति | बार्षिक बजेट (रू लाखमा) |
|---|---|---|---|---|---|---|---|---|
| ३९१००० ११ | परियोजना बैक निर्माण (परियोजनाहरूको पूर्व सम्भाव्यता अध्ययन | | २०७७/७८ - २०७९/८० | | बिज्ञ छनौट गरी सम्भावित आयोजनाहरूको अध्ययन अगाडी बढाउने | प्रदेश परियोजना बैंकमा थप २० वटा परियोजनाहरूको पूर्वसम्भाव्यता अध्ययन भएको हुने । | परियोजना बैंक सम्बन्धी पूर्वसम्भाव्यता अध्ययनको ४ वटा प्रतिवेदन तयार भएको र अरू ८ वटा प्रतिवेदन चालु आ.व. २०७६/७७ मा सकिने गरी तयार भईरहेको। | ३० |
| | | | | | तथ्य संकलनका लागि फिल्ड भ्रमण तथा **Desk Review** गरी प्रतिवेदन तयार गर्ने | | | |
| | अध्ययन अनुसन्धान तथा अन्वेषण | | २०७७/७८ - २०७९/८० | | स्नातकोत्तर तहको अनुसन्धानको लागि सोधवृर्त्ति | स्नातकोत्तर अध्ययनरत छात्रछात्राहरूले अनुसन्धानवृत्तिद्वारा लाभान्वित । | | ७० |
| | | | | | प्रादेशिक महत्वका विषयहरूमा विज्ञसहितको टीमबाट अध्ययन | प्रदेशको सम्भावना तथा पूर्वाधार सम्वन्धमा अध्ययन अनुसन्धान भएको हुने | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | अनुगमन तथा मूल्याङ्कन | | २०७७/७८ - २०७९/८० | | प्रदेश गौरवका र बहुवर्षिय आयोजनाहरूको समिक्षा | महत्वपूर्ण बहुवर्षिय आयोजनाहरूको समिक्षा भई आयोजना कार्यान्वयनमा भएका कठिनाइहरूको समाधान भएको हुने । | | ६ |
| | | | | | आयोजना तथा कार्यक्रमहरूको प्रभाव मूल्याङ्कन | प्रदेश महत्वका आयोजना तथा कार्यक्रमहरूको प्रभाव मूल्याङ्कन भई कार्यक्रम विस्तार तथा सञ्चालनमा नीतिगत पृष्ठपोषण भएको हुने । | | १० |
| | | | | | संचालित आयोजना तथा कार्यक्रमहरूको नियमित अनुगमन | नियमितरूपमा सञ्चालनमा आएका आयोजना तथा कार्यक्रमहरूको फिल्ड अनुगमनबाट कार्यक्रमको गुणस्तर सुधार भएको हुने। | | १५ |
| | | | | | प्रदेश विकास समस्या समाधान समितिको बैठक | प्रदेशसरकारका विभिन्न निकायहरूबाट सञ्चालित आयोजना तथा कार्यक्रमहरूको समिक्षा भई पृष्ठपोषण भएको हुने । | | ५ |
| | क्षमता विकास तथा समन्वय | | २०७७/७८ - २०७९/८० | | स्थानीयतहको आवधिक योजना निर्माण सम्वन्धी अन्तरक्रिया, गोष्ठि, कार्यशाला। | स्थानीयतहहरूको आवधिक योजना निर्माण कार्यमा सहयोग तथा समन्वय भएको हुने । | ६८ वटा पालिकालाई आवधिक योजना निर्माणमा सहयोग पुग्ने गरी तथ्याङ्क संकलन सम्बन्धी तालिम प्रदान गरिएको। | ८ |
| | | | | | विकास साझेदार, गैरसरकारी संस्था तथा अन्य साझेदार संघसंस्थाहरूसँग समन्वयात्मक कार्यक्रम | सरोकारवाला संघ-संस्थासँग अन्तरक्रिया सम्पन्न हुने । | | ६ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | कर्मचारी तालिम तथा विज्ञ सेवा र परामर्श। | समय सापेक्ष र आयोगको आवश्यकता अनुसार कर्मचारीको क्षमता अभिबृद्धि गरिएको हुने तथा विकास आयोजना/कार्यक्रमहरूको अध्ययनमा विज्ञ सेवा लिई अध्ययन अनुसन्धानलाई तिब्रता दिइएको हुने । | | - |
| | पाल्पाको डुम्रेमा फलामखानी अन्वेषणसम्बन्धी अध्ययन | | २०७७/७८ - २०७९/८० | | आवश्यक जनशत्तिको व्यवस्थापन गरी सो अन्वेषणसम्बन्धी अध्ययन अगाडी बढाउने।<br>तथ्य संकलनका लागि फिल्ड भ्रमण तथा Desk Review गरी प्रतिवेदन तयार गर्ने । | फलामखानी अन्वेषण सम्बन्धी अध्ययन भई प्रतिवेदन तयार भएको हुने। | | २५ |
| | रासायनीक मल कम्पनीको सम्भाव्यता अध्ययन | | २०७७/७८ - २०७९/८० | | आवश्यक जनशत्तिको व्यवस्थापन गरी सो अन्वेषणसम्बन्धी अध्ययन अगाडी बढाउने।<br>तथ्य संकलनका लागि फिल्ड भ्रमण तथा Desk Review गरी प्रतिवेदन तयार गर्ने । | रासायनीक मल कम्पनीको सम्भाव्यता अध्ययन गरी आवश्यक कार्य अगाडि बढाएको हुने । | | २५ |

## १०.४.११ जोखिम पक्ष तथा अनुमान

प्रदेशभित्रका सम्बन्धित सम्पूर्ण सरकारी निकायसँगको सौहार्दपूर्ण सक्रिय सहकार्य र समन्वय, कार्यालयमा आवश्यक जनशक्तिको आपूर्ति तथा क्षमता विकास र समयमानै बिषयगत जनशक्तिको प्रबन्ध गरी अनुसन्धानात्मक अध्ययन सुचारू हुने अनुमान गरिएको छ। अन्यथा लक्ष्य हासिल गर्न जोखिम रहने छ।

## १०.५ प्रदेश पूर्वाधार विकास प्राधिकरण

### १०.५.१ पृष्ठभूमि

प्रदेशको पूर्वाधार विकासमा महत्वपूर्ण योगदान गर्न सक्ने आधुनिक एवम् उच्च प्रतिफलयुक्त पूर्वाधार आयोजनाहरूलाई छिटो, छरितो र प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्ने छ। यसका लागि सार्वजनिक, निजी र बाह्य लगानीकर्तालाई समेत पूर्वाधार विकासमा परिचालन गर्ने उद्देश्यका साथ प्रदेश पूर्वाधार विकास प्राधिकरण गठन तथा स्थापना भइ कार्यारम्भ गरिसकेको छ । यस सन्दर्भमा प्राधिकरणले प्रदेशको पूर्वाधार विकासका सम्भावनाहरूको खोजी, विभिन्न सरोकारवाला निकायहरूसँग अन्तरक्रिया तथा छलफल लगायतका गतिविधिहरूलाई सक्रियरूपमा तिब्रता दिएको छ । यस प्राधिकरणको काम कारवाहीको सञ्चालन र व्यवस्थापनका लागि माननीय मुख्यमन्त्रीज्यूको अध्यक्षतामा एक संचालक समितिको व्यवस्था गरिएको छ ।

### १०.५.२ प्रमुख समस्या

नयाँ खालको संरचना भएको कारण विकास आयोजनाहरूको सञ्चालन तथा विकासको लागि सरोकारवाला पक्षहरूसँग प्रभावकारी समन्वय कायम गर्ने तथा सबै पक्षको साथ र सहयोग प्राप्त गर्नु, पूर्वाधार विकासको लागि सम्भाव्यता अध्ययन, विस्तृत परियोजना प्रतिवेदन तथा कार्यान्वयन लगायतको कामकारवाहीको लागि दक्ष जनशक्तिहरूको प्राप्ति गर्नु प्रमुख समस्याका रूपमा रहेका छन्।

### १०.५.३ चुनौती तथा अवसर

प्रतिफलमुखी आयोजनाहरू पहिचान गरी निजी क्षेत्र तथा जनस्तरको समेत लगानी सुनिश्चितता गर्नु, परियोजना निर्माण तथा सञ्चालनको लागि आवश्यक जग्गा खरिद वा प्राप्ति गर्नु तथा आयोजनाहरूको निर्माणको लागि आवश्यक बजेटको सुनिश्चितता गर्नु जस्ता चुनौती रहेका छन् भने प्रदेशमा उच्च प्रतिफलमुखी आयोजनाहरू विकास गर्ने पर्याप्त संभावना हुनु, जनस्तरमा पर्याप्त पुँजी रहनु र त्यस्तो पुँजी परिचालनका लागि सरकारी निकाय भएकोले विश्वास प्राप्त हुनु, प्रदेशको नयाँ संरचना भएकोले गरेर देखाउने मौका उपलब्ध हुनु तथा विदेशका पूर्वाधारहरूमा अनुभव बटुलेका प्रतिभावान जनशक्ति आकर्षित गरी नयाँ ज्ञान, सिप र अनुभव भित्र्याउन पाइनु प्राधिकरणका लागि राम्रा अवसर हुन् ।

### १०.५.४ दीर्घकालीन सोच

निजी क्षेत्र र जनस्तरको पुँजीसमेत परिचालन गरी प्रतिफलमुखी पूर्वाधार विकासद्वारा प्रदेश सम्वृद्धिमा योगदान।

### १०.५.५ लक्ष्य तथा उद्देश्य

१. प्रतिफलमुखी आयोजनाहरूको पहिचान, विकास र कार्यान्वयन गरी प्रदेशको समग्र विकासमा उल्लेखनीय योगदान पुऱ्याउनु।
२. सार्वजनिक र निजी क्षेत्रको पुँजी परिचालन गरी प्रतिफलमुखी पूर्वाधार विकास गर्दै प्रदेश तथा प्रदेशबासीको समृद्धिमा योगदान पुऱ्याउनु।
३. प्रदेश सरकारले तोकेका विशेष प्राथमिकताका पूर्वाधार आयोजनाको कार्यान्वयन गर्नु ।

### १०.५.६ रणनीति

१. प्रदेशका विशेष प्राथमिकताका पूर्वाधार आयोजना छनौट गरी सुचीकृत गर्ने ।
२. विकास परियोजना निर्माण तथा सञ्चालनका लागि आवश्यक जग्गा खरिद वा प्राप्त गर्ने ।

३. प्राधिकरणले छनौट गरेका आयोजनाको लागि निजी, सार्वजनिक लगानीको व्यवस्था मिलाउने तथा विदेशी लगानीको लागि आवश्यक समन्वय गर्ने।

४. प्राधिकरणलाई आवश्यक पर्ने स्वदेशी वा विदेशी अनुसन्धानकर्ता विज्ञ वा प्राविधिकहरूको सुची तयार गर्ने र सेवा लिने।

५. पूर्वाधार विकासको लागि आवश्यक निर्माण सामाग्री उत्खनन गरी विक्रि-वितरणको व्यवस्था मिलाउने ।

६. प्रदेशभित्र पूर्वाधारयुक्त ठाउँमा नयाँ शहर वा बस्ती विकास गर्ने ।

## १०.५.७ विषयक्षेत्रगत नतिजा सूचक र लक्ष्य

| सूचक | एकाइ | आ.ब. २०७५/७६ सम्मको वास्तविक उपलब्धि | आ.ब. २०७६/७७ सम्मको अनुमान | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
| आधुनिक बिजिनेश कम्प्लेक्सको निर्माण | संख्या (क्रमागत) | - | - | १ | १ | १ |
| रिक्रिएशन /थिम पार्कहरूको निर्माण | संख्या | - | - | १ | १ | १ |
| बिद्युतिय बस सञ्चालन र चार्जिङ स्टेसनको स्थापना | संख्या | - | - | १ | १ | १ |
| प्रादेशिक अस्पतालहरूको निर्माण | संख्या (क्रमागत) | - | - | १ | २ | २ |
| लुम्बिनी मोनो रेल वा मेट्रो निर्माण | संख्या (क्रमागत) | - | - | - | - | १ |
| सामुहिक आवास  निर्माण | संख्या (क्रमागत) | - | - | १ | १ | २ |

## १०.५.८ विषयक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान (अनुसूची २ र ३ को आधारमा तयार गरिएको)

| आ.ब. | बजेटअनुमान (रू. लाखमा) | | | | स्रोत (रू. लाखमा) | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | बित्तीय व्यवस्था | कुल | प्रदेश सरकार | नेपाल सरकार - समानीकरण अनुदान | नेपाल सरकार - समपूरक | नेपाल सरकार - विशेष अनुदान | नेपाल सरकार – सशर्त | वैदेशिक/ विकास साजेदारको सहयोग | आन्तरिक ऋण |
| २०७७/७८ | ८३५.१५ | १००.७५ | ७३४.४० | - | ८३५.१५ | ८३५.१५ | - | - | - | - | - | - |
| २०७८/७९ | ३३३.०९ | ११०.५९ | २२२.५० | - | ३३३.०९ | ३३३.०९ | - | - | - | - | - | - |
| २०७९/८० | २१०.५९ | ११०.५९ | १००.०० | - | २१०.५९ | २१०.५९ | - | - | - | - | - | - |

## १०.५.९ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| ब.उ.शि. नं. | कार्यक्रम/आयोजना | बिशेस क्षेत्रगत् रणनीतिक नं. | सुरू हुने र सम्पन्न हुने मिति | कुल लागत (रू. लाखमा) | प्रमुख क्रियाकलापहरू | प्रमुख प्रतिफलहरू | गत आ.ब. को प्रगति | बार्षिक बजेट (रू लाखमा) |
|---|---|---|---|---|---|---|---|---|
| ३५२०० ४८० | लुम्बिनी प्रादेशिक अस्पतालको निर्माण | | २०७७/७८ - २०८०/८१ | ७०३२५ | लुम्बिनी प्रादेशिक अस्पतालको विस्तृत आयोजना प्रतिवेदन (DPR) तयार गर्ने | लुम्बिनी प्रादेशिक अस्पतालको निर्माण कार्य शुरू भैसकेको हुने। | | २७५ |
| | | | | | वातावरणीय प्रभाव मुल्याङ्कन (EIA) गर्ने | | | |
| | | | | | निर्माण कार्य शुरू | | | |
| ३५२०० ४८० | इलेक्ट्रीक बस सञ्चालन | | २०७७/७८ - २०८०/८१ | ४६५ | इलेक्ट्रीक बस सञ्चालनको लागि सम्भाव्यता अध्ययन | ३ प्रस्तावित महानगरहरू (बुटवल-भैरहवा, घोराही-तुलसीपुर, कोहलपुर-नेपालगंज) जोड्ने रूटमा बिद्युतिय बस सञ्चालन गर्न सम्भाव्यता अध्ययन र DPR तयार भएको हुने। | | ५ |
| | | | | | इलेक्ट्रीक बस सञ्चालनको लागि विस्तृत आयोजना प्रतिवेदन (DPR) तयार गर्ने | | | |
| | | | | | इलेक्ट्रीक बस सञ्चालनको लागि चार्जिङ्ग स्टेशन निर्माण | ३ प्रस्तावित महानगरहरू (बुटवल-भैरहवा, घोराही-तुलसीपुर, कोहलपुर- | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | नेपालगंज) जोड्ने रूटमा बिद्युतिय बस सञ्चालनका लागि आवश्यक चार्जिङ्ग स्टेशन निर्माण हुने । | | |
| ३५२०० ४८० | रिक्रिएशन / थिमपार्क निमार्ण | | २०७७/७८ - २०८०/८१ | १६५ | रिक्रिएशन / थिमपार्क सम्भाव्यता अध्ययन, र निर्माण<br>विस्तृत आयोजना प्रतिवेदन (DPR) तयार गर्ने<br>रिक्रिएशन / थिमपार्क निर्माण | ३ वटा शहरहरूमा पार्कहरूको निर्माण गरिएको हुने । | | ५५ |
| ३५२०० ४८० | राप्ती प्रादेशिक अस्पतालको निमार्ण | | २०७७/७८ - २०८०/८१ | | राप्ती प्रादेशिक अस्पतालको विस्तृत आयोजना प्रतिवेदन (DPR) तयार गर्ने तथा निर्माण कार्य<br>वातावरणीय प्रभाव मुल्याङ्कन (EIA) गर्ने<br>अस्पतालको निर्माण कार्य | राप्ती प्रादेशिक अस्पतालको निर्माण कार्य शुरू भैसकेको हुने। | | २० |
| ३५२०० ४८० | बिजिनेश कम्प्लेक्स निर्माण | | २०७७/७८ - २०७९/८० | १५० | बिजिनेश कम्प्लेक्स विस्तृत आयोजना प्रतिवेदन (DPR) तयार गर्ने कार्य, निर्माण कार्य<br>बिजिनेश कम्प्लेक्स निर्माण कार्य | बिजिनेश कम्प्लेक्सको विस्तृत आयोजना प्रतिवेदन तयार गरी निर्माण कार्य शुरू भएको हुने । | | २० |
| ३५२०० ४८० | सामुहिक आवास निमार्ण | | २०७७/७८ - २०८०/८१ | | सामुहिक आवासको विस्तृत आयोजना प्रतिवेदन (DPR) तयार गर्ने<br>सामुहिक आवासको निर्माण कार्य | सामुहिक आवास निमार्ण कार्य शुरू भएको हुने। | | २० |
| ३५२०० ४८० | प्रदेश राजधानीको विकास | | २०७७/७८ - २०८०/८१ | १०० | प्रदेश राजधानीको विकासको लागि मास्टर प्लान तयार गर्ने | मास्टर प्लान बमोजिम विकास कार्य शुरू भएको हुने | | १०० |
| ३५२०० ४८० | बुटवल – भैरहवा, घोराही – तुलसीपुर, नेपालगञ्ज – कोहलपुर महानगर सम्भाव्यता अध्ययन | | २०७७/७८ - २०८०/८१ | १०० | बुटवल – भैरहवा, घोराही – तुलसीपुर, नेपालगञ्ज – कोहलपुर जस्ता शहरहरूलाई महानगरको रूपमा विकासकको लागि सम्भाव्यता अध्ययन गर्ने | विकासको सम्भाव्य क्षेत्रहरूको पहिचान गरी योजनाबद्ध विकास शुरू भएको हुने । | | १०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३५२०० ४८० | नेपाल संस्कृत विश्वविद्यालय जग्गादाताको स्मृतिमा सभागृह निर्माण, जनता क्याम्पस विजौरी दाङ्ग विस्तृत आयोजना प्रतिवेदन तथा निर्माण | | २०७७/७८ - २०८०/८१ | २०० | रङ्गशाला निर्माणको लागि सम्भाव्यता अध्ययन डिपिआर तयार गर्ने, निर्माण कार्य शुरू गर्ने | रङ्गशाला निर्माण भैसकेको हुने । | | १०० |

## १०.५.१० जोखिम पक्ष तथा अनुमान

आवश्यक भौतिक सामाग्री तथा कर्मचारीको व्यवस्थापनवाट आयोजना सञ्चालनमा सहजीकरण हुने, जग्गा प्राप्ति तथा पुनर्स्थापनामा अवरोध नआउने, बहुबर्षीय खरिद प्रक्रियामा बार्षिक रूपमा बजेटको सुनिश्चितता तथा आयोजनाहरूको लागत प्रभावकारीता अध्ययन, समयानुकुल अनुगमन तथा मुल्यांकन हुने अनुमान गरिएको छ । अन्यथा अपेक्षित उपलब्धि हासिल गर्न जोखिम रहने छ ।

## १०.६ सूचना तथा सञ्चार प्रविधि प्रतिष्ठान

### १०.६.१ पृष्ठभूमि

प्रदेशलाई सूचना तथा सञ्चार प्रविधिका क्षेत्रमा सवल र सक्षम बनाउनका लागि सूचना तथा सञ्चार प्रविधि प्रतिष्ठान (गठन तथा सञ्चालन) ऐन, २०७६ बमोजिम यस प्रतिष्ठानको स्थापना भएको हो ।प्रदेशका अधिकांश कार्यालय तथा निकायहरूमा अझैपनि पुरानै तवरको कार्य पद्धति रहेकोमा समयानुकुल नविन प्रविधिको प्रयोगमा तीब्रता ल्याई सरकारी सेवाप्रवाहका दैनिक कार्यहरूलाई छिटो छरितो तथा सरल बनाउनु अत्यावश्यक छ। सोही अनुरूप प्रदेशस्तरका सम्पूर्ण निकायहरूमा सूचना प्रविधिको प्रयोग मार्फत डिजिटल प्रदेश निर्माण गर्ने उद्देश्य अनुरूपका कार्यक्रम तथा आयोजनाहरूलाई यस दस्तावेजमा समावेश गरिएको छ ।

### १०.६.२ प्रमुख समस्या

सरकारबाट हुने सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग न्यून हुनु, सेवाग्राहीहरू कुनै पनि सेवा प्राप्त गर्न भौतिक रूपमै उपस्थित हुनु पर्ने एवम् नवीनतम् प्रविधिमैत्री कार्यप्रणाली प्रयोगमा आउन नसक्नु र नवप्रवर्तनतर्फ न्यून कार्य हुनु सूचना प्रविधि क्षेत्रका प्रमुख समस्याका रूपमा रहेका छन्।

### १०.६.३ चुनौति तथा अवसर

सूचना प्रविधिसँग सम्बन्धित प्रणालीहरूमा सुरक्षा अवस्था मजबुत बनाउनु तथा एकरूपता र अन्तरआवद्धता गराउनु चुनौतिका रूपमा रहेको छ । कोभिड-१९ महामारीसँगै प्रदेशमा सूचना प्रविधिको महत्व तथा आवश्यकता महसुस हुनु, सबै कार्यालयमा डिजिटल प्रविधिका बिषयमा अनुभव हासिल गरेका कर्मचारीको बाहुल्यता बढ्दैजानु, सेवाग्राहीको समेत प्रविधिमैत्री कार्यसम्बन्धि माग तथा अपेक्षा रहनु यस प्रतिष्ठानका अवसरहरू रहेका छन् ।

### १०.६.४ दीर्घकालीन सोच

सूचना प्रविधिको प्रयोग मार्फत डिजिटल प्रदेश निर्माण।

### १०.६.५ लक्ष्य तथा उद्देश्य

१. प्रदेशमा सूचना तथा सञ्चार प्रविधिको पहुँच विस्तार गर्नु ।
२. सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा रोजगारी सिर्जना गरी ज्ञानमा आधारित समाज निर्माण गर्नु ।
३. सूचना तथा सञ्चार प्रविधि क्षेत्रमा रोजगारी सिर्जना गर्ने खालका उद्योग स्थापनामा प्राविधिक सहयोग प्रदान गर्नु।
४. प्रदेश सरकारको काम कारवाहीलाई प्रविधिमैत्री बनाई छिटो-छरितो, पारदर्शी र प्रभावकारी बनाउनु।
५. सरकारी, सामुदायिक र निजी क्षेत्रका व्यवसायी र नागरिक बीचको कारोबार र सम्वन्धलाई विद्युतीय प्रविधि मार्फत भरपर्दो र प्रभावकारी बनाउनु।

### १०.६.६ रणनीति

१. सूचना प्रविधिको विस्तारका लागि आवश्यक नीति नियम तर्जुमा तथा मापदण्ड बनाई गुरूयोजना तय गर्ने।
२. ई-गभर्मेन्ट प्रणालीको विकासका लागि आवश्यक सामाग्रीहरूको व्यवस्थापन र जडानका कार्यहरूलाई योजनाबद्ध भएको सुनिश्चित गर्ने ।

३. सूचना प्रविधिको पहुँच विस्तार गरी आर्थिक तथा सामाजिक विकासमा योगदान पुऱ्याउन कर्मचारीको क्षमता अभिवृद्धि गर्ने ।

४. टेक्नोलोजी पार्क/इनोभेसन सेन्टरको स्थापना तथा सञ्चालन मार्फत् ज्ञानमा आधारित उद्यमको विकासका लागि कार्यक्रमहरू सञ्चालन गर्ने ।

६. प्रदेश भौगोलिक सूचना प्रणाली (GIS) विकास गरी स्मार्ट मोनिटोरिंग तथा रिपोर्टिंग सिस्टमको सुनिश्चितता गर्ने।

५. सूचना प्रविधिलाई रोजगारीको महत्वपूर्ण हबको रूपमा स्थापित गर्ने ।

६. सूचना प्रविधिको बहुआयामिक प्रयोगबाट कृषि लगायतका बिषयगत क्षेत्रहरूलाई प्रविधिमैत्री बनाउने ।

७. प्रदेश सरकारका सूचना प्रणालीहरूमा एकरूपता कायम गर्दै स्थानीय तहका सूचना प्रणालीहरूमा समेत अन्तरआवद्धता सुनिश्चित गर्ने

८. प्रदेश डाटा सेन्टरको स्थापना गरी सञ्चालन गर्ने।

## १०.६.७ विषयक्षेत्रगत नतिजा सूचक र लक्ष्य

| प्रमुख सूचकहरू | एकाइ | आधार बर्ष | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | २०७६/ ७७ | २०७७/०७८ | २०७८/०७९ | २०७९/०८० |
| सूचना तथा सञ्चार प्रविधि | | | | | |
| प्रदेश सरकारमा प्रयोग भएका सफ्टवेयरहरूको सेक्युरिटी अडिट | प्रतिशत | - | ३० | ५० | ७० |
| अनलाइनमा आधारित कार्यसम्पादन प्रणाली | प्रतिशत | - | २० | ५० | ८० |
| प्रदेश सरकारद्वारा अनलाइनमार्फत शुल्क भुक्तानि प्रणालीको अवलम्वन गरेको संख्या | संख्या | - | २ | ६ | १५ |
| प्रदेश टेक्नोलोजी पार्क र इनोभेसन सेन्टरको स्थापना तथा सञ्चालन | प्रतिशत | - | १० | ४० | ७० |
| प्रदेश डाटा सेन्टर निर्माण तथा सञ्चालन | प्रतिशत | - | २० | ६० | १०० |
| प्रदेश सरकारका सूचना प्रणालीहरूको होस्टिङ तथा व्यवस्थापन | प्रतिशत | - | २० | ६० | १०० |
| प्रदेश सरकारबाट सेवा प्रवाह, सूचना संकलन तथा अनुगमनका लागि मोवाइल एपमा आधारित सेवाहरू | संख्या | - | १० | २० | ४० |
| स्थानीय तह प्रतिवेदन प्रणालीको प्रयोग | प्रतिशत | | १०० | १०० | १०० |

## १०.६.८ विषयक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान (अनुसूची २ र ३ को आधारमा तयार गरिएको)

| आ.ब. | बजेट अनुमान (रू. लाखमा) | | | | स्रोत (रू. लाखमा) | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | कुल | प्रदेश सरकार | नेपाल सरकार - समानीकरण अनुदान | नेपाल सरकार- समपूरक | नेपाल सरकार - विशेष अनुदान | नेपाल सरकार – सशर्त | वैदेशिक/ विकास साजेदारको सहयोग | आन्तरिक ऋण |
| २०७७/७८ | ९७६.१३ | २५६.६३ | ७१९.५० | - | - | - | - | - | - | - | - | - |
| २०७८/७९ | ३७५.६४ | २६०.७४ | १४४.९० | - | - | - | - | - | - | - | - | - |
| २०७९/८० | ४००.०७ | २७५.०७ | १२५.०० | - | - | - | - | - | - | - | - | - |

## १०.६.९ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| ब.उ.शि. नं. | कार्यक्रम/आयोजना | विशेष क्षेत्रगत रणनीतिक नं. | सुरू हुने र सम्पन्न हुने मिति | कुल लागत (रू. लाखमा) | क्रियाकलाप/परियोजना | प्रमुख प्रतिफलहरू | गत आ.व.को प्रगति | वार्षिक बजेट रू.लाखमा |
|---|---|---|---|---|---|---|---|---|
| ३५३०० ०११ | सूचना प्रविधि नीति तथा गुरूयोजना तर्जुमा | | २०७७/७८ – २०७९/८० | ३० | सूचना प्रविधि नीति तर्जुमा | सूचना प्रविधि नीति तयार हुने । | | २० |
| | | | | | सूचना प्रविधि मापदण्ड निर्माण | डिजिटल प्रदेशको लागि आवश्यक मापदण्ड तयार हुने। | | |
| | | | | | डिजिटल प्रदेश गुरूयोजना तयारी | डिजिटल प्रदेशको लागि आवश्यक गुरूयोजना तयार हुने। | | |
| | इ-गभर्मेन्ट प्रणालीहरूको स्थापना | | २०७७/७८ – २०७९/८० | ३०० | प्रदेश डिजिटल भल्टको स्थापना | प्रदेश सरकारले प्रदेशबासीहरूको महत्वपुर्ण प्रमाणपत्रहरूलाई डिजिटल प्रति बनाई डिजिटल सिग्नेचर वा सो सरहको प्रविधिद्वारा प्रमाणित गरी सुरक्षित राख्ने र आवश्यक भएको समयमा सेवाग्राही तथा प्रदेशका निकायहरूले प्रयोग गर्न सहज हुने। यस मार्फत प्रतिलिपी हराउने, नयाँ बनाउने र प्रमाणपत्र पेस गर्दा हुने झण्झटबाट प्रदेश सरकारले व्यहोर्नु पर्ने जनशक्ति तथा खर्चको ठूलो बचत हुने तथा सेवाग्राहीले सेवा प्राप्त | | १०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | गर्नको लागि आफ्नो कुनै पनि सक्कल प्रमाणपत्र बोकी हिँड्नु नपर्ने । | | |
| | | | २०७७/७८ – | ६० | प्रदेश सरकारका सूचना प्रणालीहरूको सेक्युरिटि अडिट | प्रदेश सरकारले प्रयोग गर्ने सिस्टमहरूमा सुरक्षा त्रुटी एवम् अन्तरनिकाय Synchronization सम्वन्धी समस्या नहुने कुराको सुनिश्चित हुने । यसबाट प्रदेश सरकारका सम्वेदनशिल डाटा तथा प्रणालीहरूको सुरक्षाको प्रत्याभूति हुने । | | २० |
| | | | २०७७/७८ – | ६० | प्रदेश निजामती कर्मचारी सूचना प्रणाली स्थापना | प्रदेश सरकार अन्तर्गत कार्यरत सबै कर्मचारीको व्यवस्थित विवरण तथा कार्यसम्पादन मूल्याङ्कन सूचना प्रणाली तयार हुने | | २० |
| | | | २०७७/७८ – | १०० | कार्यालयको कार्यसम्पादन तथा डकुमेन्ट म्यानेजमेन्ट तथा कोल्याब्रेसन सिस्टम | कार्यसम्पादन तथा डकुमेन्ट म्यानेजमेन्ट तथा कोल्याब्रेसन सिस्टमको स्थापना भई कार्यालयको डकुमेन्टेशन सुधार हुने, खोजेको समयमा कागजातहरू नभेटिने, हराउने, नष्ट हुने जस्ता समस्याहरूको समाधान हुने ।साथै डिजिटल टिप्पणी व्यवस्थापन तथा ट्र्याकिङ, इस्यु म्यानेजमेन्ट सिस्टम, बिदा व्यवस्थापन लगायतका दैनिक कार्यालय सञ्चालनका प्रणालीहरू डिजिटाइज्ड हुने। | | ३० |
| | | | २०७७/७८ – | - | सरकारी सेवाहरूको अनलाइन पेमेन्ट प्रणालीको स्थापना | सरकारी शुल्क एवम् महशुल भुक्तानि गर्नका लागि अनलाइन पेमेन्ट प्रणालीको स्थापना हुने । | | ३० |
| | | | २०७७/७८ – | - | सफ्टवेयर लाइसेन्स खरीद | प्रदेश सरकारका लागि आवश्यक कम्प्युटर अपरेटिङ सिस्टम, अफिस सिस्टम, कन्फ्रेन्स सिस्टम आदि सफ्टवेयरहरूको लाइसेन्स खरीद गरी प्रदेश सरकारका विभिन्न निकायहरूलाई प्रदान गरिने । | | १५ |
| | | | २०७७/७८ – | | स्थानीय तह रिपोर्टिङ प्रणाली अद्यावधीकीकरण तथा एएमसी | स्थानीय तहहरूबाट प्रदेश सरकारलाई आवश्यक सूचनाहरू नियमित रूपमा प्राप्त हुने प्रणाली सुचारू रूपमा सञ्चालन हुने । | | १० |
| | स्मार्ट मोनिटरिङ तथा रिपोर्टिङ सिस्टम निर्माण | | २०७७/७८ – | | प्रदेश जिआइएस प्रणाली स्थापना | प्रदेशको जिआइएस प्रणालीको स्थापना भई स्वास्थ्य, शिक्षा, कृषि, सडक, बन, पर्यटन, उद्योग जस्ता सबै क्षेत्रका लेयरहरूलाई व्यवस्थित गरी योजना तयारी, कार्यान्वयन, | | २७० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | अनुगमन मुल्याङ्कनमा महत्वपूर्ण भूमिका खेल्ने । | | |
| | | | २०७७/७८ – | | मुख्यमन्त्री सचिवालय सूचना प्रणाली व्यवस्थापन | मा. मुख्यमन्त्रीज्यूको पोर्टल, एप तथा एकिकृत इन्फोग्राफिक्स ड्यासबोर्ड तथा मोनिटरिङ सिस्टम सुचारू रूपमा सञ्चालन हुने । | | |
| | | | २०७७/७८ – | | यातायात क्षेत्र र सार्वजनिक सुरक्षा स्मार्ट मोनिटरिङ तथा भिडियो म्यानेजमेन्ट सिस्टमको स्थापना | स्मार्ट मोनिटरिङ तथा भिडियो म्यानेजमेन्ट सिस्टमको स्थापना हुने, जस अन्तर्गत पाइलट परियोजनाको रूपमा योगीकुटी देखि गोलपार्क सम्मको मुख्य सडक क्षेत्रलाई स्मार्ट सर्भिलेन्स सिस्टमको दायरामा ल्याई २४/७ निगरानी राखी सुरक्षाको पूर्ण प्रत्याभूति प्रदान गर्ने । साथै यातायातका सम्पुर्ण तथ्याङ्कहरू रियल टाइम व्यवस्थापन गर्ने र यसले ट्राफिक नियमको पालना, दुर्घटना न्यूनीकरण तथा सडक सुरक्षा प्रतिकार्यमा महत्वपूर्ण योगदान पुग्ने । | | |
| | सूचना प्रविधि नवप्रवर्तन | | २०७७/७८ – | | प्रविधि पार्क/इनोभेसन सेन्टर Model/RFP स्थापना तयारी | प्रविधि पार्क/इनोभेसन सेन्टरको मोडल तयार हुने । | | २३२ |
| | | | २०७७/७८ – | | सूचना प्रविधिका नविनतम उपलव्धी एवम् गतिविधीहरूबारे जानकारी प्रदान गर्नका लागि निजी क्षेत्रसँग सहकार्य | विद्यार्थीहरूले सूचना प्रविधिका नवीनतम उपलव्धी एवम् गतिविधिहरूबारे जानकारी प्राप्त गर्ने । | | |
| | | | २०७७/७८ – | | नवप्रवर्तन कोष स्थापना | नवप्रवर्तन कोषको स्थापना हुने । | | |
| | प्रदेश डाटा सेन्टर तथा कल सेन्टर | | २०७७/७८ – | | मिनिएचर डाटा सेन्टर स्थापना | मिनिएचर डाटा सेन्टर स्थापना भएको हुने । | | १५० |
| | | | २०७७/७८ – | | प्रदेश डाटा सेन्टरको डि.पि.आर | प्रदेश डाटा सेन्टरको डि.पि.आर तयार हुने । | | २० |
| | | | २०७७/७८ – | | मिनिएचर डाटा सेन्टर सञ्चालन (Bandwidth management, इन्टरनेट शुल्क तथा लाइसेन्स शुल्क | प्रदेश सरकारको आफ्नै डाटा सेन्टर बन्न समय लाग्ने अवस्थामा प्रदेशका सम्पुर्ण सूचना प्रविधि प्रणालीलाई तत्कालका लागि होस्ट तथा व्यवस्थापन गरी पछि डाटा सेन्टरको अभिन्न अंग बन्ने गरी स्थापना गरिने । यस मार्फत प्रदेशका सूचना प्रणालीहरूमा एकरूपता र | | ५० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | अन्तरआवद्धता भई पूर्वाधारको सुरक्षित रूपमा अधिकतम उपयोग हुने । | | |
| | | | २०७७/७८ – | | मिनिएचर डाटा सेन्टरका लागि आवश्यक मेशिनरी सामाग्री खरीद | मिनिएचर डाटा सेन्टरका लागि Fire Fighting, HVAC, Roddent repalent system, Automatic access control & Video management system, Situation room, Power backup system खरिद गरिने । | | ५० |
| | सूचना प्रविधि आवश्यकता अध्ययन | | २०७७/७८ – | | सामुदायिक विद्यालय सूचना प्रणाली आवश्यकता अध्ययन | सामुदायिक विद्यालयहरूमा सूचना प्रणाली सम्वन्धी आवश्यकताको पहिचान हुने । | | १२ |
| | | | २०७७/७८ – | | प्रादेशिक अस्पताल सूचना प्रणाली आवश्यकता अध्ययन | प्रादेशिक अस्पतालहरूको सूचना प्रणाली सम्वन्धी आवश्यकताको पहिचान हुने । | | |
| | सूचना प्रविधि क्षमता विकास तथा सहकार्य | | २०७७/७८ – | | सूचना प्रविधि सम्वन्धी अभिमूखिकरण तालिम | प्रदेश सरकारका विभिन्न कर्मचारीहरू तथा आवश्यकता अनुसार अन्य व्यक्तिहरूले तालिम प्राप्त गर्ने । | | ५२ |
| | | | २०७७/७८ – | | इ-गभर्नेन्स तथा डिजिटल अभिमूखिकरण र क्षमता विकास कार्यक्रम | निजी क्षेत्र तथा जनमानसमा सरकारी इ सेवाहरूको बारेमा प्रचुर मत्रामा जनचेतना हुने, यसका प्रयोगबारे जानकारी प्राप्त हुने । | | |
| | | | २०७७/७८ – | | सूचना प्रविधि सम्वन्धी निजी क्षेत्र तथा संघ संस्थासँगको सहकार्यमा प्रवर्द्धनात्मक कार्यक्रम | सूचना प्रविधि प्रदर्शनीहरू, ह्याकाथोन, इनोभेसन प्रतियोगिताहरूमा सहकार्य गरिने । | | |
| | स्मार्ट एग्रिकल्चर फ्रेमवर्क | | २०७७/७८ – | | स्मार्ट एग्रिकल्चर फ्रेमवर्क - learning mgmt system | कृषि क्षेत्रको विकासका लागि फ्रेमवर्क तयार हुने । | | १०० |
| | | | २०७७/७८ – | | स्मार्ट एग्रिकल्चर फ्रेमवर्क Smart contract and commodity market | | | |
| | | | २०७७/७८ – | | स्मार्ट एग्रिकल्चर फ्रेमवर्क - Supply chain management | | | |

## १०.६.१० जोखिम तथा अनुमान

सूचना तथा संचार प्रविधि विकास तथा विस्तार अन्तर्गतका कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक नीति, मापदण्ड तथा गुरूयोजना तयार, आबश्यक जनशक्तिको उचित व्यवस्थापन र तालिम तथा प्रदेशका सम्पूर्ण निकायहरूसँगको सहकार्य कायम हुनेछ। अन्यथा लक्षित उपलब्धि हासिल नहुने जोखिम रहने छ ।

# अनुसूचीहरू

# अनुसूची १ : प्रदेश सरकार (माननीय मुख्यमन्त्री तथा आर्थिक मामिला तथा योजना मन्त्री स्तर)को मिति २०७६/१२/०७ को निर्णयानुसारका समितिहरू

## क) मध्यमकालीन खर्च संरचना तर्जुमा निर्देशक समिति

१. उपाध्यक्ष, प्रदेश योजना आयोग - संयोजक
२. सदस्यहरू, प्रदेश योजना आयोग - सदस्य
३. सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य
४. सचिव विषयगत मन्त्रालयहरू - सदस्य
५. महाशाखा प्रमुख, प्रशासन, आर्थिक नीति तथा राजश्व महाशाखा, आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य
६. महाशाखा प्रमुख, योजना तथा बजेट महाशाखा, आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य सचिव

स्थायी आमन्त्रित सदस्यः

७. प्रमुख सचिव, प्रदेश नं ५, प्रदेश सरकार

## ख) मध्यमकालीन खर्च संरचना प्राविधिक समिति

१. सचिव - आर्थिक मामिला तथा योजना - संयोजक
२. सदस्य, प्रदेश योजना आयोग - सदस्य
३. महाशाखा प्रमुख, प्रशासन, आर्थिक नीति तथा राजश्व महाशाखा, आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य
४. महाशाखा प्रमुख, योजना तथा बजेट महाशाखा, आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य
५. योजना महाशाखा प्रमुख, विषयगत मन्त्रालय वा निकाय - सदस्य
६. शाखा अधिकृत, योजना तथा बजेट महाशाखा, आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य सचिव

## ग) निकायगत मध्यमकालीन खर्च संरचना कार्यदल

१. सचिव, (विषयगत मन्त्रालय वा निकाय) - संयोजक
२. महाशाखा प्रमुखहरू सबै महाशाखा, (विषयगत मन्त्रालय वा निकाय) - सदस्य
३. सम्बन्धित मन्त्रालय अन्तर्गतको बिभाग वा निर्देशनालयको प्रतिनिधि - सदस्य
४. शाखा प्रमुख, आर्थिक प्रशासन शाखा (सम्बन्धित निकाय) - सदस्य
५. शाखा प्रमुख योजना तथा बजेट शाखा (सम्बन्धित मन्त्रालय वा निकाय) - सदस्य सचिव

## अनुसूची २ : आ. ब. २०७७/७८ को मन्त्रालयगत प्रस्तावित बजेटको विवरण वर्गिकरण तथा स्रोत अनुसार

### आर्थिक वर्ष -: २०७७/७८

(रू. हजारमा)

| मन्त्रालय | | बजेट | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | चालु | पूँजीगत | वित्तिय | जम्मा | प्रदेश सरकार | संघ | वैदेशिक |
| २०२ | प्रदेश सभा | २२८,७६१ | ३१,२३८ | | २५९,९९९ | २५९,९९९ | | |
| २१० | प्रदेश लोक सेवा आयोग | २५,५३० | २,४७० | | २८,००० | २८,००० | | |
| २१६ | मुख्य न्यायाधिवक्ताको कार्यालय | १४,१७६ | ८५० | | १५,०२६ | १५,०२६ | | |
| ३०१ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को का | ५११,३२३ | ६३,२०० | | ५७४,५२३ | १८२,४२३ | ३९२,१०० | |
| ३०५ | आर्थिक मामिला तथा योजना मन्त्राल | १११,०९७ | १५,९०० | | १२६,९९७ | १२६,९९७ | | |
| ३०७ | उद्योग, पर्यटन, वन तथा वातावरण | १,०७७,९७० | १,७२५,४८० | | २,८०३,४५० | २,२४०,१५० | ५६३,३०० | |
